
ने का प २०७१ पुस अङ्क ९

# नेपाल कानून पत्रिका

भाग - ५६ | २०७१ पुस | अङ्क - ९



प्रकाशक

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (विक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**विक्री शाखामा कार्यरत कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसुदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकवाइन्डर श्री यमनारायण भडेल
बुकवाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकवाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

प्रकाशित सङ्ख्या : ३००० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*नेकाप, २०७१... ... ... ... , नि.नं. ... , पृष्ठ ...*

*(साल)* *(महिना)*

**उदाहरणार्थ :** *नेकाप* २०७१, पुस, नि.नं.९२३७, पृष्ठ १३५७

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*सअ* बुलेटिन २०७१ ... ... ... १ वा २, पृष्ठ ...

*(साल)* *(महिना)*

**उदाहरणार्थ :** सअ बुलेटिन, २०७१, पुस – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

<u>ठेगाना</u>

**www.supremecourt.gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

<u>ठेगाना</u>

**www.lawcommission.gov.np**

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

## विषय सूची


| क्र.स. | नि.नं./इजलास / विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९२३७<br>विशेष<br>उत्प्रेषण परमादेशको आदेश जारी गरिपाऊँ | कमला न्यौपानेसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ विशिष्ट सैद्धान्तिक महत्त्वको साथ प्राप्त हुने नैसर्गिक स्वतन्त्रताको हकलाई प्रतिबन्धात्मक वाक्यांशले सार्वजनिक हितका लागि राज्यले बन्देज लगाउन सक्ने, नियमन गर्न सक्ने र निश्चित पेसा वा रोजगारका सम्बन्धमा उचित ऐनमार्फत सर्त वा योग्यता तोकी यस स्वतन्त्रताउपर मनासिब बन्देजसमेत लगाउन सक्ने गरी कानून बनाउन पाउने गरी अख्तियारी दिएको देखिन्छ । यस परिप्रेक्ष्यमा उक्त स्वतन्त्रताको हक सापेक्षित अधिकारको रूपमा रहेको प्रष्ट हुन्छ । साथै के कस्तो कानूनको तर्जुमा गरी निजामती प्रशासन सञ्चालन गर्ने भन्ने विषयमा विधायिकाले कानून बनाउन सक्ने अख्तियारी पनि विधायिकामा निहित रहने । | १३५७ |
| २. | ९२३८<br>संयुक्त<br>उत्प्रेषण/ परमादेश | विश्वनाथ गोयल विरूद्ध नेपाल सरकार | ▪ दूरसञ्चार प्राधिकरणका अध्यक्ष पदको नियुक्ति गर्न ऐनको दफा ५(२) बमोजिम गठित समितिको गठन विधि, सो समितिले छनौटको लागि अवलम्बन गरेको प्रक्रिया, समितिको निष्पक्षता अन्तर्वार्ताको | १३७० |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रक्रियागत त्रुटि वा अन्य कुनै कानूनी त्रुटिसम्बन्धी विवाद उठाएको देखिँदैन । छनौट प्रक्रियामा कानूनी त्रुटि (Error of Law) देखाउन नसकेको अवस्थामा छनौटका सारा प्रक्रिया कानूनी रहेको भनी स्वीकार गरेपछि सोको परिणामलाई अस्वीकार गर्न नमिल्ने । | |
| ३. | ९२३९<br>संयुक्त<br>लेनदेन | दिनेशकुमार तिवारी<br>विरूद्ध<br>गोविन्दप्रसाद तिवारीसमेत | ▪ लिखतबमोजिमको रकम बुझी सही छापसमेत गरी दिइसकेपछि लिखतका लेखक र साक्षीले आफूहरूको सामुन्नेमा लेनदेन भएको नदेखेको भनी गरेको बयानलाई मात्र आधार मानी वादीबाट प्रतिवादीले रकम नै नलिएको भन्न नमिल्ने । | १३९१ |
| ४. | ९२४०<br>संयुक्त<br>लेनदेन | मदननारायण चौधरी<br>विरूद्ध<br>चन्द्रनारायण चौधरी | ▪ प्रतिवादीले ऋण लिएकोमा इन्कार गरेको, लिखत लिफामा तैयार भएको भनी विशेषज्ञले स्पष्ट राय दिएकामा प्रतिवादीले कारकाप गरी लिफामा छाप लगाएको भनी लिखत सम्बन्धमा समेत दायर गरेको करकाप मुद्दा कारवाहीयुक्त रहेकै अवस्थामा लेनदेन मुद्दाको वादीले प्रतिवादीलाई ऋण उपलब्ध गराएको भन्ने कुरा विश्वासयोग्य हुन सक्ने अवस्था नदेखिने । | १४०२ |

| | | | | |
|---|---|---|---|---|
| ५. | ९२४१<br>संयुक्त<br>जग्गा दर्ता | मालपोत कार्यालय, गोरखा<br>विरूद्ध<br>गोपाल गुरूङ | ▪ मालपोत कार्यालय जस्तो अर्धन्यायिक निकायबाट सम्पत्तिका विषयमा परेको निवेदनउपर फगत २०३८।१०।०४ को निर्णयानुसार व्यक्ति विशेषको नभई खर्चरी खरबारी कायम छ भनी उल्लेख देखिँदा एक पल्ट निर्णय भैसकेको जग्गामा सोही तहबाट पुन: निर्णय गर्न नमिल्ने व्यहोरामात्रको आधार लिई दर्ता गर्न इन्कार गरेको न्यायोचित मान्न नमिल्ने । | १४१० |
| ६. | ९२४२<br>संयुक्त<br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>राधिका श्रेष्ठ | ▪ प्रताडीत महिलाद्वारा भएको हिंसा र आवेशप्रेरित हत्याबीच केही अन्तर रहेको पाइन्छ । आवेशप्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्त्वको अभाव रहन्छ । BATTERED WOMEN SYNDROME (BWS) को दावी लिइएको वारदात हत्या नै हो तर वारदातको कारक तत्त्व भने मर्ने व्यक्ति स्वयम् नै रहेको हुने । | १४१७ |
| ७. | ९२४३<br>संयुक्त<br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>रामईश्वर राय यादवसमेत | ▪ कुनै पनि हत्याको आपराधिक कार्य प्रमाणित हुनको लागि सो कार्य दुषित मनसाय (Mens Rea) राखी पूर्वयोजना बनाई कार्य (Actus Reus) गरिएको हुनुपर्दछ । सो कार्यको परिणामको पूर्वजानकारी | १४३५ |

| | | | | |
|---|---|---|---|---|
| | | | (Foresightness of consequence) र परिणाम घटाउने इच्छा (Desire of consequence) समेत भएको हुनुपर्दछ । कर्तव्य ज्यान मुद्दामा प्रतिवादीहरूद्वारा गरिएको कार्यमा ती चार तत्त्वहरू रहेका थिए भन्ने कुरा वादी पक्षले नै ती कुरा स्थापित भएको प्रमाणित गर्नुपर्ने । | |
| ८. | ९२४४<br>संयुक्त<br>उत्प्रेषण/ परमादेश | एपोलोकुमार भगतसमेत विरूद्ध स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथसमेत | ▪ नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(७छ) बमोजिम माथिल्लो तहमा स्तर वृद्धि भएको अवस्थामा स्तर वृद्धिमात्र हुने तर कामकाज सोही तहमा पूर्ववत् गर्नुपर्ने कानूनी व्यवस्थाअनुकूल नै स्वास्थ्य सेवा विभागले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९६३ मिति २०६७।६।१८ को पत्रबाट निर्देश भएबमोजिम जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले मिति २०६९।१२।६ गतेमा निवेदकहरूको पदस्थापन बदर गरी पूर्वको पद तथा कार्यालयमा साविकबमोजिम कामकाज गर्नु भनी पत्राचार गरेको कुरा कानूनसम्मत देखिने । | १४५५ |

| | | | | |
|---|---|---|---|---|
| ९. | ९२४५<br>संयुक्त<br>बन्दीप्रत्यक्षीकरण | समीर खाँनसमेत<br>विरूद्ध<br>काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ▪ दुई वा सो भन्दा बढी ऐनअनुरूप सजाय गरेको अवस्थामा जुन ऐनको कैद सजाय सबै भन्दा ठूलो छ त्यही ऐनको कैद सजाय मात्र हुन्छ । अन्य ऐनबाट भएको कैद सजाय, सजाय पाउनेले भोग्न पर्दैन र कैद सजायको खत खाप्न पनि मिल्दैन । धेरै कलमको कैद ठेक्नुपर्ने अवस्थामा जुन कलमको कैद सबैभन्दा ठूलो छ सो हद ननाघ्ने गरी कैद ठेकिने । | १४६५ |
| १०. | ९२४६<br>संयुक्त<br>कर्तव्य ज्यान | कुमान गुरूङसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ ज्यान मारी सकेपछि पनि कुनै पछुतो भएको नदेखिई घिसार्दै जङ्गलमा लगी लास गाडी दबाउने प्रयास भएको देखिँदा यसरी अपराध गरेको अवस्थामा प्रतिवादीहरूलाई दया, माया वा नरम दिल गर्नुपर्ने कुनै आधार नदेखिने । | १४७१ |
| ११. | ९२४७<br>संयुक्त<br>बन्दीप्रत्यक्षीकरण | सरीता श्रेष्ठ खत्री<br>विरूद्ध<br>महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत | ▪ कुनै खास उद्देश्यका लागि बनेको ऐनले गरेको व्यवस्थाबमोजिम भए गरेका कार्यलाई त्यसै ऐनको व्यवस्थाबमोजिम हेरिनुपर्ने हुन्छ । केही सार्वजनिक अपराधजन्य कार्य भएकोमा कानूनले ७ दिनभित्र मुद्दा दर्ता गर्नुपर्ने कानूनी व्यवस्था हुँदाहुँदै पटकपटक म्याद थप गरी थुनामा राखी व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई कुण्ठित पार्ने अधिकार कुनै पनि सार्वजनिक अधिकारीलाई नहुने । | १४८० |

| | | | | |
|---|---|---|---|---|
| १२. | ९२४८ संयुक्त उत्प्रेषण परमादेश | यादव अधिकारी विरूद्ध नेपाल सरकार | ▪ जुन निर्णयले Merit लाई नै मान्यता दिंदैन, त्यो निर्णय न्यायपूर्ण भएको भनी अदालत चुप लाग्ने हो भने सङ्गठनको मनोबल व्यक्तिपरक मात्र हो भन्न पर्ने हुन्छ । त्यस्तो मनोगत कथनलाई आफूलाई संस्थागत बनाउन आफैँले निर्माण गरेको मापदण्डलाई सो खेलको नियममा मैले किन सहमत भइन भन्न यसको नियम म आफैँले नै बनाउने अधिकार राख्छु, त्यसैले कसैले छानबिन नगर्नु भन्नु न्याय र सद्विवेकलाई समेत परित्याग गर्नु हो । त्यस्तो अवस्थामा सरकारले आफ्नो औचित्य समाप्त गरेको भन्नपर्ने भएकाले न्यायपूर्ण विवेकको प्रयोग गर्ने राज्यको अर्थ कसैले पनि समाप्त भएको मान्न नपर्ने र राज्यको उत्तरदायित्व बोध गरेको देखिनुपर्ने । | १४८५ |
| १३. | ९२४९ संयुक्त कर्तव्य ज्यान | लालहीरा कामी विरूद्ध नेपाल सरकार | ▪ प्रतिवादीहरूले गुट बनाई संयुक्तरूपमा गरेको वारदातलाई संयुक्त वारदात भनिन्छ । यसमा कसले बढी कुट्यो, कसले कम कुट्यो, कसको प्रहार प्राणघातक भयो अथवा कुनै कसैले कुट्दै कुटेन कि जस्ता कुरा common law मा | १५०५ |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रासङ्गिक हुँदैनन् । ज्यान लिने अथवा साङ्घातिक कुटपीट गर्ने मनसाय भै सो सन्दर्भमा समूहमा बसी एक अर्कालाई उकासी हौसाई अथवा हातै हाली कुटपीट गरेमा सबै प्रतिवादी समानरूपमा सहभागी भएको मानिने र समान सजायका भागीदार हुने अवस्था रहने । | |
| १४. | ९२५०<br>संयुक्त<br>कर्तव्य ज्यान | ईरमान तामाङ<br>विरूद्ध<br>नेपाल सरकार | ▪ मार्ने मनसाय राखी, योजना बनाई जोखिमी हतियारले प्रहार गरी भएको हत्या आवेश प्रेरित हत्याको कोटीमा पर्ने देखिँदैन । आवेश प्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भै आवेशमा आई आत्मनियन्त्रण गुमाई पीडितको कार्यको प्रतिक्रियाको रूपमा तत्कालीन अवस्थामा नै पीडितउपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले आंशिक प्रतिरक्षाको जिकिर लिन र प्रमाणित भएमा सो सुविधाप्राप्त गर्ने । | १५२० |
| १५. | ९२५१<br>संयुक्त<br>मानव अपहरण धम्की | झलनाथ न्यौपाने<br>विरूद्ध<br>नेपाल सरकार | ▪ सरकारवादी फौजदारी मुद्दा भनेको वादी नेपाल सरकारको मात्र सरोकार नभई पीडित, पूरा समाज तथा अदालतलगायत मुलुकको न्याय प्रणालीसँग सम्बद्ध रहन्छ । कुनै प्रतिवादीलाई मोलाहिजा गर्ने | १५२९ |

| | | | | |
|---|---|---|---|---|
| | | | हिसाबले वादीले अनुसन्धानमा लापरवाही गर्दैमा त्यस्तो प्रत्येक लापरवाहीको सीधा परिणाम प्रतिवादीको सफाइ हुन सक्तैन। | |
| १६. | ९२५२<br>संयुक्त<br>क्षेत्रफल सुधार | वैद्यनाथ राउत अहिर<br>विरूद्ध<br>तुलसीभक्त श्रेष्ठ | ▪ विवादित जग्गामा वादी वा प्रतिवादीमध्ये कसको हक पुग्ने भन्ने विवाद उत्पन्न भएको अवस्थामा हक बेहकमा निर्णय गर्ने अधिकार मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई दिएको नदेखिने। | १५४० |
| १७. | ९२५३<br>संयुक्त<br>करकाप | रामजीप्रसाद कुशवाहा<br>विरूद्ध<br>विजयप्रसाद यादव | ▪ लेनदेन मुद्दाको मिति २०६०।११।१६ को लिखत यी पुनरावेदकले स्वेच्छाबाट सही छाप गरिदिएको नभै निजलाई अपहरण गरी प्रतिवादीहरूले आफ्नो कब्जामा राखी करकापबाट जबर्जस्ती सही गराएको लिखत भन्ने कुरा पुष्टि हुने। | १५४६ |


यी सारसङ्क्षेप *नेकाप* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन्।

– सम्पादक

ने का प २०७१ पुस अङ्क ९

# नेपाल कानून पत्रिका

**भाग - ५६** **अङ्क - ९**




प्रकाशक

## सर्वोच्च अदालत

**रामशाहपथ, काठमाडौं**

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.ब.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**विक्री शाखामा कार्यरत कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसुदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकवाइन्डर श्री यमनारायण भडेल
बुकवाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकवाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**प्रकाशित सङ्ख्या :** ३००० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*नेकाप, २०७१... ... ... ... , नि.नं. ... , पृष्ठ ...*
*(साल) (महिना)*

**उदाहरणार्थ** : *नेकाप* २०७१, पुस, नि.नं.९२३७, पृष्ठ १३५७

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*सअ* बुलेटिन २०७१ ... ... ... १ वा २, पृष्ठ ...
*(साल) (महिना)*

**उदाहरणार्थ** : सअ बुलेटिन, २०७१, पुस – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

**ठेगाना**

**www.supremecourt.gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

**ठेगाना**

**www.lawcommission.gov.np**

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

## विषय सूची


| क्र.स. | नि.नं./इजलास / विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९२३७<br>विशेष<br>उत्प्रेषण परमादेशको आदेश जारी गरिपाऊँ | कमला न्यौपानेसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ विशिष्ट सैद्धान्तिक महत्त्वको साथ प्राप्त हुने नैसर्गिक स्वतन्त्रताको हकलाई प्रतिबन्धात्मक वाक्यांशले सार्वजनिक हितका लागि राज्यले बन्देज लगाउन सक्ने, नियमन गर्न सक्ने र निश्चित पेसा वा रोजगारका सम्बन्धमा उचित ऐनमार्फत सर्त वा योग्यता तोकी यस स्वतन्त्रताउपर मनासिब बन्देजसमेत लगाउन सक्ने गरी कानून बनाउन पाउने गरी अख्तियारी दिएको देखिन्छ । यस परिप्रेक्ष्यमा उक्त स्वतन्त्रताको हक सापेक्षित अधिकारको रूपमा रहेको प्रष्ट हुन्छ । साथै के कस्तो कानूनको तर्जुमा गरी निजामती प्रशासन सञ्चालन गर्ने भन्ने विषयमा विधायिकाले कानून बनाउन सक्ने अख्तियारी पनि विधायिकामा निहित रहने । | १३५७ |
| २. | ९२३८<br>संयुक्त<br>उत्प्रेषण/ परमादेश | विश्वनाथ गोयल विरूद्ध नेपाल सरकार | ▪ दूरसञ्चार प्राधिकरणका अध्यक्ष पदको नियुक्ति गर्न ऐनको दफा ५(२) बमोजिम गठित समितिको गठन विधि, सो समितिले छनौटको लागि अवलम्बन गरेको प्रक्रिया, समितिको निष्पक्षता अन्तर्वार्ताको | १३७० |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रक्रियागत त्रुटि वा अन्य कुनै कानूनी त्रुटिसम्बन्धी विवाद उठाएको देखिँदैन । छनौट प्रक्रियामा कानूनी त्रुटि (Error of Law) देखाउन नसकेको अवस्थामा छनौटका सारा प्रक्रिया कानूनी रहेको भनी स्वीकार गरेपछि सोको परिणामलाई अस्वीकार गर्न नमिल्ने । | |
| ३. | ९२३९ संयुक्त लेनदेन | दिनेशकुमार तिवारी विरूद्ध गोविन्दप्रसाद तिवारीसमेत | ▪ लिखतबमोजिमको रकम बुझी सही छापसमेत गरी दिइसकेपछि लिखतका लेखक र साक्षीले आफूहरूको सामुन्नेमा लेनदेन भएको नदेखेको भनी गरेको बयानलाई मात्र आधार मानी वादीबाट प्रतिवादीले रकम नै नलिएको भन्न नमिल्ने । | १३९१ |
| ४. | ९२४० संयुक्त लेनदेन | मदननारायण चौधरी विरूद्ध चन्द्रनारायण चौधरी | ▪ प्रतिवादीले ऋण लिएकोमा इन्कार गरेको, लिखत लिफामा तैयार भएको भनी विशेषज्ञले स्पष्ट राय दिएकामा प्रतिवादीले कारकाप गरी लिफामा छाप लगाएको भनी लिखत सम्बन्धमा समेत दायर गरेको करकाप मुद्दा कारवाहीयुक्त रहेकै अवस्थामा लेनदेन मुद्दाको वादीले प्रतिवादीलाई ऋण उपलब्ध गराएको भन्ने कुरा विश्वासयोग्य हुन सक्ने अवस्था नदेखिने । | १४०२ |

| | | | | |
|---|---|---|---|---|
| ५. | ९२४१<br>संयुक्त<br>जग्गा दर्ता | मालपोत कार्यालय, गोरखा<br>विरूद्ध<br>गोपाल गुरूङ | ▪ मालपोत कार्यालय जस्तो अर्धन्यायिक निकायबाट सम्पत्तिका विषयमा परेको निवेदनउपर फगत २०३८।१०।०४ को निर्णयानुसार व्यक्ति विशेषको नभई खर्चरी खरबारी कायम छ भनी उल्लेख देखिँदा एक पल्ट निर्णय भैसकेको जग्गामा सोही तहबाट पुन: निर्णय गर्न नमिल्ने व्यहोरामात्रको आधार लिई दर्ता गर्न इन्कार गरेको न्यायोचित मान्न नमिल्ने। | १४१० |
| ६. | ९२४२<br>संयुक्त<br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>राधिका श्रेष्ठ | ▪ प्रताडीत महिलाद्वारा भएको हिंसा र आवेशप्रेरित हत्याबीच केही अन्तर रहेको पाइन्छ। आवेशप्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्त्वको अभाव रहन्छ । BATTERED WOMEN SYNDROME (BWS) को दावी लिइएको वारदात हत्या नै हो तर वारदातको कारक तत्त्व भने मर्ने व्यक्ति स्वयम् नै रहेको हुने। | १४१७ |
| ७. | ९२४३<br>संयुक्त<br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>रामईश्वर राय यादवसमेत | ▪ कुनै पनि हत्याको आपराधिक कार्य प्रमाणित हुनको लागि सो कार्य दुषित मनसाय (Mens Rea) राखी पूर्वयोजना बनाई कार्य (Actus Reus) गरिएको हुनुपर्दछ । सो कार्यको परिणामको पूर्वजानकारी | १४३५ |

| | | | | |
|---|---|---|---|---|
| | | | **(Foresightness of consequence) र परिणाम घटाउने इच्छा (Desire of consequence) समेत भएको हुनुपर्दछ । कर्तव्य ज्यान मुद्दामा प्रतिवादीहरूद्वारा गरिएको कार्यमा ती चार तत्त्वहरू रहेका थिए भन्ने कुरा वादी पक्षले नै ती कुरा स्थापित भएको प्रमाणित गर्नुपर्ने ।** | |
| ८. | **९२४४<br><br>संयुक्त<br><br>उत्प्रेषण/ परमादेश** | **एपोलोकुमार भगतसमेत विरूद्ध स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथसमेत** | ▪ **नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(७छ) बमोजिम माथिल्लो तहमा स्तर वृद्धि भएको अवस्थामा स्तर वृद्धिमात्र हुने तर कामकाज सोही तहमा पूर्ववत् गर्नुपर्ने कानूनी व्यवस्थाअनुकूल नै स्वास्थ्य सेवा विभागले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९६३ मिति २०६७।६।१८ को पत्रबाट निर्देश भएबमोजिम जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले मिति २०६९।१२।६ गतेमा निवेदकहरूको पदस्थापन बदर गरी पूर्वको पद तथा कार्यालयमा साविकबमोजिम कामकाज गर्नु भनी पत्राचार गरेको कुरा कानूनसम्मत देखिने ।** | **१४५५** |

| | | | | |
|---|---|---|---|---|
| ९. | ९२४५<br>संयुक्त<br>बन्दीप्रत्यक्षीकरण | समीर खाँनसमेत<br>विरूद्ध<br>काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ▪ दुई वा सो भन्दा बढी ऐनअनुरूप सजाय गरेको अवस्थामा जुन ऐनको कैद सजाय सबै भन्दा ठूलो छ त्यही ऐनको कैद सजाय मात्र हुन्छ। अन्य ऐनबाट भएको कैद सजाय, सजाय पाउनेले भोग्न पर्दैन र कैद सजायको खत खाप्न पनि मिल्दैन । धेरै कलमको कैद ठेक्नुपर्ने अवस्थामा जुन कलमको कैद सबैभन्दा ठूलो छ सो हद ननाघ्ने गरी कैद ठेकिने। | १४६५ |
| १०. | ९२४६<br>संयुक्त<br>कर्तव्य ज्यान | कुमान गुरूङसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ ज्यान मारी सकेपछि पनि कुनै पछुतो भएको नदेखिई घिसार्दै जङ्गलमा लगी लास गाडी दबाउने प्रयास भएको देखिँदा यसरी अपराध गरेको अवस्थामा प्रतिवादीहरूलाई दया, माया वा नरम दिल गर्नुपर्ने कुनै आधार नदेखिने। | १४७१ |
| ११. | ९२४७<br>संयुक्त<br>बन्दीप्रत्यक्षीकरण | सरीता श्रेष्ठ खत्री<br>विरूद्ध<br>महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत | ▪ कुनै खास उद्देश्यका लागि बनेको ऐनले गरेको व्यवस्थाबमोजिम भए गरेका कार्यलाई त्यसै ऐनको व्यवस्थाबमोजिम हेरिनुपर्ने हुन्छ । केही सार्वजनिक अपराधजन्य कार्य भएकोमा कानूनले ७ दिनभित्र मुद्दा दर्ता गर्नुपर्ने कानूनी व्यवस्था हुँदाहुँदै पटकपटक म्याद थप गरी थुनामा राखी व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई कुण्ठित पार्ने अधिकार कुनै पनि सार्वजनिक अधिकारीलाई नहुने। | १४८० |

| | | | | |
|---|---|---|---|---|
| १२. | ९२४८<br>संयुक्त<br>उत्प्रेषण<br>परमादेश | यादव अधिकारी<br>विरूद्ध<br>नेपाल सरकार | ▪ जुन निर्णयले Merit लाई नै मान्यता दिंदैन, त्यो निर्णय न्यायपूर्ण भएको भनी अदालत चुप लाग्ने हो भने सङ्गठनको मनोबल व्यक्तिपरक मात्र हो भन्न पर्ने हुन्छ । त्यस्तो मनोगत कथनलाई आफूलाई संस्थागत बनाउन आफैँले निर्माण गरेको मापदण्डलाई सो खेलको नियममा मैले किन सहमत भइन भन्न यसको नियम म आफैँले नै बनाउने अधिकार राख्छु, त्यसैले कसैले छानबिन नगर्नु भन्नु न्याय र सद्विवेकलाई समेत परित्याग गर्नु हो । त्यस्तो अवस्थामा सरकारले आफ्नो औचित्य समाप्त गरेको भन्नपर्ने भएकाले न्यायपूर्ण विवेकको प्रयोग गर्ने राज्यको अर्थ कसैले पनि समाप्त भएको मान्न नपर्ने र राज्यको उत्तरदायित्व बोध गरेको देखिनुपर्ने । | १४८५ |
| १३. | ९२४९<br>संयुक्त<br>कर्तव्य ज्यान | लालहीरा कामी<br>विरूद्ध<br>नेपाल सरकार | ▪ प्रतिवादीहरूले गुट बनाई संयुक्तरूपमा गरेको वारदातलाई संयुक्त वारदात भनिन्छ । यसमा कसले बढी कुट्यो, कसले कम कुट्यो, कसको प्रहार प्राणघातक भयो अथवा कुनै कसैले कुट्दै कुटेन कि जस्ता कुरा common law मा | १५०५ |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रासङ्गिक हुँदैनन् । ज्यान लिने अथवा साङ्घातिक कुटपीट गर्ने मनसाय भै सो सन्दर्भमा समूहमा बसी एक अर्कालाई उकासी हौसाई अथवा हातै हाली कुटपीट गरेमा सबै प्रतिवादी समानरूपमा सहभागी भएको मानिने र समान सजायका भागीदार हुने अवस्था रहने । | |
| १४. | ९२५० संयुक्त कर्तव्य ज्यान | ईरमान तामाङ विरूद्ध नेपाल सरकार | ▪ मार्ने मनसाय राखी, योजना बनाई जोखिमी हतियारले प्रहार गरी भएको हत्या आवेश प्रेरित हत्याको कोटीमा पर्ने देखिँदैन । आवेश प्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भै आवेशमा आई आत्मनियन्त्रण गुमाई पीडितको कार्यको प्रतिक्रियाको रूपमा तत्कालीन अवस्थामा नै पीडितउपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले आंशिक प्रतिरक्षाको जिकिर लिन र प्रमाणित भएमा सो सुविधाप्राप्त गर्ने । | १५२० |
| १५. | ९२५१ संयुक्त मानव अपहरण धम्की | झलनाथ न्यौपाने विरूद्ध नेपाल सरकार | ▪ सरकारवादी फौजदारी मुद्दा भनेको वादी नेपाल सरकारको मात्र सरोकार नभई पीडित, पूरा समाज तथा अदालतलगायत मुलुकको न्याय प्रणालीसँग सम्बद्ध रहन्छ । कुनै प्रतिवादीलाई मोलाहिजा गर्ने | १५२९ |

| | | | | |
|---|---|---|---|---|
| | | | हिसाबले वादीले अनुसन्धानमा लापरवाही गर्दैमा त्यस्तो प्रत्येक लापरवाहीको सीधा परिणाम प्रतिवादीको सफाइ हुन सक्तैन । | |
| १६. | **९२५२**<br>**संयुक्त**<br>**क्षेत्रफल सुधार** | **वैद्यनाथ राउत अहिर**<br>**विरूद्ध**<br>**तुलसीभक्त श्रेष्ठ** | ▪ **विवादित जग्गामा वादी वा प्रतिवादीमध्ये कसको हक पुग्ने भन्ने विवाद उत्पन्न भएको अवस्थामा हक बेहकमा निर्णय गर्ने अधिकार मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई दिएको नदेखिने ।** | **१५४०** |
| १७. | **९२५३**<br>**संयुक्त**<br>**करकाप** | **रामजीप्रसाद कुशवाहा**<br>**विरूद्ध**<br>**विजयप्रसाद यादव** | ▪ **लेनदेन मुद्दाको मिति २०६०।११।१६ को लिखत यी पुनरावेदकले स्वेच्छाबाट सही छाप गरिदिएको नभै निजलाई अपहरण गरी प्रतिवादीहरूले आफ्नो कब्जामा राखी करकापबाट जबर्जस्ती सही गराएको लिखत भन्ने कुरा पुष्टि हुने ।** | **१५४६** |

**यी सारसङ्क्षेप *नेकाप* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन् ।**

**– सम्पादक**

## निर्णय नं.९२३७

सर्वोच्च अदालत, विशेष इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश प्रा.डा.श्री भरतबहादुर कार्की
आदेश मिति : २०७०।१२।६।५
०६८–WS–००६८

विषय : उत्प्रेषण/परमादेशको आदेश जारी गरिपाऊँ ।

निवेदक : कालिकोट जिल्ला, मान्मा गा.वि.स. वडा नं ५ घर भई हाल महिला विकास कार्यालय, कालिकोटमा मुख्य महिला कार्यकर्ता पदमा कार्यरत् कमला न्यौपानेसमेत

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **विशिष्ट सैद्धान्तिक महत्त्वको साथ प्राप्त हुने नैसर्गिक स्वतन्त्रताको हकलाई प्रतिबन्धात्मक वाक्यांशले सार्वजनिक हितका लागि राज्यले बन्देज लगाउन सक्ने, नियमन गर्न सक्ने र निश्चित पेसा वा रोजगारका सम्बन्धमा उचित ऐनमार्फत सर्त वा योग्यता तोकी यस स्वतन्त्रताउपर मनासिब बन्देजसमेत लगाउन सक्ने गरी कानून बनाउन पाउने गरी अख्तियारी दिएको देखिन्छ । यस परिप्रेक्ष्यमा स्वतन्त्रताको हक सापेक्षित अधिकारको रूपमा रहेको प्रष्ट हुन्छ। साथै के कस्तो कानूनको तर्जुमा गरी निजामती प्रशासन सञ्चालन गर्ने भन्ने विषयमा कानून बनाउन सक्ने अख्तियारी पनि विधायिकामा निहित रहने ।**

(प्रकरण नं. ९)

- **मौलिक हकको सन्दर्भमा समानताको सिद्धान्त राज्यका काम कारवाही (State Action) सँग जोडिएको हुन्छ । सरकारका कुनै पनि निकायका कार्यबाट समान व्यक्तिहरूबीच भेदभाव भएको अवस्थामा यो हकमा आघात पुग्दछ। कानूनको दृष्टिमा सबै समानहरूबीच समान व्यवहार गरिनुपर्दछ । सामान्य कानूनको प्रयोगमा वा अन्य व्यवहारमा राज्यले आफ्ना नागरिकहरूबीच भेदभाव गर्नु पनि हुँदैन । यस प्रकारको समानतामा राज्यको सकारात्मक दायित्व रहने ।**

(प्रकरण नं. १०)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ता मातृकाप्रसाद निरौला

विपक्षीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता कृष्णजीवि घिमिरे

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १८ र २०
- निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४)

आदेश

**न्या.कल्याण श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२/१०७ (१) र (२) तथा यस अदालतको मिति २०६८।१२।२८ को आदेशले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४(१)(ग) बमोजिम यस अदालतमा दायर भई इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवम् आदेश यस प्रकार छ :

हामी निवेदकहरूमध्ये कमला न्यौपाने २०६०।१०।१५ देखि, सरस्वती सन्ज्याल २०६०।१०।१४ देखि महिला विकास कार्यालय, कालिकोटमा, अमृता गुरूङ मिति २०६०।६।१२ देखि ऐ. कार्यालय, मनाङमा, रम्भा शाही तथा कल्पना लामा २०६०।९।३ देखि ऐ. कार्यालय, हुम्लामा, अनुपा निरौला २०६०।११।१७ देखि, सदीक्षाकुमारी डि.सी (महर्जन) मिति २०६०।१२।४ देखि ऐ.कार्यालय काठमाडौंमा, पुष्पलता बास्तोला २०६०।११।१७ देखि ऐ. कार्यालय, सोलुखुम्बुमा मुख्य महिला कार्यकर्ता पदमा र गंगा बोहरा मिति २०६०।९।३ देखि ऐ. कार्यालय हुम्लामा तथा टीका सन्ज्याल मिति २०६०।१०।१५ देखि महिला विकास विभाग, पुलचोक ललितपुरमा महिला कार्यकर्ताको पदमा अस्थायीरूपमा सेवारत् रहेका कर्मचारी हौं । मुख्य महिला कार्यकर्ताको लागि आवश्यक न्यूनतम् शैक्षिक योग्यता दश कक्षा उत्तीर्ण हो भने महिला कार्यकर्ता पदको लागि आठ कक्षा उत्तीर्ण हो। हामीमध्ये अनुपा निरौलाले स्नातक तह, कमला न्यौपाने, अमृता गुरूङ, सरस्वती सन्ज्याल, रम्भा शाही, सदीक्षाकुमारी डि.सी. (महर्जन), कल्पना लामा, पुष्पलता बास्तोला तथा टीका सन्ज्यालले प्रमाणपत्र तह र गंगा बोहराले एसएलसी परीक्षा उत्तीर्ण गरेका छौं।

हामीहरूको स्थायीको प्रक्रिया निजामती सेवा, ऐन २०४९ को दफा ७ को उपदफा (१४) बमोजिम अगाडि बढ्ने हो । उक्त दफा निजामती सेवा ऐनमा २०६४ सालमा भएको दोस्रो संशोधनबाट थप भएको हो । सम्बन्धित सबै प्रत्यर्थीहरूले उक्त दफा ७ को उपदफा (१४) को कार्यान्वयन तपाईहरू सबैको सेवा अवधि ५ वर्ष नाघेपछि सबैलाई संरक्षण हुने गरी हुन्छ, उक्त दफा एकपटक मात्र लागू हुन सक्ने अवस्थाको हुँदा सूचनाका मितिसम्म पाँच वर्ष पुग्ने सबै महिला कर्मचारीलाई समान संरक्षण निश्चित छ भनी आश्वस्त पारिएको थियो । तदनुरूप हामी सबै महिला कर्मचारीको

कम्तीमा ५ वर्ष सेवा अवधि पुगेपछि मात्र हामी सेवारत् तत्तत् पदमा हामीलाई प्रतिस्पर्धा गराई स्थायी पदपूर्ति गर्ने गरी मिति २०६६।४।२१ को गोरखापत्रमा प्रथम पटक सूचना प्रकाशन भएको मितिबाट ऐ. ५।१८ गते सम्म र ऐ. ५।२५ सम्म दोब्बर दस्तुर तिरी दरखास्त पेस गर्न पाउने गरी विपक्षी लोक सेवा आयोगबाट मुख्य महिला कार्यकर्ता र महिला कार्यकर्ता पदको विज्ञापन प्रकाशन भयो । प्रकाशित सूचनाको द्रष्टव्य खण्डको (ख) नं. मा प्रष्टसँग दरखास्त दिने अन्तिम मितिसम्म सेवा समूहसम्बन्धी ऐन, नियम अनुसार ५ वर्ष सेवा अवधि पुग्नुपर्दछ भन्ने सर्त बन्देज राखियो । प्रकाशित सूचनाबमोजिम हामी निवेदिकाहरू विपक्षी लोक सेवा आयोगमा दरखास्त फाराम बुझाउन जाँदा तपाईहरूको सेवा अवधि सो ऐनको दफा ७ को उपदफा (१४) को आधारमा पाँच वर्ष पुगेको छैन, सूचनाको द्रष्टव्य खण्डको (ख) को प्रावधान तपाईहरूलाई लागू हुने होइन, ऐनमा दफा ७ को उपदफा (१४) थप भएको मिति २०६४।४।२३ मा पाँच वर्ष सेवा अवधि पुगेकालाई लागू हुने हो भन्दै फाराम भर्न दिइएन र भरेको फारामसमेत अस्वीकार गरियो । यसबाट हाम्रो उक्त कानूनी हकमा गम्भीर आघात पर्नगएको छ ।

हामी सेवारत् रहेको पद स्थायी हो तापनि मन्त्रालय तथा विभागबाट हाम्रो सेवा अवधि कहिले ६ महिना त कहिले एक वर्ष म्याद थपिदै आएको अवस्था छ । हामी क्षमतावान् हुँदाहुँदै पनि भौगोलिक विकटता, सरकारले सोही पदमा स्थायी गरी दिने भनी आश्वासन दिएको र हामी सेवारत् रहेको हालको पदमा नै स्थायी भइन्छ भन्ने आशाले अन्यत्र नलागी यही पदमा स्थायी गराई पाउँन विपक्षीहरूसमक्ष पहल गरिरह्यौं । हाम्रै प्रयासले मूल ऐनको दफा ७ को उपदफा (१४) को व्यवस्था थप भई लागू भएको हो । त्यसमा पनि सो दफामा लेखिएको भाषाले अस्थायीरूपमा कार्यरत् हामी कसैलाई पनि अन्याय नहोस् समान संरक्षणको व्यवस्था होस् भनी पहल पनि गर्‍यौं । परिणामस्वरूप सो ऐनको दोस्रो संशोधन मिति २०६४।४।२३ मा भएको भए तापनि कार्यरत् सबैको कम्तीमा पाँच वर्ष पुगेपछि मिति २०६६।४।२१ मा स्थायीको लागि सूचना प्रकाशित भयो ।

विपक्षी लोक सेवा आयोगले हामीहरूको दरखास्त नलिने भनी आधार लिएको ऐनको दफा ७ को उपदफा (१४) मा यो दफा प्रारम्भ हुँदाका बखत सरकारी निकायबाट सञ्चालित महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत् कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाई मात्र यो दफा प्रारम्भ भएपछि एकपटकका लागि लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक परीक्षा लिई नियुक्ति गर्न सकिनेछ भन्ने व्यवस्था छ । साथै दफा ७ को उपदफा (१४) प्रारम्भ हुँदा हामी अस्थायीरूपमा कार्यरत् थियौँ । यो कानूनी व्यवस्था एकपटक प्रयोग भएपछि स्वतः निष्क्रिय हुन्छ । यो दफा

लोक सेवा आयोगले मिति २०६६।४।२१ मा विज्ञापन प्रकाशन गरेपछि प्रारम्भ भएको हो । सो ऐन जारी हुनुभन्दा पूर्व कार्यरत् सबैलाई समेट्न सकियोस् भन्ने उद्देश्यले हालै मात्र सूचना प्रकाशित गर्ने गराउने काम भएको हो । ऐनको व्याख्या जहिलेसुकै न्यायिक सिद्धान्तमा आधारित हुन्छ । हामी सबै महिला कर्मचारीको प्रयासबाट ऐनमा उक्त विशेष व्यवस्था समावेश हुने तर ४४३ जना महिला कर्मचारीमध्ये हामी निवेदकहरू १० जनामात्र दरखास्त फाराम बुझाई परीक्षा दिन पाउने अवसरबाट वञ्चित हुने व्यवस्था विधायिकाले गरेको होइन । कथंकदाचित हामी १० जना निवेदकहरूलाई उक्त पदमा परीक्षा दिन पाउने अवसरबाट वञ्चित गरेको मान्ने हो भने सो व्यवस्था बद्नियतपूर्ण भई अंसवैधानिक (Unconstitutional) र भेदभावपूर्ण हुन्छ । यसर्थ, हाम्रो दरखास्त फाराम अस्वीकार गरेबाट हामीउपर संवैधानिक तथा कानूनी अन्याय भएको छ ।

ऐनको दफा ७ को उपदफा (१४) को व्यवस्थाले कथंकदाचित सो दफाको प्रारम्भको व्याख्याको सम्बन्धमा भिन्न दृष्टिकोण बन्न गई पाँचवर्षे सेवा अवधिको प्रावधानले हाम्रो स्थायी हुन पाउने मार्ग अवरूद्ध भएको मान्ने हो भने सो दफाले हामी निवेदिकाहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१), १२(३)(च), धारा १३(१), १८(१), १९, २० र २१ द्वारा प्रदत्त मौलिक हक र कानूनद्वारा प्रदत्त कानूनी हकमा बन्देज लगाउने प्रष्ट छ । सबै निकाय तथा अधिकारीले कानूनी अधिकारको प्रयोग स्वच्छ तथा न्यायोचितरूपले गरेको मानिन्छ । अतः हामी निवेदिकाहरूको दरखास्त फाराम अस्वीकार गरी विपक्षी लोक सेवा आयोगले परीक्षामा सहभागी हुन नदिने कुनै निर्णय गरेको भए सो निर्णयहरूसमेत झिकाई हाम्रो विरूद्ध भएका काम कारवाही असंवैधानिक र अन्यायपूर्ण भएको हुँदा उत्प्रेषणको आदेशले बदर गरी हामी निवेदिकाहरूको पनि दरखास्त फाराम स्वीकार गरी परीक्षामा सामेल हुन दिनु भन्नेसमेत व्यहोराको संविधानको धारा १०७(२) को आधारमा परमादेशको आदेश जारी गरिपाउँ । निजामती सेवा ऐन, २०४९ को विवादित दफा ७ को उपदफा (१४) को न्यायिक विश्लेषण गर्दा सो व्यवस्थाले हाम्रो हकमा बाधा पुर्‍याएको देखिन आएमा सो कानूनी व्यवस्था न्यायिक पुनरावलोकनको सिद्धान्तबमोजिम उक्त संविधानको धारा १ र १०७(१) को आधारमा बदर घोषित गरिपाऊँ । विपक्षीहरूको काम कारवाही यथावत रहेमा हाम्रो हकमा प्रतिकूल असर परी अपूरणीय क्षति हुने र बाँकी सुनवाइसमेत प्रभावित हुने हुँदा प्रस्तुत रिट निवेदन अन्तिम किनारा नभएसम्मको लागि निवेदिकाहरूको दरखास्त फाराम स्वीकार गरी परीक्षामा सामेल गराउनु भन्ने व्यहोराले अन्तरिम आदेश जारी गरिपाऊँ । साथै दरखास्त फाराम भर्न पाउने निर्धारित म्यादभित्रै प्रस्तुत मुद्दाको किनारा हुने गरी अग्राधिकार पाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो, निवेदिकाहरूको मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए १५ दिनभित्र सम्बन्धित मिसिल साथै राखी लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना दिई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि पेस गर्नु भन्ने व्यहोराले यस अदालतबाट मिति २०६६।५।२ मा भएको कारण देखाउको आदेश।

व्यवस्थापिका संसद सचिवालयलाई प्रत्यर्थी बनाउनुपर्ने स्पष्ट आधार र कारण निवेदिकाहरूले खुलाउन सक्नुभएको छैन। निजामती सेवा ऐनबमोजिम सरकारी निकायबाट सञ्चालित महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत् कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाई मात्र सम्मिलित गराई सिमित प्रतियोगितात्मक परीक्षाबाट रिक्त पदपूर्ति गर्न र निवेदिकाहरूको दरखास्त फाराम अस्वीकार गर्ने कार्य यस सचिवालयबाट भएको होइन। त्यसै गरी ऐनको दफा ७ को उपदफा (१४) बदर घोषित गरिपाउँ भन्ने माग दावीको सम्बन्धमा प्रथमतः उक्त चुनौती दिइएको दफा ७ को उपदफा (१४) को कानूनी व्यवस्था संविधानसँग बाझिएको छ वा छैन भन्ने विषयमा निवेदिकाहरू नै प्रष्ट भएको देखिँदैन। बदर हुनुपर्नाको कारण र आधार पनि खुलाउन सक्नुभएको छैन। यस्तो काल्पनिक र हचुवा निवेदनपत्रको आधारमा संविधानसम्मतरूपमा निर्मित कानून बदर हुने अवस्था छैन। मूलतः निजामती सेवा ऐन, २०४९ अवसरको समानताको सिद्धान्तमा आधारित रहेको छ। उक्त दफा ७ को उपदफा (१४) निश्चित अवस्थाका महिला कर्मचारीलाई एकपटकको लागि मात्र गरिएको विशेष कानूनी व्यवस्था बदर गरेमा लोक सेवा आयोगले मिति २०६६।४।२१ मा प्रकाशन गरेको विज्ञापन शून्यमा पुग्ने र निवेदिकाहरूलाई कुनै सहयोग नपुग्नुको साथै कानूनमार्फत विधायिकाले प्राप्त गर्न खोजेको उद्देश्य पराजित भई लक्षित वर्गलाई अन्याय हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी व्यवस्थापिका संसद सचिवालयको तर्फबाट पेस भएको लिखित जवाफ।

निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४) ले यो दफा प्रारम्भ हुँदाका बखत सरकारी नियकाबाट सञ्चालित महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत् कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाई मात्र लोक सेवा आयोगबाट प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी गर्न सकिने व्यवस्था गरेबमोजिम लोक सेवा आयोगले ऐनको उक्त दफाको अधीनमा रही योग्यता पुगेका महिला उम्मेदवारलाई मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्न विज्ञापन प्रकाशन गरेको कानूनसम्मत कार्यलाई विवादको विषय बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी लोक सेवा आयोगको तर्फबाट पेस भएको लिखित जवाफ।

लोक सेवा आयोगबाट भए गरेका काम कारवाहीका विषयमा यस कार्यालयलाई

विपक्षी बनाउनुपर्ने होइन । जहाँसम्म निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४) असंवैधानिक घोषित गरिपाउँ भन्ने विषय छ, सो सम्बन्धमा के कुन आधारमा उक्त व्यवस्था असंवैधानिक भएको हो त्यसको स्पष्ट जिकिर नलिई हचुवामा अमुक कानूनी व्यवस्थालाई असंवैधानिक घोषणा गरिपाउँ भन्ने जिकिर औचित्यपूर्ण नभएको हुँदा खारेज गरिपाउँ भन्नेसमेत व्यहोराले विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ ।

निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४) मा तोकिएको सेवा अवधि पूरा नभएको आधारमा निवेदिकाहरूको दरखास्त लोक सेवा आयोगबाट अस्वीकार भएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र महिला विकास विभाग, पुल्चोकको तर्फबाट पेस भएको लिखित जवाफ ।

निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम असंवैधानिक र बदर घोषित गरिपाउँ भन्ने निवेदन दावी देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४(१) (ग) बमोजिम विशेष इजलासमा पेस गर्नु भन्ने व्यहोराले यस अदालतको संयुक्त इजलासबाट मिति २०६८।१२।२८ मा आदेश भई प्रस्तुत मुद्दा यस अदालतको विशेष इजलासको दायरीमा दर्ता भएको देखियो ।

नियमबमोजिम दैनिक पेसीसूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी निवेदिकाहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री मातृकाप्रसाद निरौलाले प्रस्तुत मुद्दामा दुईवटा विवादको उठान भएको छ । पहिलो विवाद यी रिट निवेदिकाहरू महिला विकास कार्यक्रमअन्तर्गत लामो समयदेखि अस्थायीरूपमा विभिन्न जिल्लामा विभिन्न मितिदेखि सेवारत् रहेका मुख्य महिला कार्यकर्ता र महिला कार्यकर्ता कर्मचारी हुन् । यिनीहरूको स्थायी निजामती सेवा ऐन, २०४९ को दफा ७ (१४) बमोजिम हुने हो । उक्त दफा ७ को उपदफा (१४) को व्यवस्था यो दफा प्रारम्भ हुँदाका बखत सरकारी निकायबाट सञ्चालित महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत् कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाई मात्र लक्षित गरी दोस्रो संशोधनबाट थप भएको हो । निवेदिकाहरू महिला र तोकिएको कार्यक्रमअन्तर्गत अस्थायीरूपमा काम गर्दै आएको तथ्यमा विवाद छैन । उक्त ऐनको दफा ७ को उपदफा (१४) को आधारमा विपक्षी लोक सेवा आयोगले मिति २०६६।४।२१ मा मुख्य महिला कार्यकर्ता र महिला कार्यकर्ताको पदपूर्तिको लागि विज्ञापन गरेको छ । तर, यी निवेदिकाहरू तत्‌तत् पदमा दरखास्त गर्न जाँदा विपक्षी लोक सेवा आयोगले दरखास्त नलिनुको साथै लिएकाहरूको समेत फिर्ता गर्ने कार्य गरेको छ । यो दफा एकपटक मात्र

प्रयोग हुने हुँदा एकपटक प्रकाशित विज्ञापनमा सहभागी भई परीक्षा दिन नपाउँदा अन्याय भएको छ। यो दफाको रचनात्मक र उद्देश्यपरक व्याख्या गर्दा ऐन जारी भएको मितिबाट नभई विपक्षी लोक सेवा आयोगले उक्त मितिमा विज्ञापन प्रकाशन गरेपछि लागू भएको मान्नुपर्ने हुन्छ। ऐन जारी हुनुपूर्व कार्यरत् सबैलाई अवसर दिई समेट्न सकियोस् भनेर सूचना प्रकाशित गर्ने गराउने कार्य भएको हो। तर, प्रकाशित सूचनाको द्रष्टव्यको खण्ड (ख) मा दरखास्त दिने अन्तिम मितिसम्म सेवा अवधि पाँच वर्ष पुगेको हुनुपर्ने व्यवस्थाको आधारमा यी दशजना निवेदिकाहरूको दरखास्त फाराम अस्वीकार गरेको कार्यले ऐनको उद्देश्य पराजित भएको छ। तसर्थ, विभेद गरी विपक्षी लोक सेवा आयोगबाट दरखास्त फाराम अस्वीकार गर्ने कार्य सद्विवेकका आधारभूत सिद्धान्तसमेतको विपरीत हुँदा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुनुपर्दछ।

दोस्रो विवाद ऐनको दफा ७ को उपदफा (१४) ले कथंकदाचित सो दफाको प्रारम्भको व्याख्याको सम्बन्धमा भिन्न दृष्टिकोण बन्न गई पाँचवर्षे सेवा अवधिको प्रावधानले निवेदिकाहरूको स्थायी हुन पाउने मार्ग अवरूद्ध भएको मान्ने हो भने निवेदिकाहरूसँग प्रत्यक्ष सरोकार राख्ने नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१), १२(३)(च), १३(१), १८(१), १९, २०, २१ द्वारा प्रदत्त हकको प्रचलनमा प्रतिकूल असर भई कानूनी हकमा बन्देज लाग्ने स्पष्ट हुँदा सो संविधानको धारा १ र १०७(१) को आधारमा ऐनको उक्त दफा ७ को उपदफा (१४) लाई असंवैधानिक घोषित गरी बदर गरिपाउँ भन्नेसमेत व्यहोराको बहस गर्नुभयो।

विपक्षीहरूको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री कृष्णजीवि घिमिरेले निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४) को व्यवस्था पाँच वर्ष अस्थायीरूपमा निरन्तर कार्य गरेका महिला कर्मचारीको हकमा लागू हुने हो। यो दफाको व्यवस्था एकपटक प्रयोगमा आएपछि स्वतः निष्क्रिय हुन्छ। यो ऐन प्रारम्भ भएका बखत पाँच वर्ष सेवा अवधि पुगेकाले दरखास्त बुझाई परीक्षा सम्पन्न भै सकेको छ। निवेदन लेख हेर्दा यी निवेदिकाहरू २०६० सालदेखि अस्थायीरूपमा कार्यरत् रहेको देखिन्छ। सो दफा २०६४ सालमा ऐनको दोस्रो संशोधन हुँदा थप भई लागू भएको हो। ऐन २०६४।४।२३ मा प्रमाणीकरण भई लागू भएको र निवेदिकाहरूको सो समयमा सेवा अवधि ४ वर्षमात्र हुन्छ। निवेदिकाहरूको पाँच वर्ष सेवा अवधि विज्ञापन प्रकाशन भएको मितिसम्ममा पुग्ने भए तापनि ऐन प्रारम्भ हुँदाको समयमा चार वर्ष मात्र सेवा अवधि हुन्छ। सो समयमा कायम भएको सेवा अवधिको आधारमा कारवाही प्रक्रिया अगाडि बढ्ने हो। निजामती सेवा ऐन, २०४९ अवसरको समानताको सिद्धान्तमा आधारित रहेको छ। त्यसै कारण प्रकाशित विज्ञापनको द्रष्टव्यको

खण्ड (ख) मा दरखास्त दिने अन्तिम मितिसम्म सेवा समूहसम्बन्धी ऐन, नियमअनुसार पाँच वर्ष सेवा अवधि पुगेको हुनुपर्ने छ भन्ने व्यवस्था गरिएको हो। यो व्यवस्था पनि सो दफाबमोजिम नै राखिएको हो। सो दफाको अख्तियारीबाहिर गई लोक सेवा आयोगले विज्ञापन प्रकाशन गरेको छैन। सो विज्ञापनमा दरखास्त दिन २०६४।४।२३ मा सम्बन्धित सेवा, समूहमा काम गरेको अवधि पाँच वर्ष पुगेको हुनु जरूरी छ। यसरी ऐनको अख्तियारीअन्तर्गत प्रकाशित विज्ञापनमा दरखास्त फाराम नबुझेको लोक सेवा आयोगको कार्यमा कानूनको त्रुटि नहुँदा परमादेशसमेतको आदेश जारी गर्न मिल्दैन।

निवेदिकाहरूले ऐनको दफा ७ को उपदफा (१४) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१), १८(१) १९, २०, २१ सँग बाझिएको हुँदा बदर घोषित गरिपाउँन माग गरेकोतर्फ हेर्दा सो दफामा उल्लिखित व्यहोराले स्पष्टसँग एकपटकको लागि पाँच वर्ष अवधि पुगेका महिला कर्मचारीको हकमा लागू हुने देखिन्छ। लोक सेवा आयोगले त्यसैको आधारमा विज्ञापन गरी पाँच वर्ष सेवा अवधि पूरा गरेका महिला कर्मचारीबीच सम्बन्धित पदमा प्रतिस्पर्धा गराउन विज्ञापन प्रकाशन गरेको, बदर गर्दा काम कारवाही शून्य हुने र विज्ञापन (सूचना) प्रकाशनपछि सो दफा नै स्वतः निष्क्रिय भएको हुँदा बदर घोषित गरी रहनुपर्ने अवस्था नहुँदा औचित्यहीन रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

पक्ष विपक्षको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको उपरोक्त बहससमेत मनन् गरी रिट निवेदन लिखित जवाफ र निजामती सेवा ऐन, २०४९ समेतका समग्र पक्षमा ध्यान दिई प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नको निरूपण गर्नुपर्ने देखियो :

(१) निवेदिकाहरूको मुख्य महिला कार्यकर्ता र महिला कार्यकर्ता पदमा प्रकाशित विज्ञापनमा दरखास्त फाराम अस्वीकार गरेको विपक्षी लोक सेवा आयोगको काम कारवाही निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४) विपरीत छ छैन ?

(२) उक्त दफा ७ को उपदफा (१४) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१), १८(१), १९, २० र २१ सँग बाझिएको छ छैन ?

(३) निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ?

२. निरूपण गरिनुपर्ने पहिलो प्रश्नतर्फ विचार गर्दा यी रिट निवेदिकाहरूले निजामती सेवा ऐन, २०४९ २०६४।४।२३ मा दोस्रो संशोधन हुँदा दफा ७ को उपदफा (१४) थप गरी... कुनै पदको लागि आवश्यक न्यूनतम् योग्यता पूरा गरी यो दफा प्रारम्भ भएका बखत सरकारी निकायबाट सञ्चालित महिला विकास

कार्यक्रमको स्थायी पदमा कार्यरत् कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाई मात्र यो दफा प्रारम्भ भएपछि एकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट परीक्षा लिई स्थायी नियुक्ति गर्न सकिने व्यवस्था गरेको, सो दफा २०६४।४।२३ मा लागू भएको नभई लोक सेवा आयोगबाट विज्ञापन प्रकाशन भएको २०६६।४।२१ बाट लागू भएको अवस्थामा विज्ञापनको द्रष्टव्य खण्डको (ख) मा दरखास्त बुझाउन पाँच वर्ष सेवा अवधि पुगेको हुनुपर्ने व्यवस्था राखी आफूहरूको दरखास्त फाराम अस्वीकार गरेको कार्य असंवैधानिक तथा बद्नियतपूर्ण कार्य भएको हुँदा दरखास्त फाराम बुझी परीक्षामा सहभागी गराई पाउन परमादेशको आदेश जारी गरिपाउँ । कथंकदाचित् परमादेशसमेतको आदेश जारी नभएमा सो दफा संविधानको धारा १२(१), १२(३)(च), १३(१), १८(१), १९, २० र २१ सँग बाझिने हुँदा संविधानको धारा १ र १०७(१) को आधारमा बदर घोषित गरी पाउन माग गरेको देखिन्छ । प्रत्यर्थीहरूले लिखित जवाफमा निजामती सेवा ऐनको उक्त दफा ७ को उपदफा (१४) मा यो दफा प्रारम्भ हुँदाका बखत सरकारी निकायबाट सञ्चालित महिला विकास कार्यक्रमको स्थायी पदमा कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेको महिला उम्मेदवारलाई मात्र लोक सेवा आयोगबाट प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी गर्न सकिने व्यवस्था भएबमोजिम उक्त दफाको अधीनमा रही पदपूर्ति गर्न विज्ञापन प्रकाशन गरेको हुँदा सोतर्फ परमादेशको आदेश जारी हुनुपर्ने होइन । सो दफा नै बदर घोषित गरी पाउन माग गरेकोतर्फ सो कानूनी व्यवस्था संविधानसँग बाझिएको छ वा छैन भन्ने विषयमा निवेदिकाहरू नै प्रष्ट नभएको अवस्थामा औचित्यहीन रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोरा उल्लेख गरेको देखिन्छ ।

३. निवेदिकाहरूले उत्प्रेषण/परमादेश वा अन्य उपयुक्त आदेश जारी गरी परीक्षामा सहभागी हुन पाउँ भन्ने व्यहोराको माग गरेको सम्बन्धमा हेर्दा निवेदिकाहरूमध्ये कमला न्यौपाने तथा सरस्वती सन्ज्याल महिला विकास कार्यालय कालिकोटमा, अमृता गुरूङ ऐ. कार्यालय मनाङमा, रम्भा शाही तथा कल्पना लामा ऐ. कार्यालय हुम्ला, अनुपा निरौला तथा सदीक्षाकुमारी डि.सी. (महर्जन) ऐ. कार्यालय काठमाडौंमा, पुष्पलता बास्तोला ऐ. कार्यालय, सोलुखुम्बुमा क्रमशः २०६०।१०।१५, २०६०।१०।१४, २०६०।६।१२, २०६०।९।३, २०६०।९।३, २०६०।११।१७, २०६०।१२।४, २०६०।११।१७ देखि मुख्य महिला कार्यकर्ता (रा.प. अनं. द्वितीय श्रेणी) पदमा र गंगा बोहरा ऐ. कार्यालय हुम्ला तथा टीका सन्ज्याल महिला विकास विभाग, पुल्चोक ललितपुरमा क्रमशः २०६०।९।३, २०६०।१०।१५ देखि महिला कार्यकर्ता (रा.प.अनं. तृतीय, श्रेणी) पदमा अस्थायीरूपमा सेवा प्रवेश गरी सम्बन्धित मन्त्रालय तथा विभागले म्याद थप गरेको

आधारमा निरन्तर अस्थायीरूपमै सेवारत् रहेको देखिन आयो।

४. निवेदिकाहरू उल्लिखित कार्यालयमा तत्तत् पदमा कार्यरत् रहेको समयमा विपक्षी लोक सेवा आयोगले २०६६।४।२१ मा विज्ञापन नं. ९५३।०६६–०६७ अन्तर्गत मुख्य महिला कार्यकर्ता (रा.प.अनं. द्वितीय) र विज्ञापन नं. ९५४।०६६–०६७ अन्तर्गत (रा.प.अनं. तृतीय श्रेणी) को पदको प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन प्रकाशन गरेको देखिन्छ । त्यसरी विपक्षी लोक सेवा आयोगले विज्ञापन प्रकाशन गरेपछि निवेदिकाहरूले जुनजुन पदमा आफूहरू कार्यरत् रहेको हो, सोही पदमा दरखास्त बुझाउन जाँदा लोक सेवा आयोगले दरखास्त फाराम नबुझेको हुँदा दरखास्त फाराम बुझी परीक्षामा सहभागी हुन पाउनुपर्ने जिकिर लिएको देखिन आयो । लोक सेवा आयोगले प्रकाशन गरेको सो विज्ञापनसँग सम्बन्धित निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदको लागि आवश्यक न्यूनतम् योग्यता पूरा गरी यो दफा प्रारम्भ हुँदाका बखत सरकारी निकायबाट सञ्चालित महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत् कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाई मात्र यो दफा प्रारम्भ भएपछि एकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी नियुक्ति गर्न सकिनेछ" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

५. उपरोक्त कानूनी व्यवस्थाबाट यस दफाबमोजिम प्रकाशन हुने विज्ञापनमा सहभागी हुनसमेत निरन्तर पाँच वर्ष अस्थायी सेवा अवधि पूरा गरेको महिला कर्मचारी हुनुपर्ने र सो दफाबमोजिम एकपटकका लागि मात्रै विज्ञापन प्रकाशन हुने तथ्यको अवलोकन हुन आएको देखिन्छ । प्रस्तुत विवादमा निवेदिकाहरूको सुरू सेवा प्रवेश मिति र उक्त अवलोकित कानूनी व्यवस्थालाई एकै साथ राखी हेर्दा निवेदिकाहरूमध्येकी अमृता गुरूङले २०६०।६।१२ मा अस्थायी नियुक्ति पाएको देखिन्छ भने त्यसपछि क्रमशः रम्भा शाही, गंगा बोहरा तथा कल्पना लामाले २०६०।९।३ मा, सरस्वती सन्ज्यालले २०६०।१०।१४ मा, कमला न्यौपाने तथा टीका सन्ज्यालले २०६०।१०।१५ र अनुपा निरौला तथा पुष्पलता बास्तोलाले २०६०।११।१७ मा अस्थायी नियुक्ति पाएको देखिन्छ । कानूनी व्यवस्थाको परिप्रेक्ष्यबाट निजामती सेवा ऐन, २०४९ मा २०६४ सालमा भएको दोस्रो संसोधनले थप गरेको सो दफा ७ को उपदफा (१४) लागू भएको मिति २०६४।४।२३ गते सो विज्ञापित पदमा उम्मेदवार भई सहभागी हुन पाँच वर्ष सेवा अवधि पुगेको हुनुपर्ने हुन्छ । निवेदिकाहरूले उपरोक्त दफा लागू हुँदा अस्थायीरूपमा पाँच वर्ष सेवा अवधि पूरा गरिसकेको हुनुपर्ने भन्ने कानूनी सर्त वा बन्देज पूरा गर्न सकेको पाइँदैन।

६. यसरी आफूहरूले कानूनले निर्धारण गरेको सर्त वा बन्देज पूरा नगरेको आधारमा

विपक्षी लोक सेवा आयोगले दरखास्त अस्वीकार गरेको देखिन आयो । सो ऐनको दफा ७ को उपदफा (१४) ले निर्देश गरेबमोजिम २०६६।४।२१ मा सो विवादित विज्ञापन प्रकाशन भएको तथ्य समर्थित भएको छ । विज्ञापनको द्रष्टव्य खण्डको (ख) नं तथा आवश्यक न्यूनतम् शैक्षिक योग्यता शीर्षकको १ नं. मा समेत पाँच वर्ष अवधि पुगेको हुनुपर्ने सर्त उल्लेख भएको नै छ। त्यसै गरी निवेदिकाहरूले २०६६।४।२१ पछि मात्र सो दफा लागू भएको मानी आफूहरूले न्याय पाउनुपर्दछ भनी गरेको जिकिरको सम्बन्धमा हेर्दा प्रष्टसँग सो दफा ७ को उपदफा (१४) मा यो दफा प्रारम्भ हुँदाका बखत सरकारी निकायबाट सञ्चालित महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत् कम्तीमा पाँच वर्ष अस्थायी सेवा पूरा गरेको हुनुपर्ने व्यवस्था गरी ऐनको सो दफा लागू भएको अवस्थामा यस दफाको अर्को अर्थ र मर्म आउने व्याख्या गर्नुपर्ने देखिँदैन । त्यसरी व्यख्या गरिनु पनि हुँदैन । सो दफाले शाब्दिक अर्थ दिई रहेकोमा अरू व्याख्याका सिद्धान्तका आधारमा विवेचना गर्नुपर्ने अवस्था पनि देखिएन। साथै सद्विवेकका आधारभूत सिद्धान्त र दृष्टिकोणबाट हेर्दा पनि पूर्वसर्त नपुगेको अवस्था हुँदा लोक सेवा आयोगबाट अस्वीकार भएको दरखास्त फाराम निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४) विपरीत देखिएन। तसर्थ, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुन सक्ने अवस्था देखिएन।

७. निवेदिकाहरूले उत्प्रेषणको आदेश पनि माग गरेको सम्बन्धमा हेर्दा निवेदिकाहरूले विपक्षी लोक सेवा आयोगको के कुन मितिको के कस्तो निर्णय बदर गर्नुपर्ने हो सो कुरा रिट निवेदनमा उल्लेख नभएको हुँदा सोतर्फ केही विचार गरिरहन परेन।

८. निरूपण गरिनुपर्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा निवेदिकाहरूले ऐनको दफा ७ को उपदफा (१४) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१), १२(३)(च), १३(२) १८(१), १९, २० र २१ सँग बाझिएको हुँदा बदर घोषित हुनुपर्ने भनी सो दफाउपर संवैधानिक परीक्षणको लागि चुनौती दिएको देखिन्छ । संविधानप्रदत्त मौलिक हकउपर अनुचित बन्देज लागेको अवस्थामा बन्देज लगाउने गरी व्यवस्था भएको ऐनका दफाहरू यस अदालतबाट बदर घोषित गरिने हो । आजसम्म यस अदालतबाट त्यसै आधारमा संविधानसँग बाझिएका कानून बदर घोषित गरी अमान्य गर्दै आएको तथ्य जग जाहेर नै छ । प्रारम्भमा परमादेशसमेतको आदेशले परीक्षामा सहभागी हुन पाउँ भन्ने माग गर्ने निवेदिकाहरूले दोस्रो अवस्थामा सो ऐनको सो दफा नै बदरको माग गरेको अवस्थामा प्रस्तुत रिट निवेदनमा निवेदिकाहरूको व्यक्तिगत इच्छालाई हेर्नुपर्ने देखियो । उक्त ऐनको दफा ७ को उपदफा (१४) २०६४।४।२३ देखि लागू भएको तथ्यमा विवाद छैन । सो दफाले यस दफा प्रारम्भ हुँदाका बखत पाँच वर्ष अस्थायी अवधि

पूरा गरेका महिलालाई मात्र एकपटकका लागि प्रतिस्पर्धाबाट स्थायी गर्न सकिने प्रावधान गरेकोमा त्यस समयमा बदरको माग गरी उपचार खोज्न सकेको देखिँदैन । निवेदिकाहरूको करिब ४ वर्षमात्र सेवा अवधि भएको समयमा २०६४ सालमा लागू भएको ऐनको व्यवस्था अहिले लोक सेवा आयोगबाट २०६६ सालमा विज्ञापन प्रकाशन भएपछि बदरको माग गर्नु न्यायोचित होइन । सुरूमा सोही दफाको आधारमा परमादेशको माग गर्ने र पछि सो दफा नै संविधान असङ्गत भन्दै बदरको माग गरेको कार्यबाट निवेदिकाहरूले स्पष्टसँग दोहोरो लाभ प्राप्त गरी गैरकानूनीरूपमा लाभान्वित हुन खोजेको देखियो । यस्तो अवस्थामा एकातिर दोहोरो लाभ कानूनबमोजिम ग्राह्य हुन सक्तैन भने अर्कोतिर आफूले भनेबमोजिम भए सो दफा वैध हुने र आफूले भनेबमोजिम नभए वा आफ्नो व्यक्तिगत इच्छा पूरा नभएमा सो दफा नै बदरको माग गर्नुलाई न्यायिक पुनरावलोकनको सिद्धान्तको आधारमा उचित माग भन्न कदापि सकिँदैन ।

९. स्वतन्त्रताको हकविपरीतसमेत भयो भनी जिकिर लिएको सम्बन्धमा हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३) मा प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ भन्दै देहायको खण्ड (च) मा कुनै पेसा, रोजगार, उद्योग वा व्यापार गर्ने स्वतन्त्रता हुनेछ भन्ने व्यवस्था भएको देखिन्छ । तर सोको प्रतिबन्धात्मक वाक्यांशको ५ नं. मा खण्ड (च) को कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेसा वा रोजगार गर्नको लागि कुनै सर्त वा योग्यता तोक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ । वस्तुतः यस प्रकारको स्वतन्त्रता प्राकृतिकरूपमा नै मानिसलाई प्राप्त हुने नैसर्गिक स्वतन्त्रता हो । यसको विशिष्ट सैद्धान्तिक महत्त्व छ । तर, त्यस्तो विशिष्ट सैद्धान्तिक महत्त्वको साथ प्राप्त हुने नैसर्गिक स्वतन्त्रताको हकलाई उपरोक्त प्रतिबन्धात्मक वाक्यांशले सार्वजनिक हितका लागि राज्यले बन्देज लगाउन सक्ने, नियमन गर्न सक्ने र निश्चित पेसा वा रोजगारका सम्बन्धमा उचित ऐनमार्फत सर्त वा योग्यता तोकी यस स्वतन्त्रताउपर मनासिब बन्देजसमेत लगाउन सक्ने गरी कानून बनाउन पाउने गरी अख्तियारी दिएको देखिन्छ । यस परिप्रेक्ष्यमा उक्त स्वतन्त्रताको हक सापेक्षित अधिकारको रूपमा रहेको प्रष्ट हुन्छ । साथै के कस्तो कानूनको तर्जुमा गरी निजामती प्रशासन सञ्चालन गर्ने भन्ने विषयमा विधायिकाले कानून बनाउन सक्ने अख्तियारी पनि विधायिकामा निहित नै छ । कानूनले तोकेको सर्त पूरा नगरेको आधारमा दरखास्त फाराम नबुझेको कार्य पेसा रोजगार गर्न पाउने हकको विपरीत हुँदैन ।

१०. संविधानको धारा १३ ले

कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने प्रतिबद्धता व्यक्त गरेको देखिन्छ । मौलिक अधिकारको सन्दर्भमा समानताको सिद्धान्त राज्यका काम कारवाही (State Action) सँग जोडिएको हुन्छ । सरकारका कुनै पनि निकायका कार्यबाट समान व्यक्तिहरूबीच भेदभाव भएको अवस्थामा यो अधिकारमा आघात पुग्दछ । कानूनको दृष्टिमा सबै समानहरूबीच समान व्यवहार गरिनुपर्दछ । सामान्य कानूनको प्रयोगमा वा अन्य व्यवहारमा राज्यले आफ्ना नागरिकहरूबीच भेदभाव गर्नु पनि हुँदैन । यस प्रकारको समानतामा राज्यको सकारात्मक दायित्व रहेको हुन्छ । प्रस्तुत विवादमा यी निवेदिकाहरूले दरखास्त फाराम अस्वीकार गरेको कार्य असंवैधानिक तथा समानताको हकको सिद्धान्तविरूद्ध भएको हुँदा बदरको माग गरेको भए तापनि असमान व्यवहार गरिएको भन्ने कहीं कतैबाट देखिएको छैन । विपक्षी लोक सेवा आयोगले कानूनको असमान प्रयोग गरी काम कारवाही गरेको भए कसका हकमा त्यस्तो असमान काम कारवाही गरी कसलाई लाभान्वित गरेको हो, सो स्पष्ट खुलाई दावी गर्न सकेको देखिँदैन । निवेदन लेखमा ४४३ जनामध्ये १० लाई विभेद गरिएको भन्ने व्यहोरा उल्लेख छ । तर, ती ४४३ जनामध्येका कोही कसैलाई विपक्षी बनाई स्पष्ट माग दावी गर्न सकेको पनि पाइँदैन । त्यसमा पनि उक्त दफाबमोजिम एकपटक विज्ञापन प्रकाशन भई सो विज्ञापन कहीं कतैबाट बदर नभएको अवस्थामा अब सोही दफाको आधारमा पुनः क्रियाशील हुन सक्ने देखिँदैन ।

११. संविधानको धारा २० मा भएको महिलाको हक महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने हकसँग सम्बन्धित हक भएको देखिन्छ । यो मुद्दाको मुख्य विवाद मुख्य महिला कार्यकर्ता र महिला कार्यकर्ता पदमा भएको विज्ञापनमा विपक्षी लोक सेवा आयोगले निवेदिकाहरूको दरखास्त फाराम बुझी लिन अस्वीकार गरेउपरको हो । लोक सेवा आयोगबाट मिति २०६६।४।२१ मा प्रकाशित सूचना हेर्दा सबै प्रतिस्पर्धी महिला नै मात्र हुने देखिन्छ । महिला मात्र प्रतिस्पर्धी हुने गरी भएको विज्ञापनमा तोकिएको सर्त पूरा नगरेको आधारमा दरखास्त फाराम अस्वीकार गर्दैमा सो धारा २० को विपरीत हुने गरी भेदभाव गरेको मान्न मिल्ने हुँदैन । साथै धारा १८ अन्तर्गतको रोजगारीको हकको विपरीत पनि हुँदैन । सामाजिक न्यायको सिद्धान्तमा आधारित समानुपातिक समावेशी सिद्धान्तको आधारमा हेर्दा पनि निजामती सेवा ऐनको दफा ७ को उपदफा (१४) ले स्पष्टसँग पाँच वर्ष सेवा अवधि पूरा गरेका स्थायी पदका समान अस्थायी कर्मचारीलाई मात्र परीक्षामा सहभागी गराउन मिल्ने गरी व्यवस्था गरेको अवस्थामा त्यसै गरी विज्ञापन प्रकाशन भई काम कारवाही भएको देखिँदा सो दफा संविधानको धारा १२(३)(च), १३, १८ र २० समेतसँग नबाझिएकाले बदर योग्य देखिन आएन ।

१२. अब निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भन्ने निर्णय दिनुपर्ने हुन आएको तेस्रो तथा अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा माथि प्रकरणप्रकरणमा गरिएको विश्लेषणसमेतका आधारमा निजामती सेवा ऐन, २०४९ मा भएको दोस्रो संशोधनबाट थप भएको दफा ७ को उपदफा (१४) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १८ र २० समेतसँग बाझिएको देखिएन । साथै लोक सेवा आयोगले मुख्य महिला कार्यकर्ता र महिला कार्यकर्ता पदमा स्थायी नियुक्तिको लागि भनी मिति २०६६।४।२१ मा प्रकाशन गरेको विज्ञापनको द्रष्टव्य खण्डको (ख) मा राखिएका सर्तहरू र दरखास्त फाराम अस्वीकार गरेको कार्य निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४) बमोजिम भए गरेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छौं ।
न्या. गिरीश चन्द्र लाल
न्या. भरतबहादुर कार्की

इति संवत् २०७० साल चैत ६ गते रोज ५ शुभम् ।
इजलास अधिकृत : भीमबहादुर निरौला

## निर्णय नं.९२३८

सर्वोच्च अदालत, संयुक्त इजलास
स.प्रधानन्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
आदेश मिति : २०७१।७।११।३
०६९-WO-०५८४

विषय : उत्प्रेषण/परमादेश ।

निवेदक : कपिलवस्तु जिल्ला, कृष्णनगर न.पा. वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार बस्ने विश्वनाथ गोयल

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **दूरसञ्चार प्राधिकरणका अध्यक्ष पदको नियुक्ति गर्न ऐनको दफा ५(२) बमोजिम गठित समितिको गठन विधि, सो समितिले छनौटको लागि अवलम्बन गरेको प्रक्रिया, समितिको निष्पक्षता अन्तर्वार्ताको प्रक्रियागत त्रुटि वा अन्य कुनै कानूनी त्रुटिसम्बन्धी विवाद उठाएको देखिँदैन । छनौट प्रक्रियामा कानूनी**

**त्रुटि (Error of Law) देखाउन नसकेको अवस्थामा छनौटका सारा प्रक्रिया कानूनबमोजिम रहेको भनी स्वीकार गरेपछि सोको परिणामलाई अस्वीकार गर्न नमिल्ने ।**

(प्रकरण नं. १०)

निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू महादेवप्रसाद यादव, राधेश्याम अधिकारी एवम् विद्वान् अधिवक्ताहरू प्रकाश राउत र उत्तम श्रेष्ठ

विपक्षीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता कृष्णजीवि घिमिरे तथा उपन्यायाधिवक्ता मदनबहादुर धामी, विद्वान् वरिष्ठ अधिवक्ताहरू शम्भु थापा, हरिहर दाहाल, हरि उप्रेती, श्यामप्रसाद खरेल, विद्वान् अधिवक्ताहरू सुरेन्द्रकुमार महतो, कैलासप्रसाद न्यौपाने, रमनकुमार श्रेष्ठ, सेमन्त दाहाल र रत्नकुमार खरेल

अवलम्बित नजिर :

- *नेकाप* २०५३, अङ्क ६, निर्णय नं. ६२०९, पृष्ठ ४८१
- *नेकाप* २०७१, अङ्क २, निर्णय नं. ९११८, पृष्ठ १५७

सम्बद्ध कानून :

- दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) र ५(२)
- दूरसञ्चार नियमावली, २०५४ को नियम ३

आदेश

**न्या. गिरीश चन्द्र लाल :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवम् आदेश यसप्रकार छ :

नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति गर्नुपर्ने हुँदा दूरसञ्चार ऐन, २०५३ को दफा ५ को उपदफा (१) र दूरसञ्चार नियमावली, २०५४ को नियम ३ को प्रावधानबमोजिम प्राविधिक र प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखापरीक्षण वा कानून विषयमा मान्यताप्राप्त शैक्षिक योग्यताबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव प्राप्त गरेको नेपाली नागरिकहरूबाट आआफ्नो व्यक्तिगत विवरण सहित शैक्षिक योग्यता र अनुभव पुष्टि गर्ने प्रमाण कागजातहरू संलग्न गरी प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिका लागि मिति २०६९।५।१६ मा सूचना प्रकाशित गरी मन्त्रालयले निवेदन आह्वान गरेकोमा सूचनामा तोकिएको सम्पूर्ण कागजातहरू संलग्न गरी प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिको लागि निवेदकले आवेदन पेस गरेको थिएँ । मिति २०६९।८।१३ मा अन्तर्वार्ता दिएकोमा निवेदक जस्तै योग्यता पुगेकोलाई मात्र सिफारिस गर्नुपर्नेमा योग्यता नै नपुगेको व्यक्तिहरूलाई समेत प्राधिकरणको अध्यक्ष पदमा प्रत्यर्थी सिफारिस समितिले

गैरकानूनीरूपमा सिफारिस गरेको र विपक्षी मन्त्रिपरिषद्ले समेत म योग्यता पुगेका व्यक्तिलाई नियुक्ति नगरी योग्यता नै नपुगेको व्यक्तिलाई गरेको गैरकानूनी सिफारिसअन्तर्गतको विपक्षी दिगम्बर झालाई प्राधिकरणको अध्यक्ष पदमा नियुक्त गरिएको रहेछ । योग्यता नपुगेको विपक्षी दिगम्बर झालाई सिफारिस समितिले गैरकानूनी तवरबाट सिफारिस गरेको र मन्त्रिपरिषद्ले समेत निज झालाई प्राधिकरणको अध्यक्ष पदमा नियुक्त गर्ने निर्णय गरेको कुरा मिति २०६९।८।२१ को कान्तिपुरमा "मन्त्रिपरिषद्मा चर्काचर्की" प्रथम पृष्ठमा प्रकाशित समाचारबाट थाहा जानकारी पाएको र मन्त्रिपरिषद्को उक्त नियुक्तिको निर्णय लिन प्रयास गर्दा निर्णय दिन इन्कार गरे तापनि मिति २०६९।८।१९ मा निर्णय भएको मौखिक जवाफ दिई योग्यता पुगेको म निवेदकलाई प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति नदिई योग्यता नपुगेको व्यक्तिलाई प्राधिकरणको अध्यक्ष पदमा गैरकानूनी सिफारिस गर्ने सिफारिस समिति तथा नियुक्ति गर्ने विपक्षी नेपाल सरकार, मन्त्रिपरिषद्को काम कारवाही निर्णय बदरभागी रहेको छ।

प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिको लागि मिति २०६९।५।१६ मा निवेदन आह्वान गरी सूचना प्रकाशित गर्दा दूरसञ्चार ऐन, २०५३ को दफा ५ को उपदफा (१) बमोजिम भनिएको छ । ऐ. ऐनको दफा ५(१) मा "प्राधिकरणमा दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक र प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखापरीक्षण वा कानूनी क्षेत्रमा तोकिएबमोजिम योग्यता र अनुभव भएका अध्यक्षसहित ५ जना सदस्य रहनेछन्" भन्ने उल्लेख छ - अर्थात् अनुभव र योग्यता "दूरसञ्चार सेवासँग" सम्बन्धित हुनुपर्ने अपरिहार्य छ । ऐनको दफा २(ङ) मा तोकिएको वा तोकिएबमोजिम भन्नाले यस ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ भन्ने छ । दूरसञ्चार नियमावली, २०५४ को नियम ३ मा प्राधिकरणको अध्यक्षको लागि ऐनको दफा ५(१) मा उल्लिखित क्षेत्रमा स्नातक हासिल गरेको उपाधि र सम्बन्धित क्षेत्रमा १० वर्षको कम्तीमा अनुभव हुनुपर्ने भन्ने छ । निवेदकले Electronics and Communication मा University of Mysore बाट सन् १९७८ मा Distinction ल्याई स्नातक, पोखरा विश्वविद्यालयबाट व्यवसाय प्रशासन (एक्जुकेटिभ) विषयमा सन् २००५ मा स्नातकोत्तर गरेको छु । तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा मिति २०३५।१२।३१ को निर्णयानुसार असिस्टेन्ट एक्जुकेटिभ इन्जिनियरिङ पदमा स्थायी नियुक्ति पाई मिति २०६८।११।१८ मा उमेरको हदबाट अवकाश पाएको हुँ। तत्कालीन नेपाल दूरसञ्चार संस्थान, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड भएपछि मन्त्रिपरिषद्को मिति २०६६।१।२१ र मिति २०६७।१२।२ को निर्णयानुसार नेपाल दूरसञ्चार कम्पनीको प्रबन्ध निर्देशक जस्तो नेतृत्वदायी पदमा २ पटक नियुक्ति पाई आफ्नो

दायित्व निर्वाह गरेको थिएँ। मेरो शैक्षिक योग्यता दूरसञ्चार सेवासँग सम्बन्धित भएको र दूरसञ्चार सेवासँग प्रत्यक्षरूपले सम्बद्ध रही करिब ३३ वर्षको अनुभव रहेको एवम् ती सम्पूर्ण अनुभव र योग्यताको कागजात पेस गरेपछि दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) तथा ऐ. नियमावलीको नियम ३ बमोजिमको योग्यता भएको म निवेदक र निवेदक जस्तै योग्यता भएका व्यक्तिलाई मात्र प्राधिकरणको अध्यक्ष पदमा सिफारिस समितिले सिफारिस गर्नुपर्नेमा दूरसञ्चार सेवासँग १ दिनको पनि अनुभव नरहेको र शैक्षिक योग्यतासमेत दूरसञ्चारसँग सम्बन्धित नभएको विपक्षी दिगम्बर झालाई सिफारिस समितिले गैरकानूनी तवरबाट सिफारिस गरेको र ऐनको दफा ५(१) बमोजिम दूरसञ्चारसँग सम्बन्धित अनुभव र योग्यता नभएको व्यक्ति विपक्षी दिगम्बर झालाई मन्त्रिपरिषद्समेतले प्राधिकरणको अध्यक्ष पदमा गरेको नियुक्तिको निर्णय काम कारवाही ऐ. ऐनको दफा ५(१) र ऐ. नियमावलीको नियम ३ को प्रतिकूल छ । विपक्षी दिगम्बर झाको शैक्षिक योग्यता मेकानिकल इन्जिनियरको रहेको छ, जुन दूरसञ्चार सेवासँग सम्बन्धित छैन । त्यसैले ऐनको दफा ५(१) बमोजिमको योग्यता नै नपुगेको व्यक्तिलाई प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिको लागि गरेको सिफारिस तथा मन्त्रिपरिषद्को निर्णय गैरकानूनी छ।

विपक्षी मन्त्रालयले विपक्षी दिगम्बर झालाई अध्यक्ष पदमा नियुक्ति दिलाउने दुरासयअन्तर्गत निवेदन आह्वानको सूचनासमेत बद्नियतपूर्ण तवरले प्रकाशित गरेको देखिन्छ । निवेदन आह्वान गरिएको मिति २०६९।५।१६ को सूचनामा दूरसञ्चार ऐनको दफा ५(१) बमोजिम भनी अरू कुरा उल्लेख गरी "दूरसञ्चार सेवासँग सम्बन्धित" भन्ने आधारभूत कुरा सूचनामा उल्लेख नगरेको पाइन्छ। उल्लिखित "दूरसञ्चार सेवासँग सम्बन्धित" भन्ने वाक्यांश नहटाई निवेदन आह्वानको सूचना गरेको भए विपक्षी दिगम्बर झा प्राधिकरणको अध्यक्ष पदको नियुक्तिको लागि योग्य हुन नसक्ने ठानी बद्नियतपूर्ण तरिकाले दिगम्बर झालाई नियुक्ति दिलाउनको लागि "दूरसञ्चार सेवासँग सम्बन्धित" भन्ने वाक्यांश उल्लेख नगरी सूचना प्रकाशित गरेकाले निजको नियुक्ति बदरभागी छ।

योग्यता नै नपुगेका व्यक्ति विपक्षी दिगम्बर झालाई नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा सिफारिस समितिले गैरकानूनी सिफारिस गरेको र त्यस्तो व्यक्तिलाई प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति दिने भनिएको मन्त्रिपरिषद्को काम कारवाही निर्णयले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३), १३(१), २७ र दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) द्वारा प्रदत्त हकमा आघात परेकोले संविधानको धारा ३२ तथा १०७(२) बमोजिम यो निवेदन गर्न आएको छु। अतः योग्यता नै नपुगेका व्यक्ति विपक्षी दिगम्बर झालाई प्राधिकरणको अध्यक्ष पदमा गरेको सिफारिस तथा प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति गरेको मिति २०६९।८।१९ को मन्त्रिपरिषद्को निर्णय तथा तत्सम्बन्धी काम

कारवाही त्रुटिपूर्ण भएकाले उक्त नियुक्तिको निर्णय, नियुक्ति तथा सम्पूर्ण काम कारवाही बदर गरी योग्यता पुगेको म निवेदकलाई नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाउँ। कानूनले नै योग्यता र अनुभव नपुगेको व्यक्ति प्राधिकरणको अध्यक्ष जस्तो संवेदनशील र उच्च प्राविधिक पदमा नियुक्ति गर्ने निर्णयले समग्र दूरसञ्चारको क्षेत्र प्रभावित हुने, विपक्षी दिगम्बर झाबाट गैरकानूनी निर्णय हुन सक्ने र नेपाल दूरसञ्चार प्राधिकरणलाई अपूरणीय क्षति पुग्न जाने हुँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६९।८।१९ को नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षको नियुक्तिसम्बन्धी निर्णय कार्यान्वयन नगर्नु नगराउनु तथा उक्त पदमा विपक्षी दिगम्बर झा बहाल भइसकेको भए अब उप्रान्त बहाल हाजिर नगराउनु र कुनै पनि प्रकारको निर्णय नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, आदेश जारी गर्न नपर्ने कानूनबमोजिमको कुनै आधार कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र सम्बन्धित मिसिल कागजात साथै राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी यो आदेश र रिट निवेदनको एक प्रति नक्कलसमेत साथै राखी विपक्षी नं. १, २, ३ र ४ लाई सूचना दिई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिनू। अन्य विपक्षीहरूको हकमा बाटाको म्याद बाहेक १५ दिनभित्र आफैँ वा कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको नक्कल सहित सम्बन्धित जिल्ला अदालतमार्फत सूचना दिई लिखित जवाफ परेपछि वा सोको अवधि व्यतीत भएपछि नियमबमोजिम पेस गर्नू। साथै अन्तरिम आदेशको माग सम्बन्धमा छलफलको निमित्त मिति २०६९।९।१ को तारिख तोकी सोको सूचना विपक्षीहरूलाई दिई नियमानुसार पेस गर्नु भन्ने व्यहोराको यस अदालतको मिति २०६९।९।१ को आदेश।

नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष पदमा नियुक्ति गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. २६/२५-०६९।८।१७ को प्रस्ताव मं.प.बै.सं. ४७।०६९ मिति २०६९।८।१९ को मन्त्रिपरिषद्को बैठकमा पेस हुँदा नेपाल सरकार, मन्त्रिपरिषद्ले दूरसञ्चार ऐन, २०५३ को दफा ५(२) बमोजिम नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष पदमा दिगम्बर झालाई छनौट गरी दूरसञ्चार ऐन, २०५३ को दफा ८(१) बमोजिम पाँच वर्षको लागि नियुक्ति गर्ने निर्णय भएको हो । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६९।५।११ को निर्णयानुसार दूरसञ्चार ऐन, २०५३ को दफा

५(२) बमोजिम नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष पद एकको लागि नाम सिफारिस गर्न सूचना तथा सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा गठित समितिको सिफारिसका आधारमा सूचना तथा सञ्चार मन्त्रालयबाट प्राप्त प्रस्तावबमोजिम मन्त्रिपरिषद्‌बाट मिति २०६९।८।१९ मा उक्त निर्णय भएको र सो निर्णय गर्न गराउन यस कार्यालयको कुनै संलग्नता र भूमिका नरहने हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको लिखित जवाफ।

यसमा अन्तरिम आदेशका सम्बन्धमा विचार गर्दा दूरसञ्चार ऐन, २०५३ को दफा ५ मा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष र सदस्यहरूको योग्यता र अनुभव तोकिएको पाइन्छ। उक्त ऐनको दफा ५ बमोजिम अध्यक्ष हुनलाई प्राधिकरणमा दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक र प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखा परीक्षण वा कानूनी क्षेत्रमा तोकिएबमोजिम योग्यता र अनुभव भएको हुनुपर्ने भन्ने उल्लेख भएको देखिन्छ। प्राधिकरणको अध्यक्षमा नियुक्त हुनुभएका व्यक्ति दिगम्बर झा उपरोक्तबमोजिम दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक, प्रशासनिक, लेखा तथा लेखा परीक्षण वा कानूनी क्षेत्रमध्ये कुन क्षेत्रसँग सम्बन्धित हो तत्सम्बन्धी योग्यता र अनुभव खुलाई सिफारिस गरिएको भन्ने देखिँदैन भने निर्णयकर्ताबाट पनि उपरोक्त ऐनको दफा ५ को कुन योग्यता र अनुभवका आधारमा नियुक्ति दिएको भन्ने खुलाएको देखिएन। सिफारिस समितिमा अध्यक्षता गर्ने सूचना तथा सञ्चार मन्त्रालयका सचिव सूर्यप्रसाद सिलवालले निवेदक राजीवप्रसाद गुप्ता रौनियार निवेदक भएको रिट नं. ०६०-WO-००३१ को मुद्दामा लिखित जवाफ दिँदा दूरसञ्चार ऐनको दफा ५ बमोजिम "प्राविधिक र प्रशासनिक क्षेत्रको सदस्य दूरसञ्चार सेवासँग सम्बन्धित हुनुपर्ने हो, प्राविधिक व्यक्ति सिभिल इन्जिनियरिङ वा मेकानिकल वा अरू क्षेत्रको नभई दूरसञ्चार क्षेत्रकै हुनुपर्ने" भन्ने उल्लेख गरेको देखिन्छ। विपक्षी दिगम्बर झाको आधारभूत योग्यता मेकानिकल इन्जिनियरिङमा स्नातक देखिएकाले निजलाई दिइएको नियुक्तिलाई तत्काल क्रियाशील हुन नदिनु, सो हैसियतले प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्म कामकाज गर्न नदिई रोक्न लगाउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरणसमेतको नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ। सोको सूचना विपक्षीहरूलाई दिई नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०६९।९।१६ को आदेश।

नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष भेषराज कँडेलले मिति २०६९।४।१७ देखि लागू हुने गरी राजीनामा गरेपश्चात् प्राधिकरणको अध्यक्ष पद रिक्त हुन गएको

थियो । सो पदमा नियुक्ति नहुँदा प्राधिकरणले गर्नुपर्ने नीतिगत एवम् महत्त्वपूर्ण कार्यहरू सुचारू हुन कठिनाई परेकोले मिति २०६९।८।२१ गतेदेखि प्राधिकरणको अध्यक्ष पदमा नेपाल सरकारको निर्णय अनुसार नियुक्त भई आउनुभएका दिगम्बर झाले कार्यालयमा उपस्थित भई प्राधिकरणको बैठक आमन्त्रण गरी कार्य गर्दै आउनुभएकोमा सम्मानित अदालतको मिति २०६९।९।१६ को अन्तरिम आदेश जारी भएपछि निज बहाल हाजिर रहनुभएको छैन। विगत समयदेखि अध्यक्ष पद रिक्त हुन गई रोकिएका कार्यहरू सुचारू गर्न कानूनी जटिलता रहेको छ। दूरसञ्चार ऐन, २०५३ को दफा ५ को उपदफा (१) बमोजिम गठन भएको नेपाल दूरसञ्चार प्राधिकरणमा सदस्य एवम् अध्यक्षको पद रिक्त भएको अवस्थामा रिक्त पदहरू पूर्ति गर्नको लागि ऐनको दफा ५ को उपदफा (२) मा "प्राधिकरणका अध्यक्ष तथा सदस्यहरूको नियुक्तिको लागि सिफारिस गर्न नेपाल सरकारले सम्बद्ध क्षेत्रका विज्ञहरूसमेत रहेको एक समिति गठन गर्नेछ र सो समितिको सिफारिसमा नेपाल सरकारले अध्यक्ष तथा सदस्यहरूको नियुक्ति गर्नेछ" भन्ने व्यवस्था रहेको छ। सोही कानूनी व्यवस्था अनुसार नेपाल सरकारबाट प्राधिकरणको अध्यक्ष र सदस्य पदको नियुक्तिको लागि सिफारिस गर्न गठन भएको समितिले पदपूर्तिका लागि सूचना जारी गर्ने गर्दछ। प्राधिकरणको अध्यक्ष र सदस्यहरूको नियुक्तिको लागि गरिने विज्ञापनलगायत सिफारिस प्रक्रियामा प्राधिकरणको प्रत्यक्ष अप्रत्यक्ष कुनै भूमिका रहँदैन एवम् उक्त काम कारवाहीमा सहभागी हुने कानूनी व्यवस्थासमेत छैन। सो नियुक्तिसम्बन्धी कार्यमा प्राधिकरणको कुनै संलग्नता रहे भएको कुरालाई निवेदकले देखाउनसकेको पाइँदैन । यस प्राधिकरणबाट नेपालको अन्तरिम संविधान, २०६३ एवम् अन्य कानूनहरूद्वारा रिट निवेदकलाई प्राप्त हक अधिकार हनन् गर्ने कुनै कार्य नगरेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्नेसमेत व्यहोराको विपक्षी नेपाल दूरसञ्चार प्राधिकरणको लिखित जवाफ।

विपक्षी निवेदकको नाम सिफारिसको योग्यताक्रम सूचीको तेस्रो स्थानमा रहेको हुनाले विपक्षीलाई रिट निवेदन दायर गर्ने हकदैया (Locus Standi) छैन । तेस्रो स्थानमा रहेको व्यक्तिले सोझै नियुक्ति पाउने सक्ने होइन भने दोस्रो स्थानमा रहेका अनिलकुमार झालाई रिट निवेदकले विपक्षी बनाउन सकेको अवस्थासमेत देखिँदैन । म प्रत्यर्थीको नाम योग्यताक्रमको पहिलो स्थानमा भएकाले पहिलो स्थानबाट मेरो नाम हटेको खण्डमा समेत तेस्रो स्थानमा रहेका रिट निवेदकले स्वतः उक्त पदमा नियुक्ति पाउने हुँदैन । दोस्रो स्थानमा रहेका उम्मेदवारले उक्त पदमा नियुक्ति नपाउने अवस्था भएमा मात्र तेस्रो स्थानका उम्मेदवारले नियुक्ति पाउन सक्ने अवस्था रहन्छ । दोस्रो स्थानमा रहेका अनिलकुमार झालाई समेत अयोग्य ठहर गर्न निजलाई समेत विपक्षी बनाई निजको भनाइसमेत सुनेर मात्र निर्णय गर्नुपर्ने हुन्छ। तर प्रस्तुत मुद्दामा

रिट निवेदकले अनिलकुमार झालाई विपक्षी नै कायम नगरेकोबाट रिट निवेदन खारेजभागी छ । कुन उम्मेदवार योग्य र कुन उम्मेदवार अयोग्य भन्ने कुराको एकिन गर्ने निकाय भनेको नेपाल सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा ५(२) बमोजिम गठन गरेको समिति भएकोमा सो समितिले अनिलकुमार झा र विपक्षी रिट निवेदकलाई समेत योग्य देखी सिफारिस गरेको र नेपाल सरकार, मन्त्रिपरिषद्ले योग्यताक्रमको पहिलो स्थानमा रहेको मलाई नियुक्त गरेको अवस्था छ। शैक्षिक योग्यता नै नभएको व्यक्तिलाई नियुक्ति गरेको भन्ने दावी सम्बन्धमा हेर्दा दूरसञ्चार ऐनको दफा ५ को उपदफा (१) मा उल्लेख भएको शैक्षिक योग्यतासम्बन्धी प्रावधानमा उल्लेख भएका विभिन्न विषयगत विधाहरू स्वतन्त्र र अलगअलग विधा हुन् । तिनीहरूको एक अर्कासँग कुनै सम्बन्ध रहेको छैन। दूरसञ्चारसँग सम्बन्धित प्राविधिक विषय अलग हो भने त्यसपछिका विषयहरू सबै अलगअलग हुन् । शैक्षिक योग्यतासँग सम्बन्धित उक्त प्रावधानमा उल्लिखित विषयहरूको सम्बन्ध दूरसञ्चार सेवासँग नै हुनुपर्छ भन्ने होइन । दूरसञ्चार सेवासँग सम्बन्धित प्रशासनिक, व्यवस्थापन, लेखा तथा लेखा परीक्षण वा कानून भन्ने विषय हुँदैन।

प्राधिकरणमा अध्यक्ष वा सदस्य नियुक्ति गर्दा सो ऐनको दफा ५(१) ले तोकेको विभिन्न विषयहरूमा प्रतिनिधित्व हुने गरी बेग्लाबेग्लै विषय र क्षेत्रका (प्राविधिक, प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखा परीक्षण, कानून) अनुभवी व्यक्तिहरूलाई नियुक्ति गरी उनीहरूको आआफ्नो क्षेत्रमा रहेको अनुभवको उपयोगिता लिने व्यवस्था गरिएको हो । मैले कन्ट्रक्सन म्यानेजमेन्टमा स्नात्तकोत्तर उपाधि, अर्थशास्त्रमा स्नातक उपाधि, मेकानिकल इन्जिनियरिङ स्नातकको उपाधि हासिल गरी नेपाल आयल निगमको कार्यकारी निर्देशक भई ४ वर्ष काम गरेको, Small Towns Water Supply Sanitation Project मा Project Management Consultant, SILT-MULTI-MEH Consultant (P) Ltd. JV को Team Member भई Procurement and Contract Management Expert को रूपमा करिब ३ वर्ष काम गरेको, सडक विभागअन्तर्गतको RMDP Institutional Strengthening आयोजनामा करिब ४ वर्ष Mechanical Training Management Consultant को रूपमा काम गरेको र चौधरी ग्रुपको Automobile Division मा करिब ५ महिना General Manager को रूपमा र मैले पेस गरेको व्यक्तिगत विवरणमा उल्लेख गरेका अन्य निकायहरूमा समेत रही व्यवस्थापनसम्बन्धी काम गरेको हुनाले मसँग बजार व्यवस्थापनको कानूनले तोकेको शैक्षिक योग्यता र अनुभव रहेको छ । शैक्षिक योग्यता र अनुवभको जाँच गरी उपयुक्त उम्मेदवार छनौट गर्न गठित सिफारिस समितिले

मेरो उक्त शैक्षिक योग्यता र अनुभवको मूल्याङ्कन गरी मैले प्रस्तुत गरेको दूरसञ्चारसम्बन्धी Vision Paper र मैले गरेको Presentation र अन्तर्वार्ताको आधारमा योग्यतम् ठहर गरी सिफारिस गरेको र म नियुक्ति भएको हो । प्राधिकरणमा यसअघि नियुक्त अध्यक्ष तथा सदस्यहरू कोही पनि विपक्षीले भनेको जस्तो शैक्षिक योग्यता र अनुभव भएका व्यक्तिहरू थिएनन् । विपक्षी निवेदकले आफूलाई मात्र योग्य देखाउन शैक्षिक योग्यतासम्बन्धी विवाद उठाएको हो । इन्जिनियरिङ विधामा दूरसञ्चार सेवासँग सम्बन्धित छुट्टै शाखा हुँदैन । कानूनमा र अध्यक्षको पदको विज्ञापनमा इन्जिनियरिङ विधाको कुनै खास शाखाको शैक्षिक योग्यता तोकेको अवस्थासमेत छैन ।

प्राधिकरणको स्थापना दूरसञ्चार ऐन, २०५३ बमोजिम भएको हो । प्राधिकरणले दूरसञ्चार सेवा प्रदायकहरूको नियमन, अनुगमन तथा नियन्त्रणसमेत गर्नुपर्ने हुनाले तत्कालीन अवस्थामा नेपाल दूरसञ्चार संस्थान मात्र दूरसञ्चार सेवासम्बन्धी काम गर्ने संस्था भएकाले त्यही क्षेत्रको अनुभव भएको व्यक्तिमात्र उक्त पदमा नियुक्तिको लागि योग्य हुन सक्ने भन्ने निवेदकको भनाई आफू त्यही संस्थासँग सम्बद्ध भएको कारण पूर्वाग्रही भएको देखिन्छ । उक्त पदमा नियुक्तिका लागि गरेको विज्ञापनदेखिका सम्पूर्ण प्रक्रियामा सहभागी भई अन्तिममा आफू छनौट हुन नसकेपछि मात्र विपक्षी निवेदक सम्मानित अदालतमा प्रवेश गर्नुभएको छ । नियुक्तिका सम्पूर्ण प्रक्रियामा आफू सरिक भई स्वीकार गरी सकेपछि नियुक्तिको विषयमा मात्र विवाद उठाई अदालत प्रवेश गर्ने विपक्षी सफा हात र स्वच्छ मन नलिई अदालत प्रवेश गरेको अवस्था छ । यस्तै प्रकृतिका मुद्दामा सम्मानित अदालतबाट रिट निवेदन खारेज गर्ने गरी कानूनी सिद्धान्त स्थापित भएको छ । कानूनले तोकेको योग्यता आफूमा रहेको र छनौटमा सम्पूर्ण प्रक्रियाहरू पूरा गरी योग्य र सक्षम देखिएको आधारमा विधिसम्मतरूपले नियुक्ति पाई आफूलाई ठेकिएको कर्तव्य पूरा गर्दै आएको स्थितिमा विपक्षीको रिट निवेदन अनुसार अन्तरिम आदेश जारी गरेको कारणले अध्यक्षको पदीय हैसियत क्रियाशील नभएको अवस्था छ ।

रिट निवेदकको कुनै मौलिक हक र कानूनी हक हनन् नभएको अवस्थामा केवल संविधानको मौलिक हकसम्बन्धी धाराहरू र दूरसञ्चार ऐनको केही दफाहरूको उल्लेख गरी रिट निवेदन गरेकै कारणले मात्र रिट जारी हुने होइन । रिट जारी हुन सक्ने तथ्यलाई पुष्ट्याइँ गर्ने आधारहरूसमेत विपक्षीले देखाउन सक्नुभएको छैन । मागबमोजिम रिट जारी हुनासाथ विपक्षीले स्वतः नियुक्ति पाउने हक प्रचलन हुन सक्ने पनि होइन । प्रस्तुत मुद्दामा सम्मानित अदालतबाट म प्रत्यर्थीका विरूद्धमा अन्तरिम आदेश गर्दा "सूचना तथा सञ्चार मन्त्रालका सचिव तथा सिफारिस समितिको अध्यक्ष सूर्यप्रसाद सिलवालले रिट नम्बर ०६०-WO-००३१ को मुद्दामा लिखित जवाफ लगाउँदा प्राविधिक र

प्रशासनिक क्षेत्रको सदस्य दूरसञ्चार सेवासँग सम्बन्धित हुनुपर्ने हो, प्राविधिक व्यक्ति सिभिल इन्जिनियरिङ वा मेकानिकल वा अरू क्षेत्रको नभई दूरसञ्चार क्षेत्रकै हुनुपर्ने भन्ने उल्लेख गरेको देखिन्छ" भन्ने व्यहोरा छ । तर सो आदेश त्रुटिपूर्ण रहेको छ । सूर्यप्रसाद सिलवालले ०६०-WO-००३१ को मुद्दामा लिखित जवाफ लगाएकै छैन । त्यसरी मुद्दाको व्यहोरा नै फरक पारी गरिएको आदेश त्रुटिपूर्ण भई बरदभागी छ । उक्त आदेशमा उल्लेख गरिएको लिखित जवाफको व्यहोरा उद्धृत गर्दा दुई वाक्यको बीचमा रहेको कानून र बजार व्यवस्थापन आदि क्षेत्रको हकमा सो कुरा लागू हुने होइन भन्ने एउटा स्वतन्त्र वाक्यलाई अनदेखा गरी सो वाक्य झिकेर उल्लेख गरिएको हुनाले त्यसरी आंशिक व्यहोरा मात्र हेरी बुझी गरेको आदेशले म प्रत्यर्थीको हक हितमा असर पुर्‍याउन मिल्ने हुँदैन । प्रस्तुत मुद्दामा पेस गरिने लिखित जवाफको व्यहोरामात्र यस मुद्दामा विचारणीय हुन सक्छ । अन्य निकायले फिराउने लिखित जवाफको व्यहोराले म प्रत्यर्थीलाई असर पुग्न जाने भएमा त्यसको खण्डन र प्रतिरक्षा गर्न पाउनुपर्ने हुन्छ । सो अवसरसमेत नदिई जारी गरेको अन्तरिम आदेशको उक्त व्यहोरा अन्यायपूर्ण छ । मलाई नियुक्ति गर्ने निर्णय कार्यान्वयन भइसकेको र मैले मिति २०६९।८।२१ देखि हाजिर भई काम गरी आएको र विभिन्न महत्त्वपूर्ण निर्णयसमेत गरी अगाडि बढिसकेको अवस्थामा अन्तिम निर्णय गर्दा बोलिने योग्यताको प्रश्नलाई आधार मानी जारी गरिएको अन्तरिम आदेश सम्मानित अदालतबाट स्थापित भएका पूर्वनजिरको प्रतिकूल भएको छ । अन्तरिम आदेश जारी हुँदा विपक्षीले स्वतः काम गर्न पाउने वा पदमा नियुक्ति पाउने पनि होइन ।

प्राधिकरणका अध्यक्ष र सदस्यको योग्यता सम्बन्धमा दूरसञ्चार ऐन र नियमावलीले गरेको व्यवस्था अनुसार शैक्षिक योग्यतासम्बन्धी तह र विषयगत आधार एउटै भएको केवल अनुभवमात्र फरक रहेको (अध्यक्षको हकमा १० वर्षको अनुभव र सदस्यको हकमा ७ वर्षको अनुभव) अवस्थामा निवेदकले भनेबमोजिमको योग्यता नभएका व्यक्तिहरू सदस्य हुन योग्य हुने र म प्रत्यर्थी अध्यक्ष हुन अयोग्य हुने होइन । दूरसञ्चार सेवाकै अनुभव भएको व्यक्तिमात्रै उक्त अध्यक्ष तथा सदस्य पदको लागि योग्य हुने भनी मान्ने हो भने तत्कालीन दूरसञ्चार संस्थानमा कार्यरत् वा उक्त संस्थानको सेवाबाट अवकाश प्राप्त व्यक्तिबाहेक अन्य व्यक्तिहरू अध्यक्ष तथा सदस्य पदमा नियुक्ति हुनै सक्तैनन् जुन कुरा ऐन र नियमले परिकल्पनासमेत गरेको छैन । दूरसञ्चार ऐन, २०५३ को दफा १३ ले तोकेका प्राधिकरणका काम कर्तव्य र अधिकारहरूलाई हेर्दा ती कामहरूको प्रकृति आर्थिक, प्रशासनिक, नीति निर्धारण, नियमन र समन्वय गर्नेसँग सम्बन्धित देखिन्छ । नियमावलीको नियम ४ ले तोकेका अध्यक्षका काम कर्तव्य र अधिकारलाई हेर्दा पनि त्यस्तै प्रकृतिको काम कर्तव्य र अधिकार तोकेको पाइन्छ । अध्यक्ष

स्वयम् नै दूरसञ्चार सेवाको प्राविधिक काम गर्न सक्ने दूरसञ्चार सेवाको प्राविधिक योग्यता भएको हुनुपर्ने परिकल्पना कानूनले गरेको छैन । कुनै पनि संस्थाको प्रमुख भूमिका त्यस्तो संस्थाको प्राविधिक कामसँग सम्बन्धित नभएर कामको व्यवस्थापन, नियन्त्रण, अनुगमन, नियमन आदि कुरासँग सम्बन्धित रहन्छ । दूरसञ्चार प्राधिकरणले दूरसञ्चार ऐन, २०५३ को दफा १६ अनुसार सेवा प्रदायकहरूबीच, सेवा प्रदायक तथा ग्राहकहरूबीच हुने विवादसमेत समाधान गर्ने भएकाले कुनै एउटा सेवा प्रदायकमा लामो अवधिसम्म काम गरेको वा अवकाश प्राप्त व्यक्तिमात्र अध्यक्ष पदका लागि योग्य हुने भनी दूरसञ्चार ऐन नियमले परिकल्पना गरेको भनी भन्न मिल्दैन । अतः माथिका प्रकरणहरूमा उल्लिखित बुँदाहरूको आधारमा विपक्षी रिट निवेदकको रिट निवेदन र मिति २०६९।९।१६ मा जारी भएको अन्तरिम आदेश खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी दिगम्बर झाको लिखित जवाफ ।

रिट निवेदक छनौट प्रक्रियामा समावेश भई सिफारिस समितिबाट नियुक्तिको निमित्त सिफारिस गर्दा योग्यताक्रमको आधारमा तीन नम्बरमा परेका व्यक्ति हुन् । दिगम्बर झा योग्यताक्रमको एक नम्बरमा सिफारिस भएको आधारमा निजको नियुक्ति भएको हो । प्रस्तुत छनौट प्रक्रियामा उम्मेदवारको योग्यता, अनुभव, पेस गरेको भिजन पेपर र अन्तर्वार्तासमेतमा वस्तुगत मूल्याङ्कन हुँदा प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम अनुसार उम्मेदवारको सिफारिस भएकाले निज झाको नियुक्ति नहुँदाको अवस्थामा रिट निवेदकको नभई दुई नम्बरमा सिफारिस भएका व्यक्तिको नियुक्ति हुनुपर्ने हुन्छ । रिट निवेदनमा योग्यताक्रमको आधारमा दुई नम्बरमा सिफारिस भएका व्यक्तिलाई विपक्षी नै बनाइएको छैन । एक नम्बरको व्यक्तिको कुनै कारणले नियुक्ति हुन नसकेमा प्रस्तुत सिफारिस योग्यताक्रमको आधारमा भएकाले दुई नम्बरमा रहेको व्यक्तिको समेत भनाई सुनी आवश्यक निर्णय हुनुपर्नेमा निजलाई विपक्षी नै नबनाइएकाले प्रस्तुत रिट निवेदन आफूले नियुक्ति पाउनुपर्ने भन्ने उद्देश्यले नभई निज झालाई नियुक्ति हुनबाट रोक्ने मात्र उद्देश्यले प्रेरित रहेको देखिन्छ । नियुक्तिको प्रक्रियामा समावेश भई आफ्नो नाम नियुक्तिको निमित्त सिफारिस भएका तीनजनामा परेपछि आफ्नो नियुक्ति हुन्छ कि भनी पर्खी नियुक्ति हुन नसकेपछि नियुक्ति प्रक्रियादेखि नियुक्ति भएका व्यक्तिको योग्यतासम्ममा प्रश्न उठाउँदै विपक्षीले रिट निवेदन दिएका हुन् । निज रिट निवेदकलाई छनौट प्रक्रियाको सुरू चरणमा नै दिगम्बर झासमेत उम्मेदवारको रूपमा रहेको उम्मेदवारहरूको योग्यता र अनुभवका कुरा अवगत थियो । निज र अन्य उम्मेदवारले अन्तर्वार्ताको निमित्त सम्पर्क राख्नु भनी तोकिएको दिन एउटै पानामा हाजिर गरेको हुँदा कुनकुन व्यक्ति उम्मेदवार रहेका छन् भन्ने अवगत भएकै हुँदा रिट निवेदक सफा हात र

स्वच्छ मन लिई अदालतमा प्रवेश नगरेको स्पष्ट हुन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष तथा सदस्यको नियुक्तिको सम्बन्धमा दूरसञ्चार ऐन, २०५३ ले कस्तो कस्तो क्षेत्रको व्यक्ति नियुक्त हुने भन्ने तोकी नियमावलीले आवश्यक योग्यता र अनुभव तोकेको छ । ऐनको दफा ५(१) मा "प्राधिकरणमा दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक र प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखा परीक्षण वा कानूनी क्षेत्रमा तोकिएबमोजिमको योग्यता र अनुभव भएको अध्यक्षसहित पाँचजना सदस्यहरू रहनेछन्" भन्ने व्यवस्था रहेको छ । सोबमोजिम ऐनले प्राविधिक र प्रशासनिक, बजार व्यवस्थापन, लेखा र लेखा परीक्षण एवम् कानून गरी चार क्षेत्रका चारजना सदस्य रहने एवम् तिनै चार क्षेत्रमध्ये कुनै एउटा क्षेत्रको व्यक्ति अध्यक्ष हुने व्यवस्था गरेको र दूरसञ्चार नियमावलीको नियम ३ ले सम्बन्धित विषयमा (प्राविधिक र प्रशासन/ बजार व्यवस्थापन/लेखा र लेखा परीक्षण, कानून) कम्तीमा स्नातक गरी सम्बन्धित क्षेत्रमा (यी चारमध्ये कुनै एक सेवा) अध्यक्षको हकमा कम्तीमा दश वर्ष र सदस्यको हकमा कम्तीमा सात वर्ष अनुभव पुगेको हुनुपर्ने भनी तोकेको छ । उपर्युक्त चार क्षेत्र सबै दूरसञ्चार सेवासँग सम्बन्धित हुनुपर्ने भन्ने निवेदन दावी गलत छ । यी चारवटै क्षेत्र नितान्त अलगअलग हुन् । प्राविधिक र प्रशासनिक भन्ने क्षेत्रसम्म दूरसञ्चार सेवासँग सम्बन्धित हुनसक्छ । दूरसञ्चार सेवासँग सम्बन्धित कानून, लेखा र लेखा परीक्षण वा बजार व्यवस्थापन भन्ने विषय नै हुँदैन । दूरसञ्चार नियमावली, २०५४ ले अध्यक्ष र सदस्यको योग्यता तोकेको छ । नियमावलीमा सम्बन्धित विषयको योग्यता र सम्बन्धित क्षेत्रको अनुभव उल्लेख गरिएको छ, दूरसञ्चार सेवासँग सम्बन्धित योग्यता वा अनुभव हुनुपर्ने भनी तोकिएको छैन । ऐनमा स्पष्टतः नियमावलीमा तोकिएबमोजिमको योग्यता र अनुभव आवश्यक हुने भनी उल्लेख भएको र नियमावलीले सम्बन्धित विषयको योग्यता र सम्बन्धित क्षेत्रको अनुभव भनी स्पष्ट उल्लेख गर्दागर्दै अध्यक्ष र सदस्यको लागि दूरसञ्चार सेवासँग सम्बन्धित विषय र अनुभव आवश्यक पर्ने भनी कानूनको आफूखुसी अर्थ गर्न मिल्ने हुँदैन ।

दूरसञ्चार ऐन, २०५३ लागू हुँदा वा सोको पहिलो संशोधन हुँदाका अवस्थामा नेपालमा नेपाल दूरसञ्चार कम्पनी एउटा मात्र दूरसञ्चार सेवा प्रदायक रहेको थियो । यदि रिट निवेदनमा दावी गरिएबमोजिम दूरसञ्चार क्षेत्रको अनुभव आवश्यक पर्ने भनी अर्थ गर्ने हो भने सो कम्पनीमा कार्यरत् वा कम्पनीबाट अवकाश प्राप्त व्यक्ति (बढी सम्भावना त्यसबाट निवृत्तभरण पाउने व्यक्ति) मात्र त्यो पदको लागि योग्य हुनसक्ने हुन्थ्यो । दूरसञ्चार नियमनसम्बन्धी विश्वव्यापी मान्यता अनुसार सेवा प्रदायकसँग कुनै प्रकारको स्वार्थ रहेको व्यक्ति नियमनकारी निकायमा रहन नै पाउँदैन । सोही कारणले ऐनको

दफा ९(१)(ङ) ले दूरसञ्चार सेवा वा प्रणाली सञ्चालन गर्ने कुनै फर्म वा संगठित संस्थामा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा स्वामित्व वा निजी स्वार्थ भएको व्यक्ति अध्यक्ष वा सदस्यको पदमा कायम रहन नसक्ने व्यवस्था गरेको छ। ऐनमा भएको "दूरसञ्चार सेवासँग सम्बन्धित" सेवा प्रदायककै रूपमा योग्यता पुगेको हुनुपर्ने भन्ने हो । अध्यक्षको सिफारिस गर्दा सिफारिस समितिले धेरै भन्दा धेरै प्रतिस्पर्धा हुने गरी निवेदन लिएको र उम्मेदवारको छनौट गरेको छ । आवश्यक न्यूनतम् योग्यता पुग्ने सबै उम्मेदवारको आवेदन स्वीकार गरी अन्तर्वार्तामा समेत सामेल गराइएको हो। त्यसमा धेरै उम्मेदवारको दूरसञ्चार सेवाको अनुभव रहेको छैन । धेरै भन्दा धेरै योग्य व्यक्तिलाई समावेश गरी छनौट प्रक्रियालाई बढी प्रतिस्पर्धी बनाउने गरी अपनाइएको प्रक्रियालाई अन्यथा भन्न मिल्दैन। अध्यक्षमा नियुक्त भएको दिगम्बर झाले फिजिक्स, केमेस्ट्री र म्याथमा विएस्सी, अर्थशास्त्रमा स्नातक, मेकानिकल इन्जिनियरिङमा स्नातक, कन्स्ट्रक्सन म्यानेजमेन्टमा स्नातकोत्तर गरेकोले निजको व्यवस्थापन र बजार व्यवस्थापन मात्र होइन प्राविधिक क्षेत्रमा पनि आवश्यक न्यूनतम् योग्यता रहेको छ । निजले निकै लामो समयसम्म विभिन्न संस्थामा काम गरेको अनुभव छ। नेपाल आयल निगम जस्तो ठूलो संस्थाको प्रमुख भई काम गरेको र विभिन्न संस्थामा परामर्शदाताको रूपमा काम गरेकाले निजसँग सो पदको लागि आवश्यक अनुभवसमेत रहेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षको पद प्राविधिक नै हुनुपर्ने होइन । नियमावलीको नियम ४ मा तोकिएका अध्यक्षका काम, कर्तव्य र अधिकार दूरसञ्चार सेवाको प्राविधिक अनुभव आवश्यक पर्ने किसिमका नभई व्यवस्थापकीय क्षमता वा नेतृत्व क्षमता आवश्यक पर्ने किसिमका रहेका छन्। अध्यक्ष दूरसञ्चार सेवासँग सम्बन्धित नै हुनुपर्ने भन्ने दावी गलत छ। नेपाल दूरसञ्चार प्राधिकरणमा हालसम्म नियुक्त भएका धेरै सदस्य तथा अध्यक्ष दूरसञ्चार सेवा भन्दा बाहिरका व्यक्तिहरू रहेका छन्। सम्बन्धित क्षेत्रमा योग्य र अनुभवी व्यक्ति नियुक्त हुनसक्ने भएबमोजिम निजहरूको नियुक्ति भएको हो। प्राधिकरण स्थापना भएपछि हालसम्म विगत १६ वर्षमा भएका सबै नियुक्ति नै गलत थिए भन्ने किसिमको निवेदकको दावी आफ्नो नियुक्ति नभएपछिको अभिव्यक्ति मात्र हो । प्राधिकरणको अध्यक्ष नेपाल सरकार (मं.प.) कै तहबाट सिफारिस समिति गठन गरी सो समितिले खुलारूपमा दरखास्त आह्वान गरी निवेदकहरूको योग्यता र अनुभवको वस्तुगतरूपमा मूल्याङ्कन गरी योग्यताक्रमको आधारमा तीनजना उम्मेदवारको सिफारिस गरी नेपाल सरकार (मं.प.) ले ती मूल्याङ्कन र छनौट प्रक्रिया पूरा गरी अध्यक्ष नियुक्त भएको हो । प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकायले कानूनले तोकेको प्रक्रियाबमोजिम गरेको यस प्रकारको नीतिगत काम कारवाहीको तथ्यगत

कुरामा सम्मानित अदालतको असाधारण अधिकार क्षेत्र आकर्षित हुने होइन । रिट निवेदक सम्पूर्ण छनौट प्रक्रियामा समावेश भई अन्तिम सिफारिससमेतमा परेकाले निजको कुनै पनि प्रकारको हक हनन् नभएको अवस्था हुँदा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत उपचारको माग गर्न पाइँदैन भन्नेसमेत व्यहोराको विपक्षीहरू नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयका तर्फबाट तथा नेपाल दूरसञ्चार प्राधिकरण गठन छनौट समितिका तर्फबाट पेस भएको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ ।

मिति २०७०।९।२५ मा नेपाल दूरसञ्चार प्राधिकरणमा मेरो अन्तर्वार्ताको परिणाम के भयो भनी बुझ्न जाँदा दिगम्बर झालाई अध्यक्ष पदमा नियुक्ति दिई सो नियुक्ति विरूद्ध यस सम्मानित अदालतमा निवेदन परी मुद्दा विचाराधीन रहेको, विपक्षी दिगम्बर झा कानूनबमोजिम योग्य नभएको र म कानूनबमोजिम योग्यता पुग्ने र प्राथमिकताको आधारमा मेरो नाम दोस्रो नम्बरमा पनि प्रकाशित भएकाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(२) बमोजिम आफ्नो हक वा स्वार्थ गाँसिएको व्यक्तिले कारवाहीमा आफू सरिक हुन निवेदन दिएमा त्यस्तो कारवाहीमा संलग्न गराउने आदेश हुने कानूनी व्यवस्था भएबमोजिम मेरो हक गाँसिएको हुँदा कानूनबमोजिम उक्त मुद्दाको सुनुवाइमा सरिक हुन पाउँ भन्ने व्यहोराको अनिलकुमार झाको निवेदन ।

नियमबमोजिम दैनिक पेसीसूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फका विद्वान् वरिष्ठ अधिवक्ताहरू महादेवप्रसाद यादव, राधेश्याम अधिकारी एवम् विद्वान् अधिवक्ताहरू प्रकाश राउत र उत्तम श्रेष्ठले दूरसञ्चार प्राधिकरणको अध्यक्षमा अहिलेसम्म दूरसञ्चार सेवासँग सम्बन्धित व्यक्तिको मात्र नियुक्ति भएको छ । विपक्षी दिगम्बर झालाई अध्यक्ष पदमा नियुक्ति गर्दा दूरसञ्चार ऐनको कुन व्यवस्था अनुसारको योग्यता पुगेको हो र सिफारिस गरिएको हो भन्ने स्पष्ट गर्न सकिएको छैन । ऐनले तोकेको योग्यता र अनुभव नै नभएको विपक्षीले दरखास्त नै दिन नमिल्ने र प्रतियोगितामा समेत भाग लिन नपाउने हो । सिफारिस समितिले सिफारिस गर्दा कानूनबमोजिम योग्यता पुगेकालाई मात्र सिफारिस गर्नुपर्ने हुन्छ । दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) र ऐ. नियमावली, २०५४ को नियम ३ बमोजिमको योग्यता पुगेको निवेदकलाई दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्त नगरी योग्यता नै नपुगेको विपक्षी दिगम्बर झालाई प्राधिकरणको अध्यक्ष पदमा गरेको सिफारिस तथा नियुक्ति गरेको मिति २०६९।८।१९ को मन्त्रिपरिषद्को निर्णय तथा तत्सम्बन्धी सम्पूर्ण काम कारवाही बदर गरी निवेदकलाई दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति दिनु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो । त्यस्तै विपक्षी नेपाल सरकारको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता

कृष्णजीवि घिमिरे तथा उपन्यायाधिवक्ता मदनबहादुर धामीले रिट निवेदकले दिगम्बर झालाई मात्र विपक्षी बनाएको, दोस्रो नम्बरमा सिफारिस भएका अनिलकुमार झालाई विपक्षी नै नबनाएको अवस्थामा विश्वनाथ गोयलको नियुक्ति नहुने अवस्थामा पनि स्वतः दोस्रो नम्बरको व्यक्ति सिफारिस हुने हुन्छ । दूरसञ्चार ऐनको दफा ५(२) अनुसार गठित समितिले गरेको सिफारिस अनुसार अध्यक्षको नियुक्ति हुने हो । निवेदकले फारामसमेत भरेको, सिफारिस हुँदासमेत योग्यतासम्बन्धी प्रश्न नउठाई नियुक्तिपछि मात्र यो प्रश्न उठाएको हुँदा ऐन नियमबमोजिम भएको काम कारवाही बदर हुनुपर्ने होइन, रिट निवेदन खारेज हुनुपर्दछ भन्ने बहस प्रस्तुत गर्नुभयो । त्यस्तै विपक्षी दूरसञ्चार प्राधिकरणको तर्फबाट विद्वान् अधिवक्ताहरू सुरेन्द्रकुमार महतो र कैलाशप्रसाद न्यौपानेले दूरसञ्चार ऐन नियमबमोजिम भएको अध्यक्षको सिफारिस र नियुक्ति कानूनबमोजिम भएको, अध्यक्ष नियुक्तिसम्बन्धी कार्यमा प्राधिकरणको कुनै संलग्नता नरहने, प्राधिकरणको तर्फबाट रिट निवेदकलाई प्राप्त हकाधिकार हनन् गर्ने कुनै कार्य नभएको हुँदा रिट निवेदन खारेजभागी छ भनी तथा विपक्षी दिगम्बर झाको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरू शम्भु थापा, हरिहर दाहाल, हरि उप्रेती तथा विद्वान् अधिवक्ताहरू रमनकुमार श्रेष्ठ र सेमन्त दाहालले आफू छनौट प्रक्रियाको सम्पूर्ण तहमा भाग लिएर सिफारिस एवम् नियुक्ति नभएपछिमात्र विपक्षीले रिट निवेदन दिएको अवस्था छ । पदपूर्तिको सूचना बदर गरिपाउँ भनी प्रश्न उठाइएको छैन । निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात नपरेको, दूरसञ्चार ऐन र नियमावलीको व्यवस्थाबमोजिम सोको परिधिभित्र रहेर भएको दूरसञ्चारको अध्यक्ष पदको सिफारिस एवम् नियुक्ति बदर हुनुपर्ने होइन । मागबमोजिम रिट जारी हुनुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी तथा मुद्दाको सुनुवाइमा सरिक हुन पाउँ भन्ने अनिलकुमार झाको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री श्यामप्रसाद खरेल तथा अधिवक्ता श्री रत्नकुमार खरेलले दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्त दिगम्बर झा कानूनबमोजिम योग्य नभएको र कानूनबमोजिम योग्यता पुगेको र प्राथमिकताको आधारमा दोस्रो नं. मा रहेको अनिलकुमार झा नियुक्त हुनुपर्ने हो भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रस्तुत निवेदनको मिसिल अध्ययन गरी पक्ष विपक्षका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस सुनी तथा पेस गर्नुभएको बहस नोटसमेत अध्ययन गरियो । अब प्रस्तुत निवेदन मागबमोजिमको आदेश जारी हुने नहुने के रहेछ भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा कानूनबमोजिम योग्यता नै नपुगेको दिगम्बर झालाई सिफारिस समितिले गरेको गैरकानूनी सिफारिस तथा उक्त सिफारिसको आधारमा दूरसञ्चार प्राधिकरणको पदमा नियुक्ति दिने भनिएको नेपाल सरकार

मन्त्रिपरिषद्‌को मिति २०६९।८।१९ को निर्णय तथा तत्सम्बन्धमा भएका काम कारवाही तथा निर्णयहरू संविधान तथा दूरसञ्चार ऐन र नियमावलीको प्रावधानविपरीत भएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदकलाई दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति दिनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन दावी रहेकोमा दूरसञ्चार ऐन र नियमावलीबमोजिमको सम्पूर्ण प्रक्रिया पूरा गरी दूरसञ्चार प्राधिकरणको अध्यक्षको सिफारिस र नियुक्ति भएको हो । यी निवेदक अध्यक्षको सिफारिस तथा नियुक्तिको हरेक प्रक्रियामा भाग लिई आफ्नो नियुक्ति नभएपछि मात्र विपक्षी निवेदकले रिट निवेदन दिएका हुन् । निजको कुनै संवैधानिक एवम् कानूनी हक हनन् नभएको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ ।

२. निर्णयतर्फ विचार गर्दा निवेदकले दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्त दिगम्बर झाको कानूनबमोजिम तोकिएको योग्यता नरहेकोले निजको नियुक्ति कानूनसम्मत नहुँदा निजको नियुक्ति बदर गरिपाउँ भनी रिट निवेदकको मुख्य माग दावी रहेको छ । यी निवेदक र प्रत्यर्थी दिगम्बर झासमेत सञ्चार मन्त्रालयको सूचनाबमोजिम छनौट प्रक्रियामा सामेल भई ऐनबमोजिम गठित सिफारिस समितिको सिफारिस अनुसार प्रत्यर्थी दिगम्बर झाको नियुक्ति भएकाले निज दिगम्बर झाको सो नियुक्ति, नेपाल दूरसञ्चार प्राधिकरणको गठन सम्बन्धमा व्यवस्था गरिएको दूरसञ्चार ऐन २०५३ को दफा ५(१) र ५(२) एवम् दूरसञ्चार नियमावली, २०५४ को नियम ३ समेत अनुसार भएको हो होइन तथा निवेदन माग अनुसार रिट जारी हुनुपर्ने नपर्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

३. दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदको नियुक्तिको लागि सञ्चार मन्त्रालयले मिति २०६९।५।१६ मा सूचना प्रकाशन गरी दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) बमोजिम योग्यता पुगेको र अनुभव भएको व्यक्तिहरूबाट दरखास्त आह्वान गरिएको र यी निवेदक तथा विपक्षीसहित अन्य व्यक्तिहरूसमेतको दरखास्त परेकोमा दफा ५(२) बमोजिम सिफारिस समिति गठन भई सो समितिद्वारा सबै प्रत्याशीहरूबाट Vision Paper प्रस्तुत गर्न लगाई अन्तर्वार्तासमेत लिई योग्यताक्रम निर्धारण गरी नियुक्तिका लागि नेपाल सरकारसमक्ष नाम सिफारिस भएको तथा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट योग्यताक्रमको १ नं. मा रहेको दिगम्बर झालाई नियुक्ति गर्ने मिति २०६९।८।१९ मा निर्णय भई निज मिति २०६९।८।२० मा नियुक्ति भई मिति २०६९।८।२१ मा पदभार ग्रहण गरी कार्य प्रारम्भ गरेको भन्ने निवेदन जिकिर लिखित जवाफ एवम् सम्बन्धित सिफारिस र नियुक्तिसम्बन्धी सञ्चार मन्त्रालयबाट प्राप्त फाइलमा देखिन्छ । निजले पदभार ग्रहण गरी कार्य सञ्चालन गरेपछि यी निवेदकले निज दिगम्बर झाको कानूनले तोकेको योग्यता नरहेको हुँदा

सिफारिस र नियुक्तिसमेत बदर गरिपाउँ भनी यस अदालतमा मिति २०६९।८।२२ मा प्रस्तुत रिट परेको देखिन्छ । दूरसञ्चार प्राधिकरणको अध्यक्षको नियुक्तिसम्बन्धी कानूनी व्यवस्थालाई हेर्दा दूरसञ्चार ऐन २०५३ को दफा ५(१) मा "प्राधिकरणमा दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक र प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखापरीक्षण वा कानूनी क्षेत्रमा तोकिएबमोजिम योग्यता र अनुभव भएका अध्यक्ष सहित पाँचजना सदस्यहरू रहनेछन्" भनी व्यवस्था भएको पाइन्छ । यस दफामा "तोकिएबमोजिम योग्यता र अनुभव भएका" भनीसमेत उल्लेख भएकाले सो प्रयोजनको लागि दूरसञ्चार नियमावली, २०५४ को नियम ३ मा योग्यता र अनुभव तोकिएको पाइन्छ । सो अनुसार उक्त नियम ३ मा "प्राधिकरणको अध्यक्ष तथा सदस्य हुनको लागि ऐनको दफा ५ को उपदफा (१) मा उल्लिखित क्षेत्रमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा अध्यक्षको हकमा कम्तीमा दश वर्ष र सदस्यको हकमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको नेपाली नागरिक हुनुपर्नेछ" भनी उल्लेख भएको छ । यसबाट उक्त ऐन र नियमको प्रावधान अनुसार प्राधिकरणको अध्यक्ष एवम् सदस्य हुनका लागि समान किसिमको शैक्षिक योग्यता निर्धारण भएको छ तर सोको लागि चाहिने अनुभवको सन्दर्भमा अध्यक्षको हकमा १० वर्ष तथा सदस्यको हकमा ७ वर्ष निर्धारण गरिएको देखिन्छ ।

४. प्रत्यर्थी दिगम्बर झालाई अध्यक्षको पदमा नियुक्ति गरिएकाले, निजको योग्यताबारे निवेदकले प्रश्न उठाई निजको नियुक्ति बदर गराइ पाउन माग गरेकाले सो सम्बन्धमा विचार गर्दा उक्त दफा ५ (१) मा "प्राधिकरणमा दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक" शब्दावलीपछाडि "र" भन्ने शब्द प्रयोग गरी "प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखापरीक्षण" भन्ने र त्यसपछि "वा" भन्ने शब्दको प्रयोग गरी "कानूनी क्षेत्रमा तोकिएबमोजिम योग्यता र अनुभव" भन्ने शब्दहरू राखिएको छ । यी शब्दहरूबाट निर्धारित सबै योग्यताका क्षेत्र दूरसञ्चारसँग सम्बन्धित हुनुपर्ने भनी निवेदकको जिकिर छ भने विपक्षीहरूतर्फबाट उक्त व्याख्यामा असहमति जनाइ प्राधिकरणको काम कारवाही सेवा प्रदायक कम्पनी जस्तो नभै नियमनकारी निकायको भएकाले, अध्यक्ष वा सदस्यहरूका लागि निर्धारित यी सबै योग्यताहरू कानूनले दूरसञ्चारसँग मात्र सम्बन्धित नगरी सो दफामा उल्लिखित अन्य क्षेत्रसँगसमेत सम्बन्धित रहने भनी तर्क प्रस्तुत गरिएको छ ।

५. ऐनको उक्त व्यवस्थालाई मनन् गरी हेर्दा अध्यक्ष एवम् सदस्यहरूका लागि समान किसिमको योग्यताको क्षेत्रसम्बन्धी प्रावधान भएको र दूरसञ्चार सेवासँग असम्बन्धित प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखापरीक्षण एवम् कानूनी क्षेत्रमा तोकिएबमोजिमको योग्यता र अनुभव भन्ने

उल्लेख छ । यसरी उक्त दफा ५(१) को व्याख्या गर्दा बजार व्यवस्थापन लेखा तथा लेखा परीक्षणसमेत दूरसञ्चार सेवासँग सम्बन्धित हुनुपर्ने भनी अनुदार व्याख्या गर्नुपर्ने हुन्छ । तर कानूनको त्यसरी व्याख्या गर्दा ऐनको मनसाय र भावनाप्रतिकूल हुन जाने हुँदा उदार र सहज अर्थ लाग्ने गरी व्याख्या गर्नुपर्दछ। ऐनका यही उदार व्याख्या गरी यसअघि प्रशासनिक, प्राविधिक, बजार व्यवस्थापन, लेखा तथा लेखा परीक्षण र कानूनका क्षेत्रमा योग्यता र अनुभव पुगेका व्यक्तिहरूसमेतलाई प्राधिकरणका सदस्यहरूमा राखिने गरिएका प्राधिकरणका निर्णय पुस्तिकाबाट देखिएको छ। यसपूर्व नियुक्त अध्यक्ष र सदस्यका सम्बन्धमा पहिले र यस निवेदनसमेतमा प्रश्न उठाइएको नहुँदा यी सबै योग्यता दूरसञ्चार सेवासँग नै सम्बन्धित हुनुपर्ने भनी निवेदन दावी अनुसार निष्कर्षमा पुग्नु न्यायोचित हुन सकिने देखिँदैन । यस सम्बन्धमा भारत र संयुक्त राज्य अमेरिका (USA) समेतमा दूरसञ्चार प्राधिकरण जस्तो नियमनकारी निकायहरूमा दूरसञ्चार सेवा बाहेकका व्यक्ति पनि अध्यक्ष एवम् सदस्यका पदहरूमा नियुक्ति भएका र हुने गरेका अनेकौं विवरण र कागजात एवम् तत्सम्बन्धी कानूनलगायतका सन्दर्भ सामग्रीहरू विपक्षी दिगम्बर झाका कानून व्यवसायीहरूबाट इजलाससमक्ष पेस गरिएकाबाटसमेत सो कुरा को पुष्टि हुन आउँछ । यसबाट ऐनको मनसाय दूरसञ्चार सेवासँग सम्बन्धित व्यक्ति मात्र प्राधिकरणको अध्यक्षको पदका लागि योग्य हुने नभै उक्त दफा ५ (१) र नियम ३ मा उल्लेख भएका अन्य क्षेत्रका प्राविधिक व्यक्तिहरूलाई समेत अध्यक्षको पदको लागि योग्य मान्नुपर्ने औचित्यपूर्ण देखिन आउँछ।

६. अर्कोतर्फ दूरसञ्चार नियमावली, २०५४ को नियम ४ मा अध्यक्षको काम, कर्तव्य र अधिकारको सम्बन्धमा कानूनी व्यवस्था गरिएको र ती व्यवस्थाहरू हेर्दा अध्यक्षको जिम्मेवारी, प्राधिकरणको प्रशासनिक प्रमुखको रूपमा काम गर्ने, वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी गराइ प्राधिकरणको बैठकमा पेस गर्ने, कोषको रेखदेख तथा नियन्त्रण गर्ने, प्राधिकरणको सम्पत्तिको स्याहार सम्भार गर्ने गराउने, प्राधिकरण र नेपाल सरकार तथा अन्य सङ्घ संस्थाबीच सम्पर्क अधिकारीको रूपमा काम गर्ने एवम् ऐन वा नियमावलीबमोजिम प्राधिकरणबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने जस्ता दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूको नियमन गर्न प्रशासनिक एवम् प्रबन्धनसँग प्रत्यक्षरूपले सम्बन्धित रहेको छ । सेवाप्रदायक कम्पनी जस्तो प्राविधिक पक्षसँग प्रत्यक्षरूपले सम्बन्धित अध्यक्षको काम कर्तव्यहरू तोकिएको नदेखिनाले, उक्त ऐनमा उल्लिखित कुनै पनि क्षेत्रमा स्नातक प्राविधिक भै तोकिएको अनुभव सँगालेका व्यक्तिलाई सो पदको लागि कानूनीरूपले योग्य मान्न सकिने कुरा औचित्यपूर्ण रहेको स्पष्ट हुन आउँछ।

७. अब प्रत्यर्थी दिगम्बर झाको

शैक्षिक योग्यता एवम् अनुभवका सम्बन्धमा हेर्दा निज मेकानिकल इन्जिनियरिङ (Mechanical Engineering) मा स्नातक हुनुका साथै अर्थशास्त्र (Economics) समेतमा स्नातक भएको एवम् निजले कन्सट्रक्सन मेनेजमेन्ट (Construction Management) मा स्नातकोत्तर परीक्षासमेत उत्तीर्ण गरेको हुँदा, निज ऐनले निर्धारित गरेअनुसार स्नातक मात्र नभई स्नातकोत्तरसमेतको उपाधि प्राप्त गरेको भन्ने कुरामा विवाद देखिएन । निजको योग्यता ऐनले निर्धारित गरेका क्षेत्रहरूमध्ये कुनै क्षेत्रमा रहे नरहेको भन्ने सम्बन्धमा विचार गर्दा निजले अर्थशास्त्रसमेतमा स्नातकको उपाधि हासिल गरेकोले बजार व्यवस्थापनसम्बन्धी योग्यता निजमा छ । यसै प्रकार निजले प्राप्त गरेको अनुभव सम्बन्धमा विचार गर्दा निजका कार्य क्षेत्रहरूमा निजले नेपाल आयल निगमको कार्यकारी निर्देशक (Managing Director) भै काम गरेको ४ वर्षको अनुभवसहित Small Towns Water Supply Sanitation Project मा लगभग ३ वर्ष काम गरेको एवम् सडक विभागअन्तर्गतको RMDP Institutional Strengthening आयोजनामा लगभग ४ वर्ष गरी अन्य क्षेत्रहरूसमेतमा काम गरेको देखिएबाट अनुभवको क्षेत्रमा समेत कानूनले निर्धारित गरेको अनुभव अर्थात् १० वर्षको अनुभव निजसँग नभएको भन्न सकिने भएन ।

८. अब दूरसञ्चार प्राधिकरणको अध्यक्षको नियुक्ति प्रक्रिया विधिसम्मत् छ छैन र तोकिएको पदाधिकारीबाट सो प्रक्रिया सम्पन्न गरी नियुक्तिको अधिकारीद्वारा नियुक्ति भएको छ छैन भन्नेतर्फ विचार गर्दा दूरसञ्चार प्राधिकरणको अध्यक्ष एवम् सदस्यको नियुक्तिका लागि सिफारिस गर्ने सम्बद्ध क्षेत्रको विज्ञ सम्मिलित समितिको कानूनी व्यवस्था गरिएको र सोही समितिको सिफारिसमा उक्त नियुक्ति गर्ने प्रावधान दफा ५(२) मा रहेको छ । दफा ५(२) मा "प्राधिकरणका अध्यक्ष तथा सदस्यहरूको नियुक्तिका लागि सिफारिस गर्न नेपाल सरकारले सम्बद्ध क्षेत्रका विज्ञहरूसमेत रहेको एक समिति गठन गर्ने छ र सो समितिको सिफारिसमा नेपाल सरकारले अध्यक्ष तथा सदस्यहरूको नियुक्ति गर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको छ । सो कानूनी व्यवस्थाबमोजिम नेपाल सरकारले सञ्चार मन्त्रालयका सचिव अध्यक्ष रहेको ३ सदस्यसमेतको सिफारिस समिति गठन गरेको र सञ्चार मन्त्रालयले ऐनको दफा ५(१) बमोजिमको योग्यता पुगेको व्यक्तिहरूबाट अध्यक्ष पदको लागि मिति २०६९।५।१६ मा सूचना प्रकाशन गरी दरखास्त आह्वान गरेबमोजिम यी निवेदक र विपक्षीसहित कुल १३ जनाले दरखास्त दिएको तथा सिफारिस समितिले छनौटका लागि प्रक्रियाहरू निर्धारण गरेबमोजिम सबै प्रत्याशीले आफ्नो कार्य योजना Vision Paper प्रस्तुत गरेको, सो प्रस्तुतीकरणको आधारमा निवेदक र विपक्षीहरूसमेत ७ जना अन्तर्वार्तामा सामेल भएको देखिन्छ । छनौट भएका उमेद्वारहरूको मिति २०६९।८।१३

मा अन्तर्वार्ता लिइएकोमा ३ जना उत्तीर्ण भई प्राप्ताङ्कको आधारमा योग्यताक्रम निर्धारण भई सो योग्यताक्रमको एक नम्बरमा दिगम्बर झा, दुई नम्बरमा अनिल झा, तीन नम्बरमा निवेदक विश्वनाथ गोयलको नाम प्रकाशित भई तीनै जनाको नाम सिफारिस समितिले नियुक्तिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेस गरेको देखिन्छ । सो सिफारिसको आधारमा योग्यताक्रमका १ नं. मा रहेका दिगम्बर झालाई नेपाल सरकारले मिति २०६९।८।१९ मा नियुक्ति गर्ने निर्णय गरी मिति २०६९।८।२० को पत्रद्वारा निज नियुक्ति भएको देखिन्छ । यसरी अध्यक्ष पदको प्रतिस्पर्धामा प्रारम्भदेखि नै सामेल रही एक साथ एकै दिन अन्तर्वार्तामा पनि सरिक रहेका निवेदक विश्वनाथ गोयलले योग्यताक्रमको तीन नम्बरमा परी तीनैजनाको नाम सिफारिस समितिले नेपाल सरकारसमक्ष नियुक्तिको लागि सिफारिस गरेको देखिन आउँछ । उक्त सिफारिसबमोजिम योग्यताक्रमको पहिलो स्थानमा रहेका प्रत्यर्थी दिगम्बर झालाई नियुक्त गर्ने नेपाल सरकारले निर्णय गरी आफूलाई नियुक्ति नगरेपछि मात्र नियुक्त हुने दिगम्बर झाको योग्यता नरहेको भनी योग्यतासम्बन्धी प्रश्न उठाई प्रस्तुत रिट दायर गरेको देखियो ।

९. यी निवेदकले नियुक्तिको प्रक्रियालाई स्वीकार गरी प्रतिस्पर्धाको प्रत्येक चरणमा यी प्रत्यर्थीसँग प्रतिस्पर्धा गरेको देखिएको तर सो प्रतिस्पर्धामा निज योग्यतम् नठहरी नियुक्तिमा नपरेको अवस्थामा मात्र आफ्नो प्रतिस्पर्धीको योग्यतालाई चुनौती दिएकोबाट निवेदक सफा हात, सफा हृदय लिई अदालतमा प्रवेश गरेको मान्न मिल्दैन । आफ्नो प्रतिस्पर्धीसँग छनौट प्रक्रियाको प्रारम्भमा Vision Paper पेस गर्ने, सो प्रस्तुत गर्ने, अन्तर्वार्तामा सामेल हुने र प्राप्ताङ्कको आधारमा योग्यताक्रम निर्धारण गरिएको समेत कार्यलाई स्वीकार गरेको तर नियुक्तिमा नपरेपछि छनौटका सबै प्रक्रियालाई स्वीकार गरी निष्कर्षस्वरूपको नियुक्तिलाई मात्र अस्वीकार गरेकोलाई उचित र कानूनसङ्गत मान्न मिल्दैन । निवेदकले छनौटको प्रक्रियामध्ये सबै प्रक्रियालाई स्वीकार गरेपछि निष्कर्ष र परिणामलाई अन्यथा हो भनी भन्न मिल्ने हुँदैन । साथै यी निवेदक छनौटका सबै प्रक्रिया पूरा भई सकेपछि सफल उम्मेदवारलाई नियुक्त दिई निजले कार्यभार ग्रहण गरी प्राधिकरणको कार्य सञ्चालनसमेत गरी सकेपछि मात्र रिट निवेदन दायर गरी आफूमात्र योग्य र उपयुक्त रहेको भनी आत्मपरक ढङ्गले पुष्टि गर्न खोजेको देखिन्छ । यस्तै विषयवस्तु संलग्न रहेको निवेदक रामकुमार महतो वि. नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत भएको २०६९-WF-०००४ को उत्प्रेषण रिटमा "एउटै प्रक्रियामा आफूसमेत सहभागी भई असफल भएपछिमात्र सो प्रक्रियाबाट लाभान्वित व्यक्तिको योग्यता, अनुभवका साथै प्रक्रिया निर्धारक कानूनी व्यवस्थासमेतउपर प्रश्न उठाउने निवेदकलाई अदालतले सहयोग गर्न सक्ने

अवस्था देखिँदैन" भन्ने यस अदालतको पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन भएको (*नेकाप* २०७१, अङ्क २, निर्णय नं. ९११८, पृष्ठ १५७) देखिँदा उक्त नजिर प्रस्तुत रिटमा पनि आकर्षित हुने देखिन्छ । त्यस्तै निवेदक तारावीर श्रेष्ठ वि. शिक्षक छनौट समिति मोरङसमेत भएको रिट (*नेकाप* २०५३, नि.नं. ६२०९, अङ्क ६, पृष्ठ ४८१) मा "लिखित परीक्षाको नतिजा प्रकाशन भई सो आधारमा सम्पन्न अन्तर्वार्तामा यी निवेदक सम्मिलित भई प्रकाशित अन्तर्वार्ताको नतिजामा असफल भएपछि मात्र प्रस्तुत रिट दायर गरेको देखिँदा निवेदक स्वच्छ विचारले अदालतमा प्रवेश गरेको मान्न नमिल्ने" भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

१०. सोको अतिरिक्त दूरसञ्चार प्राधिकरणका अध्यक्ष पदको नियुक्ति गर्न ऐनको दफा ५(२) बमोजिम गठित समितिको गठन विधि, सो समितिले छनौटको लागि अवलम्बन गरेको प्रक्रिया, समितिको निष्पक्षता अन्तर्वार्ताको प्रक्रियागत त्रुटि वा अन्य कुनै कानूनी त्रुटिसम्बन्धी विवाद उठाएको देखिँदैन । छनौट प्रक्रियामा कानूनी त्रुटि (Error of Law) देखाउन नसकेको अवस्थामा छनौटका सारा प्रक्रिया कानूनी रहेको भनी स्वीकार गरेपछि सोको परिणामलाई अस्वीकार गर्न नमिल्ने हुन्छ ।

११. अतः माथि विवेचना गरिए अनुसार दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) बमोजिम दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदको लागि उक्त दफा ५(१) र दूरसञ्चार नियमावली, २०५४ को नियम ३ मा तोकिएबमोजिमको योग्यता र अनुभव निज प्रत्यर्थी दिगम्बर झामा विद्यमान रहेको देखिएको र दफा ५(२) बमोजिम गठित सिफारिस समितिले निर्धारित गरेको छनौट प्रक्रिया र प्रतिस्पर्धाका सबै चरणमा यी निवेदक र प्रत्यर्थीसमेत एक साथ सामेल रही दूरसञ्चार प्राधिकरणको कार्य योजना Vision Paper पेस गरेको र प्रस्तुतीकरण तथा अन्तर्वार्तासमेतमा सम्मिलित रही योग्यताक्रम निर्धारण गरी सिफारिस समितिले यी निवेदक र प्रत्यर्थीसमेतका ३ जनाको नाम नियुक्तिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्)समक्ष पेस गरेकोमा सिफारिस गरेमध्येबाट नेपाल सरकारबाट प्रत्यर्थी दिगम्बर झालाई दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्त गरेको र निजले नियुक्ति पाई पदभार ग्रहण गरी प्राधिकरणको कार्य सञ्चालन प्रारम्भ गरी सकेपछि मात्र रिट दायर गरेको देखिएकाले निज निवेदकले नियुक्तिको सिफारिस प्रक्रियामा कुनै कानूनी त्रुटि भएको (Error of Law) वा सिफारिस समितिको अधिकारक्षेत्र नरहेको वा छनौट प्रक्रिया विधिसम्मत नभएको वा निष्पक्षता प्रदर्शन नगरी पक्षपातपूर्ण कार्य गरेको जस्ता कुरा नउठाई प्रतिस्पर्धामा तेस्रो स्थानमा रही आफूले नियुक्ति नपाएको कारणले मात्र नियुक्ति पाउनेको योग्यता नपुगेको भनी यी निवेदकले दावी गरेको र छनौट प्रक्रियाको प्रारम्भमा नै असहमति व्यक्त गर्नुपर्ने कुरा नियुक्ति सम्पन्न भई सकेपछि विवाद उठाइ रिट

दायर गरेको कार्य सफा हात, सफा हृदय र सफा उद्देश्यले नआएको हुँदा यस्तोलाई अदालतले मद्दत गर्न नसक्ने हुँदा यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित माथि उल्लिखित *नेकाप* २०७१, नि.नं. ९११८ र *नेकाप* २०५३, नि.नं. ६२०९ मा प्रतिपादित नजिरसमेतको आधारमा मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट खारेज हुने ठहर्छ । सो कारण यस अदालतबाट मिति २०६९।९।१६ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय गरिदिएको छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत नेपाल सरकारलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
प्र.न्या.रामकुमार प्रसाद शाह

इति संवत् २०७१ साल कात्तिक ११ गते रोज ३ शुभम् ।
इजलास अधिकृत : ममता खनाल

## निर्णय नं.९२३९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७१।३।१०।३
०६६-CI-०४७८
मुद्दाः लेनदेन ।

पुनरावेदक/वादी : जिल्ला बाँके, वनकट्टी गाउँ विकास समिति वडा नं. ६ बस्ने दिनेशकुमार तिवारी

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : जिल्ला बाँके, वनकट्टी गाउँ विकास समिति वडा नं. ६ बस्ने गोविन्दप्रसाद तिवारीसमेत

०६६-CI-०४७९

पुनरावेदक/वादी : जिल्ला बाँके, बेलभारा गाउँ विकास समिति वडा नं.८ बस्ने घिर्राउ कांदु

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : जिल्ला बाँके, वनकट्टी गाउँ विकास समिति वडा नं. ६ बस्ने गोविन्दप्रसाद तिवारीसमेत

- **अर्काको हक मेट्ने, हदम्याद तारिख जाने वा कुनै तरहसँग नोक्सान पार्ने कार्य गरी नगरे नभएको झुट्टा कुरा**

**गरे भएको हो भनी कागज गराउने कार्यलाई जालसाजीको कसुर मानिएको देखिने ।**

(प्रकरण नं. ३)

- **लिखतबमोजिमको रकम बुझी सही छापसमेत गरी दिइसकेपछि लिखतका लेखक र साक्षीले आफूहरूको सामुन्नेमा लेनदेन भएको नदेखेको भनी गरेको बयानलाई मात्र आधार मानी वादीबाट प्रतिवादीले रकम नै नलिएको भन्न नमिल्ने ।**

(प्रकरण नं. ८)

- **आफूहरूको समेत अंश हक रहेको जग्गासँग सम्बन्धित लिखत हुनु नै जालसाजी क्रियाका लागि पर्याप्त आधार हुन नसक्ने ।**

(प्रकरण नं. ९)

पुनरावेदक/वादीका तर्फबाट :
प्रत्यर्थी/प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता दीर्घलाल गिरी
अवलम्बित नजिर :

- *नेकाप* २०७०, असार, नि. नं. ८९८५ पृ. ४५४

सम्बद्ध कानून :

- मुलुकी ऐन, किर्ते कागजको महलको ३ नं.
- प्रमाण ऐन, २०३१ को दफा ३, २३(१), २८ र ५४

सुरू तहमा फैसला गर्ने :-
मा.जि.न्या.श्री सत्यराज गुरूङ
पुनरावेदन तहमा फैसला गर्ने :-
मा.न्या.श्री जागेश्वर सुवेदी
मा.न्या.श्री फणिन्द्रदत्त शर्मा

फैसला

**न्या.चोलेन्द्र शमशेर ज.ब.रा. :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :

प्रतिवादीका बाबु स्व.रामवली तिवारीले मिति २०५४।३।१९ गते म फिरादीबाट घर खर्च गर्न भनी नगद रू.१,२०,०००।- (एकलाख बीस हजार) घरसारमा बुझी लिई सो रूपैयाँबापत निज रामवली तिवारीका नाममा दर्ता रहेको जिल्ला बाँके, वनकट्टी गाउँ विकास समिति वडा नं. ६ (ग) कि.नं. २०२ को ज.वि. १-२-७$^1/_2$ जग्गा घरसारमा राजीनामा लेखी मालपोत कार्यालय, बाँकेबाट रोक्का मोठसमेत भिडाइ सकिएको थियो । तर सो जग्गा पारित नहुँदै निज रामवली तिवारीको मृत्यु भएको र अपुताली खाने हकवाला निजकी श्रीमती तथा छोराहरूसँग सो रूपैयाँ माग्दा दिन इन्कार गरेकाले लेनदेन व्यवहारको २ नं. का हद म्यादभित्र प्रस्तुत फिराद दिएको छु, लेनदेन व्यवहारको २२ नं. बमोजिम प्रतिवादीहरूबाट

उक्त साँवा रू.१,२०,०००।- र सोको भरिभराउका मितिसम्मको ब्याजसमेत दिलाइभराइ पाउँ भन्ने व्यहोराको फिरादपत्र ।

वादी फुलचन्द्र तिवारी प्रतिवादी रामवली तिवारी भएको २०४९ सालको दे.नं. १५११ को अंश मुद्दामा रामवली तिवारीले उक्त कि.नं. २०२ को ज.वि. १-२-७$^{१}/_{२}$ जग्गासमेत अंशको फाँटवारी दिँदा उल्लेख गर्नुभएको थियो । बाबुको नाममा प्रशस्त सम्पत्ति भएकाले यी वादीसँग ऋण लिनुपर्ने आवश्यकता नभएकाले ऋण लिनुभएको होइन । वादीका नाममा गलत तरिकाले जालसाजी गरी तमसुक खडा गरेका हुन् वा मेरा बाबुको नाम लेखी उनाउ व्यक्तिको दस्तखत सही छाप गराई प्रस्तुत मुद्दा दायर गरेका हुन्, वादीबाटै सक्कल लिखत पेस गर्न लगाई उक्त लिखत हेर्न पाएको बखत अ.बं. ७८ नं. बमोजिम बयान गर्नेछु । साथै जग्गा खरिद बिक्रीको कागज खडा गर्दा हकवालालाई साक्षी नराखी गरेको व्यवहार सदर नहुने हो । लिँदै नलिएको ऋणको हकमा हाम्रो सम्पत्ति खान सकिन्छ कि भनी बाबुको मृत्युपश्चात बेइमानी चिताइ फिराद गरेको हुँदा वादी दावी खारेज गरिपाउँ भन्ने व्यहोराको प्रतिवादी गोविन्दप्रसाद तिवारीको प्रतिउत्तरपत्र र सोही मिलानको मुन्गा तिवारी, गोकर्णप्रसाद तिवारी र ज्ञानेन्द्रकुमार तिवारीको छुट्टै संयुक्त प्रतिउत्तरपत्र ।

स्व.रामवली तिवारीले वादीबाट मिति २०५४।३।१९ मा रू.१,२०,०००।- बुझी घरसारको राजीनामाको लिखत गरी दिएको सम्बन्धमा मलाई केही थाहा छैन । उक्त लिखत अ.बं.७८ नं. बमोजिम देखाए सुनाएका बखत मात्र केही भन्न सक्ने हुँदा सोही समयमा प्रतिवाद गर्नेछु भन्ने व्यहोराको प्रतिवादी फुलचन्द्र तिवारीको प्रतिउत्तरपत्र ।

वादी दावीको सक्कल लिखत देखाई पढी वाँची सुनाउँदा सुनें । सो लिखत भएका अवस्थामा म रामवली तिवारी साथमा नभएकाले सो लिखतका विषयमा मलाई थाहा छैन, विशेषज्ञबाट जाँच गराइ पाउँ । रामवली तिवारी, दिनेशकुमार तिवारी र लिखतका साक्षी घिर्राउ कांदु, गुढई कोरी, ओमप्रकाश मिश्रसमेत मिली जालसाजी गरेका हुन् भन्ने व्यहोराको प्रतिवादी फुलचन्द्र तिवारीले अ.बं. ७८ नं. बमोजिम गरेको बयान ।

सक्कल लिखत देखाउँदा देखेँ । सो लिखतमा लागेको सही छाप रामवली तिवारीको हो होइन भन्न सक्तिन । साथै लिखतमा म साक्षीसमेत नबसेकाले सो व्यवहारको सम्बन्धमा मलाई थाहा छैन । सही छापसम्बन्धमा विशेषज्ञबाट जाँच भएमा प्रष्ट हुनेछ । वादी फुलचन्द्र तिवारी, प्रतिवादी रामवली तिवारीसमेत भएको दे.नं. १५११ को अंश मुद्दामा रामवली तिवारीले फाँटवारी दिँदा कृषि विकास बैंकको मात्र ऋण देखाएको हुँदा सो राजीनामा जालसाजी हो । सो लिखतमा मलगायतका अन्य हकवालालाई साक्षीसमेत नराखेको हुँदा लिखतका लेखक, साक्षी र वादीसमेत मिली

जालसाजी गरी लिखत खडा गरेका हुन् भन्ने व्यहोराको प्रतिवादी गोविन्दप्रसाद तिवारी, मुन्गा तिवारी, ज्ञानेन्द्र तिवारी र गोकर्ण तिवारीको वारिस फलबहादुर गौतमले अ.बं. ७८ नं. बमोजिम गरेको बयान।

प्रतिवादी फुलचन्द्र तिवारी र प्रतिवादी फलबहादुर गौतमले अ.बं. ७८ नं. बमोजिम सक्कल लिखत हेरी गरेको बयान व्यहोरा पढी वाँची सुनाउँदा सुनैं, लिखत जालसाजी होइन, सद्धे साँचो हो मेरो रकम पचाउनका लागि लिखत जालसाजी भनी बयान गरेका हुन् भन्ने व्यहोराको वादी वारिस राधेश्याम त्रिपाठीले अ.बं. ७८ नं. बमोजिम गरेको बयान।

रामवली तिवारीले जग्गा बिक्री गर्न भनी वादीसँग कर्जा लिएका होइनन् । रामवली तिवारीका नामको कि.नं. २०२ को जग्गा सबै अंशियारको हक लाग्ने जग्गा हो । लिखत लेखिएका समयमा रामवली तिवारीलाई त्यति रकम लिनपर्ने आवश्यकता नै थिएन। राजीनामा लिखत जालसाजी हो। वादीलाई प्रतिवादीहरूले रकम तिर्नपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी मुन्गा तिवारी, गोकर्ण तिवारी र ज्ञानेन्द्रकुमार तिवारीको साक्षी गोपाल कुर्मीले गरेको बकपत्र।

वादी दावीको लिखतको समयमा स्व.रामवली तिवारीको घरमा कुनै पनि कार्य नभएकाले निजले ऋण लिएका थिएनन् । फिरादमा उल्लिखित कि.नं.२०२ को जग्गा रामवली तिवारीको मात्रै हक लाग्ने नभई सबै अंशियारको हक लाग्ने जग्गा हो भन्ने व्यहोराको प्रतिवादी गोविन्दप्रसाद तिवारीको साक्षी गंगाराम तिवारीले गरेको बकपत्र।

प्रतिवादी फुलचन्द्र तिवारी आफ्नो बाबु रामवली तिवारीसँग २०४९ सालबाटै अलग बसी आएका छन् । रामवली तिवारी र फुलचन्द्र तिवारीको बीचमा अंश मुद्दा चलेको थियो । रामवली तिवारीले कसैसँग रूपैयाँ कर्जा लिएका होइनन् र राजीनामासमेत लेखी दिएका छैनन् । लिखत जालसाजी हो । घिर्राउ कांदु, गुढई कोरी, वादी र ओमप्रकाश त्रिपाठीसमेत मिली लिखत जालसाजी गरी खडा गरेका हुन् भन्ने व्यहोराको प्रतिवादी फुलचन्द्र तिवारीको साक्षी जगदीशप्रसाद तिवारी र महाराज सिंह ठाकुरले एकै मिलानको पृथकपृथक गरेको बकपत्र।

मिति २०५४।३।१९ गतेको रू.१,२०,०००।- को घरसारको राजीनामा मैले लेखेको हुँ, तर मेरो सामुन्नेमा लेनदेन गरेको चाहिँ मैले देखिँन । दिनेशकुमार तिवारी र रामवली तिवारीले घरसारको राजीनामा लेखी दिनुहोस् भनेकाले दुईप्रति कागज लेखी दिएको हुँ। मैले कुनै जालसाजी गरेको छैन भन्ने व्यहोराको अ.बं. १३९ नं. बमोजिम बुझिएका ओमप्रकाश मिश्रले गरेको बयान।

कारणी रामवली तिवारीले वादीबाट रकम लिएको मैले देखिँन । मालपोत कार्यालयअगाडि रिक्सा रोकी राखेको ठाउँमा बोलाएर सही छाप गरी देउ भनेकाले मैले सही छाप गरी दिएको हुँ। मेरो सामुन्नेमा रकम लिनुदिनु

नभएको हुँदा प्रतिवादीहरूले वादीलाई रकम दिनुपर्ने होइन भन्ने व्यहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका गुढई कोरीले गरेको बयान।

धनी दिनेशकुमार तिवारी ऋणी रामवली तिवारी भएको मिति २०५४।३।१९ गतेको रू.१,२०,०००।- को घरसारको राजीनामा मालपोत कार्यालय, बाँकेअगाडि बसी लेखिएको हो। लेनदेन भै सकेपछि रामवली तिवारीले सही छाप गरेका हुन्। उक्त राजीनामामा म पनि साक्षी बसेको छु। प्रतिवादीहरूले रकम तिर्न बुझाउन नपरोस् भनी झुट्टा बयान गरेका हुन् भन्ने व्यहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका घिर्राउ कांदुले गरेको बयान।

वादीले प्रतिवादीहरू मुन्गा तिवारी, गोविन्दप्रसाद तिवारी, गोकर्ण तिवारी र प्रतिवादी ज्ञानेन्द्रकुमार तिवारीबाट वादी दावीबमोजिम साँवा रू.१,२०,०००।- र सो को आजसम्म र भरिभराउ हुँदासम्मको दश प्रतिशतले हुने ब्याजसमेत भराई पाउने ठहर्छ। प्रतिवादी फुलचन्द्र तिवारीको हकमा वादी दावी पुग्न नसक्ने ठहर्छ भन्ने बाँके जिल्ला अदालतको मिति २०६१।११।१० को फैसला।

लिखतमा लागेको ल्याप्चे सही छाप ऋणी रामवली तिवारीको हो होइन भन्ने सम्बन्धमा उक्त लिखत विशेषज्ञबाट जाँच गराई पाउँ भनी अ.बं. ७८ नं. बमोजिम बयान गरेको अवस्थामा विशेषज्ञलाई बुझी फैसला गर्नुपर्नेमा विशेषज्ञलाई बुझिएको छैन। लिखतका साक्षी गुढई कोरीले अदालतमा बयान गर्दा मेरो सामुन्नेमा लेनदेन भएको होइन भनी र अर्का साक्षी घिर्राउ कांदुले पनि लेनदेन भएको आफूले नदेखेको भनी बयान गरेको स्थितिमा प्रमाणको मूल्याङ्कन नगरी भएको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी न्याय पाउँ भन्ने व्यहोराको प्रतिवादी गोविन्दप्रसाद तिवारीले पुनरावेदन अदालत, नेपालगन्जमा दिएको पुनरावेदनपत्र।

हामीहरूका बाबु रामवली तिवारीले वादीबाट ऋण लिएका होइनन्, वादी तथा निजका साक्षीसमेत मिली लिखत खडा गरेका हुन् भन्ने व्यहोराको प्रतिउत्तर फिराई सोही व्यहोरा उल्लेख गरी अ.बं. ७८ नं. बमोजिम बयान गर्नुका साथै अ.बं.१३९ नं. बमोजिम बुझिएका लिखतका लेखक ओमप्रकाश मिश्र र गुढई कोरीसमेतले आफ्नो सामुन्नेमा लेनदेन भएको होइन भनी बयान गरेको स्थितिमा उक्त प्रमाणको मूल्याङ्कन नगरी भएको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी वादी दावीबाट फुर्सद पाउने गरी इन्साफ पाउँ भन्ने व्यहोराको प्रतिवादीहरू गोकर्ण तिवारी र ज्ञानेन्द्रकुमार तिवारीले पुनरावेदन अदालत, नेपालगन्जमा दिएको संयुक्त पुनरावेदनपत्र।

ऋणी रामवली तिवारीले वादीबाट रकम लिएको छैन, लिखत जालसाजी हो भनी प्रतिउत्तर फिराइ अ.बं. ७८ नं. बमोजिम बयान गर्नुका साथै लिखतका लेखक ओमप्रकाश मिश्र र लिखतका साक्षी गुढई कोरीले अदालतमा बयान गर्दा मेरो सामुन्नेमा लेनदेन भएको होइन भनेको स्थितिमा ती प्रमाणको मूल्याङ्कन नगरी भएको सुरूको

फैसला त्रुटिपूर्ण हुँदा बदर गरी वादी दावीबाट फुर्सद पाउने गरी न्याय पाउँ भन्ने व्यहोराको प्रतिवादी मुन्गा तिवारीले पुनरावेदन अदालत, नेपालगन्जमा दिएको पुनरावेदनपत्र।

विवादको लिखत लेख्ने व्यक्ति ओमप्रकाश मिश्रले र लिखतका साक्षी गुढई कोरी र घिर्राउ कांदुसमेतले आफ्नो सामुन्ने रूपैयाँ लिई लेनदेन गरेको होइन भनी बकपत्र गरेकोमा सोतर्फ विवेचना नभएको र प्रतिवादीमध्येका गोविन्द तिवारीले बाबु रामवली तिवारीलाई विपक्षी बनाई २०५१ सालमा दिएको १२८४ को अंश मुद्दाबाट पुनरावेदक प्रतिवादी गोविन्द तिवारी लिखत हुनुपूर्व अर्थात् २०५४।३।१९ भन्दा अघि मानो छुट्टिएको अवस्थामा निज गोविन्द तिवारीसमेतबाट भरिपाउने ठहर गरेको सुरू बाँके जिल्ला अदालतको २०६१।११।१० को फैसला प्रमाण मूल्याङ्कनको रोहमा नमिली फरक पर्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६२।१०।१८ को आदेश।

वादी दावीको मिति २०५४।३।१९ को लिखत हेरी पुनरावेदक/प्रतिवादीहरूले अ.बं. ७८ नं. बमोजिम बयान गर्दा सो लिखत जालसाजी हो, विशेषज्ञबाट जाँच गराई पाउँ भनी जालसाजीतर्फ दावी लिएको देखिँदा उक्त लिखतमा परेको कारणीको सही छाप पुनरावेदकहरूका पति तथा पिता स्व. रामवली तिवारीको हो होइन भन्ने सम्बन्धमा विशेषज्ञबाट परीक्षण गराउनुपर्ने देखिँदा निज रामवली तिवारीको सही छाप परेको समकालीन लिखत छ, छैन पुनरावेदकहरूबाट अ.बं. १३३ नं. बमोजिम कागज गराई खुलाउन लगाई समकालीन लिखत भए दाखिला गराई सोमा लागेको सही छाप र वादी दावीको मिति २०५४।३ १९ को लिखतमा लागेको सही छाप परस्पर भिड्छ, भिड्दैन विशेषज्ञद्वारा परीक्षण गराउन लाग्ने दस्तुर पुनरावेदकबाटै लिई परीक्षण गर्न पठाई यिनै पुनरावेदकहरूबीच चलेको २०४९ सालका दे नं. १५११, २०५१ सालको १२८४ र १२८२ को अंश मुद्दाका मिसिलहरू झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६४।८।९ को आदेश।

समकालीन लिखतको सम्बन्धमा यस अदालतबाट मिति २०६३।१२।४ मा भएको आदेश अनुरूप पुनरावेदकहरूबाट कागज गराएकोमा आदेशबमोजिमको लिखित पेस गर्न सक्तिन भनी लेखाई दिएको देखिन्छ। अब निजहरूबाट स्व.रामवली तिवारीको ल्याप्चे छाप भएको लिखत कुनै अड्डा अदालतमा वा निजहरूसँग छ छैन अ.बं. १३३ नं. बमोजिम कागज गराई खुलाई भए सो लिखित सक्कलै सम्बन्धित कार्यालय वा निजहरूबाट दाखिला गराई उक्त लिखत र प्रमाणमा आएको दे.नं. १२८१ को अंश मुद्दामा मिति २०५२।३।१ मा रामवलीबाट पेस भएको प्रतिउत्तरपत्र सक्कलै झिकी पूर्व आदेशबमोजिम उल्लिखित लिखतहरूमा लागेको रामवली तिवारीको

ल्याप्चे छाप र प्रतिउत्तरमा भएको निजको लेखात्मक सही विवादित मिति २०५४।३।१९ को लिखतमा लागेको लेखात्मक रेखात्मक सही छापसँग परस्पर भिड्छ, भिड्दैन जाँच गर्न पठाई सोको प्रतिवेदन प्राप्त भएपछि नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६४।८।९ को आदेश।

विवादित लिखतमा तत्कालीन भेरी अञ्चलाधीश कार्यालयबाट मिति २०२३।२।३ मा नागरिकता नं.७६० बाट प्रतिवादी रामवली तिवारीले नेपाली नागरिकताको प्रमाणपत्र लिएको भन्ने देखिँदा निज रामवली तिवारीले भरेको आवेदनपत्रसहितको रामवली तिवारीको ल्याप्चे सही छापसमेत परेको सक्कलै अभिलेख जिल्ला प्रशासन कार्यालय, बाँकेबाट झिकाई प्राप्त हुन आएमा पूर्व आदेशबमोजिम सही छाप जचाउने कार्य सम्पन्न गरी नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६४।१२।११ मा भएको आदेश।

रामवली तिवारीको नागरिकताको प्रमाणपत्र प्राप्त गर्दाका समयमा खडा भएका सक्कल कागजात जिल्ला प्रशासन कार्यालय, बाँकेको च.नं. ५०१२ मिति २०६५।१।२२ को पत्रसाथ प्राप्त भई विवादित लिखत विशेषज्ञबाट जाँच भई सोको प्रतिवेदन मिसिल सामेल रहेको।

वादीबाट पेस भएको लिखतबमोजिमको थैली पुनरावेदकका बाबुले पाएका लिएका भन्ने देखिन नआएको अवस्थामा पनि सो लिखतको साँवा ब्याज भराई लिन पाउने गरी बाँके जिल्ला अदालतबाट मिति २०६१।११।१० मा भएको फैसला मिलेको देखिन आएन। अतः सो फैसला उल्टी भई लेनदेनको बिगो भराई पाउँ भन्ने फिराद दावी पुग्न सक्तैन । बेदामी लिखतको रूपैयाँ घरसारमा दिएको थिएँ भनी झुट्ठा कुरा गरी प्रतिवादीहरूको सम्पत्ति लिने खाने उद्देश्यले किर्ते कागजको महलको ३ नं. प्रतिकूल वादी दिनेशकुमार तिवारी र घिर्राउ कांदुसम्मले जालसाजी गरेको ठहर्छ । किर्ते कागजको महलको १० नं. ले निज प्रतिवादीहरूलाई जनही रू.१५,०००।- जरिवाना हुन्छ। अरू प्रतिवादीहरूका हकमा जालसाजीको दावी पुग्न सक्तैन भन्ने पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६५।९।१३ को फैसला।

प्रतिवादीहरूले स्पष्टरूपमा विवादित लिखत किर्ते वा जालसजी भन्न नसकेको र लिखत जाँच गर्ने विशेषज्ञले लिखतमा लागेको कारणीको सही छाप मिल्ने भिड्ने भनी राय दिएको अवस्थामा पनि बिनाआधार उक्त लिखतलाई जालसाजी ठहर गरी वादीलाई सजायसमेत गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी सुरू जिल्ला अदालतको फैसला सदर हुने गरी इन्साफ पाउँ भन्ने व्यहोराको वादी दिनेशकुमार तिवारीले यस अदालतमा दिएको पुनरावेदनपत्र।

कारणीले राजीखुसीले राजीनामा लिखतमा सही छाप गरी रकमसमेत बुझी सकेकाले भएको व्यहोरा उल्लेख गरी बयान

गरेको अवस्थामा पनि लिखत जालसाजी ठहर गरी सजायसमेत हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी सुरू जिल्ला अदालतको फैसला सदर हुने गरी इन्साफ पाउँ भन्ने व्यहोराको अ.बं. १३९ नं. बुझिएका लिखतका साक्षी घिर्राउ कांदुले यस अदालतमा दिएको पुनरावेदनपत्र।

लिखतमा लागेको ल्याप्चे सही छाप कारणीको सही छापसँग मिल्ने भिड्ने भन्ने विशेषज्ञको राय भएको अवस्थामा किर्ते कागजको ३ नं. को कसुरमा ऐ.को १० नं. अनुसार सजाय गरेको पुनरावेदन अदालतको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।१।२१ को आदेश।

मैले मिति २०५४।३।१९ को लिखत जाँच गरी राय दिएको हुँ र त्यसको आधार प्रतिवेदनमा स्पष्ट खुलाएको छु भन्ने व्यहोराको लिखत जाँच गर्ने विशेषज्ञ केशवबहादुर थापाले यस अदालतमा गरेको बकपत्र।

नियमबमोजिम दैनिक पेसीसूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरी प्रत्यर्थी/प्रतिवादीका तर्फबाट विद्वान् अधिवक्ता दीर्घलाल गिरीले वादीबाट पेस भएको लिखत जालसाजी तवरले खडा भएको भन्ने प्रतिवादीको अ. बं. ७८ नं. को बयानलाई उक्त लिखतका लेखक एवम् साक्षीसमेतले लिखतबमोजिमको रकम आफूहरूको सामुन्नेमा लिनुदिनु नभएको भनी अ.बं. १३९ नं. बमोजिम अदालतमा बयान गरी समर्थन गरेको अवस्था हुँदा प्रतिवादीले वादीबाट कर्जा लिएको भन्ने कुरा प्रमाणित हुँदैन, तसर्थ वादी दावी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मिलेको छ भनी गर्नुभएको बहससमेत सुनियो।

प्रतिवादीका पति/पिता रामवली तिवारीले वादीबाट रू.१,२०,०००।- बुझी लिई निज रामवली तिवारीका नामको जिल्ला बाँके, वनकट्टी गाउँ विकास समिति वडा नं. ६(ग) कि.नं.२०२ को ज.वि.१-२-७½ जग्गा घरसारको राजीनामा लेखी मालपोत कार्यालयबाट मोठ रोक्कासमेत भइसके पनि सो जग्गा पारित हुन बाँकी रहेकोमा ऋणी रामवली तिवारीको मृत्यु भएकाले निज रामवली तिवारीका हकवाला प्रतिवादीहरूबाट उक्त रकमको साँवा ब्याजसमेत भराई पाउँ भन्ने वादी दावी रहेकोमा जालसाजी गरी तमसुक खडा गरेका हुन् वा उनाउ व्यक्तिको सही छाप गराएका हुन् भन्ने कुरा अ.बं.७८ नं. बमोजिम बयान गर्नेछु भन्ने प्रतिउत्तर जिकिर रहेको छ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरूले अ.बं. ७८ नं. बमोजिमको बयानमा वादी दावीको लिखतमा लागेको प्रतिवादीहरूका पति/पिताको सही छाप निजको हो, होइन भन्ने कुरा आफूहरू विशेषज्ञ नभएको हुँदा एकिन गर्न नसक्ने हुँदा विशेषज्ञबाट जाँच गराई पाउन माग गरी आफूहरूको समेत अंश हक रहेको जग्गाको

राजिनामासम्बन्धी लिखत भएकाले उक्त लिखत जालसाजी हो भनेको देखिन्छ।

३. मुलुकी ऐन, किर्ते कागजको महलको ३ नं. मा भएको व्यवस्था अनुसार अर्काको हक मेट्ने, हदम्याद तारिख जाने वा कुनै तरहसँग नोक्सान पार्ने कार्य गरी नगरे नभएको झुट्ठा कुरा गरे भएको हो भनी कागज गराउने कार्यलाई जालसाजीको कसुर मानिएको देखिन्छ । यस्तै शारदा घिमिरे विरूद्ध भगवती फुँयाल भएको जालसाजी मुद्दामा यस अदालतको संयुक्त इजलासबाट "जालसाजीको कसुर आफ्नो फाइदा र अरूको नोक्सानी पुर्‍याउने नियतले गैरकानूनी कागजको माध्यमबाट व्यक्तिद्वारा व्यक्तिविरूद्ध गरिने फौजदारी प्रकृतिको अपराध भएबाट जालसाजीको अपराध स्थापित हुन आपराधिक कार्य र सो कार्य गर्ने आपराधिक मनसायको पुष्टि हुनैपर्दछ । कुनै पनि कार्य स्वतः जालसाजीपूर्ण हुने होइन । जालसाजी हुन अंश लाग्ने सम्पत्ति बिक्री भई प्राप्त हुने अंश भागमा प्रतिकूल असर पर्‍यो भन्नुमात्र पर्याप्त नहुने" भनी (*नेकाप* २०७०, असार, नि.नं. ८९८५, पृ. ४५४) मा सिद्धान्त प्रतिपादन भएको छ।

४. स्व.रामवली तिवारीले आफ्ना नामको जग्गा वादीलाई राजीनामा गरी दिने लिखत गरी उक्त राजीनामाको लिखत पारित हुन नसकेका कारणले कपालीमा परिणत भएको अवस्था देखिएको छ । कारणी रामवली तिवारीलाई करकापमा पारी वा झुक्याई राजीनामाको लिखतमा सही छाप गराएको भन्ने प्रतिवादीको भनाई रहेको छैन । आफ्ना नाममा रहेको जग्गा अरूलाई राजीनामाको लिखत गरी दिएको कार्यबाट प्रतिवादीहरूको हक जाने वा निजहरूलाई कुनै किसिमको नोक्सान हुने वा वादीलाई फाइदा हुने कार्य भएको भन्न मिल्दैन र त्यस्तो क्रियालाई किर्ते कागजको महलको ३ नं. मा भएको कानूनी व्यवस्था र यस अदालतबाट माथि उल्लिखित मुद्दामा प्रतिपादित सिद्धान्तसमेतका आधारमा जालसाजीको संज्ञा दिन मिल्ने देखिएन। त्यसमा पनि उक्त राजीनामाको लिखत पारित भई नसकेको हुँदा प्रतिवादीहरूले प्राप्त गर्ने अंश हकमा कुनै प्रतिकूल असर पर्ने पनि देखिँदैन।

५. वादी गोविन्दप्रसाद तिवारी प्रतिवादी रामवली तिवारीसमेत भएको दे.नं. १२८१ को अंश मुद्दामा प्रतिवादी रामवली तिवारीले मिति २०५२।३।१ मा पेस गरेको प्रतिउत्तर र निजको नागरिकताको प्रमाणपत्रमा लागेको सही छाप र विवादित लिखतमा निज रामवली तिवारीले गरेको सही छाप परीक्षणका लागि सर्वोच्च अदालतका रेखा तथा लेखा विशेषज्ञसमक्ष पठाउँदा "नागरिकताको बाँया ल्याप्चे छापमा प्रष्ट भेटिएका रेखाका गुणहरूसँग लिखतको मिति बन्दको दोस्रो ल्याप्चे छापमा प्रष्ट भेटिएका रेखाका गुणहरू आपसमा भिडी मिलेका छन्" भन्ने र "लिखतको कारणीको हस्ताक्षर सहीको लेखन गुण र मूल स्वभावसँग नागरिकता र प्रतिउत्तरपत्रको हस्ताक्षर सहीको लेखन गुण र मूल स्वभाव आपसमा मेल गरेका छन्" भन्ने

राय दिएको देखिन्छ भने यस अदालतको मिति २०७०।१०।६ को आदेशानुसार उक्त लिखत जाँच गर्ने विशेषज्ञले यस अदालतमा आई बकपत्र गर्दा उक्त लिखत आफूले जाँच गरेको भनी बकपत्र गरिदिएको अवस्था छ ।

६. प्रमाण ऐन, २०३१ को दफा २३(१) मा "अदालतले विदेशी कानून, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेका सम्बन्धमा राय एकिन गर्नुपरेमा सोसम्बन्धी विशेषज्ञको राय प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेको छ भने दफा ५४ मा "हस्ताक्षर, ल्याप्चे, विदेशी कानून, विज्ञान, रीति रिवाज, कला वा यस्तै अन्य विषयसम्बन्धी कुरा एकिन गर्नुपर्ने हुन आएमा अदालतमा त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षीसरह उपस्थित गराई बकाउनु हुन्छ । सोबमोजिम कुनै विशेषज्ञलाई साक्षीसरह बकाएमा मुद्दाको पक्षहरूलाई यस ऐनबमोजिम जिरह गर्ने मौका दिनुपर्छ" भन्ने व्यवस्था रहेको छ ।

७. यसरी विवादित लिखत जाँच गर्ने विशेषज्ञले लिखतमा लागेको सही छाप मिले भिडेको भनी राय व्यक्त गरी यस अदालतमा आई बकपत्रसमेत गरिदिएको स्थितिमा निजले दिएको उक्त रायलाई प्रमाण ऐन, २०३१ को दफा २३(१) र ५४ बमोजिम प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन आउँछ ।

८. लिखतका लेखक ओमप्रकाश मिश्र र लिखतका साक्षी गुढई कोरीले अ.बं. १३९ नं. बमोजिम बयान गर्दा लिखतमा कारणीको सही छाप परेको तथ्यलाई अन्यथा भन्न नसकी आफूहरूको सामुन्नेमा लेनदेन भएको होइन भन्नेसम्मको व्यहोरा लेखाएका छन् भने लिखतका अर्का साक्षी घिर्राउ कांदुले बयान गर्दा प्रतिवादीहरूका पति/पिता रामवली तिवारीले वादीबाट दावीबमोजिमको रकम लिएकाले सो लिखतमा आफू साक्षी बसेको भनी लेखाएको अवस्था छ । लिखतबमोजिमको रकम बुझी सही छापसमेत गरी दिइसकेपछि लिखतका लेखक र साक्षीले आफूहरूको सामुन्नेमा लेनदेन भएको नदेखेको भनी गरेको बयानलाई मात्र आधार मानी वादीबाट प्रतिवादीले रकम नै नलिएको भन्न मिल्दैन ।

९. प्रतिवादीहरूले आफूहरूको अंश हक रहेको जग्गासँग सम्बन्धित लिखत भएकाले सो लिखत जालसाजी हो भनी अ.बं.७८ नं. बमोजिम बयान गरेको देखिएको छ । तर विवादित लिखत के कसरी जालसाजी हो भन्ने कुराको तथ्ययुक्त आधार र कारण उक्त बयानमा खुलाउन सकेको देखिँदैन । वादीले पेस गरेको लिखत जालसाजी हो भन्ने जिकिर प्रतिवादीले लिएपछि त्यस्तो जिकिर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम प्रतिवादीमा नै रहने हुन्छ । तर उक्त जिकिर प्रमाणित हुने कुनै पनि प्रमाण प्रतिवादीले पेस गर्न सकेको छैन । आफूहरूको समेत अंश हक रहेको जग्गासँग सम्बन्धित लिखत हुनु नै जालसाजी क्रियाका लागि पर्याप्त आधार हुन सक्तैन । लिखतका

कारणी रामवली तिवारी स्वयम्ले हस्ताक्षर गरी निजका आफ्नै नाममा रहेको जग्गा राजीनामा गरी दिने गरी भएको घरसारको राजीनामाको लिखतलाई अन्यथा प्रमाणित नभएसम्म जालसाजी भन्न र मान्न मिल्दैन।

१०. प्रतिवादीहरूले विवादित लिखतलाई किर्ते नभनी जालसाजीसम्म भनेको अवस्थामा उक्त विवादित लिखत जचाउनु प्रमाण ऐन, २०३१ को दफा ३ प्रतिकूल असम्बद्ध प्रमाण बुझ्नु हुन्छ भन्ने पुनरावेदन अदालतको फैसलामा उल्लेख गरिएको छ। तर प्रतिवादीहरू स्वयम्ले उक्त विवादित लिखत जचाई पाउन माग गरेको स्थितिमा उक्त लिखत जाँच गराउने आदेश भएबमोजिम विशेषज्ञले जाँच गरी रायसमेत दिई सकेपछि निजले दिएको त्यस्तो रायलाई प्रमाणमा लिन नमिल्ने भन्न मिल्दैन।

११. तसर्थ, माथि विवेचित आधार प्रमाणहरूबाट वादीले प्रतिवादीलाई लिखतबमोजिम रकम दिएको प्रमाणित हुँदाहुँदै पनि वादी दावी पुग्न नसक्ने र वादी दिनेशकुमार यादव र लिखतका साक्षी घिर्राउ कांदुलाई जनही रू.१५,०००।- जरिवाना हुनेसमेत ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६५।९।१३ को फैसला उल्टी भई वादीले प्रतिवादीबाट लिखतबमोजिमको साँवा र कानूनबमोजिम भरिभराउका मितिसम्मको ब्याजसमेत भराई लिन पाउने ठहऱ्याएको बाँके जिल्ला अदालतको मिति २०६१।११।१० को फैसला सदर हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत, नेपालगन्जको फैसला उल्टी भई बाँके जिल्ला अदालतको फैसला सदर हुने ठहरी फैसला भएकाले बाँके जिल्ला अदालतको फैसलाको तपसिल खण्डको १, २, ३ नं. बमोजिमको साँवा ब्याज र कोर्ट फीसमेत प्रतिवादीहरूबाट वादीलाई भराई दिनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाइदिनू ............................................ १

पुनरावेदन अदालत, नेपालगन्जको फैसलाबमोजिम वादी दिनेशकुमार तिवारी र लिखतका साक्षी घिर्राउ कांदुसमेतलाई जनही लागेको जरिवाना रू.१५,०००।- को लगत कट्टा गर्नु भनी सुरू जिल्ला अदालतमा लेखी पठाइदिनू ............................................ २

पुनरावेदक/वादी दिनेशकुमार तिवारीले पुनरावेदन अदालत, नेपालगन्जमार्फत यस अदालतमा पुनरावेदन गर्दा राखेको कोर्ट फि रू.७५६।– भराई पाउँ भनी प्रतिवादीहरूको यसै सरहदको जेथा देखाई वादीले कोर्ट फि ऐन, २०१७ को दफा १५(११) बमोजिमको दुई वर्षको म्यादभित्र दरखास्त दिए दफा १३(१) बमोजिम केही दस्तुर नलिई प्रतिवादीबाट वादीलाई भराइदिनू ............................................ ३

पुनरावेदन अदालत, नेपालगन्जको फैसलाले पुनरावेदक दिनेशकुमार तिवारीलाई लागेको

जरिवाना रू.१५,०००।- बापत निजले यस अदालतमा पुनरावेदन गर्दा कुसुमलता त्रिपाठी नाम दर्ताको जिल्ला बाँके, होलिया गाउँ विकास समिति वडा नं. ६(क) कि.नं. ४०२ को ०-६-६ जग्गा र अर्का पुनरावेदक घिर्राउ कांदुलाई लागेको जरिवाना रू.१५,०००।-बापत ओमप्रकाश त्रिपाठी नाम दर्ताको जिल्ला बाँके, पुरैनी गाउँ विकास समिति वडा नं. ६ कि.नं. ३५० को ०-२-१$^{१}/_{२}$ र ऐ.ऐ कि.नं. ३४८ को ०-१-१४$^{१}/_{२}$ जग्गा जेथा राखी पुनरावेदन गरेको देखिँदा उक्त जेथा राखेको जग्गा फुकुवा गरी दिनु भनी सम्बन्धित मालपोत कायालयमा लेखी पठाइदिनू .........४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ............................................ ५

उक्त रायमा सहमत छु ।

न्या. रामकुमार प्रसाद शाह

इति संवत् २०७१ साल असार १० गते रोज ३ शुभम् ।

इजलास अधिकृत : किशोर घिमिरे

## निर्णय नं.९२४०

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल

माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ

फैसला मिति : २०७१।७।१६।१

०६५-CI-०५२६

मुद्दा : लेनदेन ।

पुनरावेदक/वादी : सिरहा जिल्ला, लाहान नगरपालिका वडा नं.१ बस्ने मदननारायण चौधरी

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : सिरहा जिल्ला, लाहान नगरपालिका साविक वडा नं.१ को हाल वडान नं.६ बस्ने चन्द्रनारायण चौधरी

- **लिखतको बीचमा लागेको ऋणीको छाप सम्बन्धमा विशेषज्ञको रायमा केरमेट नभएको ठाउँमा लागेको बीचको छाप अक्षरको मुनि रहेको वा माथि रहेको भन्ने कुरा स्पष्ट र एकिन नगरिएको भए पनि सो छाप लगाई राख्नुपर्ने कुनै प्रयोजन स्पष्ट नभएकाले सो छाप रहे भएको कारणले मात्र उक्त लिखत सद्दे साँचो**

**व्यवहार अनुसार भएको भन्ने कुराको पुष्टि हुन सकेको नदेखिने।**

(प्रकरण नं. २)

- **विवादित लिखत सम्बन्धमा समेत लिफामा छाप लगाएको भनी प्रतिवादी वादी भई मिति २०५०।०२।३२ मा करकाप मुद्दा दायर गरी चलिरहेकै अवस्थामा प्रस्तुत मुद्दाको वादीले प्रतिवादीलाई अर्थात् करकाप मुद्दाको वादीलाई मिति २०५६।०६।०६ मा रू.९७,२२,७५५।- जस्तो ठूलो रकम ऋण प्रदान गरेको भन्ने कुरा विश्वासलायक हुन सक्ने नदेखिने।**
- **लेनदेन मुद्दाको फिराद करकाप मुद्दामा पुनरावेदन अदालतबाट मिति २०५७।०२।३२ मा फैसला भएपश्चात मिति २०५९।०५।१८ मा २०५६।६।६ को लिखत भनी दायर भएको देखिएबाट करकाप मुद्दाको परिणाम पर्खेर प्रस्तुत मुद्दा दायर भएकाले फिरादमा उल्लेख भएअनुसार लेनदेन भएको भन्ने कुरा विश्वासलायक नदेखिने।**

(प्रकरण नं. ३)

- **प्रतिवादीले ऋण लिएकोमा इन्कार गरेको, लिखत लिफामा तयार भएको भनी विशेषज्ञले स्पष्ट राय दिएकामा प्रतिवादीले कारकाप गरी लिफामा छाप लगाएको भनी लिखत सम्बन्धमा समेत दायर गरेको करकाप मुद्दा कारवाहीयुक्त रहेकै अवस्थामा लेनदेन मुद्दाको वादीले प्रतिवादीलाई ऋण उपलब्ध गराएको भन्ने कुरा विश्वासयोग्य हुन सक्ने अवस्था नहुँदा वादीको दावी पुग्ने अवस्था नभएकाले निस्सा प्रदान गरिएको आधारसँग सहमत हुन नसकिने।**

(प्रकरण नं. ४)

पुनरावेदक/वादीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता पद्मराज काफ्ले, अधिवक्ता सुरेशकुमार पौडेल र अधिवक्ता गोपालकृष्ण घिमिरे

प्रत्यर्थी/प्रतिवादीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिहर दाहाल, अधिवक्ताहरू सुनिल पोखरेल, प्रेमकुमार शाही र उद्धव के.सी.

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- न्याय प्रशासन ऐन, २०४८ को दफा १२ १(क)
- मुलुकी ऐन, अ.बं. ७८ नं.

सुरू तहामा फैसला गर्ने :

मा.जि.न्या. श्री नारायणप्रसाद श्रेष्ठ

पुनरावेदन तहमा फैसला गर्ने :

मा.न्या. श्री तर्कराज भट्ट

मा.न्या. श्री राजेन्द्रप्रसाद राजभण्डारी

फैसला

**न्या. गिरीश चन्द्र लाल :** पुनरावेदन अदालत, राजविराजबाट मिति २०६२।०१।०८ मा भएको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम मुद्दा दोहोर्‍याई पाउँ भनी यस अदालतमा निवेदन परी निस्सा प्रदान भई दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :

विपक्षीले मसँग मिति २०५६।०६।०६ गते साँवा रू.९७,२२,७५५।- (सन्तानब्बे लाख बाईस हजार सात सय पचपन्न रूपैयाँ) बुझिलिई सयकडा १० व्याज लगाई साँवा व्याज २०५७ साल फागुन मसान्तसम्ममा बुझाउने भाखा गरी २०५६।०६।०६ गतेमा कपाली तमसुक गरी दिएकोमा भाखा व्यतीत भएपछि साँवा व्याज आज भोलि भनी आलटाल गरेकाले लेनदेन व्यवहारको महलको २ नं. को हदम्यादभित्र यो फिराद गरेको हुँ। आजसम्मको हुने साँवा व्याज रू.१,२६,१७,९७५।१७ र बिगो भरिभराउसम्मको व्याज र मैले दाखिल गरेको कोर्टफिसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको मिति २०५६।०५।१८।३ को फिरादपत्र।

वादीले दावी लिएको मिति वा अन्य कुनै पनि मिति समयमा मैले वादीसँग कर्जा लिएको छैन । यिनै वादी मदननारायण चौधरीसमेतले मलाई २०५०।०२।०१ गतेमा जबर्जस्तीसँग करकापद्वारा कागज गराएकोमा वादी मदननारायण चौधरीसमेतउपर यसै अदालतमा २०५० सालको फौ. नं. ५७ को करकाप मुद्दा यसै अदालतबाट २०५३।११।१९ मा भएको फैसलाउपर २०५४ साल को दु.फौ. नं. २२।४४६ को पुनरावेदन परी २०५७।०२।३२ मा फैसला भई सो कारवाहीयुक्त अवस्थामा हुँदा वादीले त्यति ठूलो रकम मिति २०५६।०६।०६ मा कर्जा दिएको कुरा विश्वासलायक नहुँदा वादीले पेस गरेको सक्कल तमसुक देखाए सुनाएको अवस्थामा अ.बं. ७८ बमोजिम बयान गर्दा नामकरण गर्नेछु भन्ने २०५६।०९।०४।५ को प्रतिवादी चन्द्रनारायण चौधरीको प्रतिउत्तरपत्र।

वादी दावीको सक्कल लिखत अ.बं.७८ नं. बमोजिम प्रतिवादीलाई देखाई सुनाई बयान गराई नियमानुसार पेस गर्नु भन्ने २०५६।१०।२३।५ को आदेश।

वादी दावीको लिखत देखाउँदा देखें सुनें। यी कागज वादीसमेतले मलाई वारिस गरी दिने चन्द्रनारायण चौधरीबाट २०५० साल जेठ १ गतेमा १० थान कागजमा करकापद्वारा कागज गराएको मध्ये यो एउटा हो । यस सम्बन्धमा २०५० सालको स.फौ.नं. ५७ को करकाप मुद्दा सर्वोच्च अदालतमा दिई मुद्दा दोहोर्‍याई पाउँ भनी दिएको मुद्दा कारवाहीयुक्त अवस्थामा छ। प्रस्तुत कागज लिफामा भरिएको हुँदा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट जाँच गराइपाउँ

भन्ने २०५९।१२।०९ को प्रतिवादी वादी वारिस राजकुमार रायको बयान।

बयान व्यहोरा झुट्ठा हो। वादी दावीको कपाली तमसुक सद्दे साँचो व्यहोराबाट भएको हुँदा दावी अनुसारको साँवा व्याज वादीले प्रतिवादीबाट भरिपाउने हो। प्रस्तुत मुद्दामा करकाप मुद्दा प्रमाणमा लाग्ने होइन भन्ने २०५९।१२।०९ को किसन कामैतको बयान।

प्रतिवादीले बयान गर्दा दावीको तमसुक लिफामा लेखिएको हो भनी उल्लेख गरेबाट तमसुकमा लिखत साक्षी अन्तरसाक्षीलाई अ.बं.१३९ नं. बमोजिम झिकाई बुझ्नु, प्रतिवादी चन्द्रनारायण चौधरीको १० वटा नमुना ल्याप्चे लिई सक्कल लिखत साथै राखी परीक्षणको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाई परीक्षण प्रतिवेदन आएपछि स.फौ.नं. ५७ को करकाप मुद्दा अ.बं. ७८ नं. बमोजिम गरेको बयानको स.ज.६ मा उल्लिखित मुद्दासमेत साथै राख्नु भन्ने २०५९।१२।२७।५ को आदेश।

मलाई उल्लिखित सक्कल लिखत देखाउँदा सुनाउँदा देखेँ सुनेँ। कपाली तमसुकको किनारामा अन्तरसाक्षीमा भएको मेरो नामअगाडिको सही मेरो सद्दे नै हो। मिति २०५६।०६।०६ मा धनी मदननारायण चौधरीसँग ऋणी चन्द्रनारायण चौधरीले रू.९७,२२,७५५।- कर्जा लिई ऋणीले सहीछाप गरी धनीलाई दिएका हुन् करकापबाट भएको लिखत होइन भन्ने २०६०।०२।१५ को अ.बं.१३९ नं. बमोजिम बुझिएका रामकुमार प्रधानको बयान।

मैले धनी मदननारायण चौधरी ऋणी चन्द्रनारायण चौधरी भएको थैली रू.९७,२२७,५५।- को मिति २०५६।०६।०६।५ को कपाली तमसुक मैले लेखेको हुँ। उक्त तमसुक लिफामा भरेको वा करकाप केही होइन। मेरो सामुन्नेमा पैसा लिनु भई ऋणीले शिर पुच्छर तथा तमसुकको व्यहोरासमेतमा सहीछाप गरेकाले प्रतिवादीको बयान झुट्ठा हो भन्ने २०६०।०२।१५ गतेको अ.बं.१३९ नं. बमोजिम झिकाइएका लेखक साक्षी गोलाई चौधरीको बयान।

अ.बं.१३९ नं. बमोजिम झिकाइएका लेखक साक्षी तथा अन्तरसाक्षीलाई तारिखमा राख्नु भन्ने मिति २०६०।०२।१५ गतेको आदेश।

अ.बं.१३९ नं. बमोजिम बुझिएका रेशमलाल चौधरीले मिति २०६०।०२।११ को तामेली म्यादै गुजारी बसेको।

२०५६।१२।२७।५ का आदेशानुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको राय मिसिल सामेल रहेको।

यसमा प्रतिवादीले बयान गर्दा लिफामा अक्षरहरू भरेको हो। उक्त लिखतको बीचमा भएको छापसमेत अक्षरमाथि भएको जस्तो भनी जिकिर लिएको देखिँदा सो लिखत लिफामा भरेको हो होइन र बीचको छापसमेत अक्षरमाथि छ छैन भन्ने सम्बन्धमा एकिन राय बुझ्न राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाउनु र राय आएपछि नियमानुसार पेस गर्नु भन्ने मिति

२०६०।१२।१२ को आदेश।

२०६०।१२।१२ को आदेशानुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको राय मिसिल सामेल रहेको।

यसमा प्रस्तुत मुद्दामा पेस भएको लिखत जाँच गर्ने सम्बन्धित विशेषज्ञका नाउँमा बन्द सवाल जारी गरी ललितपुर जिल्ला अदालत, पाटनबाट बकपत्रको कार्य सम्पन्न गराइदिनु । बन्द सवाल साथै राखी पत्र लेखी उक्त बकपत्रको कार्य सम्पन्न भई प्राप्त भएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०६१।०८।१७।५ सिरहा जिल्ला अदालतको आदेश।

सो २०६१।०८।१७।५ बमोजिमको बन्द सवालको आदेशको काम सम्पन्न भई सो बकपत्र मिसिल सामेल रहेको।

यसमा सं.फौ.नं. ५७।१ को यिनै पक्ष विपक्ष भएको करकाप मुद्दामा यस अदालतबाट मिति २०५३।११।१९ मा भएको फैसलाउपर पुनरावेदन परी २०५७।०२।३२ मा पुनरावेदन अदालत, राजविराजबाट फैसला भएपछि यस अदालतमा प्रस्तुत लेनदेन मुद्दा मिति २०५९।०५।१८ मा दर्ता हुन आएको र उक्त करकाप मुद्दामा यिनै लेनदेन मुद्दाका वादी करकाप मुद्दाको प्रतिवादीसमेतले प्रतिउत्तर फिराउँदा प्रतिवादीले करकाप मुद्दाका वादीलाई कुनै कागज गराएको छैन भनी प्रतिउत्तरको प्रकरण ११ मा खुलाई दिएको देखिन आएकोबाट र करकाप मुद्दा चल्दाचल्दै मुद्दाको किनारा नहुँदाको अवस्थामा यी वादी र प्रतिवादीको लेनदेन मुद्दामा भएको मिति २०५६।०६।०६ गतेको लिखत सत्य र साँचो व्यवहारबाट भएको भनी मान्न न्यायोचित देखिन नआउँदा प्रस्तुत मुद्दामा वादी दावी पुग्न सक्तैन । दण्ड सजायको महलको १८ नं. बमोजिम वादीलाई केही सजाय गरिरहन परेन भन्ने व्यहोराको २०६२।१।८ मा सिरहा जिल्ला अदालतबाट फैसला भएको।

मिति २०५६।०६।०६ को लिखत मिति २०५६।१२।०९ मा प्रतिवादी चन्द्रनारायण चौधरीको वारिसलाई सुनाउँदा प्रस्तुत कागज लिफामा भरिएको हो भनी बयान गरेबाट लिखतमा भएको हस्ताक्षर एवम् रेखात्मक सही प्रतिवादी चन्द्रनारायणकै हो भन्ने कुरामा विवाद देखिँदैन । सहीछाप ऋणीकै देखिएपछि लिखतलाई अन्यथा भन्न मिल्दैन। साथै बयानमा करकाप भनी बयान गरे पनि करकाप मुद्दा चल्न सक्तैन । प्रतिवादीले बयानमा सहीछाप स्वीकार गरेको सो कुरा विशेषज्ञको मिति २०६०।०८।२९ को रायसमेतबाट पुष्टि भइरहेकाले २०५६।०६।०६ को लिखतलाई करकापसँग कागज गराएको ठहर गर्नुका साथै लिफासमेत हो भनी निष्कर्षमा पुगी वादी दावी नपुग्ने ठहर गरेको सिरहा जिल्ला अदालतको २०६२।०१।०८ को फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी मेरो दावीबमोजिम साँवा व्याज भरिपाउने गरी फैसला गरिपाउँ भन्नेसमेत व्यहोराको वादी मदननारायण चौधरीको पुनरावेदन जिकिर।

पुनरावेदकमध्येको म गोलाई चौधरीले मिति २०५६।०६।०६ को तमसुक र म रामकुमार

प्रधान सो लिखतको अन्तरसाक्षी हुँ । हामी प्रस्तुत मुद्दाको किर्तेतर्फको प्रतिवादी भएकोमा २०६२।०१।०८ को फैसलाले हामीउपरको किर्तेतर्फको दावी ठहर नगरिएकोबाट हामीहरूले मुद्दा जितेकै हुँदा जित्ने पक्षलाई पुनरावेदनको म्याद दिइएको म्याद कानूनसङ्गत नभएकाले सो हदसम्म सो फैसलामा भएको वाक्यांश हटाई लिखतको बिगोसमेतको सम्बन्धमा निर्णय गरिपाउँ भन्नेसमेत व्यहोराको रामकुमार प्रधान र गोलाई चौधरीको संयुक्त पुनरावेदन रहेछ।

पुनरावेदक वादी र ऋणी प्रतिवादी चन्द्रनारायण चौधरीबीच लेनदेन भई सही सत्य व्यहोराबाट वादी दावीको लिखत तयार भएको हो भनी भन्ने अवस्था विद्यमान रहेको देखिएन। तसर्थ वादी दावी पुग्न नसक्ने ठहर गरी सुरू सिरहा जिल्ला अदालतबाट मिति २०६२।०१।०८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्तैन भन्ने पुनरावेदन अदालत, राजविराजको मिति २०६२।०५।१६ को फैसला।

विपक्षीले मसँग मिति २०५६।०६।०६ मा गरेको सो कपाली तमसुकलाई अन्यथा भनी गरेको पुनरावेदन अदालत, राजविराजसमेतले गरेको फैसला ऐन कानून एवम् सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको आधारमा त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी निस्सा प्रदान गरी मेरो दावी अनुसार न्याय दिलाई पाउँ भन्ने व्यहोराको यस अदालतमा परेको मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदन।

यसमा यस निवेदनसँग सम्बन्धित यसै अदालतमा दायर भएको संवत् २०५८ सालको दे.पु.नं. ८०१५ पुनरावेदक सुरेन्द्रप्रसाद चौधरी र प्रत्यर्थी सुरेन्द्रलाल चौधरी भएको लेनदेन मुद्दा साथै राखी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६४।०२।२३ को आदेश।

यसमा यसै लेनदेन व्यवहारको लिखतलाई करकापबाट सिर्जना भएको भनी यसै अदालतमा चलिरहेकै फौ.पु.नं. ३७५९ को करकाप मुद्दामा संयुक्त इजलासबाट दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई विचाराधीन अवस्थामा रहेको र प्रस्तुत मुद्दाको तथ्य उक्त करकाप मुद्दासँग प्रत्यक्ष सरोकारको भई अन्तरप्रभावीसमेत हुँदा प्रस्तुत मुद्दामा पनि सोही आधार र कारणबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२ १(क) अनुसार मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ । प्रत्यर्थी झिकाई आएपछि वा अवधि नाघेपछि यसै साथ पेस भएको लगाउको मुद्दासमेत साथै राखी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६५।११।१५ को आदेश।

यसमा पुनरावेदन अदालत, राजविराजको फैसलामा उल्लेख भएको यी प्रतिवादी चन्द्रनारायण चौधरी वादी र मदननारायण चौधरीसमेत प्रतिवादी भएको सिरहा जिल्ला अदालतमा दायर भएको २०५० सालको फौ.नं. ५७ को करकाप मुद्दा मिति २०५३।११।१९ मा फैसला भएको मिसिल

सिरहा जिल्ला अदालतबाट एक हप्ताभित्र झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।०२।११ को आदेश।

नियमबमोजिम आजको मुद्दा पेसीसूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक/ वादीतर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री पद्मराज काफ्ले, अधिवक्ता श्री सुरेशकुमार पौडेल र अधिवक्ता श्री गोपालकृष्ण घिमिरेले मेरो पक्षको सद्दे लिखत हो। विशेषज्ञले लिफाबारे एकिन भन्न सक्नुभएको छैन। प्रतिवादीले शिर पुछारको सही मेरो हो भन्छ। लिखत साक्षीहरूले आफ्नो सामुन्नेमा सहीछाप भएको भन्छन्। तसर्थ पुनरावेदन अदालत, राजविराजको फैसला बदर गरी फिराद दावीबमोजिम गरिपाउँ भन्ने बहस गर्नुभयो। त्यस्तै प्रत्यर्थी प्रतिवादीतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, अधिवक्ताहरू श्री सुनिल पोखरेल, श्री प्रेमकुमार शाही र श्री उद्धव के.सी. ले कागज गरेकोमा प्रतिवादी इन्कार छन्, लिखतको बीच भागमा नकाटिएको ठाउँमा छाप लागेको छ। विशेषज्ञले लिफामा लेखेको भनेका छन्। अर्को पक्षसँग चलेको करकाप मुद्दालाई आधार बनाई निस्सा प्रदान गरेको मिलेको छैन। तसर्थ पुनरावेदन अदालतको फैसला सदर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

यसमा मिसिल हेर्दा विपक्षीले मसँग मिति २०५६।०६।०६ गते रू.९७,२२,७५५।- बुझिलिई मिति २०५७ फागुन मसान्तसम्ममा साँवा व्याज बुझाउने भाखा राखी कपाली तमसुक गरेकाले दिलाई पाउँ भन्ने फिराद दावी रहेकोमा प्रतिवादीले इन्कारी प्रतिउत्तर फिराएकोमा सुरू जिल्ला अदालतले वादी दावी नपुग्ने ठहऱ्याई फैसला गरेकोमा सो इन्साफउपर वादीको पुनरावेदन पर्दा सुरू इन्साफ सदर हुने ठहरी पुनरावेदन अदालत, राजविराजबाट फैसला भएउपर मुद्दा दोहोऱ्याई हेरी पाउँ भनी यस अदालतमा निवेदन पर्दा निस्सा प्रदान भएबाट प्रस्तुत मुद्दा निर्णयार्थ पेस भएको देखियो।

यसमा पुनरावेदनसहितको मिसिल अध्ययन गरी विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस बुँदाहरूसमेत सुनी निर्णयतर्फ विचार गर्दा पुनरावेदन अदालत, राजविराजको फैसला मिलेको छ छैन पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ हेर्दा यसमा विवादको लिखत भएको भनिएको मिति २०५६।०६।०६ भन्दा पहिले प्रस्तुत मुद्दाको प्रतिवादीले यस मुद्दाको वादीसमेत माथि मिति २०५०।०२।३२ मा सिरहा जिल्ला अदालतसमक्ष करकाप मुद्दा दायर गरेकोमा सो मुद्दामा सिरहा जिल्ला अदालतबाट मिति २०५३।११।२९ मा फैसला भै सो फैसला पुनरावेदन अदालत, राजविराजबाट मिति २०५७।०२।३२ मा सुरू फैसला सदर भएको र सो करकाप मुद्दा सम्बन्धमा यस अदालतसमक्ष दोहोऱ्याई पाउँ भनी निवेदन परे पनि यस सर्वोच्च अदालतबाट मिति २०६३।०२।१४ मा

निस्सा प्रदान नभएको देखिन्छ । प्रस्तुत मुद्दाको प्रतिवादीले दायर गरेको करकाप मुद्दा ठहर नभए पनि यस लेनदेन मुद्दामा भएको कागज केकस्तो रहेछ अर्थात् साँचो व्यहोराको हो होइन भन्ने सम्बन्धमा विचार गर्दा सम्बन्धित लिखत सद्दे साँचो व्यहोराको नभएको, वादीले आफूसँग मिति २०५०।२।१ मा १० थान लिखतमा करकापसँग कागज गराएकोमा सोमध्येको १ थान लिखत प्रस्तुत दावीको लिखत भई लिफामा कागज गराएको हो भनी प्रतिवादीले आफ्नो प्रतिउत्तर एवम् अदालतसमक्ष ७८ नं. अनुसार बयान गर्दा भनेको कुरासमेतलाई मध्यनजर राखी सुरू सिरहा जिल्ला अदालतले विवादित लिखतको सत्यता जाँचको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशाला पठाएकोमा सम्बन्धित लिखत लिफामा तैयार भएको भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको विशेषज्ञले मिति २०६१।०४।०५ को पत्रसाथ राय पठाएको देखिन्छ एवम् सो लिखतको बीचमा लागेको ऋणीको छाप सम्बन्धमा विशेषज्ञको रायमा केरमेट नभएको ठाउँमा सो छाप लागेको भनी उल्लेख भएको देखिन्छ । उक्त लिखतमा केरमेट नभएको ठाउँमा लागेको बीचको छाप अक्षरको मुनि रहेको वा माथि रहेको भन्ने कुरासमेत स्पष्ट र एकिन नगरिएको भए पनि सो छाप लगाई राख्नुपर्ने कुनै प्रयोजन स्पष्ट नभएकाले सो छाप रहे भएको कारणले मात्र उक्त लिखत सद्दे साँचो व्यवहार अनुसार भएको भन्ने कुराको पुष्टि हुन सकेको देखिएन ।

३. साथै प्रस्तुत मुद्दामा अर्को महत्त्वपूर्ण कुरा विचारणीय के छ भने प्रस्तुत लिखत सम्बन्धमा समेत लिफामा छाप लगाएको भनी यस मुद्दाको प्रतिवादी वादी भई मिति २०५०।०२।३२ मा करकाप मुद्दा दायर गरी चलिरहेकै अवस्थामा प्रस्तुत मुद्दाको वादीले प्रतिवादीलाई अर्थात् करकाप मुद्दाको वादीलाई मिति २०५६।०६।०६ मा रू.९७,२२,७५५।- जस्तो ठूलो रकम ऋण प्रदान गरेको भन्ने कुरा विश्वासलायक हुन सक्ने देखिँदैन । त्यसका अतिरिक्त प्रस्तुत लेनदेन मुद्दाको फिराद करकाप मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट मिति २०५७।०२।३२ मा फैसला भएपश्चात मिति २०५९।०५।१८ मा २०५६।६।६ को लिखत भनी दायर भएको देखिएबाट करकाप मुद्दाको परिणाम पर्खेर प्रस्तुत मुद्दा दायर भएकाले फिरादमा उल्लेख भएअनुसार लेनदेन भएको भन्ने कुरा विश्वासलायक देखिँदैन ।

४. त्यसकारण प्रतिवादीले ऋण लिएकोमा इन्कार गरेको, लिखत लिफामा तैयार भएको भनी विशेषज्ञले स्पष्ट राय दिएको साथसाथै यस मुद्दाको प्रतिवादीले कारकाप गरी लिफामा छाप लगाएको भनी यस लिखत सम्बन्धमा समेत दायर गरेको करकाप मुद्दा कारवाहीयुक्त अवस्थामा रहेकै अवस्थामा प्रस्तुत लेनदेन मुद्दाको वादीले प्रतिवादीलाई ऋण उपलब्ध गराएको भन्ने कुरा विश्वासयोग्य हुन सक्ने अवस्था नहुँदा वादीको पुनरावेदन जिकिरबमोजिम दावी पुग्ने अवस्था भएन । अतएव यस अदालतबाट

मिति २०६५।११।१५ मा निस्सा प्रदान गरिएको आधारसँग सहमत हुन सकिएन।

५. अत: सुरू सिरहा जिल्ला अदालतबाट भएको मिति २०६२।०१।०८ को फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६२।०५।१६ को फैसलालाई अन्यथा भन्न मिलेन सो फैसला सदर हुने ठहर्छ । वादीको पुनरावेदन पुग्न सक्तैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इति संवत् २०७१ साल कात्तिक १६ गते रोज १ शुभम्।
इजलास अधिकृत : टेकराज जोशी

## निर्णय नं.९२४१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति : २०७१।८।२१।१
०६७ - CI - १४१९

मुद्दा : जग्गा दर्ता।

पुनरावेदक/प्रतिवादी : मालपोत कार्यालय, गोरखा

विरूद्ध

प्रत्यर्थी/वादी : जिल्ला तनहुँ, हिलेखर्क देउराली गा.वि.स. को हाल ऐ. देउराली गा.वि.स. वडा नं. ५ बस्ने मोहन सिंहको छोरा वर्ष ६५ को गोपाल गुरूङ

- **मालपोत कार्यालय जस्तो अर्धन्यायिक निकायबाट सम्पत्तिका विषयमा परेको निवेदनउपर फगत २०३८।१०।०४ को निर्णयानुसार व्यक्ति विशेषको नभई खर्चरी खरबारी कायम छ भनी उल्लेख देखिँदा एक पल्ट निर्णय भैसकेको जग्गामा सोही तहबाट पुन: निर्णय गर्न**

**नमिल्ने व्यहोरामात्रको आधार लिई दर्ता गर्न इन्कार गरेको न्यायोचित मान्न नमिल्ने ।**

(प्रकरण नं. ५)

- **विवादित कि.नं. १०११ को जग्गा दर्ता गर्नु वा नगर्नुपर्ने सम्बन्धमा सम्बद्ध प्रमाणको मूल्याङ्कन नै नगरी निर्णयाधार लिइएको मिति २०३८।१०।०४ को निर्णयका सम्बन्धमा प्रत्यर्थी वादीलाई कुनै प्रकारले जानकारी गराएको नदेखिएको अवस्थामा जग्गा जस्तो साम्पत्तिक अधिकारका विषयमा परेको वादीको निवेदनमै तोकसरह गरी कुनै प्रष्ट आधार, प्रमाण र कारणसहितको निर्णय भएको मिसिलबाट नदेखिँदा मालपोत कार्यालय, गोरखाको मिति २०३८।१०।०४ को निर्णय मिसिल, अभिलेखसमेत एकिन गरी, सम्बद्ध प्रमाण बुझी कानूनबमोजिम निर्णय निरूपण गर्नु वाञ्छनीय देखिने ।**

(प्रकरण नं. ६)

पुनरावेदक/प्रतिवादीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता गोपालप्रसाद रिजाल

प्रत्यर्थी/वादीको तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मालपोत ऐन, २०३४
- जग्गा नापजाँच ऐन, २०१९

सुरू तहमा निर्णय गर्ने :

श्री विश्वनाथ चापागाईं

पुनरावेदन तहमा फैसला गर्ने :

मा.मु.न्या. श्री हरिराम कोइराला

मा.न्या. श्री शिवराज अधिकारी

फैसला

**न्या.गिरीश चन्द्र लाल :** पुनरावेदन अदालत, पोखराको मिति २०६७।११।३० मा भएको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :

सर्भेको अवस्थामा हक बेहकको प्रश्न खडा भई नालिस परेकाले दर्ता कारवाही रोकिए पनि कि.नं.१०११ को जग्गा मैले साविकदेखि भोग आवाद गरी सोही जग्गामा कच्ची घर टहरासमेत बनाई बसोवाससमेत गरेको छु । सर्भेका बखत मेरो नाउँमा फिल्डबुक भरिएको जग्गा हुँदा मैले सो जग्गा दर्ता गर्ने आवश्यक सिफारिस गरिपाउँ भनी सम्बन्धित गाउँ विकास समिति च्याङ्ली गा.वि.स. को कार्यालयमा आवेदन गरेको थिएँ । सो गा.वि.स. कार्यालयबाट सम्बन्धित जग्गाको वरपरको सँधियारा र भलाद्मी डम्बरबहादुर गुरूङसमेत राखी सर्जमिन मुचुल्का

भयो। सो मुचुल्कामा उक्त कि.नं. १०११ को जग्गा वादीले २०३३ सालमा खड्गबहादुर माझीबाट राजीनामा गरी लिएको, मौकामा हक कायम मुद्दा परी दर्ता हुन नसकेको, मिति २०४२।०४।२८ मा गण्डकी अञ्चल अदालतबाट मिलापत्र भएको, फिल्डबुकमा बाबुको नाम मोहन सिं गुरूङ हुनुपर्नेमा मोहनविर गुरूङ भई सामान्य फरक परे पनि एकै व्यक्ति भएको भन्नेसमेतको व्यहोरा खुलाई सर्जमिन मुचुल्का भएअनुसार नै गा.वि.स. कार्यालयबाट सबै व्यहोरा खुलाई मालपोत कार्यालय, गोरखाको नाउँमा सिफारिस भई आएको सिफारिसपत्र, मैले दाता खड्गबहादुर माझीसँगबाट गरिपाएको राजीनामा लिखत, ७ नं. फाराम दर्ता उतारसमेतका कागजातहरू संलग्न गरी सर्भेका बखत मेरो नाउँ उल्लेख भएको फिल्डबुक अनुसार उक्त कि.नं. १०११ को जग्गा मेरो नाउँमा दर्ता गरिपाउँ भनी मालपोत कार्यालय, गोरखामा दिएको वादी गोपाल गुरूङको निवेदनपत्र।

फिल्डबुक कैफियत महलमा मि.द.नं. ९ को मिति २०३८।१०।०४ को निर्णयानुसार व्यक्ति विशेषको नभई खर्चरी खरबारीमा कायम छ भन्ने उल्लेख भएकाले एकपल्ट निर्णय भएको जग्गा सोही तहबाट पुन: निर्णय गर्ने नमिल्ने भन्ने मिति २०६५।०९।१८।६ को प्रतिवादी मालपोत कार्यालय, गोरखाको निर्णय।

सुरू मालपोत कार्यालयको मिति २०६५।०९।१८ को निर्णयमा चित्त बुझेन । १९९५ सालको घरदरमा मोतिमाया कोइराल्नीको नाउँमा दर्ता भई क्रमश: हकवालाहरूको हक पुगी खड्गबहादुर माझीसँगबाट म पुनरावेदकले २०३३ सालमा राजीनामा गरी लिई हक भएको जग्गा भै सर्भेमा च्याङ्ली गा.वि.स. वडा नं. ७ को कि.नं. १०११ क्षेत्रफल रो.९-११-३-१ कायम भई नाप नक्सा भएको र सोको जग्गाधनीको महलमा म पुनरावेदकको नाउँ उल्लेख भएको छ । सो जग्गामा नापीको बखत नै वादी अच्युतराज कडेल प्रतिवादी म पुनरावेदकसमेत भै प्रस्तुत मुद्दामा मैले दावी लिएको कि.नं. १०११समेत गरी ४५ कित्ता जग्गाउपरमा निर्णय बदर हक कायम मुद्दा परी उक्त मुद्दामा मिति २०४२।०४।२८ मा गण्डकी अञ्चल अदालतबाट मिलापत्र भएको हो। सो मुद्दामा वादी विपक्षी अच्युतराजले अन्य जग्गाबाट आफूले पाउने आफ्नो हक लिई मेरो दावीको कि.नं. १०११ को जग्गा मेरो नाउँमा दर्ता गरी दिनमा मञ्जुर गरी मिलापत्र भएको व्यहोरा सो मिलापत्रसमेतबाट स्पष्ट भइरहेको छ। यस्तो अवस्थामा मैले सम्बन्धित गा.वि.स. कार्यालयबाट साँध सँधियारा भलाद्मीसमेत बसी सर्जमिनसमेत गरी मेरो हकको जग्गा हो भनी लेखिदिएको सिफारिससमेत मिसिल संलग्न रहिरहेको छ । सुरू मालपोत कार्यालय, गोरखाबाट जारी भएको ३५ दिने सार्वजनिक सूचनामा समेत कोही कसैले हक दावी गरेको अवस्था छैन । यस्तो अवस्थामा मालपोत ऐन, २०३४ को दफा ७(२) का आधारमा आवश्यक छानबिन गरी मेरो नाउँमा जग्गा दर्ता

गरी दिनुपर्नेमा आफ्नो कार्यालयको स्रेस्तामा नै नभएको कथित २०३८।१०।०४ को निर्णय हवाला दिई मेरो निवेदन दावीको कि.नं. १०११ को जग्गा दर्ता गर्न मिलेन भन्ने सुरू मालपोत कार्यालय, गोरखाका मिति २०६५।०९।१८ को निर्णय कानूनविपरीतको हुँदा सो निर्णय बदर गरी उक्त जग्गा मेरो नाउँमा दर्ता गरिपाउँ भन्ने निवेदक गोपाल गुरूङको पुनरावेदनपत्र।

यसमा मिति २०६५।०९।१८ मा गरिएको निर्णय अधिकारप्राप्त अधिकारद्वारा भए नभएको अथवा कुन तहको अधिकारद्वारा भएको हो निर्णयबाट स्पष्ट नदेखिँदा सो सन्दर्भमा मालपोत कार्यालय, गोरखाको निर्णय फरक पर्न सक्ने भएकाले छलफलको निमित्त विपक्षी कार्यालय र पुनरावेदन सरकारी वकिल कार्यालयलाई अ.बं.२०२ नं. बमोजिम सूचना दिने भन्ने पुनरावेदन अदालत, पोखराको मिति २०६७।०१।१२ को आदेश।

निवेदक गोपाल गुरूङले माग गरेको च्याङ्ली गा.वि.स. वडा नं.७ कि.नं. १०११ को क्षेत्रफल ९-११-३-१ को जग्गा फिल्डबुकको कैफियतमा व्यक्ति विशेषको नभई खर्चरी खरबारी कायम भएको तत्कालीन गण्डकी अञ्चल अदालतको मिति २०४२।०४।२८ को मिलापत्र भई आएको व्यहोरामा उक्त कित्ता उल्लेख गरी वादी दावी छाडी पक्ष विपक्ष मिलीजुली लिन दिन मञ्जुर भएको देखिन्छ । यसरी तत्कालीन नापी गोश्वाराले नापजाँच ऐन, २०१९ बमोजिम मिति २०३८।१०।०४ को निर्णयले व्यक्ति विशेषको नाउँमा दर्ता गर्न निषेध गरेको जग्गा (सरकारी/सार्वजनिक) साविक लगत भन्दा बाहिरको जग्गा भन्ने प्रमाणित भएको जग्गा हो । यस्तो प्रकारको जग्गा उक्त नापी गोश्वाराको मिति २०३८।१०।०४ को निर्णय अदालतबाट अन्यथा नभएसम्म मालपोत कार्यालयले व्यक्ति विशेषको नाउँमा दर्ता गर्न सक्ने अधिकार मालपोत ऐन, २०३४ ले दिएको नदेखिँदा यस कार्यालयबाट २०६५।०९।१८ मा भएको निर्णय कानूनसम्मत हुँदा पुनरावेदकको पुनरावेदनपत्र खारेज गरिपाउँ भन्ने मालपोत कार्यालय, गोरखाको तर्फबाट मालपोत अधिकृत विश्वनाथ चापागाईंले पेस गरेको लिखित प्रतिवाद।

निवदकले दिएको निवेदन सम्बन्धमा विषयवस्तुसँग सम्बद्ध प्रमाण बुझी कानूनबमोजिम निर्णय निरूपण गर्नुपर्ने अवस्था हुँदा निवेदकले दिएको निवेदनमै तोक लगाई निर्णय गर्ने नमिल्ने भनी प्रत्यर्थी मालपोत कार्यालय, गोरखाबाट मिति २०६५।०९।१८। मा भएको निर्णय बदर गरी सम्बद्ध प्रमाण बुझी कानूनबमोजिम निर्णय निरूपण गर्नु भनी पुनरावेदन अदालत, पोखराको मिति २०६७।११।३० को फैसला।

निवेदक गोपाल गुरूङले उक्त कि.नं. १०११ को जग्गा दर्ता माग गर्दा गण्डकी अञ्चल अदालतको मिति २०४२।०४।२८ मा भएको मिलापत्रबमोजिम २०३२।०१।०५ को घरायसी राजीनामा, फिल्डबुक, नागरिकता,

नक्सा, सिफारिससमेत साथै राखी प्रमाणको आधारमा दर्ता गरिपाउँ भन्नेसम्मको व्यहोरा खुलाई द.नं. २१८८ मिति २०६५।०३।१० मा निवेदन पेस गरेको तर साविक दर्ता कुन मौजाबाट कुन जग्गा कति रोपनी कसरी आफ्नो भोग भएको भनी खुलाउन सकेको पनि देखिँदैन । मालपोत कार्यालय, अर्धन्यायिक कार्यालय भई स्रेस्ता अभिलेख राख्ने कार्यालय भएको र छिटो छरितो निर्णय दिनुपर्ने भएकाले उक्त निवेदनकै पुच्छार खण्डमा आदेश गरी निर्णय दिएको हो । नियमसङ्गतरूपमा जग्गा दर्ता गर्ने अधिकारप्राप्त निकाय मालपोत कार्यालयले तत्कालीन ७ नं. नापी गोश्वाराबाट मिति २०३८।१०।०४ मा गरेको निर्णय अनुसार फिल्डबुकको कैफियत महलमा उल्लिखित व्यहोराको आधार लिई मालपोत कार्यालय, गोरखाले मिति २०६५।०९।१८ मा एकपल्ट निर्णय भइसकेको जग्गा सोही तहबाट पुन: निर्णय गर्न नमिल्ने भनी भएको निर्णय मिलेकै हुँदा सदर गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी मालपोत कार्यालय, गोरखाको यस अदालतसमक्ष परेको पुनरावेदनपत्र ।

नियमबमोजिम दैनिक पेसीसूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्रसहितको मिसिलसमेत हेरी पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालले मालपोत कार्यालय अर्धन्यायिक निकायका साथै स्रेस्ता अभिलेख राख्ने कार्यालय भएको र छिटो छरितो निर्णय दिनुपर्ने भएकाले उक्त निवेदनकै पुच्छार खण्डमा आदेश गरी निर्णय दिएको हो । मालपोत कार्यालय, गोरखाले मिति २०६५।०९।१८ मा एकपल्ट निर्णय भइसकेको जग्गा सोही तहबाट पुन: निर्णय गर्न नमिल्ने भनी भएको निर्णय मिलेकै हुँदा पुनरावेदन अदालत, पोखराबाट भएको त्रुटिपूर्ण फैसला बदर गरी सुरू निर्णय सदर गरिपाउँ भनी गर्नुभएको बहस जिकिरसमेत सुनी पुनरावेदन अदालत, पोखराबाट भएको फैसला मिले नमिलेको के रहेछ, सोही सम्बन्धमा निर्णय दिनुपरेको छ ।

मिसिल अध्ययन गरी हेर्दा यसमा वादीले सर्भेका बखत आफ्नो नाउँ उल्लेख भएको फिल्डबुक अनुसार गोरखा च्याङ्ली गा.वि.स. वडा नं. ७ को कि.नं. १०११ को जग्गा गण्डकी अञ्चल अदालतमा भएको मिति २०४२।४।२८ को मिलापत्रबमोजिम मेरो नाउँमा दर्ता गरिपाउँ भनी मालपोत कार्यालय, गोरखामा निवेदन दिएउपर कारवाही हुँदा फिल्डबुककै कैफियत महलमा जनिएको मिति २०३८।१०।४ मा निर्णय भइसकेको व्यहोरा उल्लेख गरी यसै विषयमा यसै तहबाट पुन: निर्णय गर्न नमिल्ने भनी प्रतिवादी मालपोत कार्यालय, गोरखाले मिति २०६५।०९।१८ मा निर्णय गरेउपर यी वादीको पुनरावेदन परेकोमा सुरू निर्णय बदर हुने ठहरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६७।११।३० मा भएको फैसलाउपर यी पुनरावेदक प्रतिवादी मालपोत कार्यालय, गोरखाको तर्फबाट यस अदालतमा पुनरावेदन

परी प्रस्तुत मुद्दा निर्णयार्थ पेस हुन आएको रहेछ।

२. निर्णयतर्फ विचार गर्दा प्रत्यर्थी वादी गोपाल गुरूङले गोरखा च्याङ्ली गा.वि.स. वडा नं. ७ स्थित कि.नं. १०११ को विवादित जग्गा सम्बन्धमा जग्गा नापीको समयमा निर्णय बदर गरी दर्ता गरिपाउँ विषयक मुद्दा तत्कालीन गण्डकी अञ्चल अदालतमा विचाराधीन रही रोक्का रहेकाले दर्ता छुट हुन गएको निवेदन जिकिर गरी सोही विवादित जग्गासमेतका विषयमा गण्डकी अञ्चल अदालतमा मिति २०४२।०४।२८ मा मिलापत्र भएबमोजिम मेरो नाउँमा रहेको फिल्डबुकका आधारमा उल्लिखित कि.नं. १०११ जग्गा दर्ता गरी पाउन राजीनामा, नक्सा, मिलापत्रसमेतका प्रमाणहरूको प्रतिलिपि सामेल राखी आफ्ना नाउँमा उक्त जग्गा दर्ता गर्न माग गरी पुनरावेदक प्रतिवादी मालपोत कार्यालय, गोरखामा निवेदन दिएको हुनाले प्रस्तुत मुद्दा उठान भएको रहेछ।

३. प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी मालपोत कार्यालय, गोरखाले फिल्डबुकमा वादी गोपाल गुरूङका नाममा रहेको कि.नं. १०११ को कैफियत महलमा उल्लिखित मिति २०३८।१०।०४ को निर्णयानुसार व्यक्ति विशेषको नभई खर्चरी खरबारी कायम छ भनी उल्लेख देखिँदा एक पल्ट निर्णय भैसकेको जग्गामा सोही तहबाट पुन: निर्णय गर्न नमिल्ने व्यहोरा खुलाई वादीले दिएको निवेदनमै निर्णय भएको अवस्था मिसिलबाट देखिन्छ।

४. विवादित कि.नं. १०११ को जग्गाको स्रोततर्फ हेर्दा २०३७।०३८ को मिति २०३७।०२।१३ मा भएको सर्भे अनुसार क्षेत्रफल ९-११-३-१ कायम भई नाप नक्सा भएका बखत फिल्डबुकको जग्गाधनीको महलमा वादी गोपाल गुरूङको नाम फिल्डबुक उतारमा उल्लेख देखिन्छ। यता सो जग्गाको साविक १९९५ सालका घरदरमा मोतिमायाँ कोइराल्नीका नाउँमा दर्ता भै सोही बखतदेखि नै व्यक्ति विशेषले भोग गरी आएको जग्गा निजपछि हक पुग्ने अंशियाराहरूले क्रमश: भोग गरी आएकोमा दर्तावालकै अंशियारा खड्गबहादुर माझीबाट २०३३।०९।१५ मा घरसारको राजीनामा गरी वादी गोपाल गुरूङ आफूले लिई सो जग्गा दर्ताका लागि वादीले प्रमाणस्वरूप उल्लेख गरी पेस गरेको मिसिलबाट देखिन्छ।

५. सो जग्गाको सर्भे भै नाप नक्सा भएपछि प्रत्यर्थी वादीका साँध सँधियार च्याङ्ली गा.वि.स. वडा नं.७ बस्ने अच्युतराज कडेलले यी प्रत्यर्थी वादीलाई प्रतिवादी बनाई सोही कि.नं. १०११ समेतका विभिन्न ४५ कित्ताहरू रहेका जग्गामा दावी गरी निर्णय बदर दर्ता गरिपाउँ भन्ने नालिस गरेका रहेछन्। उक्त मुद्दामा गण्डकी अञ्चल अदालतमा मिति २०४२।०४।२८ मा मिलापत्र भएको देखिन्छ। यसरी, सोही मुद्दाका कारण उक्त जग्गाको दर्ता कारवाही रोकिएको सन्दर्भमा गण्डकी अञ्चल अदालतमा मिति २०४२।०४।२८ मा आआफ्नो नाउँमा कित्ताकाट भएबमोजिम खाने गरी मञ्जुरीसहितको मिलापत्र

गरेको आधार लिई मेरो नाउँमा रहेको सो कि.नं. १०११ को जग्गा दर्ता गरी पाउन दिएको निवेदनसाथै पेस गरिएका राजीनामा, मिलापत्र, फिल्डबुक उतारसमेतका लिखत कागज प्रमाणहरूको विवेचना गरी प्रतिवादी मालपोत कार्यालय, गोरखाबाट कानूनसम्मत तरिकाले निर्णय भएको देखिँदैन। मालपोत कार्यालय जस्तो अर्धन्यायिक निकायबाट सम्पत्तिका विषयमा परेको निवेदनउपर फगत २०३८।१०।०४ को निर्णयानुसार व्यक्ति विशेषको नभई खर्चरी खरबारी कायम छ भनी उल्लेख देखिँदा एक पल्ट निर्णय भैसकेको जग्गामा सोही तहबाट पुन: निर्णय गर्न नमिल्ने व्यहोरामात्रको आधार लिई दर्ता गर्न इन्कार गरेको न्यायोचित मान्न मिलेन।

६. यसप्रकार, विवादित कि.नं. १०११ को जग्गा दर्ता गर्नु वा नगर्नुपर्ने भन्ने सम्बन्धमा सम्बद्ध प्रमाणको मूल्याङ्कन नै नगरेको, निर्णयाधार लिइएको मिति २०३८।१०।०४ को निर्णयका सम्बन्धमा प्रत्यर्थी वादीलाई कुनै प्रकारले जानकारी गराएको नदेखिएको अवस्थामा जग्गा जस्तो साम्पत्तिक अधिकारका विषयमा परेको वादीको निवेदनमै तोकसरह गरी कुनै प्रष्ट आधार, प्रमाण र कारणसहितको निर्णय भएको मिसिलबाट नदेखिँदा यसमा मालपोत कार्यालय, गोरखाले नै मिति २०३८।१०।०४ को निर्णय मिसिल, अभिलेखसमेत एकिन गरी सम्बद्ध प्रमाण बुझी कानूनबमोजिम निर्णय निरूपण गर्नु वाञ्छनीय देखियो।

७. अतएव, मालपोत कार्यालय, गोरखाको मिति २०६५।०९।१८ को निर्णय बदर गरी मालपोत कार्यालय, गोरखाले नै यस सम्बन्धमा आवश्यक प्रमाणहरू बुझी निर्णय गर्नुपर्ने भनी पुनरावेदन अदालत, पोखराको मिति २०६७।११।३० को फैसलामा भनिएको हुनाले पुनरावेदन जिकिरबमोजिम सो फैसलालाई अन्यथा गरिरहनु परेन । फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्तैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इति संवत् २०७१ साल मङ्सिर २१ गते रोज १ शुभम्।
इजलास अधिकृत : अशोककुमार क्षेत्री

## निर्णय नं.९२४२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
फैसला मिति : २०७१।५।२७।६
०७०-RC-०११२

मुद्दा : कर्तव्य ज्यान ।

वादी : गुराँसदेवी लामाको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : जिल्ला भक्तपुर, भक्तपुर न.पा. चाँगुनारायण घर भै जिल्ला रूपन्देही मुर्गियामा माइती घर भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध, टुसालमा बसोवास गरी हाल केन्द्रीय महिला कारागार कार्यालयमा थुनामा रहेकी राधिका श्रेष्ठ

- **प्रताडीत महिलाद्वारा भएको हिंसा र आवेशप्रेरित हत्याबीच केही अन्तर रहेको पाइन्छ । आवेशप्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्त्वको अभाव रहन्छ । BATTERED WOMEN SYNDROME (BWS) को दावी लिइएको वारदात हत्या नै हो तर वारदातको कारक तत्त्व भने मर्ने व्यक्ति स्वयम् नै रहेको हुने ।**
- **धेरै जसो BWS सुविधा खोजिएको विवादमा वर्षौंदेखि प्रताडीत, घरेलु हिंसाको सिकार भएकी महिला जो पतिबाट दुर्व्यवहारको सिकार निरन्तर भएका हुन्छन्, चोट, प्रहार, धक्का (Trauma) बराबर पाउँछन्, बारम्बार परपुरूषको लान्छना, दुर्व्यवहार पाउँछन् वा ज्यान मार्ने धम्कीसमेत पाउँछन् । निजले उक्त पीडक पति, प्रेमीको हत्या मौकामा गरेको नभई कैयौं दिनपछि ज्यान जोगाउन वा पीडक निदाएको वा नशा सेवन गरेको बखत मौका छोपी गर्ने गर्दछन् । यस्तो हत्याको एकमात्र कारण आवेश, घृणा, प्रहारबाट मुक्ति वा पीडकले मार्ने डर, त्रासबाट मुक्ति रहेको हुने ।**

(प्रकरण नं. ८)

- **अदालतले अं.बं.१८८ नं. को प्रयोग कर्तव्य ज्यान मुद्दामा अवस्था हेरी सजायमा छुट प्रदान गर्ने गरिन्छ । तर BWS भन्ने कुरा एक प्रकारले सम्बन्धित महिलाले पाउने कानूनी सुविधा हो जहाँ मृतक पीडक हुन्छ र महिला प्रताडीत हुँदा पीडित भएकी**

**हुन्छे । निज महिलाले गर्ने अपराध पीडाको उपज हुन आउँछ । अत: अं.बं.१८८ नं. ले मात्र BWS को सम्बोधन हुन नसक्ने हुँदा यसको लागि छुट्टै कानूनद्वारा सम्बोधन हुन आवश्यक देखिने ।**

(प्रकरण नं. १८)

- **सबै तथ्यगत परिस्थिति र आफ्नै लोग्नेबाट हुने गरेको घरेलु हिंसाबाट प्रताडीत भई घरको पारिवारिक वातावरण नै कलहमय भई आजित अवस्थामा पुगी आफ्नै लोग्नेलाई मार्नुपर्ने अवस्थामा प्रतिवादी पुगेको, निजको दुई वटा नाबालिग छोरीहरूसमेत रहेको र निज नाबालिगहरूको पालनपोषण, रेखदेख संरक्षण गर्नुपर्ने तथ्यलाई समेत विचार गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा प्रतिवादीको अंशभागको हकमा सर्वस्व गर्नु नपर्ने र कैदको हकमा १० (दश) वर्ष सजाय हुने गरी व्यक्त भएको पुनरावेदन अदालतको राय मनासिब देखिने ।**

(प्रकरण नं. १९)

- **BWS को अवस्था मुलुकी ऐन, अ.ब. १८८ नं. को भन्दा फरकफरक रहेकाले प्रतिपादित सिद्धान्त, परिवर्तित सन्दर्भ, समयको माग र BWS को गाम्भीर्यतासमेतको आधारमा कर्तव्य ज्यान मुद्दामा BWS को परीक्षण गर्ने र सो परीक्षण प्रतिवेदन एवम् विशेषज्ञको रायलाई सजायमा आंशिक छुट वा सजायबाट पूर्ण सफाइ दिनको लागि प्रमाणमा ग्राह्य बनाउन उपयुक्त व्यवस्था हुन आवश्यक देखिने ।**

(प्रकरण नं. २०)

निवेदकको तर्फबाट :
विपक्षीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १, १३ नं.
- मुलुकी ऐन, अं.बं. १८८ नं.

सुरू तहमा फैसला गर्ने :
मा.जि.न्या.श्री जगतप्रसाद श्रेष्ठ
पुनरावेदन तहमा फैसला गर्ने :
मा.न्या.श्री द्वारिकामान जोशी
मा.न्या.श्री काशिनाथ पोखरेल

फैसला

**न्या. सुशीला कार्की :** पुनरावेदन अदालत, पाटनको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा १०(२) बमोजिम साधक

जाँचका लागि पेस हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छ :

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध, टुसालस्थित पाल्देन लामाको घरको भुइँ तलामा रहेको एउटा कोठामा राधिका श्रेष्ठ र निजको श्रीमान् सागर श्रेष्ठ बस्ने प्रयोजनको लागि लिएको भाडाको कोठाभित्र पसी हेर्दा भुइँमा रहेको विस्तारा पूर्णरूपमा जलेको, दराज जलेको, खाट, लत्ताकपडा तथा टेलिभिजनसमेत जलेको, कोठामा कालो धुँवा बसेको, कोठामा रहेको अधिकांश सामानहरू सबै जलेको अवस्थामा देखिएको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६८।१।१९ गते राति २३:०० बजेको समयमा काठमाडौं जिल्ला, वडा नं. ६ बौद्ध, टुसाल बस्ने सागर श्रेष्ठलाई कोठाभित्र सुतिरहेको अवस्थामा निजको ज्यानै मार्ने मनसायले श्रीमती राधिका श्रेष्ठले मट्टितेल खन्याई आगो लगाई फरार रहेकाले निज राधिका श्रेष्ठलाई खोजतलास गरी दाखिला गरेका छौं । आगोले जली घाइते भएका सागर श्रेष्ठको नेपाल मेडिकल कलेज, अत्तरखेलमा उपचार भइरहेको हुँदा राधिका श्रेष्ठउपर ज्यानसम्बन्धीको महलअन्तर्गत कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

घाइते सागर श्रेष्ठको शरीर ६५ प्रतिशत भाग जलेको भन्नेसमेत व्यहोराको घाउ जाँच प्रतिवेदन मिसिल संलग्न रहेको ।

सागर श्रेष्ठ मेरो श्रीमान् हुन् । हामीबीच २०५६ सालमा प्रेम विवाह भई वर्ष दशकी जेठी छोरी र वर्ष चारकी सानी छोरीसमेत गरी दुईजना छोरीहरूको जायजन्म भएको छ । हामीहरूले ज्यालादारी काम गरेर खान्थ्यौँ । छोरीहरू जन्मिएपछि पति सागर श्रेष्ठले मलाई समयसमयमा विभिन्न किसिमका गालीगलौज गर्ने, हातपात कुटपीटसमेत गर्ने कार्य गरी रहनुहुन्थ्यो तर पनि मैले सहँदै आएकी थिएँ । यस्तैमा मिति २०६८।१।१९ गते साँझ निज श्रीमान्ले रक्सी खाएर हामी बस्दै आएको कोठामा आई विभिन्न किसिमका गाली गलौज गरी हातपात तथा कुटपीटसमेत गरी छोरीहरू लिएर निस्किएर जा भन्दै कराउँदै कुटपीट गरेकाले मलाई रिस उठी आज यसलाई ठीक पार्छु भन्ने सोची राति भुइँमा विस्तारा लगाई दिए । पति सागर श्रेष्ठ भुइँमा रहेको विस्तारामा सुतेपछि छोरीहरूलाई कोठाबाहिर निकाली कोठामा स्टोभ बाल्न भनी राखेको मट्टितेल विस्ताराको वरिपरि खन्याई कोठामा रहेको सलाई कोरी आगो लगाई कोठाबाहिर निस्की कोठाको ढोकामा बाहिरबाट चुकुल लगाई दिई छोरीहरूलाई लिई कपनमा गई बसेको अवस्थामा प्रहरीले मलाई पक्राउ गरेका हुन् । पक्राउपश्चात आगोले जलेर श्रीमान् सागर श्रेष्ठ घाइते अवस्थामा रहेछन् । आगो लागेकाले वरपरका मानिसहरूले देखी उपचारको लागि श्रीमान्लाई अस्पताल लगेका रहेछन् भन्नेसमेत व्यहोराको प्रतिवादी राधिका श्रेष्ठले अधिकारप्राप्त

अधिकारिसमक्ष गरेको बयान।

राधिका श्रेष्ठको कोठासँगै मेरो पनि कोठा रहेको छ । राधिका श्रेष्ठ र सागर श्रेष्ठ प्राय: जसो झगडा कुटपीट गरिरहन्थे । श्रीमान् श्रीमतीको झगडा हो आफैँ मिल्छन् भन्ने सोचिन्थ्यो । यस्तैमा यी दुईबीच मिति २०६८।१।२९ गते साँझ पनि झगडा गरिरहेका थिएँ । सधैँ झगडा गर्ने भएकाले त्यो दिन पनि वास्ता गरिएन । म खाना खाई सुतिसकेको थिएँ । राति ११ बजेतिर बाहिर मानिसहरू कराएको चिच्याएको सुनी ब्यूँझिई हेर्दा सागरको कोठाभित्रबाट ढक्ढक् गरेको आवाज सुनें अनि शान्तिसमेतका मानिसहरूले मलाई बोलाउँदा म तत्कालै मेरो कोठाबाट निस्की सागरको कोठातर्फ हेर्दा भित्र आगो लागिरहेको थियो । कोठाको बाहिरबाट चुकुल लगाइएको रहेछ। तत्कालै मैले चुकुल खोली दिंदा आगोको मुस्लो र सागर श्रेष्ठ एकैचोटी बाहिर निस्किए। सागर श्रेष्ठ जलिरहेका थिए। पानी हालेर कोठामा लागेको आगो निभाई मसमेतले सागरलाई उपचारको लागि अस्पतालमा लगिएको हो । उपचार गर्न लैजाँदा के कसरी भयो यस्तो भनी निज सागरलाई सोध्दा मलाई राधिकाले आगो लगाई भागी भनेका थिए। घटनास्थलमा राधिकासमेत थिइनन् । आफ्नो श्रीमान् सागर श्रेष्ठलाई मार्ने मनसायले आगो लगाई भागेकी रहिछन् भन्नेसमेत व्यहोराको अर्जुन तामाङले मौकामा गरेको कागज।

म राधिका श्रेष्ठ र सागर श्रेष्ठ बस्ने कोठाभन्दा पछाडितर्फको कोठामा डेरा गरी बस्दछु । निजहरूसँग चिनजान राम्रै थियो । निजहरू समयसमयमा झगडा विवाद गरी रहन्थे । श्रीमान् र श्रीमतीबीचको झगडा हो भनेर वास्ता गरिन्नथ्यो । यस्तैमा मिति २०६८।१।२९ गते साँझ म आफ्नो कोठामा सुतिरहेकी थिएँ। राति अ. ११ बजेतिर कुकुर कराएकाले मेरो आमा ब्यूँझिनुभएछ । बाहिर निस्की हेर्दा सागर श्रेष्ठ बस्दै आएको डेरा कोठामा आगो लागेको ज्वाला देखेपछि आमाले मलाई उठाएपछि म पनि दौडिदै सागर श्रेष्ठको कोठातिर गएँ। कोठाभित्र आगो बलिरहेको थियो। बाहिरबाट कोठामा चुकुल लगाइएको रहेछ। अर्जुन तामाङ आई कोठाको चुकुल खोलेपछि भित्रबाट अइया आत्था भन्दै रन्थनिदै सागर श्रेष्ठ बाहिर निस्किए । वरपरका मानिसहरूले पानी हालेर आगो नियन्त्रणमा लिए। आगोले जलेर घाइते भएका सागर श्रेष्ठलाई उपचार गर्न लैजानको लागि मेन्दु लामालाई बोलाई उपचार गर्न भनी लगिएको हो। सो आगो लाग्दाको अवस्थामा राधिका श्रेष्ठ कोठामा थिइनन्। भोलिपल्ट मात्र सागर श्रेष्ठलाई सुतिरहेको अवस्थामा आगो लगाई भागी गएकी हुन् भन्ने थाहा पाएँ। निज राधिका श्रेष्ठले मार्ने मनसायले सुतिरहेको अवस्थामा आगो लगाई दिई कोठा बाहिरबाट चुकुल लगाई भागेकी रहिछन् भन्नेसमेत व्यहोराको शान्ति वि.क.ले मौकामा गरेको कागज।

नेपाल मेडिकल कलेज, अत्तरखेलको आई.सि.यु. कोठा वेडमा रहेका मृतक

सागर श्रेष्ठको अगाडिको पेट, छाती, कम्मर, गुप्ताङ्ग, तिघ्रासमेतको भाग बाहेक पछाडिको अधिकांश भाग जलेको, हात पाखुरासमेत जलेर ब्याण्डेज गरेको अवस्थामा रहेको भन्नेसमेत व्यहोराको लास जाँच प्रकृति मुचुल्का।

मिति २०६८।१।२९ गते राति अ.११ बजेको समयमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध, टुसाल डेरा गरी बस्ने मेरो छोरा सागर श्रेष्ठलाई मार्ने मनसायले बुहारी राधिका श्रेष्ठले कोठाभित्र सुतेको अवस्थामा आगो लगाई दिई ढोका लगाई बाहिरबाट चुकुलसमेत लगाई भागेकी, घाइते भएका सागर श्रेष्ठको नेपाल मेडिकल कलेज, अत्तरखेलमा उपचार भइरहेकामा उपचारको क्रममा मिति २०६८।२।९ गते राति ११ बजेको समयमा कोठामा मृत्यु भएकाले निज राधिका श्रेष्ठलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको गुराँसदेवी लामाले मिति २०६८।२।९ मा जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा दायर गरेको जाहेरी दरखास्त।

मिति २०६८।१।२९ गते राति ११ बजेको समयमा कोठामा सुतेको अवस्थामा मैले श्रीमान् सागर श्रेष्ठलाई मट्टितेल खन्याई आगो लगाई भागेकोमा घाइते सागर श्रेष्ठलाई वरपरका मानिसहरू जम्मा भई उपचार गर्न लगेका रहेछन्। उपचारको क्रममा निजको मृत्यु भएको भन्ने कुरा थाहा पाएकी हुँ। सागर श्रेष्ठ आगोको पीडाबाट मृत्यु भएको हो भन्नेसमेत व्यहोराको राधिका श्रेष्ठले गरेको ततिम्बा बयान।

सागर श्रेष्ठको मृत्युको कारण Burn Injuries बाट भएको भन्नेसमेत व्यहोराको पोस्टमार्टम प्रतिवेदन मिसिल संलग्न रहेको।

सागर श्रेष्ठ र राधिका श्रेष्ठ मेरो पसल नजिकै रहेको कोठा भाडामा लिई बस्ने गर्दथे। निजहरूबीच समयसमयमा विवाद झगडा भइरहन्थ्यो । मैले समयसमयमा सम्झाई बुझाई गरिरहन्थे। श्रीमान् र श्रीमतीको विवाद भएकाले खासै वास्ता हुँदैनथ्यो। मिति २०६८।१।२९ गते राति अ. ११ बजेतिर शान्ति वि.क. र अर्जुन तामाङले सागर जलेर घाइते भएका रहेछन् तुरून्तै अस्पताल लैजानुपर्ने भयो भनी बोलाउन आएकाले म तत्कालै घटनास्थलमा जाँदा आगो नियन्त्रणमा आइसकेको रहेछ । सागर श्रेष्ठ आगोले जली घाइते भएको अवस्थामा देखेँ। राधिका र निजका २ वटी छोरीहरूलाई त्यहाँ देखिन। ट्याक्सीमा सागर श्रेष्ठलाई राखी उपचार गर्न भनी अस्पतालतर्फ लगियो । के कसरी आगो लाग्यो भनी सोध्दा म कोठाभित्र सुतेको अवस्थामा राधिकाले मट्टितेल खन्याई आगो लगाई दिई कोठा बाहिरबाट चुकुल लगाई भागिछन् भन्दै सागर श्रेष्ठले भन्दै थिए। मेडिकल उपचारको क्रममा सागर श्रेष्ठको मिति २०६८।२।९ गते बिहान मृत्यु भएको हुँदा राधिका श्रेष्ठ कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको मेन्दु लामाले मौकामा गरेको कागज।

राधिका श्रेष्ठले घटना हुनु भन्दा २ वर्षअगाडिदेखि मेरो घरमा काम गर्ने

गर्दथिन् । श्रीमान् सागर श्रेष्ठ र निज राधिका श्रेष्ठ समयसमयमा झगडा गरिरहन्थे । मिति २०६८।१।२९ गते साँझ खाना खाई म आफ्नै घरमा सुतिरहेको थिएँ । राति अ. १ बजेतिर राधिका श्रेष्ठले आफ्नो दुई छोरीहरूलाई लिएर मेरो घरमा आइन् । किन रातको समयमा आएको भनेर सोध्दा मैले सागरलाई कोठाभित्र आगो लगाई दिएर आएँ भनी बताए पनि मलाई विश्वास लागेको थिएन । मेन्दु लामाले मलाई फोन गरी सागर श्रेष्ठलाई राधिकाले आगो लगाई दिई भागिछन् । सागर श्रेष्ठको मेडिकल कलेजमा उपचार भइरहेको छ भनेपछि मात्र मलाई निज राधिकाले आगो लगाइदिएकी रहिछन् भन्ने कुराको एकिन भएको हो । भोलिपल्ट प्रहरीमा खबर गरी राधिका श्रेष्ठलाई प्रहरीले पक्राउ गरेका हुन् भन्नेसमेत व्यहोराको जिना मादेन (थापा) ले मौकामा गरेको कागज ।

प्रतिवादी राधिका श्रेष्ठको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. विपरीत भएको हुँदा निज प्रतिवादी राधिका श्रेष्ठलाई सोही महलको १३(३) बमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारले काठमाडौं जिल्ला अदालतमा दायर गरेको अभियोगपत्र ।

मिति २०६८।१।२९ गते साँझ मृतक सागर श्रेष्ठले मादक पदार्थ सेवन गरेर कोठामा आएपछि निजसँग मेरो विवाद भयो । त्यसपछि निजले मलाई लात्तीले हिर्काए । निज रक्सीको नशाले निक्कै मात्तिएका थिए । झगडा गर्दागर्दैको अवस्थामा निजलाई सुत्नको लागि भनी मैले भुइँमा ओछ्यान लगाई दिएकी थिएँ । उनी त्यहीं सुते । मलाई सधैंभरि कुटिरहने र त्यस दिन पनि कुटेको कारण रिस उठिरहेको थियो । नजिकै मट्टितेल देखेपछि मनमा आवेश आई मट्टितेल छर्किएर आगो लगाइदिएकी हुँ । मैले मृतक पतिलाई मट्टितेल खन्याएर मार्ने भनी पहिलादेखि नै योजना बनाएकी थिएँ । निज श्रीमान्ले मलाई बरोबर कुट्ने गरेको हुँदा रिस उठेको तथा उक्त समयमा मैलेसमेत मादक पदार्थ सेवन गरेको हुँदा अकस्मात् मनमा उठेको विचारबाट मृतक पतिलाई मट्टितेल खन्याई आगो लगाएर कोठाको ढोका बाहिरबाट चुकुल लगाई दिई छोरीहरूलाई लिई कपनमा गई बसेकी हुँ । मैले लगाएको आगोले घाइते भएका मेरा पति सागर श्रेष्ठको उपचारको क्रममा मृत्यु भएको हो । सो घटनामा मेरो मात्र संलग्नता रहेको छ। अनुसन्धान अधिकारीसमक्ष भएको बयान व्यहोरा र सही छाप मेरै हो भन्नेसमेत व्यहोराको प्रतिवादी राधिका श्रेष्ठले सुरू अदालतमा गरेको बयान ।

प्रतिवादी राधिका श्रेष्ठले पति सागर श्रेष्ठलाई कर्तव्य गरी मारेको हुँदा निज प्रतिवादीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ । साधक सदरको लागि मिसिल पुनरावेदन अदालत, पाटनमा पठाइदिनु भन्नेसमेत व्यहोराको सुरू जिल्ला अदालतबाट मिति

२०६९।१।२७ मा भएको फैसला।

अभियोजन पक्षले मनसायपूर्वक हत्याको लागि चाहिने आवश्यक तत्त्वहरूको पुष्टि गर्न नसक्दानसक्दै मलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गर्नु तथा म पुनरावेदिकाले कसुरसँग सम्बन्धित केही तथ्यलाई स्वीकार गरेको अवस्थामा कसुरमा नै पूर्णरूपमा साबित रहेको भन्ने सम्झी मनसायपूर्वकको हत्यामा मलाई सजाय गर्नु त्रुटिपूर्ण छ । मलाई मृतकले दिएको बारम्बारको पीडा र निजले ममाथि गरेको हिंसाले म प्रताडीत भई सोही कारणले मृतकको हत्या गरेकी हुँ। मृतकको मृत्युको मूल कारक निज नै भएकाले सुरू अदालतको फैसला अन्यायपूर्ण रहेकोले बदर गरिपाउँ भन्ने प्रतिवादी राधिका श्रेष्ठले पुनरावेदन अदालत, पाटनमा दायर गरेको पुनरावेदनपत्र।

मिति २०६८।१।२९ को मृतक पति सागर श्रेष्ठ वारदातको रात रक्सी खाई आफूसँग झगडा गरेको र झगडापछि मृतक अलग्गै ओछ्यानमा सुतेकोमा मृतक सुतेको ओछ्यान वरिपरि स्टोभमा हाल्न भनी कोकको बोतलमा ल्याएको मट्टितेल छर्की सलाई कोरी आगो लगाई नाबालक दुईटी छोरीलाई कोठाबाहिर ल्याई मृतक सुतेको ढोकाको चुकुलसमेत बाहिरबाट लगाई आफू नाबालक छोरीहरू लिई आफन्तको घर कपनतर्फ गएको सोही आगोले जलेको कारणबाट मृतकको मिति २०६८।२।९ गते मृत्यु भएको भनी कसुरमा प्रतिवादी राधिका श्रेष्ठ प्रहरी र अदालतमा बयान गर्दासमेत साबित छन् । मिसिल संलग्न लास प्रकृति मुचुल्कालगायतका अन्य प्रमाणहरूबाटसमेत सो कुरा पुष्टि भएको पाइन्छ । यस्तो अवस्थामा काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।१।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रस्तुत मुद्दामा मिसिलसंलग्न कागजातहरू अध्ययन गरी हेर्दा मृतक र प्रतिवादीबीच बारम्बार झगडा भइरहने, वारदातको रात पनि मृतक र प्रतिवादीबीच झैझगडा भएको पाइन्छ। मृतकलाई प्रतिवादीले पूर्वयोजना बनाई मारेको नभई अकस्मात् तत्कालको घटनाक्रमबाट प्रतिवादीमा अन्यथा सोच आई मृतकको ओछ्यानमा आगो लगाएको अवस्थासमेत देखिएको र प्रतिवादी राधिका श्रेष्ठले अदालती प्रक्रियामा सहयोग गरेको र घटना घट्नुमा रहेभएका परिदृश्यसमेतको मूल्याङ्कन गर्दा निज पुनरावेदक प्रतिवादीलाई ऐ. महलको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं.१८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजायमात्र गरे उपयुक्त हुने देखिई राय व्यक्त गरिएको छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।४।२२ मा भएको फैसला।

पुनरावेदक प्रतिवादी राधिका श्रेष्ठ प्रत्यर्थी/ वादी गुराँसदेवी लामाको जाहेरीले नेपाल सरकार भएको संवत्, २०६९ सालको स.फौ.नं. ०६९-CS-०८८१ को यस

अदालतबाट मिति २०७०।४।२२ मा फैसला भएको कर्तव्य ज्यान मुद्दाको रेकर्ड मिसिल र यिनै वादी प्रतिवादी भएको काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।०१।२७ मा फैसला भएको संवत् २०६८ सालको स.फौ.नं. २१८७ को कर्तव्य ज्यान मुद्दाको सुरू मिसिलसमेत गरी जम्मा मिसिल थान दुई यसै पत्रसाथ साधक जाँचको लागि पठाइएको छ भनी पुनरावेदन अदालत, पाटनको मिति २०७१।३।१० को पत्रबाट उक्त मुद्दा यस अदालतमा प्राप्त भई साधक दायरीमा दर्ता भएको रहेछ ।

नियमबमोजिम दैनिक मुद्दा पेसीसूचीमा चढी इजलाससमक्ष निर्णयार्थ पेस भएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरियो । प्रतिवादी राधिका श्रेष्ठले निजको पति सागर श्रेष्ठलाई कर्तव्य गरी मारेको अभियोगमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरी अं.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजायको गर्ने गरी राय व्यक्त भएको पुनरावेदन अदालत, पाटनको राय सहितको फैसला मिलेको छ, छैन मिसिल संलग्न कागजात हेरी साधकको रोहबाट निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा मृतकको लासजाँच मुचुल्कामा शरीरको अधिकांश भाग आगोले जलेको भनी उल्लेख भएको पाइँदा मृतकको मृत्यु आगोको कारणबाट जलेर भएको हो भन्ने पुष्टि हुन्छ । अब उक्त आगो मृतकको शरीरमा को कसले लगाएको हो भनी हेर्दा प्रतिवादी राधिका श्रेष्ठले मृतक पति सागर श्रेष्ठलाई सुतिरहेको विछ्यौनामा मट्टितेल खन्याई आगो लगाई दिएबाट निजको शरीर जली उपचारको क्रममा मृत्यु भएको हो भनी जाहेरवालाले यी प्रतिवादीउपर किटानी जाहेरी दिएको देखिन्छ । प्रतिवादी राधिका श्रेष्ठले मौकामा अधिकारप्राप्त अधिकारिसमक्ष गरेको बयानलाई हेर्दा मिति २०६८।१।२९ गते मृतक घर कोठामा आउँदा सधैझैं अत्यधिक रक्सी सेवन गरी प्रतिवादीलाई गालिगलौज गरेका र दुबै जनाका बीचमा कुटपीटसमेत भइसकेपछि भुइँमा लगाइएको विस्तारामा मृतक सागर श्रेष्ठलाई यी प्रतिवादीले सुत्न लगाई मृतक निदाएपछि छोरीहरूलाई कोठाबाट बाहिर निकाली सोही कोठामा रहेको मट्टितेल मृतक सुतिरहेको विस्ताराको वरिपरि छर्की सलाई कोरी आगो लगाइदिएपछि कोठाको बाहिरबाट चुकुल लगाई (स.ज.८) दिएको हो भनी साबिती बयान गरेको देखिन्छ । यी प्रतिवादीको बयान कथन अनुसार मृतकले सधैं रक्सी खाई बारम्बार कुटपीट गाली गलौज गर्ने, विभिन्न प्रकारका शङ्काहरू गर्ने, छोरीहरूलाई लिई निस्केर जा भनी दुःख हैरानी दिने जस्ता कार्यहरू गर्ने गरेको र वारदातका दिन पनि सोही प्रकृतिका कार्यहरू दोहोर्‍याएकाले सधैं दुःख पाउनु भन्दा आज यसलाई ठीक पार्छु भन्ने सोच आई रिसको झोकमा निज सुतिरहेको विस्तारामा मट्टितेल खन्याई आगो लगाई कोठाबाहिरबाट चुकुल लगाइदिएकी (स.ज.९)

हुँ भनी एउटा प्रताडीत महिला (Battered Woman) को रूपमा उल्लेख गरेको देखिन्छ । प्रतिवादी राधिका श्रेष्ठले अदालतमा आई गरेको बयानमा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान व्यहोरा र दस्तखत मैरै हो भनी कसुरमा साबित भई बयान गरी (स.ज.५) अपराधको अनुसन्धान र न्याय सम्पादनको कार्यमा सहयोग गरेको पाइन्छ । प्रतिवादीको बयानलाई मौकामा कागज गर्ने जिना मादेन थापा र मेन्दु लामाले समेतले मृतकलाई यिनै प्रतिवादी राधिका श्रेष्ठले आगो लगाई सोही कारणबाट मृतकको मृत्यु भएको हो भनी गरिदिएको बकपत्रसमेतबाट प्रतिवादी राधिका श्रेष्ठकै कर्तव्यबाट मृतकको मृत्यु भएकोमा विवाद देखिएन ।

३. तथापि प्रतिवादी राधिका श्रेष्ठले मृतकलाई मार्ने मनसाय थिएन, मलाई मृतकले दिएको बारम्बारको पीडा र निजले ममाथि गरेको असह्य हिंसाले म प्रताडीत भई सोही कारणले मृतकको हत्या गरेकी हुँ । मृतकको मृत्युको मूल कारक तत्त्व निज नै भएको भनी पुनरावेदनपत्रमा जिकिर लिएको देखिन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारिसमक्ष मृतकलाई मार्ने योजना बनाई निज सुती निदाई सकेपछि मृतक सुतिरहेको विस्तारामा मट्टितेल छर्की आगो लगाई दिएकी हुँ भनी उल्लेख भएको र उक्त बयान आफैँले गरेको हो भनी अदालतमा आई कसुरलाई स्वीकार गर्दा साबिती बयान गरेको पाइयो । मृतक प्रतिवादीले लगाइदिएको विस्तारामा निदाएपछि प्रतिवादी राधिका श्रेष्ठको मनमा आफ्नो श्रीमान् अर्थात मृतकलाई मार्ने विचार उत्पन्न हुन्छ र आफ्ना दुई छोरीहरूलाई कोठाबाहिर निकाली मृतक सुतिरहेको विस्ताराको वरिपरि मट्टितेल खनाएपछि सलाई कोरी आगो लगाएको देखिएको तथ्य मिसिल अवलोकनबाट देखिन्छ ।

४. प्रस्तुत मुद्दाको वारदातलाई मध्यनजर गरी हेर्दा प्रतिवादी पुनरावेदिकाले आफ्ना पति सागर श्रेष्ठलाई आगो लगाई बन्दकोठामा थुनी भाग्न उम्कन नदिई मार्ने नियत राखी उपरोक्त कार्य गरेको हो भन्ने प्रष्ट देखिन्छ । यस सम्बन्धमा पुनरावेदन अदालत, पाटनबाट फैसलाको रोहमा अ.बं. १८८ नं. को प्रयोग हुनको निम्ति रायसमेत प्रस्तुत गरेको पाइन्छ। वस्तुतः वारदात हेर्दा जघन्य अपराधपूर्ण देखिन्छ । प्रतिवादीले आगो लगाई मृतकको हत्या गर्नुपर्ने कारण हेर्दा लामो समयको तिक्त सम्बन्ध रहनु हो भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेकाले यी प्रतिवादी र मृतकबीचको कटुतापूर्ण सम्बन्धको कारण मृतकले प्रतिवादीलाई बारम्बार कुटपीट, गालीगलौज गरी प्रताडना दिई निरन्तर हिंसा (Violence) गर्ने गरेको कुरासमेत मिसिलबाट पुष्टि हुन आएको छ । यसरी मृतकले प्रतिवादीलाई बारम्बार प्रताडीत (battered) गरेको र सोबाट उत्पन्न भएको Battered Women Syndrome (यसपछि BWS भनिनेछ) को कारण प्रस्तुत वारदात घटित भएको देखिन आयो ।

५. प्रस्तुत सन्दर्भमा BWS सम्बन्धी अवधारणा र यसको प्रयोगको अवस्थासम्बन्धी अवलोकन हुनु उपयुक्त देखिन्छ । BWS भन्नाले

एउटा मनोदशा हो जुन हिंसाको (Violence) सिकार भएकी महिलाले बारम्बार कठोर हिंसा भोग्नुपरेको कारणबाट घटित हुन्छ । यसमा महिलाले पुरूष स्वजन पति, प्रेमी, पिता वा घर-परिवारका अन्य सदस्यहरूबाट मानसिक, शारीरिक दुर्व्यवहार (abuse) वा चोट प्रहार (Trauma) बारम्बार पाएका हुन्छन् । L. E. Walker को कथनअनुसार battered woman भन्नाले "A battered woman is a woman who is repeatedly subjected to any forceful physical or psychological behavior by a man in order to coerce her to do something he wants her to do without any concern for her rights. 'Battered women' include wives or woman in any form of intimate relationship with men. Furthermore, in order to be classified as a battered woman, the couple must go through the battering cycle at least twice. Any woman may find herself in an abusive relationship once. If it occurs a second time, and she remains in the situation, she is defined as a battered woman."[1] त्यसैगरी L. E. Walker को कथनअनुसार Battered woman syndrome" भन्नाले "To understand battered woman syndrome, one first understands how someone becomes "battered",... a woman experience at least two complete battering cycles to woman. The cycle has three distinct phases. First is the tension building phase, followed by the exploitation or act loving respite after referred to as the honeymoon phase."[2] The cycle theory of violence identifies three components of a battering relationship varying in intensity and time: (1) the tension building phase; (2) the explosion or acute battering incident; and (3) the calm, loving respite.[3] In the initial phase, smaller emotional and physical battering and verbal harassments escalate.[4] In the second phase, the batterer loses control of his emotions and a severe, perhaps lethal, battering occurs.[5] In the final phase, the batterer is remorseful and loving, and the time is marked by a respite from aggression.[6] Battered woman syndrome, as it was originally

1. Lenore E. Walker (1979). *The Battered Woman*. New York: Harper and Row. p. xv
2. *Ibid.* Cited in Shushil Karki.(2068).Gender Equality. Kathmandu: Pairavi Prakashan.p.237
3. Lenore E. Walker. (1979). *The Battered Woman*. New York: Harper and Row. p.55
4. Lenore E. Walker. (1979). *The Battered Woman*. New York: Harper and Row. pp.56-59
5. Lenore E. Walker. (1979). *The Battered Woman*. New York: Harper and Row. pp.59-65
6. Lenore E. Walker. (1979). *The Battered Woman*. New York: Harper and Row. p.65-70

conceived, consisted of the pattern of the signs and symptoms that have been found to occur after a woman has been physically, sexually and/or psychologically abused in an intimate relationship, when the partner (usually, but not always a man) exerted power and control over the woman to coerce her into doing whatever he wanted, without regard for her rights or feelings.[7]At the core of the battered woman syndrome lie the theories of 'learned helplessness'[8] and the "cycle of violence."[9]

६. प्रत्येक महिलाले आफ्नो परिवारसँग, पति वा प्रेमीसँग आदर्शपूर्वक जीवन बिताउन चाहेकी हुन्छिन् । केही उदाहरणबाहेक सबै महिलाले हिंसात्मक व्यवहाररहित जीवन बाँच्न चाहेका हुन्छन् । तर आफन्तहरूबाट नकारात्मक तुच्छ व्यवहार पाउँदा तिनको व्यवहारमा कठोरता आउनु स्वाभाविक हो । महिलामा यस्तो दुर्व्यवहार जतिजति भयो उतिउति नकारात्मक मनोदशा भाव बढ्दै जान्छ, तथापि पतिसँग एउटै छानामुनी बसोवास गरेका महिलाबाट अपत्यारिलो वारदात घट्न सक्दछ जुन विश्वासलायक हुँदैन । आफ्नो वा आफ्नो सन्तानको ज्यान जोगाउन, वा अन्तस्करणमा रहेको हीन भाव र बदलाको भावना BWS मा कहिलेकहीं देखिन्छ । सामान्यरूपमा हेर्दा मानव बधको सबै तत्त्वहरू समावेश भएको यस्तो प्रकृतिको मुद्दामा आफू र आफ्नो सन्तानलाई मृतकबाट जोगाउने उपायस्वरूप महिलाले मृतकको हत्या गरेको देखिए तापनि यस्ता हत्यामा मृतकले पीडकको भूमिका निर्वाह गरी निरन्तर यातना दिने कार्य गरी प्रताडीत गरेको अवस्था हुन्छ ।

७. प्रताडीत महिलाको आक्रमण प्रेमी, पति विरूद्ध निरन्तर तिनका प्रहारबाट बच्न, गालीगलौज, दुर्व्यवहार वा परपुरूषसँग वात लगाएका कारण निरन्तर व्यङ्ग्यात्मक

7. Lenore E. Walker. (2009). *The Battered Woman Syndrome*. New York: Springer Publishing Company.LLC.p.42

8. Learned helplessness is a psychosocial theory for lack of response, or passive behavior in the face of the ability to act. Experiments on rats and dogs, with humans administering continuous negative stimuli such as electrical shocks, proved that physical abuse created a sense of powerlessness in these animals. The dogs, for instance, soon learned that they could not control being given a shock, and became "compliant, passive and submissive," ceasing voluntary movement. (Lenore E. Walker. (1979). *The Battered Woman*. New York: Harper and Row. p.46.). The learned helplessness theory thus explains why the battered woman who kills has not left the situation prior to the killing. This theory, coupled with her possible failed attempts to call the police, go to a shelter for battered women, or convince her husband or lover to stop beating her, implies that killing her abuser was a perceived last resort. The woman learned that she was powerless to stop the repeated batterings, and therefore, turned to a relatively calm time to end the abuse herself. (Mira Mihajlovich.(1987). Does Plight Make Right: The Battered Woman Syndrome, Expert Testimony and the Law of Self-Defense. Indiana Law Journal.Vol.62.Issue 4.pp.1254-1282. Retrieved from http://www.repository.law. indiana.edu/ilj/vol62/ iss4/9 on 26 December 2014.) In adapting this psychosocial theory to battered women, Dr. Walker claims that a woman responds with learned helplessness when she can control a given outcome but does not believe that she can. Battered women operate from a belief that they are helpless and this belief becomes reality. Because these women allow what they perceive to become beyond their control, they become submissive and passive. Battered women, therefore, do not attempt to escape the battering relationship. ( Lenore E. Walker. (1979). *The Battered Woman*. New York: Harper and Row. p.47.)

9. Lenore E. Walker. (1979). *The Battered Woman*. New York: Harper and Row. pp.55-70, 187.

व्यवहारको कारण वा मार्ने नियतले पुरूषले प्रहार गर्दा आवेशमा आई प्रतिकार गर्दा अथवा फेरि आफूउपर दुर्व्यवहार नदोहोरियोस् भनी हत्या गरेको हुन्छ । सबै BWS भएको विवादमा हत्याको प्रमुख कारक तत्त्व मर्ने व्यक्तिको दुर्व्यवहार नै हुनेगर्दछ । मृतकले महिलालाई आवेशमा नल्याएको भए, गालीगलौज नगरेको भए निजको हत्या हुने थिएन। यो सबै पीडित महिलाको मनोवैज्ञानिक र मानसिक दशा हो जुन निरन्तर पीडाबाट उत्पन्न भएको हुन्छ ।

८. प्रताडीत महिलाद्वारा भएको हिंसा र आवेशप्रेरित हत्याबीच केही अन्तर रहेको पाइन्छ । आवेशप्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्त्वको अभाव रहन्छ । BWS को दावी लिइएको वारदात हत्या नै हो तर वारदातको कारक तत्त्व भने मर्ने व्यक्ति स्वयम् नै रहेको हुन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको दफा १४ मा आवेशप्रेरित हत्यामा भएजस्तो तत्काल उठेको रिसबाट लात्ती, मुड्की, लाठा, ढुङ्गाले प्रहार गरी मारेको अवस्थामा BWS मा पनि हुन्छ। तर धेरैजसो BWS सुविधा खोजिएको विवादमा वर्षौंदेखि प्रताडीत, घरेलु हिंसाको सिकार भएकी महिला जो पतिबाट दुर्व्यवहारको सिकार निरन्तर भएका हुन्छन्, चोट, प्रहार, धक्का (Trauma) बराबर पाउँछन्, बारम्बार परपुरूषको लान्छना, दुर्व्यवहार पाउँछन् वा ज्यान मार्ने धम्कीसमेत पाउँछन्। निजले उक्त पीडक पति, प्रेमीको हत्या मौकामा गरेको नभई कैयौँ दिनपछि ज्यान जोगाउन वा पीडक निदाएको वा नशा सेवन गरेको बखत मौका छोपी गर्ने गर्दछन्। यस्तो हत्याको एकमात्र कारण आवेश, घृणा, प्रहारबाट मुक्ति वा पीडकले मार्ने डर, त्रासबाट मुक्ति रहेको हुन्छ।

९. प्रताडीत महिलासम्बन्धी विवादमा आजभोलि विकसित मुलुकहरूमा यदि यो सुविधाको माग गरेको खण्डमा मनोवैज्ञानिक विधि (psychological method) बाट प्रताडीत अवस्था वा विवाद हो होइन भनी परीक्षण गरी पत्ता लगाउने कार्य गरिन्छ । साथै चिकित्सकहरूद्वारा अध्ययन गर्ने र उपचार गर्ने गरिन्छ। यस्तो भएमा प्रताडीत महिलासम्बन्धी विवाद हो होइन भन्ने कुरा एकिन हुन आउँछ । उल्लिखित Walker को BWS सम्बन्धी ढाँचा (framework) लाई अमेरिका, बेलायत, अस्ट्रेलिया, न्युजिल्याण्ड, क्यानाडा जस्ता विश्वका विभिन्न मुलुकहरूले स्वीकार गरी अदालतमा BWS परीक्षणसम्बन्धी विशेषज्ञको प्रतिवेदन (expert's testimony on the BWS) लाई प्रमाणमा स्वीकार गरी BWS को कारणले अपराध गरेको पुष्टि भएमा अभियुक्तलाई सजायमा कमी गर्ने वा पूरै मुक्ति दिने गरेको देखिन्छ।

१०. जस्तै उदाहरणको रूपमा संयुक्त अमेरिकामा Walker

को BWSसम्बन्धी ढाँचालाई स्वीकार गरी IbnTamas v. U.S.[10] मुद्दामा BWS परीक्षणसम्बन्धी विशेषज्ञको प्रतिवेदन (expert's testimony on the BWS) र सोसम्बन्धी अन्य प्रमाण लिने सम्बन्धमा मापदण्ड तयार गरी लागू गरेको पाइन्छ। State v. Kelly[11] मुद्दामा New Jersey को Supreme Court ले BWS परीक्षणसम्बन्धी विशेषज्ञको प्रतिवेदन (expert's testimony on the BWS) लाई प्रमाणमा ग्राह्य गरेको थियो। त्यसैगरी बेलायतमा R.v. *Ahluwalia*[12] को मुद्दामा BWS को व्याख्या भई प्रतिवादीलाई न्यून उत्तरदायित्व (Diminish responsibility) घोषणा गरिएको थियो । यसमा प्रतिवादीले मृतक पतिबाट बारम्बार पीडा पाएको, कुटपीट र यातना दिने गरेको समेत कारणबाट वारदात घटेको अवस्था थियो ।[13] वर्तमान अवस्थामा बेलायतमा Coroners and Justice Act २००९ को दफा ५४ र ५५ मा यससम्बन्धी व्यवस्था रहेको छ ।[14] R.v. Angelique Lavallee[15] को मुद्दा क्यानाडाको लागि BWS सम्बन्धमा प्रथम मानिन्छ। यस मुद्दामा भएको व्याख्यापछि त्यहाँ प्रताडीत महिलाले आफ्नो ज्यान जोगाउन हत्या गरेको हो भन्ने तर्कको आधारमा सजायमा कमी गरिएको छ ।[16] त्यसैगरी Marie, Angelina

10. *IbnTamas v. U.S.*407 A.2d 626; 1979 D.C. App. LEXIS 457.
11. State v. Kelly, 97 N.J. 178, 187 (N.J. 1984)
12. *R v Ahluwalia* **(1993) 96 Cr App R 133**
**13.** Shushil Karki.(2068).Gender Equality. Kathmandu: Pairavi Prakashan.p.242
14. Section 54 and 55(6)(a) of *Coroners and Justice Act 2009*. The Section **54.Partial defence to murder: loss of control:** (1)Where a person ("D") kills or is a party to the killing of another ("V"), D is not to be convicted of murder if—(a) D's acts and omissions in doing or being a party to the killing resulted from D's loss of self-control,(b)the loss of self-control had a qualifying trigger, and (c)a person of D's sex and age, with a normal degree of tolerance and self-restraint and in the circumstances of D, might have reacted in the same or in a similar way to D. (2) For the purposes of subsection (1)(a), it does not matter whether or not the loss of control was sudden. (3) In subsection (1)(c) the reference to "the circumstances of D" is a reference to all of D's circumstances other than those whose only relevance to D's conduct is that they bear on D's general capacity for tolerance or self-restraint. (4) Subsection (1) does not apply if, in doing or being a party to the killing, D acted in a considered desire for revenge. (5) On a charge of murder, if sufficient evidence is adduced to raise an issue with respect to the defence under subsection (1), the jury must assume that the defence is satisfied unless the prosecution proves beyond reasonable doubt that it is not. (6) For the purposes of subsection (5), sufficient evidence is adduced to raise an issue with respect to the defence if evidence is adduced on which, in the opinion of the trial judge, a jury, properly directed, could reasonably conclude that the defence might apply. (7) A person who, but for this section, would be liable to be convicted of murder is liable instead to be convicted of manslaughter. (8) The fact that one party to a killing is by virtue of this section not liable to be convicted of murder does not affect the question whether the killing amounted to murder in the case of any other party to it. The Section **55 Meaning of "qualifying trigger":** (1) This section applies for the purposes of section 54. (2) A loss of self-control had a qualifying trigger if subsection (3), (4) or (5) applies. (3) This subsection applies if D's loss of self-control was attributable to D's fear of serious violence from V against D or another identified person. (4) This subsection applies if D's loss of self-control was attributable to a thing or things done or said (or both) which- (a) constituted circumstances of an extremely grave character, and (b) caused D to have a justifiable sense of being seriously wronged. (5)This subsection applies if D's loss of self-control was attributable to a combination of the matters mentioned in subsections (3) and (4). (6) In determining whether a loss of self-control had a qualifying trigger- (a)D's fear of serious violence is to be disregarded to the extent that it was caused by a thing which D incited to be done or said for the purpose of providing an excuse to use violence; (b) a sense of being seriously wronged by a thing done or said is not justifiable if D incited the thing to be done or said for the purpose of providing an excuse to use violence; (c) the fact that a thing done or said constituted sexual infidelity is to be disregarded. (7) In this section references to "D" and "V" are to be construed in accordance with section 54.
15. *R. v. Lavallee*, [1990] 1 S.C.R. 852. This case is a leading Supreme Court of Canada case on the legal recognition of battered woman syndrome
16. Shushil Karki.(2068).Gender Equality. Kathmandu: Pairavi Prakashan.p.245

Napolitano[17] को मुद्दामा क्यानाडाको सर्वोच्च अदालतबाट र Osland v The Queen[18] को मुद्दामा अस्ट्रेलियामा BWS को सम्बन्धमा व्याख्या भएको पाइन्छ । न्युजिल्यान्डमा कानून आयोगले महिलाविरूद्ध हिंसाको मात्र होइन, महिलाले पुरूषमाथि गरिने हिंसाका अतिरिक्त समलिङ्गीबीच भएको प्रताडीत हिंसाको आधारमा मुद्दाहरू पर्ने र चल्ने गरेको पाइन्छ ।

११. उपरोक्तानुसार बेलायत, अमेरिका, अस्ट्रेलिया, क्यानाडासमेतमा BWS को सम्बन्धमा विस्तृत व्याख्यासहित Walker को BWSसम्बन्धी ढाँचा (framework) लाई स्वीकार गरी BWS परीक्षणसम्बन्धी विशेषज्ञको प्रतिवेदन (expert's testimony on the BWS) र सोसम्बन्धी अन्य प्रमाण लिने गरेको पाइन्छ । केही मुलुकले BWS सम्बन्धमा मापदण्ड एव कानूनसमेत बनाएको अवस्था छ । जसका आधारमा महिलाहरूबाट हिंसक वारदात देखिए पनि आजीवन कारावासको सजाय नभई सजाय घटाए वा सजायबाट पूर्णरूपमा छुट दिएको अवस्थासमेत देखिन्छ ।

१२. उक्त मुलुकहरूमा BWS को पुष्टि गर्न प्रताडीत महिलाको मनोवैज्ञानिक मनोदशा (Psychological condition) विशेषज्ञबाट नै पुष्टि हुनुपर्ने, हिंसात्मक हमला, हत्या गर्ने अवस्था थियो वा थिएन भन्ने पुष्टि हुनुपर्ने, तत्काल हत्या गर्दा महिलाको मस्तिष्क तर्क गर्न सक्ने नभई विवेकशून्य भएको हुनुपर्ने, महिलाले एकाधपटक मात्र होइन, निरन्तर हिंसात्मक पीडा पाएको हुनुपर्ने, बारम्बारको यातनाबाट महिलामा नकारात्मक सोच उत्पन्न भएको हुनुपर्ने एवम् पति र प्रेमी सहयोगी पुरूषमित्रबाट बल प्रयोग गर्दाको अवस्थामा मुक्ति पाउने क्रममा प्रतिकार गरेको र त्यस्तोमा हत्या भएको पुष्टि हुनुपर्ने जस्ता आधारहरू लिइएको पाइन्छ ।

१३. नेपालमा BWS सम्बन्धमा कुनै कानूनी व्यवस्था रहेको छैन । घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को निर्माण भएको छ । यस ऐनको दफा २(क) ले ''घरेलु हिंसा'' भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुर्‍याउने अन्य कुनै कार्यलाईसमेत जनाउँछ भनी घरेलु हिंसाको परिभाषा गरेको छ । सो ऐनको दफा १३(१) मा कसैले घरेलु हिंसा गरेमा त्यस्तो

17. Marie, Angelina Napolitano. University of Toronto/Université *Laval, 2004. page accessed June 2008.* Angelina Napolitano was an immigrant to Canada who murdered her abusive husband in 1911, igniting a public debate about domestic violence and the death penalty. She was the first woman in Canada to use the battered woman defense on a murder charge.
18. Osland v The Queen [1998] HCA 75; 197 CLR 316; 159 ALR 170; 73 ALJR 173

व्यक्तिलाई तीन हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजाय हुनेछ भनी सजायको व्यवस्था छ। तर यस ऐनले BWS को आधारमा भएको अपराधको सम्बन्धमा कुनै व्यवस्था गरेको छैन्।

१४. नेपालमा BWS सम्बन्धी कानूनको निर्माण भइनसकेको भए तापनि परम्परागत तौरमा मुलुकी ऐन, अ.बं. १८८ नं. को प्रयोग भई सजाय घटाएको पाइन्छ । अ.बं. १८८ नं. को प्रयोग हुँदा निम्नलिखित कुरा हेर्ने गरेको समेत पाइन्छ। विशेष महिलाले स्वजन पति, प्रेमी वा आफन्तको हत्या गरिएकोमा विशेषतः हत्या गर्ने महिलाको अवस्था, वारदात हुँदाको मनोदशा, उमेर, हुर्केको परिवेश, उसको पारिवारिक जीवन, सामाजिक वातावरण, आर्थिक अवस्था, उसमाथि आश्रित हुने बालबालिका, उसले भोगेको जीवन, अपराध गर्नुपर्ने बाध्यता र कारण, उसले अपराध गरेकोमा अदालत, प्रहरी अधिकारी वा सरकारी वकिललाई सत्य कुराको अभिव्यक्त गरी अनुसन्धानमा गरेको सहयोग आदि । यस्तो किसिमको वारदातमा हत्या हिंसक र हत्या (Culpable Murder) भए तापनि उक्त हत्याको वारदात घटाउन मृतकले नै प्रेरक (trigger) को भूमिका निर्वाह गरेको हुनुपर्दछ।

१५. उपरोक्त आधारमा यस अदालतबाट विभिन्न मुद्दामा अं.बं.१८८ नं. को व्याख्या भएको छ । लक्षिमा वादी वि. लालबहादुर वादीको जाहेरीले नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[19] प्रतिवादीहरू मागी खाने आर्थिक दुरावस्थाका भएका र ८/८ जना छोराछोरी हुँदा पनि त्यस्तो मगन्ते परिवारको जीविकाको कुनै फिक्री नगरी विवाह भएको समय २३ वर्षदेखि नै सधैं रक्सी खाई झै झगडा कुटपीट गरिरहने, कुनै कमाई धमाई नगरी आफ्नो परिवारप्रतिको कुनै जिम्मेवारी बोध नगर्ने, छोराछोरीलाईसमेत बिनाकारण कुटपीट गरी घरबाट लखेटिदिने गरी एक प्रकारले मानिसको अनुहारमा दानव र पशुतुल्य व्यवहार रहेको लोग्नेको सधैँको उपरोक्तबमोजिमको व्यवहारबाट ८/८ वटा छोराछोरीको आमा एक अवला महिला प्रतिवादी लक्षीमा वादीमा मृतक लोग्नेप्रति असाध्यै घृणा र त्यस्तो दुःखदाई जीवनबाट विरक्ति असन्तुलित मनस्थिति रहेको अवस्थामा प्रस्तुत अपराध गरेको देखिन आएको हुँदा आफ्नो र आफ्नो छोराछोरीलाई जीवनपर्यन्त दुःख दिने गरेबाट त्यस किसिमको मनस्थिति उत्पन्न भै सो अपराध गरेको र निजका ससाना छोराछोरीसमेत भएको स्थितिमा निजलाई ऐनले तोकेबमोजिम सजाय गर्दा चर्को पर्ने भै अपराध गर्दाको पारिवारिक अवस्था, प्रतिवादीको विरक्तिपूर्ण दुःखदायी जीवन, नाबालक छोराछोरीसमेत भएको र मागी खाने निम्नस्तरको महिला मनस्थितिलाई समेत विचार गर्दा निज प्रतिवादीलाई ७ वर्षसम्म कैदको सजाय गर्दा न्यायोचित देखिन आउने भनी यस अदालतबाट

19. नेकाप. २०६०. अंक ७/८ नि.नं. ७२४६ पृ.५८७

BWS को अवस्था र परिवेशको वर्णन भएको अवस्था छ।

१६. त्यसैगरी जोककुमारी कार्की वि. नेपाल सरकार[20] भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतबाट प्रतिवादी जोककुमारीले मृतक पतिबाट पाएको शारीरिक एवम् मानसिक प्रताडना सहँदै दुईवटा छोरालाई जन्म दिएको र मृतकले प्रतिवादीलाई मात्र नभई नाबालक छोराहरूलाईसमेत गालिगलौज गर्ने कुटपीट गरी नाबालकमाथिसमेत हिंसा गर्ने गरेको पाइएकाले यी प्रतिवादी जोककुमारी कार्की लामो समयदेखि आफ्नै लोग्ने मृतक अम्बरबहादुरको घरेलु हिंसाबाट प्रताडीत महिलाको मनोदशाको स्थितिबाट गुज्रदै आएको भनी अ.ब. १८८ नं. बमोजिम सजायमा कमी गरेको देखिन्छ।

१७. शान्ति वि.क. वि. नेपाल सरकार[21] भएको कर्तव्य ज्यान मुद्दामा अं.बं.१८८ नं. को प्रयोग कस्तो अवस्थामा गर्ने भन्नेसम्बन्धी आधारहरूको पहिचान गरिएको छ । अं.बं.१८८ नं. बमोजिम अपराध र सजायबीच सन्तुलन कायम गर्ने सन्दर्भमा निम्न कुराहरूलाई विचार गर्नुपर्ने भनी औंल्याइएको देखिन्छ: (क) मार्नेसम्मको मनसाय राखी इबि अदावत लिई पूर्वयोजना बनाई हत्या भएको छ, छैन (ख) क्रूरता र यातनापूर्वकको हत्या, (ग) अपराधको प्रकृति र मात्रा (घ) अपराध गर्ने व्यक्तिको उद्देश्य र सामाजिक पृष्ठभूमि, (ङ) अपराध हुनपर्ने परिस्थिति, (च) अपराध गर्ने व्यक्तिको उमेर, (छ) अपराध गर्ने व्यक्तिको शारीरिक, मानसिक, आर्थिक अवस्था र पारिवारिक स्थिति, (ज) पीडित पक्षको राय वा भावना, (झ) पीडित पक्ष वा समाजलाई हुन गएको हानि नोक्सानी, (ञ) अपराधीको विगतको आपराधिक प्रवृत्ति, (ट) अदालतमा साँचो कुरा गरी न्यायिक प्रक्रियालाई सहयोग गरे नगरेको, (ठ) कसुर गरेमा पश्चातापको भाव आए नआएको, (ड) सुध्रेर भविष्यमा अपराध नगर्ने वाचा गरे वा नगरेको, (ढ) कसैको बहकाव वा दबाबमा अपराध गरे वा नगरेको, (ण) यस्तै मुद्दाको तथ्यगत अवस्थाबाट देखिने अन्य उपयुक्त कारणहरू भनी अ.बं. १८८ नं. को प्रयोगको सम्बन्धमा व्याख्या भएको छ।

१८. महिला विरूद्ध हुने विवाद एउटा हिंसा वा घरेलु हिंसाको विवाद हो र प्रताडीत महिलाको विवाद पनि यसैभित्र पर्न आउँछ । समग्रमा हामीले प्रयोग गरेको अं.बं.१८८ नं. सबै विवादहरूको निमित्त हुने धेरै विवादमा यो कुन अवस्थामा प्रयोग हुने हो भन्ने कुराको आवश्यक तत्त्वको निर्धारण भएको देखिन्छ । अदालतले अं.बं.१८८ नं. को प्रयोग कर्तव्य ज्यान मुद्दामा अवस्था हेरी सजायमा छुट प्रदान गर्ने गरिन्छ । तर BWS भन्ने कुरा एक प्रकारले सम्बन्धित महिलाले पाउने कानूनी सुविधा हो जहाँ मृतक पीडक हुन्छ र महिला

20. नेकाप २०६६,अङ्ग ९, पृ. १४९४
21. नेकाप २०६१,अङ्क ६, पृष्ठ ७६९

प्रताडीत हुँदा पीडित भएकी हुन्छे। निज महिलाले गर्ने अपराध पीडाको उपज हुन आउँछ । अत: अं.बं.१८८ नं. ले मात्र BWS को सम्बोधन हुन नसक्ने हुँदा यसको लागि छुट्टै कानूनद्वारा सम्बोधन हुन आवश्यक देखिन्छ।

१९. प्रस्तुत मुद्दामा पनि मृतकले मृतकको हत्या जघन्य अपराध गरी आगो लगाई मारेको भए तापनि निजको उमेर अपराध हुँदा २९ वर्षको मात्र रहेको देखिन्छ । निजको जिम्मामा २ सन्तान छोरीको दायित्व रहेको छ। यसको अतिरिक्त निज मृतकसँग वैवाहिक सम्बन्ध स्थापना गरी आदर्श दाम्पत्य जीवन व्यतीत गर्ने सपना देखेकोमा मृतकबाट दिनरात कुटपीट, गालीगलौज, दैनिक रक्सी खाई घर व्यवहार नहेर्ने र परिवारको भार आफूले मात्र बोक्नुपर्ने भएकाले सम्पूर्ण पीडाबाट प्रताडीत मनोदशा (BWS) बाट एकाएक उत्पन्न भएको बदलाको भावनाबाट प्रेरित भई निजले मृतकको हत्या गरेको देखिए तापनि अनुसन्धानको क्रममा प्रहरी र अदालतमा बयान गर्दा साबित भई आफूले गरेको अपराधको स्वीकार गरी अनुसन्धान अधिकारी र अदालतलाई सहयोग गरेको देखिन आउँछ। अतः यी सबै तथ्यगत परिस्थिति र आफ्नै लोग्नेबाट हुने गरेको घरेलु हिंसाबाट प्रताडीत भई घरको पारिवारिक वातावरण नै कलहमय भएको हुँदा आजित अवस्थामा पुगी आफ्नै लोग्नेलाई मार्नुपर्ने अवस्थामा प्रतिवादी राधिका श्रेष्ठ पुग्न गएको अवस्था निजको दुई वटा नाबालिग छोरीहरूसमेत रहेको र निज नाबालिगहरूको पालनपोषण, रेखदेख संरक्षण गर्नुपर्ने तथ्यलाई समेत विचार गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा प्रतिवादीको अंशभागको हकमा सर्वस्व गर्नु नपर्ने र कैदको हकमा १० (दश) वर्ष सजाय हुने गरी व्यक्त भएको पुनरावेदन अदालत, पाटनको राय मनासिब देखिँदा सदर हुने ठहर्छ।

२०. साथै, उल्लिखित विवेचना, प्रतिपादित सिद्धान्त, प्रस्तुत उदाहरणहरू समेतको आधारमा अमेरिका, बेलायत, अस्ट्रेलिया, क्यानाडाजस्ता मुलुकहरूमा BWS को सम्बन्धमा सम्बन्धित विशेषज्ञको राय (expert's testimony on the BWS) प्रमाणमा लिई सो प्रमाणको आधारमा सजायमा कमी वा सजायबाट सफाइ दिने गरेको देखिन्छ। तर नेपालमा BWS को सन्दर्भमा प्रताडीत महिला अभियुक्तलाई चिकित्सक वा मनोविज्ञानविद्‌बाट परीक्षण गरी सो परीक्षण प्रतिवेदन वा विशेषज्ञको रायलाई प्रमाणमा लिने व्यवस्था रहेको पाइँदैन। उल्लिखित लक्षिमा वादी र जोककुमारी कार्कीको मुद्दामा यस अदालतबाट BWS को वर्णन गरिए तापनि BWS लाई प्रमाणमा ग्राह्यता दिने वा नदिने सम्बन्धमा केही बोलिएको पाइँदैन। उक्त मुद्दाहरूमा BWS को चर्चा अ.बं. १८८ नं. को प्रयोगको सन्दर्भमा मात्र गरिएको पाइन्छ । BWS को अवस्था अ.ब. १८८ नं. को भन्दा फरकफरक रहेकाले उक्त प्रतिपादित सिद्धान्त, परिवर्तित सन्दर्भ, समयको माग र

BWS को गाम्भीर्यतासमेतको आधारमा कर्तव्य ज्यान मुद्दामा BWS को परीक्षण गर्ने र सो परीक्षण प्रतिवेदन एवम् विशेषज्ञको रायलाई सजायमा आंशिक छुट वा सजायबाट पूर्ण सफाइ दिनको लागि प्रमाणमा ग्राह्य बनाउन उपयुक्त व्यवस्था हुन आवश्क देखिन आयो । अतः नेपालको सन्दर्भमा सोसम्बन्धी अध्ययन गरी आवश्यक कानून एवम् अन्य पूर्वाधारको यथाशीघ्र व्यवस्था गरी सोको जानकारी सर्वोच्च अदालतलाई गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् व्यवस्थापिका संसद सचिवालयको ध्यानाकर्षणसमेत गराइएको छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी राधिका श्रेष्ठलाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहऱ्याएको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको रायसहितको फैसलामा प्रतिवादीको अंशभाग सर्वस्व नगरी १० (दश) वर्ष कैद सजाय गर्ने राय सदर हुने ठहरेकाले प्रतिवादी मिति २०६८।१।३० देखि हालसम्म पनि कैदमा बसेको देखिएकाले सोही मितिबाट लागू हुने गरी मिति २०७८।१।२९ गतेसम्म थुनामा राख्न कैदीपुर्जी ठेकी सम्बन्धित कारागार कार्यालयलाई लेखी पठाइदिनु भनी सुरू काठमाडौं जिल्ला अदालतलाई लगत दिनू ....१

सोहीबमोजिम कैदमा अंश सर्वस्व गर्न न्यायसङ्गत नदेखिँदा सुरू काठमाडौं जिल्ला अदालतले प्रतिवादीको अंश भाग सर्वस्व गर्नु भनी राखेको लगत राखिरहनु नपर्ने हुँदा उक्त लगत कट्टा गर्नु भनी सुरूलाई लेखी पठाउनू..२

प्रस्तुत फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, व्यवस्थापिका संसद सचिवालय, कानून तथा न्याय मन्त्रालय र कानून आयोगलाई समेत दिनू ...........................३

प्रस्तुत फैसलाको जानकारी फैसला कार्यान्वयन महानिर्देशनालयसमेतलाई दिनू ................४

सुरू काठमाडौं जिल्ला अदालतको फैसलाले लगत नं. १०८२८ मा मिति २०६९।११।९ मा राखेको लगत कट्टा गरी सोको सट्टा यसै फैसलाबमोजिमको लगत राख्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाइदिनू ..........................................५

फैसलाको जानकारी थुनामा रहेकी प्रतिवादीलाई दिनू ................................६

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू .....................७

उक्त रायमा सहमत छु।
न्या. बैद्यनाथ उपाध्याय

इति संवत् २०७१ साल भदौ २७ गते रोज ६ शुभम्।
इजलास अधिकृतहरू : रमेश रिजाल, लोकनाथ पराजुली

## निर्णय नं.९२४३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री दीपकराज जोशी
फैसला मिति : २०७१।६।२९। ४
०६८-CR-१२२७

मुद्दा : कर्तव्य ज्यान ।

पुनरावेदक/वादी : प्रहरी निरीक्षक कमलप्रसाद खरेलको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : जिल्ला सर्लाही, मुसैली गा.वि.स. वडा नं. १ बस्ने रामईश्वर राय यादवसमेत

- **अनुसन्धान तहकिकातको सिलसिलामा कागज गराइएका व्यक्तिहरू जबसम्म अदालतमा आई आफूले बोलेका कुराहरू खम्बिर हुने गरी बकपत्र गर्दैनन् उक्त प्रमाणहरूलाई ग्राह्य भन्न नसकिने ।**

(प्रकरण नं. ४)

- **कुनै पनि हत्याको आपराधिक कार्य प्रमाणित हुनको लागि सो कार्य दुषित मनसाय (Mens Rea) राखी पूर्वयोजना बनाई कार्य (Actus Reus) गरिएको हुनुपर्दछ । सो कार्यको परिणामको पूर्वजानकारी (Foresightness of consequence) र परिणाम घटाउने इच्छा (Desire of consequence) समेत भएको हुनुपर्दछ । कर्तव्य ज्यान मुद्दामा प्रतिवादीहरूद्वारा गरिएको कार्यमा ती चार तत्त्वहरू रहेका थिए भन्ने कुरा वादी पक्षले नै ती कुरा स्थापित भएको प्रमाणित गर्नुपर्ने ।**

(प्रकरण नं. ७)

पुनरावेदक/वादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता टिकेन्द्र दाहाल

प्रत्यर्थी/प्रतिवादीको तर्फबाट :

अवलम्बित नजिर :

- *नेकाप* २०४८, अङ्क ५, नि.नं. ४२८७, पृ. १८६
- सर्वोच्च अदालत बुलेटिन २०५९, वर्ष ११, अङ्क ९, पृ.१९

सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं., १३(३) र १६ नं.
- प्रमाण ऐन, २०३१ को दफा १८

सुरू तहमा फैसला गर्ने :
मा.जि.न्या.श्री कुलप्रसाद शर्मा

पुनरावेदन तहमा फैसला गर्ने :

मा.मु.न्या.श्री अली अकवर मिकरानी

मा.जि.न्या.श्री द्वारिकामान जोशी

फैसला

**न्या. सुशीला कार्की :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।६।२ को फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यस प्रकार छ :

जिल्ला सर्लाही, मलङ्गवा नगरपालिका वडा नं.२ मा बस्ने वर्ष २९ की पचियादेवीलाई हत्या गरी सो स्थानदेखि आधा कि.मि. दक्षिण नेपाल भारतको सिमाना नजिक धान खेतमा मृतक फेला परेको भन्ने व्यहोराको मिति २०६१।७।२४ गतेको रिपोर्ट जाहेरी।

जिल्ला सर्लाही, मलङ्गवा नगरपालिका वडा नं.२ स्थित राजश्री सिनेमा हलदेखि १०० गज तथा कृष्णहरि रामहरिको घरदेखि पश्चिम, रमेश साहको घरदेखि पूर्व, श्यामकिशोरको खाली जग्गादेखि उत्तर, हुलाकी सडकदेखि दक्षिण यति ४ किल्लाभित्र रहेको उत्तर मुखको मूलढोका भएको पचियादेवी सुत्ने गरेको घर कोठा घटनास्थल सो कोठाभित्र खाटमाथि विस्ताराको डसना तकियाको खोलमा रगत जस्तो लागेको सोही कोठामा लेडिज साडी जस्तो गम्छा रहेको बाहिरपट्टि झ्यालमा जेन्स लुँगी रहेको भन्ने व्यहोराको घटनास्थल मुचुल्का।

नेपाल भारत सिमाना नजिक ३२६।१ नं. को पिलरदेखि १०० गज उत्तर नेपालतर्फ धान खेतमा मृतक लास रहेको, मृतक लासको खुट्टामा तन्नाले बाँधिएको अवस्थामा रहेको, माथि जीउमा कपडा नभएको, मुख अनुहारमा कीरा परी मासु झरेको, बायाँ हातको नाडीमा पचियाकुमारी नाम लेखेको, टाउकोको रौँ झरी लासको शरीरमा कीरा परी दुर्गन्ध आएको, मृतक लासदेखि १०० गज उत्तर धान खेतमा बुन्दै गरेको स्विटर फेला परेको सोमा रगत लागेको जस्तो देखिएको मृतक पचियादेवीको लास जाँच मुचुल्का ठीक छ भन्ने व्यहोराको लास जाँच मुचुल्का।

मृतक पचियादेवीको पति सियास्वरूप रायको मृत्यु भएपछि पचियादेवीलाई सौतापक्षको छोरा नातिहरूले खानलाउन नदिएकोमा पचियादेवीले अदालतमा अंश मुद्दा दिई अदालतबाट अंशसमेत पाई मलङ्गवा नगरपालिका वडा नं. २ स्थितको घरमा बस्न थालेपछि सौतापक्षका छोरा योगेन्द्र राय नातिहरूसमेत आई गाली बेइज्जती तथा ज्यानमार्ने धम्कीसमेत दिँदै आएका थिए भन्नेसमेत व्यहोराको घटनास्थल आसपासका मानिसहरूले बकी लेखाएको घटना विवरण कागज।

मृतक पचियादेवीको हत्या सम्बन्धमा बुझ्दा मृतकका सौतापक्षका छोरा योगेन्द्र राय, राजेन्द्र राय, महेन्द्र राय, रामचन्द्र राय, नाति

रामईश्वर राय, राम कैलास राय, प्रमोद राय, रामप्रताप राय, रामएकवाल राय, संजय राय, मलङ्गवा नगरपालिका ३ बस्ने भोला साह, भारत सोनवर्षा बस्ने अजय महतोसमेत भई हत्या गरेको बुझिएको भन्ने व्यहोराको प्र.नि. कमलप्रसाद खरेलको प्रतिवेदन जाहेरी।

मृतक पचियादेवीको मिसिल संलग्न पोस्टमार्टम प्रतिवेदन।

पचियादेवीले ज्यानको शान्ति सुरक्षा गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा दिएको सक्कलै निवेदन । मृतक पचियादेवी सौतेनी सासु हुन्। निजलाई कोकसले हत्या गरे थाहा भएन । मेरा पति योगेन्द्र राय तथा देवर, मेरा छोरा, भतिजाहरूले हत्या गरेका होइनन् भन्ने व्यहोराको जिल्ला सर्लाही, मुसैली गा.वि.स. वडा नं. १ बस्ने योगेन्द्रप्रसाद यादवकी श्रीमती जगतारणदेवीले हुलाकद्वारा पठाएको जाहेरी।

हुलाकद्वारा पठाएको जाहेरी मैले नै दिएको हुँ। देखी पहिचान गरी सनाखत गरिदिएँ भनी जगतारणदेवीले गरेको सनाखत कागज।

मृतक पचियादेवीले सौतापक्षका ४ भाइ छोरासमेतउपर अंश मुद्दा अदालतमा दायर गरी अंश पाएकी, सोही रिसइबिबाट हत्या भएको हो । उक्त मुद्दामा अनुसन्धान गरी दोषीलाई कारवाही गरिपाउँ भन्ने व्यहोराको मलङ्गवा निवासी सचेत नागरिकले हुलाकद्वारा पठाएको जाहेरी दरखास्त।

प्रतिवादीहरूलाई खोज तलास गर्दै जाँदा प्रतिवेदन जाहेरीमा उल्लिखित प्रतिवादीमध्येका जिल्ला सर्लाही, मलङ्गवा नगरपालिका बस्ने भोला भन्ने सुरेश साह तेली फेला परेकाले निजलाई पक्राउ गरी यसै निवेदन साथ दाखिल गरेको छु भन्नेसमेत व्यहोराको प्र.ना.नि. सोनेलाल मण्डलको प्रतिवेदन।

मृतक पचियादेवीका सौतापक्षका छोरा नातिहरूले दुःख हैरानी दिँदै आएको र घटनाको ३/४ दिन घटनास्थल वरिपरि हिँडेको देखेको थिएँ । पचियादेवीलाई निजका पक्षका छोरा नातिसमेत भई हत्या गरेको हुनुपर्छ भन्ने व्यहोराको घटनास्थल आसपासका मानिसहरू जुगकिसोर साहसमेतले गरेको घटना कागज।

विश्वज्योति बैङ्कमा काम गर्ने भएकाले चिनजान भएको २०६१।७।१४ गते साथी रामईश्वर रायको घरमा जाँदा निजका बाबु योगेन्द्र राय, काका महेन्द्र राय, रामचन्द्र राय, भाइ रामकैलास राय, प्रमोद राय, रामप्रताप राय, रामएकवाल राय, संजय रायसमेत बसी पचियादेवीले आफ्नो अंश अदालतबाट जितेपछि हाम्रो सम्पत्ति हानि नोक्सानी गर्ने भयो। यसलाई पन्छाउनुपर्ने भयो भन्ने सल्लाह भएअनुसार भारत सोनवर्षा बस्ने अजय महतो र मसमेत भई पचियादेवीलाई नाक मुख घाँटी थिची हत्या गरी मृतक लास सो स्थानदेखि दक्षिण बोर्डर नजिक धानखेतमा फालेको हुँ भन्ने व्यहोराको पक्राउ परेका प्रतिवादी भोला भन्ने सुरेश साहतेलीले अनुसन्धानको क्रममा गरेको बयान कागज।

परीक्षणको लागि पठाएको रगत नमुना

एकआपसमा एकै ग्रुपको रगत हो भन्ने व्यहोराको प्रहरी वैज्ञानिक प्रयोगशालाको प्रतिवेदन।

फरार रहेका प्रतिवादीहरूलाई खोज तलास गर्दा गाउँ घरमा फेला नपरेको भन्ने व्यहोराको प्र.ना.नि. सोनेलाल मण्डलको प्रतिवेदन।

मृतक पचियादेवी र निजका सौतापक्षका छोरा योगेन्द्र राय, महेन्द्र राय, रामचन्द्र राय, राजेन्द्र राय र नातिहरूसमेतसँग अंश मुद्दा जितेपछि वाद विवाद हुँदै आएको थियो । योगेन्द्र रायको श्रीमती जगतारणदेवीले बचाउनको लागि हुलाकद्वारा जाहेरी दिएकी हुन् भन्ने व्यहोराको बुझिएका सलाम मियाँसमेतले बकी लेखाएको कागज।

मृत्युको कारण पोस्टमार्टम प्रतिवेदनमा र प्रतिलिपिसमेतमा खुलाई पठाएको भन्ने व्यहोराको सर्लाही अस्पतालको पत्र।

घटनास्थल तथा लासप्रकृति मुचुल्का, घटनास्थल आसपासका बुझिएका व्यक्तिहरूको कागज, प्रहरी निरीक्षक कमलप्रसाद खरेलको प्रतिवेदन, मृतक पचियादेवीको पोस्टमार्टम रिपोर्ट, निजले जीवित छँदैको अवस्थामा शान्ति सुरक्षाको लागि जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा दिएको निवेदन, पक्राउ परेको भोला भन्ने सुरेश साहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज, बुझिएका प्रमाणका मोहन ठाकुरसमेतको कागजलगायत सङ्कलित सम्पूर्ण सबुद प्रमाणका आधारमा मृतक पचियादेवीको मृत्यु कर्तव्यबाट भएको भन्ने तथ्य प्रमाणित हुन आएको विरूद्ध खण्डका प्रतिवादीहरू भोला भन्ने सुरेश साह, योगेन्द्र राययादव, राजेन्द्र राययादव, महेन्द्र भन्ने सुरेन्द्र राययादव, रामचन्द्र राययादव, रामईश्वर राययादव, अजय महतोसुडीसमेतका प्रतिवादीहरूले उल्लिखित मलङ्गवा नगरपालिका स्थित पचियादेवीको घरमा अंश सम्पत्ति लिएको कारणबाट निजका सौताका छोरा योगेन्द्र रायसमेतले सल्लाह योजना बनाई रामईश्वरले आफ्नो साथी भोला भन्ने सुरेश र अजय महतोसमेतको सहयोग लिई २०६१।७।२० गते राति कर्तव्य गरी मारेको प्रमाणित हुन आएको र यो यसको चोटबाट मृत्यु भएको भन्ने तथ्य देखिन खुल्न आएको नहुँदा विरूद्ध खण्डका प्रतिवादीहरू भोला भन्ने सुरेश साहसमेतका सम्पूर्ण प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. १३(३) र १६ नं. को कसुर अपराधमा ऐ. महलको १३ (३ ) नं. र १६ नं. अनुसार सजाय हुन माग दावी लिएको छ भन्नेसमेत व्यहोराको अभियोग दावी।

मसमेत भई पचियादेवीलाई कर्तव्य गरी मारेको होइन । निजलाई को कसले कर्तव्य गरी मारे मराए मलाई थाहा जानकारी छैन । मउपरको अभियोग दावी सबै झुट्ठा हो । अन्य प्रतिवादीहरूले पचियादेवीलाई मारे नमारेको मलाई थाहा जानकारी छैन । मैले निज पचियादेवीलाई मार्नुपर्ने कुनै कारण छैन। अन्य प्रतिवादीसँग मृतकको अंश मुद्दा भए नभएको मलाई कुनै कुरा पनि थाहा जानकारी छैन। मलाई विश्वज्योति बैङ्कको रूपैयाँ उठाउन

हिडेको अवस्थामा आजभन्दा डेढ महिनाअगाडि पक्राउ गरी थुनेका हुन् । मैले कसुर अपराध नगरेको हुँदा मलाई सजाय हुने होइन भन्नेसमेत व्यहोराको अभियोगसाथ पेस भएका प्रतिवादी भोला भन्ने सुरेश साह तेलीले अदालतमा गरेको बयान कागज।

मृतक पचियादेवीले लगाएको पेन्टि (जाघीया) को भित्रपट्टि धेरै ठाउँमा वीर्यको दाग (टाटा) हरू लागेको देखिएको थियो । मृतकको मृत्यु ३/४ दिन पहिला नै भई लास सडिसकेको साथै लासमा कीरासमेत लागिसकेको हुनाले निजको Vagina मासमेत कीरा लागिसकेको हुनाले निजको Vagina बाट Vaginal Swab लिने अवस्था नभएको र लिँदा पनि Vaginal swab बाट पनि केही जाँचमा आउने सम्भावना नभएको र निजले लगाएको पेन्टिमा लागेको वीर्यसमेत बढी समय भइसकेको हुनाले जाँचमा पनि केही आउने सम्भावना नभएकाले साथै निजको पोस्टमार्टमसमेत खुला फिल्डमा नै भएको र मृतक लास पूरै सडिसकेको कीरासमेत लागिसकेको हुनाले जबर्जस्ती करणीका अन्य लक्षणहरूसमेत समाप्त भैसकेको थियो भन्ने जिल्ला स्वास्थ्य कार्यालय, सर्लाहीले खुलाई पठाएको च.नं. ३०३ मिति २०६१।१२।७ गतेको पत्र।

मसमेत भै निज पचियादेवीलाई कर्तव्य गरी मारेको होइन । कसले मारे मलाई थाहा छैन । सो २०६१।७।२० गते म मलङ्गवा तथा मसैलीमा थिएँ । २०६१ साल कात्तिक १ गते जिल्ला सिरहा, औरही गा.वि.स. मा मेरो ससुराल हुँदा घुम्न गई २०६१ साल कात्तिक २९ गते मात्र घर आउँदा हजुर आमा पचियादेवीको कुन कसले मारेछन् भन्ने थाहा जानकारी पाएको हुँ । हजुरआमाले बाबुहरूसँग यसै अदालतबाट अंश मुद्दा लिइसकेकी हुँदा मार्नुपर्ने कुनै कारण छैन । गाउँका पाटापाटीले गर्दा दुःख दिन झुट्टा मुद्दा दिएका हुन् । आफनो हजुर आमा पचियादेवीलाई हामीले मार्नुपर्ने कुनै कारण छैन । मसमेत भई मारेको होइन । मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको फरार प्रतिवादी रामकैलास राययादवले अदालतमा आई गरेको बयान कागज।

अभियोग दावीअनुसारको मैले कसुर अपराध गरे गराएको होइन । अभियोग दावी सुनेँ । निज पचियादेवी मेरी हजुर आमा हुनुहुन्थ्यो । निज पचियादेवीले अदालतबाट अंश मुद्दा दायर गरी अंश लिइसकेकी थिइन । हामीले निजलाई मार्नुपर्ने कुनै कारण छैन । को कसले किन कसरी मारे मराए मलाई थाहा छैन । मलगायतका हाम्रो परिवारले पचियादेवीलाई कर्तव्य गरी मारेको होइन कसले मारे मलाई थाहा छैन । म २०४७ सालदेखि काठमाडौंमा छु । म सोदिन कुमारी उच्च माध्यमिक विद्यालय बौद्धमा शिक्षक पदमा काम गरेको हाजिरी रेकर्ड मसँग छ । म काठमाडौंमा भएको मानिस सर्लाही मलङ्गवामा वारदात गर्न आउने कुरै छैन । गाउँका पाटापाटीले दुःख दिन मउपरसमेत झुट्टा

पोल उजुरी गरेका मात्र हुन् । मैले कर्तव्य गरी मारेमराएको नहुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने व्यहोरा फरार प्रतिवादी रामएकवाल राययादवले अदालतमा आई गरेको बयान कागज ।

मसमेत भई निज पचियादेवीलाई कर्तव्य गरी मारेमराएको होइन । अभियोग दाबी झुट्ठा हो । गाउँको पाटापाटीले गर्दा मलाई दुःख दिन म र मेरो परिवारका सदस्यसमेतउपर झुट्ठा अभियोग लगाएको मात्र हो । मृतक पचियादेवी मेरो सौतेनी आमा हुनुहुन्छ । निजले हामीउपर यस अदालतमा अंश मुद्दा दिई फैसला भई अंश पाउने ठहरी यस अदालतबाट फैसला भई पुनरावेदन अदालतबाट सदर भएपछि हाम्रो पुनरावेदन सर्वोच्च अदालतमा परेको थियो । हामी ५ अंशियारबाट विभिन्न छोरासमेत १०।१२ भाग लाग्ने सामान्य जग्गा सम्पत्ति पाउन हामीले सौतेनी आमा पचियादेवीलाई मार्नुपर्ने कुनै कारण छैन । को कसले के कसरी मारे मलाई थाहा छैन । दावी झुट्ठा हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको फरार प्रतिवादी योगेन्द्र राययादवले अदालतमा आई गरेको बयान कागज ।

मसमेत भई पचियादेवीलाई कर्तव्य गरी मारेको मार्न लगाएको समेत होइन । कुन कसले मारे मलाई थाहा छैन । म २०६१ साल कात्तिक १८ गते गोरू (वैल) किन्न भनी जिल्ला धनुषा, पर्वाहा गाउँमा गएको थिएँ । मलाई डायरीया (झाडा) भएको बिरामी भई त्यहीँ प्राथमिक उपचार गराई ऐ. २२ गते साँझ मात्र आफ्नो घर आएको थिएँ । वारदात भयो भनिएको समयमा गाउँ घरमा म नहुँदा मउपरसमेत गरिएको पोल उजुरी अभियोग झुट्ठा हो । मलाई सजाय हुने होइन । पचियादेवी मेरा सौतेनी हजुर आमा हुनुहुन्छ । निजले यस अदालतबाट अंश मुद्दा बुबा काकाहरूउपर दायर गरी अंश पाउने फैसला भएको थियो । धेरै अंशियार भएको हुँदा अंश सम्पत्ति कम नै हुन्छ । हजुर आमाले पाएको सम्पत्ति पछि हाम्रो नै हो उहाँका सन्तान छैनन् । त्यसकारण हामीले मार्नुपर्ने अवस्था नै छैन । कुन कसले कसरी मारे मलाई जानकारी भएन । हजुर आमालाई मार्नुपर्ने अवस्था नै छैन । पोल झुट्ठा हो भन्नेसमेत व्यहोराको फरार प्रतिवादी रामईश्वर राययादवले अदालतमा आई गरेको बयान कागज ।

मसमेत भई कर्तव्य गरी मारेको होइन । कुन कसले मारेको हो मलाई थाहा छैन । मृतक पचियादेवी हाम्रो सौतेनी आमा हुनुहुन्छ । आमाले दाजु योगेन्द्र राय, माहिलो राजेन्द्र राय, साहिँलो सुरेन्द्र राय, कान्छो मसमेतउपर ५ भागको १ भाग अंश मागी यसै अदालतमा पचियादेवीले अंश मुद्दा दायर गरी अंश पाउने ठहरी फैसला भएपछि सो मुद्दा सर्वोच्च अदालतमा चलिरहेको थियो । हामी दाजु भाइसमेत बन्डा छुट्याई अलग बसेका छौँ । धेरै ठूलो परिवार सम्पत्ति थोरै भएकाले आमाले ५ भागको १ भाग सम्पत्ति पाए पनि निजको तर्फ सन्तान नहुँदा सो सम्पत्ति हाम्रो हुने हुँदा आमालाई मार्नुपर्ने कुनै कारण छैन। हाम्रो परिवारले मारे मराएको होइन। गाउँको

पाटापाटीले गर्दा हामीलाई दुःख दिन झुट्टा मुद्दा लगाएका हुन् । मलाई सजाय हुने होइन भन्नेसमेत व्यहोराको फरार प्रतिवादी रामचन्द्र राययादवले अदालतमा आई गरेको बयान कागज ।

मसमेत भई मृतक पचियादेवीलाई कर्तव्य गरी मारेको होइन । कुन कसले किन मारे मलाई थाहा छैन । म सानैदेखि धनुषा जिल्लाको डिवडिहा गा.वि.स. मा मामाको घरमा पढी एसएलसी पास गरेको हुँ । मामालाई भेट्न भनी २०६१ साल कात्तिक १६ गते गएको ऐ.१७ गते बिरामी परी पेट दुख्ने र झाडा दिसा लाग्ने भएको हुनाले परवाहा प्राथमिक उपचार केन्द्रमा भर्ना भई २० गतेसम्म त्यहीँ उपचार गराई मामाघरमा बसी मङ्सिर १० गते मात्र आफ्नो घरमा आएको हुँदा कुन कसले मारे मलाई थाहा छैन । पचियादेवी मेरी सौतेनी हजुर आमा हुनुहुन्छ । बुवाहरूसँग अंश लिनुभएको भन्ने कुरा हालमात्र सुनेको हुँ । हाम्रो परिवार ठूलो भएकाले सम्पत्ति जग्गा जमिन कम नै छ । हजुर आमाले कुनै धेरै सम्पत्ति लिएको पाएकोसमेत छैन । फेरि सो सम्पत्ति उहाँका सन्तान नभई हामी नाति छोराले नै पाउने हुँदा निज पचियादेवी हजुर आमालाई मार्नुपर्ने कुनै कारण नै छैन । हामीउपरको आरोप सबै झुट्टा हो भन्नेसमेत व्यहोराको फरार प्रतिवादी रामप्रताप राययादवले अदालतमा आई गरेको बयान कागज ।

मउपरसमेतको अभियोगपत्र झुट्टा हो । मसमेत भई पचियादेवीलाई कर्तव्य गरी मारेको होइन । को कसले मारे मलाई थाहा छैन । म रामईश्वर रायसँग गोरू (वैल) किन्न जिल्ला धनुषा, पर्वाहा गाउँमा गएको थिएँ । दाजु रामईश्वर राय विरामी भई झाडा (दिसा पखाला) लागी त्यहीँ उपचार गराई २०६१।७।२० मा प्राथमिक उपचार केन्द्रमा स्वास्थ्यकर्ताले उपचार गरी ऐ. २२ गतेमात्र दाजुसँगै घर आएको हुँ । सोको प्रमाण दाजु प्र. रामईश्वर रायले बयानसाथ पेस गरेको छ । हजुर आमालाई मसमेतले मारेको छैन र मार्नुपर्ने कुनै कारण पनि छैन । मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको फरार प्रतिवादी संजय राययादवले अदालतमा आई गरेको बयान कागज ।

प्रतिवादीहरू राजेन्द्र राय यादव, महेन्द्र भन्ने सुरेन्द्र राययादव र प्रमोद राय यादवका नाउँमा जारी भएको वारेन्ट तथा म्यादी पुर्जीका म्यादमा निजहरू हाजिर नभई फरारै रहे बसेका ।

पचियादेवीले अंश मुद्दा जितेपछि सधैँका लागि पचियादेवीलाई हटाउनुपर्छ भनी प्रतिवादीहरूबीच सल्लाह भएको छैन । मैले अनुसन्धानका क्रममा गरेको कागज मैले भनेबमोजिम लेखिएको हैन । पहिले नै तयार गरिरहेको कागजमा मलाई सही छाप गराएका हुन् । कुनै पनि व्यहोरा मैले लेखाएको थिइन । उक्त व्यहोरा लेखिएको कागज झुट्टा हो । सीधै सहीगर् भनेकाले सहीमात्र गरेको हुँ । मृतक पचियादेवीको लास मैले देखिन बोर्डरनेर लास छ भन्ने कुरा मैले सुनेको थिएँ । मृतक पचियादेवीको आचरण ठीक थिएन । निजलाई क-कसले मारी फालेका हुन् मलाई थाहा

छैन । मृतकको प्रतिवादीहरूसँग राम्रो सम्बन्ध थियो भन्ने व्यहोराको वादी पक्षका गवाह अकुप मियाँले यस अदालतमा आई बकेको बकपत्र ।

मृतक तथा प्रतिवादीहरूबीच कुनै मुद्दा मामिला चलेको मलाई थाहा जानकारी छैन । मिति २०६१।७।२४ गते मैले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज प्रहरीले पहिले व्यहोरा लेखी तयार पारिराखेको कागजमा सही छाप गराएका हुन् । मैले मृतक पचियादेवीको लास देखेको थिइन । प्रहरीले पञ्चनामा तथा मिलापत्रको कागज हो भनी सहीगर् भनी जबर्जस्ती सही छाप गराएका हुन् भनी वादीपक्षका अर्का गवाहहरू रामआज्ञ राय र मोहन ठाकुरले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६१।७।२० गतेका दिन म तथा प्रतिवादी भोला भन्ने शुरेस साह तेली आफ्नै गाउँको घरमा सँगै राति एउटै खाटमा सुतेका थियौं । मृतक पचियादेवीलाई यी प्रतिवादी भोला भन्ने सुरेश साह तेलीले कर्तव्य गरी मारेमराएका हैनन् । निजउपरको अभियोग दावी झुट्ठा हो । मृतकको हत्या भएको कुरा मैले मिति २०६१।७।२४ गते मात्र सुनेको हुँ । मृतक पचियादेवीको चाल चलन राम्रो थिएन । कसले निजलाई कर्तव्य गरी मारे मलाई थाहा छैन । प्रतिवादी भोला भन्ने सुरेश साहतेलीले अभियोग दावीबाट सफाइ पाउनुपर्ने हो भनी प्रतिवादी भोला भन्ने सुरेश साह तेलीका साक्षी राजेश राय यादवले गरेको बकपत्र ।

मिति २०६१।७।२० गते म आफनै गाउँ घरमा थिएँ । उक्त दिन प्र. राम कैलाससँग साँझमा आएको थिएँ । प्र. राम कैलासले पचियादेवीको हत्या गरेका होइनन् । जाहेरी व्यहोरा, बुझिएका व्यक्ति, अभियोग दावी प्र. शुरेस साहले प्र. राम कैलास रायउपर लगाएको आरोप बयान झुट्ठा हो भन्नेसमेत व्यहोराको प्र. राम कैलासका साक्षी विजयकुमार दास यादवले गरेको बकपत्र ।

मिति २०६१।७।२० गते पचियादेवीको हत्या गरेको भनी प्रतिवादीहरू रामईश्वर राय, रामचन्द्र राय, योगेन्द्र राय, रामप्रताप रायसमेतउपरको अभियोग दावी झुट्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी रामचन्द्र रायसमेतका साक्षी रामवली राय यादवले गरेको बकपत्र ।

मिति २०६१।७।२० गते पचियादेवीको हत्या गरेको भनी प्र.रामचन्द्र राय, प्र. रामप्रताप राय प्र. सजय रायसमेतउपरको अभियोग दावी झुट्ठा हो । ककसले पचियादेवीको हत्या गरे थाहा छैन, पचियादेवीको आचरण ठीक थिएन, निजको सम्बन्ध अपराधी किसिमका व्यक्तिहरूसँग थियो । जाहेरी अनुसन्धानका क्रममा भएका कागज प्र. सुरेशले प्रहरीमा गरेको बयान झुट्ठा हो । प्रतिवादीहरूले झुट्ठा दावीबाट सफाइ पाउनुपर्दछ भन्नेसमेत व्यहोराको संजय रायसमेतका साक्षी हरिनारायण रायले गरेको बकपत्र ।

प्र. रामकैलास मिति २०६१।७।१ गते मैरै घर सिरहा आई त्यहाँबाट मिति २०६१।७।२९ गते आफनो घर फर्कनुभएको हुँदा अभियोग दावी झुट्ठा हो भन्नेसमेत व्यहोराको प्र. रामकैलासका

साक्षी दिलिपकुमार दासले गरेको बकपत्र।

त्यस्तै मिति २०६१।७।२० गते प्र. योगेन्द्रको उपचारको क्रममा एच.एम.टि. हस्पिटल सीतामढीमा म र योगेन्द्र सँगै थियौं। अरू प्रतिवादीहरू रामईश्वर, संजय, रामप्रताप, रामचन्द्र पनि उक्त मितिमा घरमा नभएकाले प्र. योगेन्द्रसमेत उपरको अभियोग दावी झुट्टा हो भन्नेसमेत व्यहोराको प्र. योगेन्द्र रायसमेतका साक्षी भिखारी रायले गरेको बकपत्र।

त्यस्तै मिति २०६१।७।२० गते म काठमाडौंमा थिएँ। उक्त मितिमा प्रतिवादी रामएकवाल राय मेरो पसल हुँदै कुमारसी उच्च मा.वि. मा पढाउन जानुभएको थियो। प्र. रामएकवाल राय उक्त मितिमा म सँगसँगै काठमाडौंमा भएको हुँदा निजउपरको अभियोग दावी झुट्टा हो। निजले अभियोग दावीबाट सफाइ पाउनुपर्ने हो भन्नेसमेत व्यहोराको प्रतिवादी रामएकवाल राय यादवका साक्षी अरूणकुमार यादवले यस अदालतमा आई गरेको बकपत्र।

मिति २०६१।७।२० गतेका दिन म आफनो गाउँ घर मुसैलीमा थिएँ। प्रतिवादी रामप्रताप राय मामा घर धनुषा, देवडिया कात्तिक १६ गते नै गएका थिए। प्रतिवादी संजय राय, रामईश्वर राय गोरू किन्न ऐ. १८ गते जनकपुर गएकोमा राम प्रताप ऐ. मङ्सिर १० गते तथा रामईश्वर राय र संजय राय ऐ. कात्तिक २२ गते घर फर्किएका हुँदा निजहरूले अभियोग दावीअनुसारको अपराध गरे गराएका छैनन् हैनन्। निजहरूले आरोपित अभियोगबाट सफाइ पाउनुपर्ने हो भनी प्रतिवादी संजय राय र रामप्रताप रायका साक्षी रामआधार महतोले यस अदालतमा आई बकेको बकपत्र।

प्रतिवादी संजय राय यादव, रामप्रताप राय यादव, रामचन्द्र राय यादव, रामईश्वर राय यादव, योगेन्द्र राययादव, रामएकवाल राय यादव, रामकैलास राय यादव र भोला भन्ने सुरेश साहतेलीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सबैलाई जन्म कैदको सजाय हुने ठहर्छ भनी सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६४।३।२७ गते भएको फैसला।

म निर्दोष व्यक्तिलाई जन्मकैदको सजाय हुने भनी गरेको सर्लाही जिल्ला अदालतको फैसला तथ्य, कानून र नजिरको व्याख्यामा घोर उल्लङ्घन भएको हुँदा उक्त मिति ०६४।३।२७ को फैसला बदर गरी अभियोग दावीबाट सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रामईश्वर राय यादवको पुनरावेदनपत्र।

सुरूको फैसला फरक पर्नसक्ने देखिँदा अ.बं. २०२ नं. को प्रयोजनको लागि पुनरावेदन सरकारी वकिल कार्यालय, जनकपुरलाई पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०६५।५।२९ को आदेश।

सर्लाही जिल्ला अदालतको फैसलामा प्रमाणको मूल्याङ्कन हुन नसकेको भई सो इन्साफ फरक पर्ने देखिएकाले प्रस्तुत मुद्दामा पुनरावेदन सरकारी वकिल कार्यालय, जनकपुरलाई पेसीको सूचना दिई लगाउको फौ.पु.

नं. ०२०१३ को कर्तव्य ज्यान मुद्दा साथै राखी पेस गर्नु भन्ने मिति २०६६।५।१० को आदेश।

प्रस्तुत मुद्दामा एउटा तथ्यको अर्को तथ्यसँग मालाकार कडी (Chain of Link) को रूपमा आबद्ध भएको देखिँदैन । मृतकलाई मार्न यी प्रतिवादीहरू मृतकको घरमा भएको र मृतकलाई मारी सकेपछि लास बोर्डरतर्फ लाँदै गरेको देख्ने साक्षीको अभाव स्पष्ट देखिन्छ । घटनास्थलमा प्रतिवादीहरूको खिलापमा प्रमाण लाग्ने गरी कुनै प्रमाण भेटिएको पनि छैन । अतः सुरू जिल्ला अदालतले परिस्थितिजन्य प्रमाणलाई आधारमानी शङ्का र विश्वासको आधारमा प्रतिवादीहरूलाई आरोपित कसुर कायम गरी सजाय गर्ने गरेको फैसला मिलेको नहुँदा उल्टी हुने ठहर्छ । वादीपक्षबाट लिएको अभियोग दावीमा प्रतिवादीहरूको कसुर पुष्टि गर्न सकेको नहुँदा शङ्का र विश्वासको आधारमा मात्र प्रतिवादीहरूको कसुर पुष्टि हुन सक्ने नहुँदा आरोपित कसुरबाट पुनरावेदक प्रतिवादी रामईश्वर राययादव तथा अन्य पुनरावेदन नगर्ने प्रतिवादीहरूसमेतलाई मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम सफाइ पाउने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।९।८ को फैसला।

मिति २०६१।७।१८ गते आफ्ना नातेदारकहाँ जनकपुर रूपैयाँ लिन गई म डाइबेटिजको रोगी हुँदा वान्ता तथा पेट दुखेको कारण जानकी मेडिकल, जनकपुरमा भर्ना भई २०६१।७।२३ गते अस्पतालबाट डिस्चार्ज भई त्यसपछि रूपैयाँ लिएर हामी बाबु छोरा जनकपुरबाटै भारतको लुधियाना गयौँ । मिति २०६१।७।२४ को जाहेरी दरखास्त झुट्ठा हो जनकपुरबाटै लुधियाना गई मिति २०६६।१।१ गते फर्की आएको हुँ । घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का सम्बन्धमा मलाई थाहा छैन । प्रहरी प्रतिवेदन झुट्ठा हो । शवपरीक्षण प्रतिवेदन सम्बन्धमा मलाई थाहा छैन । मिसिल संलग्न फोटो कसको हो भन्न सकिन । भोला भन्ने सुरेश साहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान तथा मिसिल संलग्न रहेको घटना विवरण कागज झुट्ठा हो । अभियोग दावी झुट्ठा हो । मैले कुनै कसुर अपराध नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी राजेन्द्र राययादवले अदालतमा गरेको बयान।

म २०६१।६।१ गते भारतको पन्जावमा ज्याला मजदुरी गर्न गई मिति २०६६।१।५ गते मात्र आफ्नो गाउँघरमा आएको हुँ । जाहेरी दरखास्त झुठो हो । घटनास्थल मुचुल्का तथा जाँच मुचुल्का सम्बन्धमा मलाई थाहा छैन । प्रहरी प्रतिवेदन झुट्ठा हो । शवपरीक्षण प्रतिवेदन र फोटो सम्बन्धमा मलाई थाहा छैन । हुलिया जाहेरी सम्बन्धमा मलाई थाहा छैन । मैले कुनै अपराध गरेको छैन । सुरेश साहको बयान व्यहोरा झुट्ठा हो । घटना विवरण कागज झुट्ठा हो । ममाथिको अभियोग दावी झुट्ठा हो । मैले कुनै कसुर गरेको छैन । मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी महेन्द्र भन्ने सुरेन्द्र

रामयादवले अदालतमा गरेको बयान।

मिति२०६१।७।२४ को जाहेरी दरखास्त झुट्ठा हो । मिति २०६१।७।१८ गते म आफ्नो बुबा राजेन्द्र रायसँग पैसा माग्दा उहाँले जनकपुर नातेदारकहाँ पैसा छ। त्यहीँ जाउँ भन्दा म आफ्नो बुबासँग सोही दिन जनकपुर गएर बुबालाई सन्चो नभएको कारण उपचार गराइ मिति २०६१।७।२३ गते पैसा लिई व्यापारको सिलसिलामा भारतको लुधियाना गयौँ । मृतक पचियादेवीको मृत्यु सम्बन्धमा मलाई केही थाहा छैन । घटनास्थल मुचुल्का तथा लास परीक्षण प्रतिवेदन सम्बन्धमा मलाई केही थाहा छैन। भोला भन्ने सुरेश साहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान झुट्ठा हो। मिसिल संलग्न घटना विवरण कागज झुट्ठा हो । दसीका सामान सम्बन्धमा मलाई थाहा छैन ।अभियोग दावी सम्पूर्ण झुट्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी प्रमोदकुमार यादवले अदालतमा गरेको बयान।

जाहेरी दरखास्त तथा भोला भन्ने सुरेश साहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान झुट्ठा हो । घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, प्रहरी प्रतिवेदन, जीउज्यानको शान्ति सुरक्षा गरिपाउँ भनी दिएको निवेदन, जगतारणदेवीको हुलिया जाहेरी घटना, आसपासका मानिसले गरेको कागज, घटना विवरण कागज सम्बन्धमा मलाई थाहा छैन। मउपरको अभियोग दावी झुट्ठा हो। मैले कुनै कुरा अपराध नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी अजयकुमार महतोले गरेको बयान।

मिति २०६१।७।२० गते म भारतको पन्जावमा थिएँ। प्रतिवादी सँगसँगै काम गरेको थिएँ । प्रतिवादी २०६१ साल असोजमा त्यहाँ परिवारसहित गई मिति २०६६।१।५ गते परिवारसहित आफ्नो घर फर्केका हुन् । प्रतिवादीउपर लगाइएको अभियोगसमेतको सम्पूर्ण व्यहोरा झुट्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी महेन्द्र भन्ने सुरेन्द्र रायका साक्षी संजय रायले बकेको बकपत्र।

जाहेरी व्यहोरा झुट्ठा हो। अजयकुमारले कुनै कसुर गरेको छैन। भोला भन्ने सुरेश साहले गरेको बयान व्यहोरा झुट्ठा हो। निज अजयकुमार महतोले कुनै कसुर नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी अजयकुमार महतोका साक्षीहरू कैलास साह र विजयकुमार चौधरीले बकेको बकपत्र।

अदालतसमक्ष उपस्थित भई निवेदन साथ हाजिर भई बयान गर्ने प्रतिवादी अजय महतो, प्रतिवादी राजेन्द्र यादव, प्रतिवादी प्रमोद राययादव र प्रतिवादी सुरेन्द्र रायउपर आरोपित दावी पुष्टि गराउने कुनै विश्वसनीय प्रमाण गुज्रिन आएको नदेखिँदा शङ्कारहित प्रमाणको अभावमा यी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भनी सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६७।३।२३।४ मा भएको फैसला।

प्रतिवादीहरू मौकामा अपराध गरेमा साबित भै बयान गरेको, सो साबितीलाई

लास प्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदन, घटनास्थलबाट बरामद स्विटर एवम् मौकामा बुझिएका मानिसहरूको कागजबाट समर्थन भएबाट प्रतिवादीहरूले अदालतसमक्ष इन्कारी बयान गरेको आधारमा सफाइ दिनेगरी भएको फैसला मिलेको छैन । प्रत्यक्षदर्शीको अभाव भए पनि परिस्थितिजन्य प्रमाणले प्रतिवादीहरूले अपराध गरेको पुष्टि भैरहेको छ । अतः प्रतिवादीहरूलाई सफाइ दिने गरी सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला मिलेको नहुँदा उल्टी गरी अभियोग दावीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट पेस भएको पुनरावेदनपत्र ।

यसमा अनुसन्धानको क्रममा बयान गर्ने सुरेश साहले यी प्रतिवादी अजय महतो, राजेन्द्र यादवसमेत भई कर्तव्य गरी मारेको भनी पोल गरेको सो बयानमा उल्लेख भएअनुरूपको लासजाँच मुचुल्का तथा घटनास्थल मुचुल्कासमेत भई मृतकको शरीरमा चोटपटक रही सोही चोटपटकबाट मृत्यु भएको भन्ने शवपरीक्षण प्रतिवेदन व्यहोरासमेत रहेको अवस्थामा सुरूको फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि विपक्षी झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालतबाट मिति २०६७।१२।१६।४ मा भएको आदेश ।

प्रतिवादीहरू राजेन्द्र राययादव, महेन्द्र भन्ने सुरेन्द्र राययादव, प्रमोद राययादव र अजय महतो सुडीसमेतले आरोपित कसुर आफूले नगरेको अर्थात पचियादेवीलाई कर्तव्य गरी ज्यान मारेको छैन भनी इन्कार गरेको देखिन्छ । अभियुक्त भोला भन्ने सुरेश साहले अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीहरूलाई पोल गरे पनि अदालतमा निजहरूलाई पोल गर्नसकेको देखिन आएन । प्रतिवादीहरूको संलग्नता रहेको दसी प्रमाणबाट पुष्टि हुनसकेको देखिँदैन । सहअभियुक्तले अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयान, मिसिल संलग्न Autopsy report, घटना स्थल प्रकृति मुचुल्का, लासजाँच प्रकृति मुचुल्कासमेतका प्रमाणहरूबाट समर्थन हुन सकेको देखिन आएन ।

प्रतिवादीहरूले पचियादेवीलाई ज्यान मारेको हो भनी चश्मदीद् गवाहको अभाव रहेको साथै परिस्थितिजन्य प्रमाणबाट पनि प्रतिवादीहरूले पचियादेवीको ज्यान मारेको हो भनी पुष्टि नभएको हुँदा सफाइ पाउने ठहर्छ भनी सुरू जिल्ला अदालतबाट मिति २०६७।३।२३ मा भएको फैसला सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।६।२ को फैसला ।

अपराधीले आफूले गरेको कसुर अपराधबाट बच्न र कानूनी सजायबाट उम्कन जहिले पनि झुठ्ठो बयान गर्ने हुँदा निजको बयानलाई मुद्दामा सङ्कलित तथ्यगत प्रमाणहरूबाट भिडाएर हेर्नुपर्ने भनी सम्मानित अदालतबाट सिद्धान्त (*नेकाप* २०५३, अङ्क ६, नि.नं. ६२१९, पृ.५२७) समेत प्रतिपादन भएको पाइन्छ । प्रस्तुत मुद्दामा मृतक पचियादेवीको मृत्यु कर्तव्यबाट

भएको हो भन्ने तथ्यमा विवेचना गरी रहनुपर्ने अवस्था छैन । प्रस्तुत मुद्दामा पचियादेवी प्रतिवादीहरूको सौतेनी आमा एवम् हजुरआमा नाताको भई अर्थात सीयास्वरूप रायको जेठी श्रीमती पट्टिका छोरा नाति प्रतिवादीहरू भएको र पचियादेवी सीयास्वरूपकी कान्छी श्रीमती भएको र श्रीमानको मृत्युपश्चात प्रतिवादीहरूले पचियादेवीलाई खान लाउन नदिई दुःख दिने गरेकाले मृतकले प्रतिवादीहरूउपर अंश मुद्दा दिई अंश पाउने ठहर भएपश्चात मृतकले अंश पाएको रिसइबि लिई मृतकलाई फैसलाबमोजिम पाएको घर जग्गा भोग गर्न नदिने र निजको ज्यानमार्ने योजना बनाएको भन्ने मृतकले आफ्नो मृत्युपूर्व जिल्ला प्रशासन कार्यालयसमक्ष मिति २०६०।१०।१८ मा दिएको निवेदनबाट देखिन्छ । मृतक र प्रतिवादीहरूबीच अंशसम्बन्धी कारणबाट पूर्व रिसइबि रहेको भन्ने देखिन्छ । मौकामा अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादी सुरेश साहले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतकलाई आफूहरूसमेत भई मार्ने पूर्वयोजना बनाई मृतक स्विटर बुन्दै गरेको अवस्थामा अजय महतोले दुबै हातले मृतकको मुखमा झम्टी लडाएको, प्रतिवादी राजेन्द्र रायले घाँटी थिचेको, प्रतिवादी प्रमोद रायले मृतकको हात समाई थिचेकोमा निजको मृत्यु भएपश्चात नेपाल भारत सिमाना बोर्डरमा लगी फालेको हो भनी प्रत्येक व्यक्तिले मृतकउपर मार्नका लागि गरेको कार्य उल्लेख गरेको देखिन्छ । निज प्रतिवादीहरूको बयानलाई मिसिलसाथ संलग्न लासप्रकृति मुचुल्का एवम् शवपरीक्षण प्रतिवेदनलगायत मृतकको घर कोठाबाट बरामद भएको बुन्दै गरेको स्विटरसमेतबाट पुष्टि भएबाट उक्त बयान आफैँमा प्रमाण हो । मृतकको मृत्यु कर्तव्यबाट भएको र मृतक र प्रतिवादीहरूबीच अंशसम्बन्धी कारणबाट पूर्वरिसइबि रहेको, प्रतिवादी सुरेश साहतेली आफैँ कसुरमा पूर्णतः साबिती रही सहअभियुक्तहरूलाई पोल गरेको र सो बयानलाई मिसिल संलग्न लासप्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदन, घटनास्थलबाट बरामद भएको स्विटर एवम् मौकामा बुझिएका मानिसहरूको कागजबाट समर्थन भएबाट प्रतिवादीहरूको मृतकलाई मार्ने कार्यमा संलग्नता भएको स्पष्ट देखिन्छ । प्रतिवादीहरूको अदालतसमक्षको मौखिक इन्कारी बयानलाई आधार लिई सफाइ दिनेगरी भएको फैसला कानूनसङ्गत छैन । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित "प्रमाणरहित इन्कारीले प्रमाणको भूमिका तबसम्म निर्वाह गर्न सक्तैन जबसम्म अन्य सङ्कलित प्रमाणबाट इन्कारी अभियुक्तउपरको अभियोग प्रमाणित हुने अवस्था देखिँदैन" भनी सम्मानित अदालतबाट सुनुलालसमेतको जाहेरीले श्री ५ को सरकार विरूद्ध जलिल शेषमियाँ, खुन डाँका मुद्दामा (*नेकाप* २०४६, अङ्क १२, पृ. १२२८, नि.नं. ४०२४) सिद्धान्त प्रतिपादन भएबाट त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।

प्रतिवादी भोला भन्ने सुरेश साहले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा

मृतक पचियादेवीलाई मार्ने भनी पूर्वयोजना बनाई सोही योजना मुताबिक सम्पूर्ण प्रतिवादीहरू भई पचियादेवीलाई कर्तव्य गरी मारेको र लासलाई भारततिर फ्याँक्यो भने तत्कालै पत्ता लाग्दैन र सडेगलेपछि हत्या भएको थाहा हुँदैन भनी भोलिपल्ट मृतक लासलाई नेपाल भारत बोर्डरको भारततर्फको भूमिमा फाल्न भनी लाँदै गर्दा गाडीको आवाज आएकाले गाडीको लाइटबाट हामीलाई देख्छन् भन्ने सोची लासलाई धान खेतमा फाली भागेका हौँ भनी घटना वारदातलाई मौलिकरूपले चित्रण गरी आफू कसुरमा पूर्ण साबित भई अन्य प्रतिवादीहरूलाई समेत पोल गरेको देखिन्छ । यी प्रतिवादीले अदालतमा बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान राजीखुसीबाट गरेको होइन । प्रहरीले कुटपीट डरत्रास देखाएकाले प्रहरीको कुटाइबाट जोगिन सही छाप गरेको हुँ भनी कसुरमा इन्कार रहेको भए तापनि अनुसन्धानको क्रममा बयान गर्दा प्रहरीले कुटपीट गरेको भए घाउचोट देखाउन एवम् सोको जाँच गर्न माग गर्नुपर्नेमा सो नगरेबाट यी प्रतिवादीको अदालतसमक्षको इन्कारी बयान कसुर अपराधबाट बच्न एवम् सजायबाट उम्कन गरेको झुट्ठा कथन हो भन्ने पुष्टि भइरहेको हुँदा दिलिपसिंह ठाकुर विरूद्ध नेपाल सरकार (*नेकाप* २०४२, नि.नं. २५२१, पृ. ९४१), नेपाल सरकार वि. सुशीला साह (*नेकाप* २०४३, नि.नं. २७६३, पृ. ५८४), नेपाल सरकार वि. जंगु गिरी (*नेकाप* २०४४, नि.नं. ३२३७, पृ. १०३९) र सचिन श्रेष्ठ विरूद्ध नेपाल सरकार (*नेकाप* २०६३, अङ्क २, नि.नं. ७६४९, पृ. १८३) का मुद्दाहरूमा प्रतिपादित सिद्धान्तहरूसमेतका आधारमा अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानलाई प्रमाणमा लिई आरोपित कसुर ठहर गर्नुपर्नेमा सफाइ दिई भएको उक्त फैसला त्रुटिपूर्ण छ ।

जहाँसम्म मौकाको साबितीलाई स्वतन्त्र प्रमाणले समर्थन गर्नुपर्ने भन्ने प्रश्न छ, प्रतिवादी सुरेश साहले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पूर्व योजना अनुसार सबै जना भई मृतक पचियादेवीलाई नजिकै घर कोठामा हत्या गरिएको हो भनी उल्लेख गरेकोमा मिसिल संलग्न घटनास्थल मुचुल्काबाट मृतक पचियादेवीकै घरकोठामा वारदात भएको पुष्टि भएको छ । वारदातपश्चात लासलाई भारतीय भूमिमा फाल्न भनी भोलिपल्ट लाँदै गर्दा गाडीको आवाज आएकाले गाडीको लाइटको उज्यालोले हामीलाई देख्न सक्छ भन्ने ठानी लासलाई धानखेतमै फाली भागेका हौँ भन्नेसमेत मौकाको बयानमा उल्लेख गरेकोमा सोही स्थानमा मृतक लास फेला परेको अवस्था छ । त्यसैगरी पचियादेवीको हत्या गर्न भनी आफूसमेत निजका घर कोठामा जाँदा निज पचियादेवी आफूसुत्ने विस्तारामा स्विटर बुन्दै गरेकी भन्ने उल्लेख गरेकोमा मृतक लास रहेको स्थानदेखि उत्तरतर्फ धानखेतमा बुन्दै गरेको अवस्थाको स्विटर फेला परेको भन्ने लासजाँच मुचुल्का भएको र पचियादेवीको घरबाट बरामद गरिएको डसना, तकिया र धानखेतमा फेला

परेको बुन्दै गरेको स्विटरमा लागेको रगत परीक्षण हुँदा तीनैवटामा 'A' ग्रुपको Human Blood भेटिएको भन्ने प्रहरी वैज्ञानिक प्रयोगशालाबाट प्राप्त प्रतिवेदनसमेतबाट प्रतिवादीको मौकामा गरेको बयान थप समर्थित भएको देखिन्छ । त्यसैगरी घटनास्थलबाट रातो गम्छा र नीलो लुङ्गीसमेत बरामद भएकोमा रातो गम्छा प्रतिवादी रामईश्वर रायको र नीलो लुङ्गी प्रतिवादी योगेन्द्र रायको हो भनी प्रतिवादी सुरेश साहले सनाखत गरिदिएबाटसमेत प्रतिवादीहरू रामईश्वर रायसमेत सबैजना भई कर्तव्य गरेको हो भन्ने यी प्रतिवादीको मौकाको बयान समर्थित भइरहेको अवस्थामा मिसिल संलग्न कागज प्रमाणहरूको सूक्ष्म अध्ययन एवम् न्यायोचित विश्लेषण नै नगरी प्रतिवादीहरूलाई सफाइ दिई भएको उक्त फैसला त्रुटिपूर्ण छ ।

मृतकलाई प्रतिवादीहरूले मारेको देख्ने प्रत्यक्षदर्शी प्रमाणको अभाव रहेको भन्ने आधारतर्फ हेर्दा प्रस्तुत वारदात रातको समयमा भएको, अपराधीहरूले अपराधजन्य कार्य गर्नका लागि पूर्वनियोजितरूपमा योजना बनाई रातको समयमा मृतकलाई मारेको हुँदा घरमा मृतक एक्लै हुँदा घटना वारदात देख्ने प्रत्यक्ष प्रमाणको अभाव रहेको भए पनि मृतकले आफू मर्नुपूर्व प्रतिवादीहरूबाट शान्ति सुरक्षा गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालयसमक्ष निवेदन दिनु, अदालतसमक्ष अंश मुद्दा दिई अंश पाउने गरी फैसला भएपश्चात मृतक र प्रतिवादीहरूबीच ज्यानै मार्नेसम्मको पूर्व रिसइबि रहनु, प्रतिवादी सुरेश साहतेलीले अनुसन्धानको क्रममा बयान गर्दा मृतक स्विटर बुन्दाबुन्दैको अवस्थामा आफूहरूले कर्तव्य गरी मारेको हो भनी कसुर स्वीकार गरी बयान गरेकोमा मृतक लास रहेको ठाउँबाट बुन्दै गरेको स्विटरमा रगत लागेको अवस्थामा फेला पर्नु आदि जस्ता एक आपसमा मालाकार कडी भएर आएको परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादीहरूको वारदातमा संलग्नता रहेभएको देखिन्छ । प्रत्यक्ष प्रमाणको अभाव रहेको भन्दै परिस्थितिजन्य प्रमाणलाई उपेक्षा गर्न सर्वथा मिल्ने अवस्था छैन । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित "व्यक्तिले साक्षी राखी कर्तव्य गर्ने भन्ने स्वाभाविक प्रक्रिया नहुने, यस्तै प्रत्यक्ष प्रमाणको अभाव छ भनी त्यसको लाभ अभियुक्तलाई मात्र दिने हो भने परिस्थितिजन्य प्रमाणको धारणा मृतप्राय: हुने स्थिति सिर्जना हुन जाने" भनी सम्मानित अदालतबाट श्री ५ को सरकारविरूद्ध ठूली कान्छी तामाङ भएको कर्तव्य ज्यान मुद्दामा प्रतिपादित सिद्धान्तसमेतबाट प्रस्तुत फैसला त्रुटिपूर्ण भै बदरभागी छ ।

मृतक पचियादेवीको लास सडिगलेको कारण शवपरीक्षण हुँदा मृत्युको कारण एकिन गर्न नसकेकाले शवपरीक्षण गर्ने चिकित्सकले The cause of the death will be ascertained after chemical analysis report भनी मिति २०६१।७।२१ मा the

cause of the death is multiple injury shock profound access bleeding with rape भन्ने उल्लेख गरी सुरूको रायभन्दा विपरीत एवम् फरक व्यहोरा उल्लेख गरी पठाएको देखिन्छ । यदि मृतक लासमा Multiple injury रहेका र Rape चिह्नहरू रहेका भए सोसमेत उल्लेख गरी पहिले नै पठाउनुपर्नेमा पहिले केही उल्लेख नगरी पछि थप कुराहरू उल्लेख गरी पठाएको सम्बन्धमा अनुसन्धानको क्रममा पत्राचार गर्दा लास सडिसकेको साथै कीरा लागिसकेको भनी जिल्ला स्वास्थ्य कार्यालय, सर्लाहीको च.नं. ३०३ मिति २०६१।१२।७ को पत्रबाट लेखी आएको देखिँदा सडी गलीसकेको लासमा स्वाभाविकरूपमा घाउचोट वा चिह्न लक्षणहरू देख्न भेट्न नसकिने र मृत्युको कारण एकिन गर्नसमेत नसकिने हुँदा सोही मुताबिक एकचोटी मृत्युको कारण उल्लेख गरी पठाइसकेकोमा पछि त्यसको विपरीत मुद्दालाई प्रभाव पार्ने गरी थप कुरा उल्लेख गरिएकोमा त्यसतर्फ ध्यान नै नदिई गरिएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

अतः उल्लिखित आधार प्रमाणहरूबाट विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूलाई सुरू अभियोग माग दावीबमोजिम सजाय हुनुपर्ने स्पष्ट हुँदाहुँदै सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भएको हुँदा उक्त फैसला बदर गरी सुरू अभियोग माग दावीबमोजिम सजाय गरी पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध छ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदनपत्र ।

नियमबमोजिम दैनिक पेसीसूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको सुरू र पुनरावेदन मिसिलसमेत अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता टिकेन्द्र दाहालले मृतकले मर्नुभन्दा अगाडि नै विपक्षीहरूले मार्छन् भन्ने ठानी शान्ति सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा निवेदन दिएकी छन् । यी मृतक र प्रतिवादीहरूबीच अंशसम्बन्धी विवादसमेत परेको देखिन्छ । सुरेश साहतेली पक्राउ परी अधिकारप्राप्त अधिकारीसमक्ष स्विटर बुन्दै थिइन् त्यही बेलामा मारेको हो भनी भनेका छन् । सो बुनेको स्विटर लास फ्याँकिएको ठाउँमा भेटिएको र त्यसमा रगत लागेको भेटिएको छ । सो रगत परीक्षण गर्दा मानव रगत भनी प्रमाणित भएको छ । सुरेश साहले गरेको बयानलाई अन्य प्रमाणबाट प्रमाणित भैरहेको अवस्थामा पनि सुरूको फैसला उल्टी हुने ठहराई प्रतिवादीहरूले सफाइ पाउने गरी भएको पुनरावेदन अदालत, जनकपुरको फैसला त्रुटिपूर्ण हुँदा बदर हुनुपर्दछ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो ।

विद्वान् कानून व्यवसायीको बहस जिकिर सुनी पुनरावेदन अदालत, जनकपुरको फैसला मिले नमिलेको के रहेछ सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

मिसिल अध्ययन गरी हेर्दा

प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं., १३(३) र १६ नं. को कसुर अपराध गरेकोमा ऐ. महलको १३(३) नं. र १६ नं. अनुसार सजाय माग दावी गरी अभियोगपत्र दायर माग दावी भएकोमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सबै प्रतिवादीहरूलाई जन्म कैदको सजाय हुने ठहर्‍याएको सुरूको फैसलाउपर वादी प्रतिवादी दुबै पक्षको पुनरावेदन परी सबै प्रतिवादीहरूले सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।९।८ को फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परी निर्णयार्थ पेस भएको रहेछ।

२. निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेकाले ज्यानसम्बन्धीको महलको १, १३(३) र १६ नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरिपाउँ भन्ने अभियोग माग दावी रहेको देखिन्छ। घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का, मौकामा कागज गर्ने मानिसहरूको कथन, शवपरीक्षण प्रतिवेदन आदि सबुद प्रमाणहरू मिसिलसामेल रहेको पाइएको छ । यी प्रतिवादीहरूले बयान गर्ने क्रममा आफूहरूले मृतकलाई कर्तव्य गरी मारेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष साबित भएका छन् भने अदालतसमक्ष आई बयान गर्दा हामीहरूले मारेको होइन भनी इन्कारी बयान गरेका छन्। यसका अतिरिक्त हामीहरूले मार्नुपर्ने कुनै कारण पनि छैन भनी बयानमा हत्याको दोष नलिएको पाइन्छ। मुद्दा चलेको सम्बन्धमा समेत हजुरआमाले पहिले नै अंश लिइ विवादको समाधान भएको कारणबाट उक्त रिसइबि वर्तमान अवस्थामा मृतक र यी प्रतिवादीबीच नरहेको साथै निज मृतकको सम्पत्तिको हकदार आफू नै भएको तथ्यबाटसमेत मार्नुपर्ने कुनै कारण नभई क-कसले मारे हामीलाई थाहा भएन भनी बयान गरेको पाइयो।

३. मृतकको शवपरीक्षण प्रतिवेदनबाट मृत्युको कारण Multiple injury shock, access bleeding with rape भन्ने Post mortem report मा लेखिएको, मृतकको पेन्टिमा वीर्य पाइएको र मृतकको लासप्रकृति मुचुल्का हेर्दा लास सडीगली कीरा परेको, लासको शरीरमा एकमात्र पेन्टि रहेको, अरू शरीर सर्वत्र नाङ्गो अवस्थामा रहेको लासको टाउकोतर्फको भागमा तेजाव हाली टाउको क्षतविक्षत हुनेगरी नचिनिने स्थितिमा रहेको भन्ने लासप्रकृति मुचुल्का विवरणबाट देखिएबाट मृतकको मृत्यु कर्तव्यबाट भएको रहेछ भन्ने कुरा एकिनरूपमा पुष्टि हुनआएको छ। तर को कसको कर्तव्यबाट मृतकको मृत्यु भएको होरहेछ भनी विचार गरी हेर्दा मृतकको मृत्यु भएपश्चात प्रतिवादी भोला भन्ने सुरेश साह एकजना प्रतिवादीमात्र पक्राउ परी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्ने क्रममा निजले आफूसमेत संलग्न भई मृतक पचियादेवीलाई मारेको हो भनी बयान गरे तापनि अदालतमा आई बयान गर्दा प्रहरीले मलाई

कुटपीट गरी डरधाक देखाई बयान गराएको हो। मसमेत भई मारेको छैन भनी इन्कारी बयान गरेबाट निजको साबिती स्वतन्त्र प्रमाणबाट समर्थित भएको देखिएन। अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा निजहरूले कपडाले मुख थुनेर मारेको र मरेको लाससलाई बोर्डरमा लगी फालेको भनेकोमा सवपरीक्षण प्रतिवेदन हेर्दा मर्नुअघि मृतकलाई जबर्जस्ती करणी गरेको देखिएको छ भने यी प्रतिवादीहरूले आफ्नो हजुरआमा नाताकी मृतकलाई सामूहिकरूपमा मिली जबर्जस्ती करणी गरी निजलाई निर्वस्त्र पारी तेजाव हाली मारेको हो भनी अनुमान गर्ने अवस्था पनि रहँदैन। लास प्रकृति मुचुल्का हेर्दा पेन्टिमा वीर्य भेटिएको र मृतकको लास सर्वत्र नाङ्गो अवस्थामा भेटिएको छ र लासको मुखमा तेजाव हालिएको पाइएको छ। प्रतिवादीहरू र मृतकबीचको पूर्वको अवस्थालाई हेर्दा पनि धेरै पहिले नै मुद्दा परी अंशलिई भिन्नबसेकी मृतक र यी प्रतिवादीहरूबीच रिसइबि रहेको पनि देखिएन। प्रतिवादीहरूले मृतकलाई मार्न भनी कुनै पूर्वयोजना बनाएको पनि देखिएन। प्रस्तुत मुद्दाको वारदात परिस्थितिजन्य प्रमाणबाट पुष्टि हुने हो कि भनी यस सन्दर्भमा विचार गर्दा *"परिस्थितिजन्य प्रमाण (Circumstantial evidence) को आधारमा ठहर गर्ने बिन्दु र सम्बद्ध तथ्यको कडी एक आपसमा एकबद्धरूपले आबद्ध भई एवम्रूपमा गाँसिएको हुनुपर्छ, गाँसिएको मालाकार कडीमा कुनै छुट्नुहुँदैन एउटा तथ्य अर्को तथ्यसँग अन्योन्याश्रित हुन अपरिहार्य छ"* भनी बुद्धिप्रसाद सुवेदीसमेत विरूद्ध कृष्ण सुवेदीको जाहेरीले श्री ५ को सरकार (*नेकाप* २०४८, अङ्क ५, नि.नं. ४२८७, पृ. १८६) सर्वोच्च अदालत बुलेटिन २०५९, वर्ष ११, अङ्क ९, पृ.१९ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। उक्त प्रतिपादित सिद्धान्तबमोजिम प्रस्तुत मुद्दामा भएको परिस्थितिजन्य प्रमाणहरूको मूल्याङ्कन गरी एक तथ्य अर्को तथ्यसँग एक आपसमा आबद्ध भई माला कडीको रूपमा गाँसिएको छ छैन भनी विचार गर्दा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मृतकलाई कपडाले मुख थुनी मारेर खेतमा लगेर फालेको हो भनेको कुरा र लासप्रकृति मुचुल्कामा भएको मृतकको लासको अवस्था बिल्कुलै फरक देखिन्छ। प्रतिवादीहरूले कपडासहित लास फालेको भनेकोमा लास सर्वत्र नाङ्गो अवस्थामा भेटिएको पाइन्छ। कपडाले मुख थुनी मारेको भनी प्रतिवादीहरूको कथन रहेकोमा सो स्थिति नभई मौकामा फेला पर्दा लासको अवस्था जबर्जस्ती करणी गरी शवपरीक्षण प्रतिवेदनको अनुसार Multiple injury shock, access bleeding with rape र टाउकोमा तेजाव खन्याई मारेको भन्ने लासप्रकृति मुचुल्कामा देखिन्छ। यसका अतिरिक्त लासमा विभिन्न घाउ चोटहरू रहेको भन्ने कुरा लास प्रकृति मुचुल्का र शवपरीक्षण प्रतिवेदनबाटसमेत देखिएको स्थितिमा माथि उल्लिखित परिस्थितिजन्य प्रमाणमा हुने तत्त्व एक अर्कोसँग मालाकार कडीको रूपमा मिलेको

र गाँसिएको भन्ने पनि प्रस्तुत वारदातमा देखिन आएन। अतः यस्ता तथ्यगत कुराहरूको अभावमा यी प्रतिवादीहरूले नै मृतकलाई मारेका हुन् भनी किटानीसाथ भन्न सकिने अवस्था रहेन। वस्तुतः प्रतिवादीको साबिती बयानमा उल्लिखित कुरा घटना प्रकृति मुचुल्कासँग मेल खाएको नदेखिँदा बयान र वस्तुस्थितिमा अन्तर देखिन आउँदछ।

४. त्यस्तै अधिकारप्राप्त अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूसमेतले अदालतमा आई बकपत्र गर्दा अनुसन्धान अधिकारीले हामीलाई मौकामा कुनै व्यहोरा नसोधी पहिला नै तयार पारिराखेको कागजमा सही छाप गराएको हो भनी खुलाएको पाइन्छ । साथै मृतकको मृत्युको सम्बन्धमा के भएको हो केही थाहा छैन भनी सबैले भनेको पाइन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार प्रमाण गुजार्ने क्रममा बोलाइएका जाहेरवालालगायत अन्य कसैले पनि अदालतमा आई वारदातको सम्बन्धमा पुष्टि हुने गरी बकपत्र गरेको पाइएन। अनुसन्धान तहकिकातको सिलसिलामा कागज गराइएका व्यक्तिहरू जबसम्म अदालतमा आई आफूले बोलेका कुराहरू खम्बिर हुने गरी बकपत्र गर्दैनन् उक्त प्रमाणहरूलाई ग्राह्य भन्न सकिँदैन।

५. तथापि यी मृतक र प्रतिवादीहरूबीच अंश मुद्दा भएको कारणबाट सम्बन्धमा तिक्तता थियो कि भन्ने सन्दर्भमा विचार गर्दा स्वयम् वादी पक्षका गवाह अकुप मियाँले र प्रतिवादीहरूका साक्षीहरूले समेत अदालतमा आई बकपत्र गर्दा मृतक र प्रतिवादीबीच राम्रो सम्बन्ध कायम थियो भनेबाटसमेत उक्त तथ्य खण्डित हुन आएको छ।

६. यसमा यी प्रतिवादीहरू राजेन्द्र राययादव, महेन्द्र भन्ने सुरेन्द्र राययादव, प्रमोद राययादव र अजय महतो सुडीसमेतका व्यक्तिहरूले प्रतिवादी भोला भन्ने सुरेश साहसँग मिली मारेको भन्ने अभियोग भएकोमा तत्‌तत् प्रतिवादीहरूले अदालतमा आई बयान गर्दा इन्कारी बयान गर्नुका अतिरिक्त निजहरूले घटना हुँदाको अवस्था मौकामा वारदातस्थलमा नरही अन्यत्र रहेको भनी Alibi को जिकिर लिएको देखिएको छ र उक्त प्रमाणहरूको सन्दर्भमा वादी नेपाल सरकारले अन्यथा भनी खण्डित गर्नसकेको पाइँदैन र उक्त प्रमाणबाट प्र. सुरेश साहले यी प्रतिवादीहरूसँग मिली हत्या गरेको भन्ने बयान व्यहोरा खण्डित भएको छ । घटनास्थलमा प्रतिवादीहरूको विरूद्धमा प्रमाण लाग्ने गरी कुनै पनि दसी प्रमाण भेटिएकोसमेत छैन। यस्तो अवस्थामा केवल अनुमान र शङ्काको भरमा मात्र प्रतिवादीहरूलाई कसुरदार हुन् भनी ठहर गर्न सकिने अवस्था पनि रहेन।

७. कुनै पनि हत्याको आपराधिक कार्य प्रमाणित हुनको लागि सो कार्य दुषित मनसाय (Mens Rea) राखी पूर्वयोजना बनाई कार्य (Actus Reus) गरिएको हुनुपर्दछ। सो कार्यको परिणामको पूर्व जानकारी (Foresightness of consequence) र परिणाम घटाउने इच्छा (Desire of consequence) समेत भएको हुनुपर्दछ ।

कर्तव्य ज्यान मुद्दामा प्रतिवादीहरूद्वारा गरिएको कार्यमा ती चार तत्त्वहरू रहेका थिए भन्ने कुरा वादी पक्षले नै ती कुरा स्थापित भएको प्रमाणित गर्नुपर्दछ । आफूले गरेको कार्यबाट लक्षित व्यक्तिको मृत्यु अवश्यम्भावी छ भनेर मृत्युको परिणामको पूर्वजानकारी राखी अभियुक्तले आपराधिक कार्य गरी सो कार्यबाट मृतकको मृत्युभएको हुनुपर्दछ तर प्रस्तुत मुद्दामा सो स्थिति रहेको देखिएन।

८. अतः उपरोक्त साक्षी प्रमाणहरूको मूल्याङ्कन गरी हेर्दा जाहेरवालाको जाहेरीबाहेक अन्य प्रमाणहरूबाट यिनै प्रतिवादीहरूको कर्तव्यबाट हत्या भएको पुष्टि भएको देखिएन । बिनासबुद प्रमाण हत्याजस्तो गम्भीर अपराधको दोषी कसैलाई करार गर्न मिल्दैन । यी मृतक र प्रतिवादीहरूबीच अंशको विवाद रहे तापनि हत्याको प्रकृति हेर्दा करणी भएको र तेजाव छरी, कुटपीट गरी बिभत्स हत्या गरेको, यसका अतिरिक्त लास नाङ्गो अवस्थामा रहेको हुँदा कुनै पनि बज्यै नाताकी मृतकलाई भाइ भतिजाले त्यसरी मार्नुपर्ने अवस्था नरहेको तथा मौकामा कागज गर्ने व्यक्तिहरूबाट सो कुराको पुष्टि नभएको, जाहेरवाला अदालतमा बयान गर्न उपस्थित नभएको, हत्याको प्रत्यक्षदर्शी नभएको अवस्थामा परिस्थितिजन्य प्रमाणको आधारमा मालाकडीको रूपमा पुष्टि हुनुपर्नेमा पुष्टि नभएको, प्रतिवादीले मृतकलाई अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा घाँटी, नाक थिची मुख थुनी मारी लुगा लगाएको अवस्थामा फालेको भनी बयान गरेकोमा ठीकविपरीत नाङ्गो अवस्थामा लास रहेको अवस्था हुँदा घट्ना प्रकृति नै फरक परी साबितीसँग वारदातको वस्तुस्थिति पुष्टि नभएको समेतका माथि उल्लिखित तथ्यगत आधार र प्रमाणहरूबाट यी प्रतिवादीहरू राजेन्द्र राययादव, महेन्द्र भन्ने सुरेन्द्र राययादव, प्रमोद राययादव र अजय महतो सुडीसमेतले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।६।२ को फैसला मिलेकै देखिँदा कुनै परिवर्तन गरिरहनु परेन सदर हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु ।

न्या. दीपकराज जोशी

इति संवत् २०७१ साल असोज २९ गते रोज ४ शुभम् ।

इजलास अधिकृत : हेमबहादुर सेन

## निर्णय नं.९२४४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
०६९– WO –१००५
आदेश मिति : २०७१।४।१६।६

मुद्दाः उत्प्रेषण/परमादेश ।

निवेदक : जिल्ला सुनसरी, गा.वि.स.भुटहा वडा नं.६ घर भई हाल चिमडी स्वास्थ चौकी, सुनसरीको सि.अ.हे.व. पदमा कार्यरत एपोलोकुमार भगतसमेत

विरूद्ध

प्रत्यर्थी : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत

- **नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(७छ) बमोजिम माथिल्लो तहमा स्तर वृद्धि भएको अवस्थामा स्तर वृद्धिमात्र हुने तर कामकाज सोही तहमा पूर्ववत् गर्नुपर्ने कानूनी व्यवस्थाअनुकूल नै स्वास्थ्य सेवा विभागले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९६३ मिति २०६७।६।१८ को पत्रबाट निर्देश भएबमोजिम जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले मिति २०६९।१२।६ गतेमा निवेदकहरूको पदस्थापन बदर गरी पूर्वको पद तथा कार्यालयमा साविकबमोजिम कामकाज गर्नु भनी पत्राचार गरेको कुरा कानूनसम्मत देखिने ।**

(प्रकरण नं. ३)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ताहरू दिपनारायण साह र विरेन्द्र शाह
प्रत्यर्थीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (७छ)
- निजामती सेवा ऐन, २०४९ को दफा ३ र ४

आदेश

**न्या. देवेन्द्र गोपाल श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ को उपधारा २ बमोजिम यस अदालतको अधिकारक्षेत्रअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् आदेश यस प्रकार छ :

हामी निवेदकहरूमध्ये एपोलोकुमार भगत मिति २०५३।३।११, आशाकुमारी मेहता २०५४।५।८, कुन्दनकुमार दास २०५६।१०।९, सूर्यकुमार थापा २०५१।८।२६,

महेन्द्रप्रसाद इसर २०५२।४।३१, महमद जमिल अख्तर २०५१।८।२६, रामअवतार यादव २०५३ ।३।११, आलम अन्सारी २०५६।१०।९ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा ३ र ४ बमोजिम रा.प.अनं.द्वितीय श्रेणी (प्रा) चौथो तहको अ.हे.व पदमा स्थायी नियुक्ति पाई धेरै लामो समयसम्म स्वास्थ्य सेवामा कार्य गरेपश्चात हामी निवेदकहरूलाई विभिन्न मितिको निर्णयले चौथो तहबाट मिति २०५९।२।१४ र २०६३।१०।१७ देखि लागू हुने गरी पाँचौं तहमा स्तर वृद्धि भई नेपाल सरकारको ठूलो लगानीमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट सि.अ.हे.व. कोर्स अध्ययन गराइएको हामी निवेदकहरू उक्त सि.अ.हे.व. कोर्स उत्तीर्ण गरेका कर्मचारी हौं।

यसरी हामी निवेदकहरू सि.अ.हे.व.को कोर्स उत्तीर्ण गरी सि.अ.हे.व./हे.अ. पदको लागि योग्य भइसकेकाले विपक्षी विभागले हामी निवेदकहरूमध्ये एपोलोकुमार भगतलाई मिति २०६६।९।१३ को निर्णय र पत्रले, आशाकुमारी मेहता २०६६।८।२३ को निर्णय र पत्रले, कुन्दनकुमार दास २०६७।९।२५ को निर्णय र पत्रले, सूर्यकुमार थापा २०६६।७।१९ को निर्णय र पत्रले, महेन्द्रप्रसाद इसर २०६६।१०।१४ को निर्णय र २०६६।१०।१७ को पत्रले, मो. जमिल अख्तर २०६६।८।९ को निर्णय र २०६६।८।१० को पत्रले, रामअवतार यादव २०६५।५।२ को निर्णय र पत्रले र आलम अन्सारीलाई २०६७।९।२५ को निर्णयले तत्काल दरबन्दी रिक्त रहेको कारण अर्को व्यवस्था नभएसम्मको लागि साविकबमोजिम कामकाज गर्ने गरी पत्र दिइएको थियो।

योग्यतासमेत पुगेर पनि तत्काल सि.अ.हे.व. पदनामसम्म दिएको भए तापनि निकै लामो समयपछि हामी निवेदकहरूले पटकपटक योग्यता अनुसारको कामकाजसमेत गरी पाउनको लागि निवेदन गरेको र उक्त कार्यालयअन्तर्गत विभिन्न स्वास्थ चौकी र प्रा.स्वास्थ्य केन्द्रमा सि.अ.हे.व./हे.अ. पद रिक्त रहेकाले ती स्वास्थ्य संस्थामा सेवा प्रभावित जनगुनासो आइरहेको हुँदा सो सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले च.नं.९८८ मिति २०६८।११।१० मा स्वास्थ्य सेवा विभागलाई कामकाजमा पदस्थापन लगाउने सम्बन्धमा यथोचित निर्देशन माग गरिएकोमा स्वास्थ्य सेवा विभागको च.नं.२१८९ मिति २०६९।११।१६ को जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीलाई लेखिएको पत्रानुसार विपक्षी स्वास्थ्य मन्त्रालयको मिति २०६७।६।१८ को १९६३ को पत्रानुसार कामकाज लगाउनु हुन भनी पत्र पठाएकोमा सोही आधारमा जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले मिति २०६९।११।२१ को निर्णयले आफ्नो कार्यालयअन्तर्गत रिक्त रहेको सि.अ.हे.व/हे.अ. पदमा हामी निवेदकहरूमध्ये एपोलोकुमार भगतलाई चिमडी स्वास्थ्य चौकी, आशाकुमारी मेहतालाई बबिया स्वास्थ्य चौकी, कुन्दनकुमार दासलाई प्रा.स्वास्थ्य केन्द्र इटहरी, सूर्यकुमार थापालाई तनमुना स्वास्थ्य चौकी, महेन्द्रप्रसाद इसरलाई प्रा.स्वास्थ्य केन्द्र

चतरा, महमद जाकिर हुसेनलाई मधुवन प्रा. स्वास्थ्य केन्द्र, रामअवतार यादवलाई स्वास्थ्य चौकी लौकही, आलम अन्सारीलाई स्वास्थ्य चौकी बुटहामा पदस्थापन गरी काम गर्न खटाइएकोमा हामी निवेदकहरू सोहीअनुसार क्रमशः मिति २०६९।११।२४, २०६९।११।२८, २०६९।११।३०, २०६९।११।२४, २०६९।११।२८, गतेदेखि नै कामकाज गर्न पदस्थापन गरी खटाइएको कार्यालयमा हाजिर भई इमान्दारीपूर्वक कामकाज सम्हाली सेवा गर्दै आएका छौं र सोको जानकारी सम्बन्धित निकायमा समेत पठाइसकेका छौं।

यसरी हामी निवदेकहरू सि.अ.हे.व. भएकोलाई सि.अ.हे.व. को रिक्त दरबन्दीमा कामकाजसमेत लगाउने गरी पदस्थापन गरिएकोमा हामी निवेदकहरू आजको मितिसम्म उक्त पदमा इमान्दारीपूर्वक जिम्मेवारी निर्वाह गर्दै आएका छौं । उक्त पदको जिम्मेवारी निर्वाहमा हामीले कुनै किसिमको कमी कमजोरी र लापरवाही गरेका छैनौं । हामी निवेदकलाई रिक्त रहेको सि.अ.हे.व. पदमा पदस्थापन गरी कामकाजमा लगाउँदा राज्यलाई थप कुनै किसिमको आर्थिकलगायत अन्य भारसमेत नपर्ने भएको र योग्यता भएको स्वास्थ्यकर्मीबाट जनताले स्वास्थ्य सेवा पाउँदा जनताको आवश्यकतासमेत पूर्ति हुने भएकाले हामी निवेदकहरूलाई योग्यता अनुसारको पदस्थापन गरी कामकाजमा लगाएको कानूनसङ्गत हुँदाहुँदै विपक्षी स्वास्थ्य सेवा विभागको च.नं.२३४७ मिति २०६९।१२।२ को निर्णय र मिति २०६९।१२।४ को पत्रले र विपक्षी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको च.नं. ११८१ मिति २०६९।१२।६ को पत्रले हामी निवेदकहरूलाई सि.अ.हे.व. पदमा कामकाज गर्ने गरी गरिएको पदस्थापन बदर गरी पूर्वको सि.अ.हे.व. पद चौथो तहको दरबन्दीमा साविकबमोजिम कामकाज गर्न जानु भनी गरिएको विपक्षीहरूको निर्णय र पत्रले गर्दा साह्रै अन्यायमा परेका छौं।

हामी निवेदकहरूमध्ये एपोलोकुमार भगतलाई मिति २०६६।९।१३ को निर्णय र पत्रले, आशाकुमारी मेहता २०६६।८।२३ को निर्णय र पत्रले, कुन्दनकुमार दास २०६७।९।२५ को निर्णय र पत्रले, सूर्यकुमार थापा २०६६।७।१९ को निर्णय र पत्रले, महेन्द्रप्रसाद इसर २०६६।१०।१४ को निर्णय र २०६६।१०।१७ को पत्रले, मो जमिल अख्तर २०६६।८।९ को निर्णय र २०६६।८।१० को पत्रले, रामअवतार यादव २०६५।५।२ को निर्णय र पत्रले र आलम अन्सारीलाई २०६७।९।२५ को निर्णय र पत्रले तत्काल दरबन्दी रिक्त नभएको कारण अर्को व्यवस्था नभएसम्मका लागि साविकबमोजिम कामकाज गर्ने भनी पत्र दिइएकोमा उक्त पत्र कार्यान्वयन गराउने उद्देश्यले र राष्ट्रिय आवश्यकता पूरा गर्न हेतु जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले च.नं.९८८ मिति २०६८।११।१० मा स्वास्थ्य सेवा विभागलाई कामकाजमा (पदस्थापन) लगाउने सम्बन्धमा यथोचित निर्देशन माग गरिएकोमा स्वास्थ्य सेवा विभागको च.नं.२१८९ मिति २०६९।११।१६

को जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीलाई लेखिएको पत्रानुसार विपक्षी स्वास्थ्य मन्त्रालयको मिति २०६७।६।१८ को च.नं. १९६३ को पत्रानुसार कामकाज लगाउनु हुन भनी पत्र पठाएकोमा सोही आधारमा जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको मिति २०६९।११।२१ को निर्णयले आफ्नो कार्यालयअन्तर्गत रिक्त रहेको सि.अ.हे.व./हे.अ. पदमा हामी निवेदकहरूमध्ये एपोलोकुमार भगतलाई चिमडी स्वास्थ्य चौकी, आशाकुमारी मेहतालाई बिबिया स्वास्थ्य चौकी, कुन्दनकुमार दासलाई प्रा.स्वा. केन्द्र इटहरी, सूर्यकुमार थापालाई तनमुना स्वास्थ्य चौकी भुटहामा पदस्थापन गरी काज गर्न खटाएकोमा हामी निवेदकहरू सोही अनुसार क्रमशः मिति २०६९।११।२४, २०६०।११।२८, २०६९।११।३०, २०६९।११।२४, २०६९।११।२८ गतेदेखि नै कामकाज गर्ने गरी पदस्थापन गरिएकोमा हाजिर भई इमान्दारीपूर्वक कामकाज गर्दै आएकोमा विपक्षी स्वास्थ्या सेवा विभागको च.नं. २३४७ मिति २०६९।१२।२ को निर्णय र मिति २०६९।१२।४ को पत्रले र विपक्षी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको च.नं.११८१ मिति २०६९।१२।६ को पत्रले हामी निवेदकहरूलाई सि.अ.हे.व. पदमा कामकाज गर्ने गरी गरिएको पदस्थापन बदर गरी पूर्वको अ.हे.व. पद चौथो तहको दरबन्दीमा साविकबमोजिम कामकाज गर्न जानु भनी गरिएको विपक्षीहरूको निर्णय र पत्र हामी निवदेकहरूलाई सुनुवाइको मौकासमेत नदिई एकतर्फीरूपमा कार्यान्वयन भइसकेको निर्णयलाई बदर गरिएको अवस्थाले गर्दा प्राकृतिक न्याय तथा प्राङ्न्यायको सिद्धान्तविपरीत विपक्षीहरूको पछिल्लो कार्य तथा सोसम्बन्धी निर्णय तथा पत्र बदर गरी पाऊँ।

माथिका प्रकरणहरूमा उल्लिखित तथ्य र कानूनको आधारमा हामी निवेदकहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१)(३), १३(१), १९(१) र २९(१) द्वारा प्रदत्त मौलिक हक एवम् स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ र १७ को उपदफा १, दफा ६९ र दफा ७१ द्वारा प्रदत्त कानूनी हकहरूको समेत हनन् हुन गएबाट ती हकहरू प्रचलन गराउने अन्य कुनै कानूनी तथा वैकल्पिक एवम् प्रभावकारी उपचारको बाटोसमेत नभएको हुनाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतमा उपस्थित भएका छौं।

अतः हामी निवेदकहरू सि.अ.हे.व. भइसकेको अवस्थामा सि.अ.हे.व.को रिक्त दरबन्दीमा पदस्थापन गरिएकोमा हामी निवेदकहरू लगभग उक्त पदमा इमान्दारीपूर्वक जिम्मेवारी निर्वाह गर्दै आएको अवस्थामा उक्त पदको जिम्मेवारी निर्वाहमा हामीले कुनै कमीकमजोरी तथा लापरवाहीसमेत नगरिएको अवस्थामा पनि हामी जस्ता हजारौं कर्मचारीहरूलाई गरेको पदस्थापनलाई बदर नगरी हामी निवेदकहरूको हकमा मात्र पूर्वाग्रही भई लगभग एक वर्षपछि आएर कार्यान्वयन भइसकेको निर्णय जसबाट

हामी निवेदकहरूले प्राप्त गरिसकेको हक र सुविधाबाट वञ्चित गर्ने गरी सुनवाइको मौकासमेत नदिई बिनाकारण र आधार विपक्षी स्वास्थ्य विभागको च.नं.२३४७ मिति २०६९।१२।२ को निर्णय र मिति २०६९।१२।४ को पत्रले र विपक्षी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको च.नं.११८१ मिति २०६९।१२।६ को पत्रले हामी निवेदकहरूलाई सि.अ.हे.व पदमा कामकाज गर्ने गरी गरिएको पदस्थापन बदर गरी पूर्वको अ.हे.व. पद चौथो तहको दरबन्दीमा साविकबमोजिम कामकाज गर्न भनी गरिएको विपक्षीहरूको निर्णय र पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको मिति २०६९।११।२१ गतेको निर्णय र पत्रले रिक्त रहेका सि.अ.हे.व.पद कामकाज गर्ने गरी हामी निवेदकहरूलाई पदस्थापन गरिएका निर्णय पत्र कायम राखी पाउन विपक्षीहरूको नाममा परमादेशलगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ।

हाल हामी निवेदकहरू जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको मिति २०६९।११।२१ गतेको निर्णय र पत्र अनुसार रिक्त रहेको सि.अ.हे.व.पदमा कामकाज गर्नेगरी पदस्थापन भई हाजिर भई जिम्मेवारीपूर्वक कामकाजसमेत गरिराखेको अवस्थामा हाल आएर उक्त निर्णय बदर गर्ने गरेको विपक्षी स्वास्थ्य सेवा विभागको च.नं.२३४७ मिति २०६९।१२।२ को निर्णय र मिति २०६९।१२।४ को पत्र र विपक्षी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको च.नं. ११८१ मिति २०६९।१२।६ को पत्रसमेत कार्यान्वयन भएमा हामी निवदेकहरूले यस निवेदनबाट माग गरिएको उपचार पाउन नसक्ने भएकाले सुविधा सन्तुलन (Balance of Convenience) को दृष्टिकोणबाट बढी मर्का पर्न जाने भएकाले हामी निवेदकहरूलाई हाल सि.अ.हे.व.पदमा कामकाज गर्ने गरी पदस्थापन भएको स्थानमा कामकाज गर्न दिन हुन र उक्त स्थानमा अन्य व्यक्तिलाई नराख्नु। उक्त पदको पदपूर्तिसम्बन्धी कार्य यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको लागि नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन मागदावी।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालयमा पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु।

अन्तरिम आदेशको हकमा विचार गर्दा एक पटक निवेदकहरूलाई जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको मिति २०६९।११।२१ को निर्णय र पत्रबाट सि.अ.हे.व. पदमा पदस्थापन गरेकोमा स्वास्थ्य सेवा विभागको मिति २०६९।१२।२ को निर्णय र २०६९।१२।४ को

पत्र तथा जिल्ला स्वास्थ्य सेवा विभागको मिति २०६९।१२।२ को निर्णय र २०६९।१२।४ को पत्र तथा जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको मिति २०६९।१२।६ को पत्रबाट पदोन्नति गरेको पदबाट खारेज गरी पुनः साविकको पदमा राख्ने निर्णय गर्दा के कुन आधारबाट गरिएको हो सो पत्रमा नखुलेको र प्राकृतिक न्यायको सिद्धान्तविपरीत निवेदकलाई सफाइको मौकासमेत प्रदान नगरी निर्णय गरिएको हुँदा अन्तरिम आदेश जारी गरिदिएको छ, सोको सूचना विपक्षीलाई दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।१२।१९ गतेको आदेश।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (७घ) मा यस दफाबमोजिम माथिल्लो तहमा स्तर वृद्धि भएको कर्मचारीले निज जुन तहबाट स्तर वृद्धि भएको हो सोही तहको काम गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकाले रिट निवेदकहरूको स्तर वृद्धि भए तापनि निजले साविककै काम काज गर्नुपर्ने हुन्छ।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (१) मा रहेको तत्कालीन व्यवस्थाबमोजिम नेपाल स्वास्थ्य सेवाको पाँचौ तहको पदमा खुला प्रतियोगिता र आन्तरिक प्रतियोगितात्मक प्रतियोगिताबाट मात्र पदपूर्ति हुने व्यवस्था रहेकाले सो बाहेक अन्य कुनै तरिकाबाट पदपूर्ति गर्न सक्ने अवस्था रहँदैन। स्तर वृद्धि भएको कर्मचारीलाई माथिल्लो तहमा स्तर वृद्धि हुनासाथ सोही तहमा पदस्थापन गर्दा ऐनको दफा ९(७घ) को उद्देश्य निष्प्रभावी हुन जान्छ। अतः निज रिट निवेदकको पदस्थापन बदर गर्ने सम्बन्धमा पछिल्लो पटक भएको निर्णयअनुरूप कार्यान्वयन गर्नुपर्ने भएकाले रिट निवेदन खारेजभागी छ। हालै नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा चौथो संशोधन भई दफा ८(१) मा सेवाको पाँचौं तहको रिक्त पदमध्ये १५ प्रतिशत पदमा कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट पदपूर्ति गर्ने व्यवस्था रहेको र सोही ऐनको दफा १७ को उपदफा (३) मा भएको व्यवस्थाअन्तर्गत रिट निवेदकको मागसमेत सम्बोधन हुन सक्ने र ऐनको उल्लिखित व्यवस्थासमेतको कार्यान्वयन गर्नका लागि निकट भविष्यमै नेपाल स्वास्थ्य सेवा नियमावली संशोधन हुने र तत्पश्चात निजहरूको मागसमेत सम्बोधन हुने नै हुँदा हाललाई मागबमोजिमको आदेश जारी हुन नपर्ने हुँदा खारेजभागी छ खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लिखित जवाफ।

निवेदकहरूको स्वास्थ्य सेवा ऐन,२०५३ को दफा ९बमोजिम स्तर वृद्धि भएको हो। उक्त ऐनको दफा ८ को उपदफा १ बमोजिम पाँचौ तहमा स्तर वृद्धिबाट पदपूर्ति गर्न सक्ने अवस्था रहेको छैन। स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को व्यवस्था अनुसार परिच्छेद-४ मा स्वास्थ्य सेवाका स्थायी कर्मचारीहरूको बढुवासम्बन्धी व्यवस्था गरेको छ। यदि स्तर वृद्धिबाट नै रिक्त पदहरू पूर्ति गरी पदस्थापन गर्ने हो भने उक्त कार्यक्षमताका आधारमा हुने बढुवाको औचित्य

रहँदैन। यसर्थ ऐनको दफा ९ बमोजिम स्तर वृद्धि भएका कर्मचारीहरूलाई पदनाम दिई पदस्थापन गर्ने हो भने ऐनको दफा ८(१) को व्यवस्थामा असर पर्ने मात्र नभई सो काम कारवाही कानूनविपरीतसमेत हुन जान्छ। पाँचौं तहमा रिक्त रहेका पदहरू स्तर वृद्धि भएका कर्मचारीहरूलाई पदनाम दिई पदस्थापन गर्ने हो भने ऐनको दफा ८(१) को व्यवस्थामा असर पर्ने मात्र नभई सो काम कारवाही कानूनविपरीत हुन जान्छ। पाँचौ तहमा रिक्त रहेका पदहरू स्तर वृद्धिबाट बढुवा भएका कर्मचारीलाई रिक्त पदमा पदस्थापन गर्न सकिँदैन।

निवेदकको उक्त ऐनको दफा ८ को उपदफा (१) बमोजिम बढुवा नभई दफा ९ बमोजिम चौथो तहबाट सहायक पाँचौ तहमा स्तर वृद्धि भएको हो। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ का विभिन्न उपदफाहरूमा स्तर वृद्धिसम्बन्धी व्यवस्था गरेको पाइन्छ। तर उक्त दफाको उपदफा (४) मा "यस दफाबमोजिम माथिल्लो तहमा स्तर वृद्धि भएको कर्मचारीले निजहरू जुन तहबाट स्तर वृद्धि भएको हो सोही तहको काम गर्नुपर्ने छ" भनी स्पष्ट उल्लेख भएको सन्दर्भमा निवेदक पाँचौं तहमा स्तर वृद्धि भए तापनि चौथो तहकै काम काज गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्थालाई अन्यथा भन्न मिल्दैन।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९६३ मिति २०६७।६।१८ को कामकाजमा लगाउने सम्बन्धमा लेखिएको पत्रबमोजिम यस विभागले च.नं.२१८९ मिति २०६९।११।१६ को पत्रद्वारा जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीमा रिक्त रहेको हे.अ./सि.अ.हे.व.लाई मन्त्रालयको पत्रप्रतिकूल नहुने गरी कामकाज गर्न लगाउनु भनी मन्त्रालयको पत्रको प्रतिलिपिसहित पठाइएकोमा उक्त पत्रहरूविपरीत हुने गरी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीमा रिक्त दरबन्दीमा कर्मचारी पदस्थापन गरेको व्यहोरा जानकारी हुन आएकाले विभागको मिति २०६९।१२।२ को निर्णयानुसार उक्त पदस्थापनसम्बन्धी निर्णय बदर गरिएको हो। रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको स्वास्थ्य सेवा विभागका महानिर्देशकको लिखित जवाफ।

यसमा निवेदकहरूका हकमा यस कार्यालयबाट टिप्पणी आदेश मागसहित निवेदकहरूलाई कामकाज (पदस्थापन) मा लगाउन आवश्यक भएकाले तालुक कार्यालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौंसँग निर्देशन पाउँ भनी मिति २०६९।११।१० र च.नं. २१८९/०६९।०७० बाट निर्देशन प्राप्त भएकाले यस कार्यालयले निवेदकहरूलाई कामकाज (पदस्थापन) मा लगाएकोमा पुनः स्वास्थ्य सेवा विभागको मिति २०६९।१२।०४ र च.नं.२३४७ को पत्रले पदस्थापन (कामकाज) बदर गरिएकोमा निवेदकहरूलाई चित्त नबुझी प्रस्तुत रिट दिइएको रहेछ। यस कार्यालयका तत्कालीन निमित्त जिल्ला स्वास्थ्य प्रमुखले विभागसँग पदस्थापन गर्नसमेत माग गरी टिप्पणी पेस गरेकोमा विभागबाट माग भई आएअनुसार कामकाजमा

लगाउनु हुन भनी लेखी आएबमोजिम गरेको हुँदा यस कार्यालयको हकमा समेत उत्प्रेषण आदेश जारी हुन नपर्ने हुँदा न्याय गरी दिन हुन सादर अनुरोध गर्दछु भन्नेसमेत व्यहोराको जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको लिखित जवाफ।

यसमा यस अदालतबाट मिति २०६९।१२।१९ मा जारी अन्तरिम आदेश बदरका सम्बन्धमा निवेदकहरूले उठाउनुभएको कानूनी प्रश्नका सम्बन्धमा विचार गर्दा जिल्ला स्वास्थ्य कार्यालयले कामकाजमा सम्म खटाउन पाउनेमा जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीका निमित्त प्रमुखले पदस्थापनसमेत गर्ने गरी मिति २०६९।११।२१ मा निर्णय गरेको देखिएको सन्दर्भमा यस अदालतबाट जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिन मिल्ने अवस्था नदेखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१)(३) बमोजिम उक्त अन्तरिम आदेश बदर गरिदिएको छ। कानूनबमोजिम गर्नु भन्ने मिति २०७०।१।२४ गतेको यस अदालतको आदेश।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसीसूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकका तर्फबाट उपस्थित हुनुभएको विद्वान् अधिवक्ताहरू दिपनारायण साह एवम् विरेन्द्र शाहले निवेदकहरू सि.अ.हे.व. भएकाले सि.अ.हे.व.को रिक्त दरबन्दीमा कामकाजसमेत लगाउने गरी पदस्थापन गरिएकोमा निवेदकहरू आजको मितिसम्म उक्त पदमा इमान्दारीपूर्वक जिम्मेवारी निर्वाह गर्दै आएका छन्। उक्त पदको जिम्मेवारी निर्वाहमा कुनै किसिमको कमी कमजोरी तथा लापरवाही गरेका छैनन्। निवेदकलाई रिक्त रहेको सि.अ.हे.व. पदमा पदस्थापन गरी कामकाजमा लगाउँदा राज्यलाई थप कुनै किसिमको आर्थिकलगायत अन्य भारसमेत नपर्ने भएको र योग्यता भएको स्वास्थ्यकर्मीबाट जनताले स्वास्थ्य सेवा पाउँदा जनताको आवश्यकतासमेत पूर्ति हुने भएकाले निवेदकहरूलाई योग्यता अनुसारको पदस्थापन गरी कामकाजमा लगाएको कानूनसङ्गत हुँदाहुँदै विपक्षी स्वास्थ्य सेवा विभागको च.नं.२३४७ मिति २०६९।१२।२ को निर्णय र मिति २०६९।१२।४ को पत्रले र विपक्षी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको च.नं.११८१ मिति २०६९।१२।६ को पत्र निवेदकहरूलाई सि.अ.हे.व.पदमा कामकाज गर्ने गरी गरिएको पदस्थापन बदर गरी पूर्वको अ.हे.व.पद चौथो तहको दरबन्दीमा साविकबमोजिम कामकाज गर्न जानु भनी गरिएको विपक्षीहरूको निर्णय र पत्रले गर्दा अन्यथा पर्न गएको छ। निवेदकहरूलाई सुनवाइको मौकासमेत नदिई बिनाकारण र आधार पूर्वाग्रही भई सम्पूर्ण कुराको अध्ययन नगरी, जानकारीसमेत केही नलिई सि.अ.हे.व.पदमा कामकाज गर्न पदस्थापन गरिएको निर्णय कार्यान्वयन भइसकेको अवस्थामा बिनाकारण र आधार हाल आएर बदर गर्ने गरिएको निर्णय र पत्र उत्प्रेषणको आदेशद्वरा बदर गरियोस् भनी गर्नुभएको बहससमेत सुनियो।

प्रस्तुत मुद्दामा मिसिल संलग्न सम्पूर्ण

कागजातहरूको अध्ययन एवम् विद्वान् कानून व्यवसायीहरूको बहससमेत सुनी विचार गर्दा यसमा निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा हामी निवेदकहरू सि.अ.हे.व. भइसकेको अवस्थामा सि.अ.हे.व.को रिक्त दरबन्दी माग गरिएकोमा हामी निवेदकहरू आज लगभग एक वर्षअगाडिदेखि उक्त पदको इमान्दारीपूर्वक जिम्मेवारी निर्वाह गर्दै आएको अवस्थामा उक्त पदको जिम्मेवारी निर्वाहमा हामीले कुनै कमीकमजोरी तथा लापरवाहीसमेत नगरिएको अवस्थामा पनि हामी जस्ता धेरै कर्मचारीहरूलाई गरेको पदस्थापन कायम रहने गरी हामी निवेदकहरूको हकमा मात्र पूर्वाग्रही भएर लगभग एक वर्षपछि आएर सुनवाइको मौकासमेत नदिई बिनाकारण र आधार कार्यान्वयन भइसकेको निर्णय जसबाट हामी निवदेकहरूले प्राप्त गरिसकेको हक र सुविधाबाट वञ्चित गर्ने गरी विपक्षी स्वास्थ्य सेवा विभागको च.नं.२३४७ मिति २०६९।१२।२ को निर्णय र मिति २०६९।१२।४ को पत्रले र विपक्षी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको च.नं ११८१ मिति २०६९।१२।६ को पत्रले हामी निवेदकहरूलाई सि.अ.हे.व.पदमा कामकाज गर्ने गरी गरिएको पदस्थापन बदर गरी पूर्वको अ.हे.व.पद चौथो तहको दरबन्दीमा साविकबमोजिम कामकाज गर्न जानु भनी गरिएको विपक्षीहरूको निर्णय र पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको मिति २०६९।११।२१ गतेको निर्णय र पत्र कायम राखी पाउन विपक्षीहरूको नाममा परमादेशलगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भन्ने निवेदन मागदावी लिएकोमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (७छ) मा यस दफाबमोजिम माथिल्लो तहमा स्तर वृद्धि भएको कर्मचारीले निज जुन तहबाट स्तर वृद्धि भएको हो सोही तहको काम गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकाले रिट निवदेकको स्तर वृद्धि भए तापनि साविककै कामकाज गर्नुपर्ने हुन्छ। ऐनको दफा ८(१) मा रहेको तत्कालीन व्यवस्थाबमोजिम स्वास्थ्य सेवाको पाँचौं तहको पदमा खुला प्रतियोगिता र आन्तरिक प्रतियोगितात्मक प्रतियोगिताबाट मात्र पदपूर्ति हुने व्यवस्था रहेकाले सो बाहेक अन्य कुनै तरिकाबाट पदपूर्ति गर्न सक्ने अवस्था रहँदैन। स्तर वृद्धि भएको कर्मचारीलाई माथिल्लो तहमा स्तर वृद्धि हुनासाथ सोही तहमा पदस्थापन गर्दा ऐनको दफा ९(७छ) को उद्देश्य निस्प्रभावी हुन जाने हुँदा पदस्थापन बदर गर्ने सम्बन्धमा पछिल्लो पटक भएको निर्णयअनुरूपकै कार्यान्वयन गर्नुपर्ने भएकाले रिट निवेदन खारेजभागी छ भन्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लिखित जवाफ एवम् नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(४) मा यस दफाबमोजिम माथिल्लो तहमा स्तर वृद्धि भएको कर्मचारीले निजहरू जुन तहबाट स्तर वृद्धि भएको हो सोही तहको काम गर्नुपर्ने छ भनी

स्पष्ट उल्लेख गरेको र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं.१९६३ मिति २०६७।६।१८ को कामकाजमा लगाउने सम्बन्धमा लेखिएको पत्रबमोजिम यस विभागले च.नं.२१८९ मिति २०६९।११।१६ को पत्रद्वारा जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीमा रिक्त रहेको हे.अ./सि.अ.हे.व.लाई मन्त्रालयको पत्रप्रतिकूल नहुने गरी कामकाज गर्न लगाउनु भनी मन्त्रालयको प्रतिलिपिसहित पठाइएकोमा उक्त पत्रहरूविपरीत हुने गरी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले रिक्त दरबन्दीमा कर्मचारी पदस्थापन गरेको व्यहोरा जानकारी हुन आएकाले विभागको मिति २०६९।१२।२ को निर्णयानुसार उक्त पदस्थापनसम्बन्धी निर्णय बदर गरिएको हो भन्नेसमेत व्यहोराको विपक्षी स्वास्थ्य सेवा विभागको लिखित जवाफ रहेछ।

३. यसमा निवेदकहरूले विभिन्न मितिमा निजामती सेवा ऐन, २०४९ को दफा ३ र ४ बमोजिम रा.प.अनं. द्वितीय श्रेणी (प्रा) चौथो तहको अ.हे.व. पदमा स्थायी नियुक्ति पाई धेरै लामो समयसम्म स्वास्थ्य सेवामा कार्य गरेपश्चात चौथो तहबाट मिति २०५९।२।१४ र २०६३।१०।१७ देखि लागू हुने गरी पाँचौ तहमा स्तर वृद्धिभई कामकाज गर्दै गरेको र स्वास्थ्य सेवा विभागले च.नं.२३४७ मिति २०६९।१२।२ को निर्णय र मिति २०६९।१२।४ को पत्रले विपक्षी जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको च.नं. ११८१ मिति २०६९।१२।६ को पत्रले निवेदकहरूलाई सि.अ.हे.व.पद चौथो तहको दरबन्दीमा साविकबमोजिम कामकाज गर्न जानु भनी पत्राचार गरिएको देखिएको र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(७छ) बमोजिम माथिल्लो तहमा स्तर वृद्धि भएको अवस्थामा स्तर वृद्धिमात्र हुने तर कामकाज सोही तहमा पूर्ववत् गर्नुपर्ने कानूनी व्यवस्थाअनुकूल नै स्वास्थ्य सेवा विभागले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९६३ मिति २०६७।६।१८ को पत्रबाट निर्देश भएबमोजिम जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले मिति २०६९।१२।६ गतेमा निवेदकहरूको पदस्थापन बदर गरी पूर्वको पद तथा कार्यालयमा साविकबमोजिम कामकाज गर्नु भनी पत्राचार गरेको कुरा कानूनसम्मत नै देखिन्छ। साथै यी निवेदकहरूले सि.अ.हे.व. पदमा पाँचौ स्तरबाट स्तर वृद्धि भै छैठौंमा स्तर कायम रहेको हुँदा प्रस्तुत रिट निवेदनको कुनै औचित्य नदेखिएकाले निवेदकको मागबमोजिम आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. सुशीला कार्की

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम्।
इजलास अधिकृत : गेहेन्द्रराज पन्त

## निर्णय नं.९२४५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री दीपकराज जोशी
आदेश मिति : २०७१।५।९।२
०७१-WH-०००३

विषयः बन्दीप्रत्यक्षीकरण।

निवेदक : बङ्गलादेश, जिल्ला सिटाङ्ग, गाउँ सिवतुली घर भई हाल कारागार कार्यालय, जगन्नाथदेवल त्रिपुरेश्वर, काठमाडौंमा थुनामा रहेको समीर खाँनसमेत

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत

- **एउटै अभियोगपत्रबाट चलेको मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई कैद सजाय भएकोमा ऐनले नै कैद सजाय खाप्ने व्यवस्था नगरेसम्म कैद सजाय खाप्न मिल्ने अवस्था नरहने।**
- **दुई वा सो भन्दा बढी ऐनअनुरूप सजाय गरेको अवस्थामा जुन ऐनको कैद सजाय सबै भन्दा ठूलो छ त्यही ऐनको कैद सजाय मात्र हुन्छ। अन्य ऐनबाट भएको कैद सजाय, सजाय पाउनेले भोग्न पर्दैन र कैद सजायको खत खाप्न पनि मिल्दैन । धेरै कलमको कैद ठेक्नुपर्ने अवस्थामा जुन कलमको कैद सबैभन्दा ठूलो छ सो हद ननाघ्ने गरी कैद ठेकिने।**
- **एउटै अभियोगपत्रबाट तीन कलममा निवेदकहरूलाई कैद सजाय भएकोमा नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) ले जनही १३ महिना कैद गर्ने नै तीन कलमको सबै भन्दा ठूलो कैद सजाय भएको हुँदा सोही ऐनबाट हुने सजाय मात्र हुनुपर्ने र अरू ऐनको खत खाप्न मिल्ने अवस्था रहेन । तसर्थ, १३ महिना ननाघ्ने गरी कैद ठेक्नुपर्नेमा नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिमको १३ महिना, राहदानी ऐन, २०२४ को दफा ५ बमोजिमको ६ महिना र मुलुकी ऐन, किर्ते कागजको महलबमोजिमको १ वर्ष कैद अवधि जोडी २ वर्ष ७ महिना कैद ठेक्ने कार्य कानूनसम्मत नदेखिने ।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता मोहनबहादुर बन्जारा क्षेत्री
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता सञ्जीवराज रेग्मी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, दण्ड सजायको महलको १० र ४१ नं.
- नागरिकता ऐन, २०६३ को दफा २१ (१)
- राहदानी ऐन, २०२४ को दफा ५

फैसला

**न्या.बैद्यनाथ उपाध्याय :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतसमक्ष परेको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवम् ठहर यस प्रकार छः-

हामी तीनैजना निवेदक बङ्गलादेशको विकट क्षेत्रको गरीब परिवारको भएकाले उच्च स्तरको पढाइ लेखाइ पनि नभएको र बङ्गलादेशमा कुनै रोजगारी पनि नभएकाले वैदेशिक रोजगारको खोजीमा विदेश जाने विचार गरिरहेका थियौं । देशको नीति नियमबमोजिम बङ्गलादेशको नागरिकलाई साउदी अरबमा रोजगारीको लागि जान नपाउने नियम भएकाले कुन देशमा जाने कसरी जाने भन्ने दुविधामा थियौं । त्यसै क्रममा एकजना बङ्गलादेशीले हामीहरूबाट १५ देखि २० हजार बङ्गलादेशी टाँका (रूपैयाँ) लिई नागरिकता, पासपोर्टसमेत आफैँ बनाई भारतको दिल्लीबाट साउदी अरब पठाउने भनी बङ्गलादेशबाट दिल्ली ल्याई २७ जुन २०१३ मा दिल्लीबाट साउदी अरबको जहाज चढ्न भित्र जाने बेलामा नागरिकता, पासपोर्ट गेटमै दिई पठाएको र साउदी अरबको विमानस्थलमा ओर्लिएपछि हामीहरूलाई लिन कोही नआएपछि ५ दिनसम्म त्यहीं अलपत्र परी पुनः त्यहाँबाट भारतको दिल्लीमा फिर्ता गरेकोमा दिल्लीबाट समेत नेपाली नागरिकता र पासपोर्ट बोकेको कारण नेपाल पठाएको हो । हामीहरूले नेपालको भूमिमा प्रवेश गरी कुनै नक्कली कागजातहरू बनाएको पनि होइन, पहिला नेपालमा आएको पनि होइन । मिति २०७०।३।१८ गते अध्यागमन कार्यालयको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी हामी निवेदकउपर नागरिकता र राहदानी किर्ते मुद्दा चलाई पुर्पक्षका लागि थुनामा राखेकोमा मिति २०७१।३।१७ गते नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिम १।१।० कैद, राहदानी ऐन, २०२४ को दफा ५ बमोजिम ०।६।० कैद र मुलुकी ऐन, किर्ते कागजको महलबमोजिम रू.५०।- जरिवाना र १।०।० वर्ष कैद ठहर गरी भएको फैसलाबमोजिम लागेको जरिवाना रू.५०।- को दरले रू.१५०।- तिरी बुझाइसकेपछि हामी निवेदकहरू मिति २०७०।३।१८ गतेबाट थुनामा रहेको र मुलुकी ऐन, अ.बं. १२० नं. ले कैद कट्टी मिनाहा दिँदा मिति २०७१।४।१७ गते कैद पूरा गरी ऐ. १८ गते थुनाबाट मुक्त हुनुपर्नेमा हामी निवेदकहरू मिति २०७१।४।१८ गतेबाट गैरकानूनी थुनामा रहेको व्यहोरा अनुरोध गर्दछौं ।

मुलुकी ऐन, दण्ड सजायको महलको १०

र ४१ नं. मा भएको कानूनी व्यवस्था हेर्दा ऐ. १० नं. मा ऐनमा पटक वा खत खाप्नु भन्ने लेखिएको बाहेक एकै कागजका मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई खत पटक खापी सजाय गर्नुपरेमा कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नुपर्छ, अरू ऐनको खत खाप्नुहुँदैन । जरिवानाको सजाय पाउनेमा सबै ऐनको खत खापी सजाय गर्नुपर्छ भन्ने व्यवस्था रहेको र ऐ. ४१ नं मा एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नुपरेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ, सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नुपर्छ भन्ने व्यवस्था रहेको छ । हामी निवेदकहरूउपर ठूलो कैद १।१।० पूरा गरेपछि एकै कागजको मुद्दामा सो भन्दा बढी थुनामा राख्ने गरी पठाएको कैदीपुर्जी त्रुटिपूर्ण भएको कुरा प्रष्ट छ । हामी निवेदकहरूउपर चलाएको नागरिकता किर्ते र राहदानी किर्ते मुद्दामा दण्ड सजायको महलको १० नं. बमोजिम गर्नु भनी फैसलामा नबोल्नु गम्भीर त्रुटि हो भने विशेष परिस्थितिमा अर्थात् किर्ते कागजात खडा गरी ठगी गरेको पुष्टि भएमा ठगीमा सजाय तोकेपछि किर्तेतर्फ थप सजाय गर्ने व्यवस्था बाहेक हालसम्म एउटै अभियोगपत्रमा फरकफरक ऐनको दावी लिएकै कारण सबै मुद्दामा ठहरेको कैद जोडी कैदीपुर्जी दिई थुनामा राख्ने नेपालको प्रचलित ऐन, कानून र नजिरमा समेत व्यवस्था छैन । फैसलाको ठहर खण्ड र तपसिल खण्डमा थप सजाय गर्नु भनी बोलेको पनि छैन । तहसिलदारलाई थप सजाय गर्ने अधिकार पनि नहुँदा प्रत्यर्थीहरूले जिम्मेवारीबमोजिमको कार्य नगरेको कारण नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१)(२), १३(१), २४(४)(६) र मुलुकी ऐन, अ.बं. १२०, दण्ड सजायको महलको १० र ४१ नं. अन्तर्गत रही प्रस्तुत निवेदन दर्ता गरेका छौं । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्नेसमेत व्यहोराको समीर खाँन, अब्दुल खाँन र जान तुल्लाको निवेदनपत्र ।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो, जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ७ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाउँमा सूचना पठाउने भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७१।४।२२ को आदेश ।

रिट निवेदकहरू काठमाडौं जिल्ला अदालतको च.नं. ३२८ फौ.नं. ००८५ मिति २०७०।४।१५ को थुनामा राख्ने आदेशले तथा काठमाडौं जिल्ला अदालतको च.नं.१६५ मिति २०७१।४।१८ को कैद ठेकिएको पत्रले अब्दुल खाँन, च.नं.१६६ मिति २०७१।४।१८ को कैद ठेकिएको पत्रले समिर खाँन र च.नं.१६७ मिति २०७१।४।१८ को कैद ठेकिएको पत्रले जान तुल्ला यस कारागारमा मिति २०७०।४।१६ देखि थुनामा रही आएका छन् । अधिकारप्राप्त

निकाय तथा अधिकारप्राप्त अधिकारीबाट थुनामा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको कारागार कार्यालय, जगन्नाथदेवलको तर्फबाट प्रस्तुत भएको लिखित जवाफ।

वादी नेपाल सरकार प्रतिवादी यी निवेदकहरूसमेत भएको स.फौ.नं. ०८५ को नागरिकता किर्ते राहदानी किर्ते मुद्दामा यस अदालतका फैसलाले यी निवेदकहरूलाई नागरिकता ऐन, २०६३ को दफा २१(१) ले जनही १३ महिना कैद, राहदानी ऐन, २०२४ को दफा ५ ले जनही ६ महिना कैद तथा मुलुकी ऐन, किर्ते कागजको महलबमोजिम जनही रू.५०।- जरिवाना र जनही कैद वर्ष १ हुने ठहरेकाले उक्त फैसला अनुसार जनही ठहरेको कैद दुई वर्ष सात महिना कैद ठेकिएको र जनही जरिवाना रू.५०।- यस अदालतमा दाखिला भै सकेको हुँदा कैदबापतमा कैदीपुर्जी जारी गरी पठाइएको हो । अदालतको फैसलाले ठहरेको कैद र सो अनुसार कसिएको लगतबमोजिम नै प्रतिवादीहरूका नाउँमा कैद ठेकिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालत तथा सो अदालतको तहसिल शाखाको तर्फबाट प्रस्तुत भएको लिखित जवाफ।

नियमबमोजिम पेस भएको प्रस्तुत मुद्दामा निवेदहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री मोहनबहादुर बञ्जारा क्षेत्रीले निवेदकहरूलाई नागरिकता किर्ते, राहदानी किर्ते मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०७१।३।१७ को फैसलाले लागेको ठूलो हदको १३ महिना कैद मिति २०७१।४।१७ मा भुक्तान भै सकेको अवस्था छ । मिति २०७२।१०।१७ सम्म प्रतिवादीहरूलाई थुनामा राख्ने व्यहोराको काठमाडौं जिल्ला अदालतको कैदीपुर्जी प्रचलित कानूनविपरीत छ । निवेदकहरूलाई लागेको कैदमध्ये ठूलो कैदको हद पूरा भएको अवस्था हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी कैदमुक्त गरिपाउँ भनी बहस गर्नुभयो।

विपक्षी काठमाडौं जिल्ला अदालतसमेतको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मीले निवेदकहरू सक्षम अदालतबाट कानूनबमोजिम भएको फैसलाले थुनामा रहेको अवस्था छ । निवेदकहरूले उपचार पाउन सक्ने अन्य वैकल्पिक बाटो रहेकोमा उक्त उपचारको बाटो अवलम्बन नगरी दायर गरेको प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेतको बहस गर्नुभयो।

२. निर्णयतर्फ विचार गर्दा अध्यागमन कार्यालयको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी हामी निवेदकहरू भएको नागरिकता र राहदानी किर्ते मुद्दामा हामीहरूलाई मिति २०७०।३।१८ गतेदेखि पुर्पक्षका लागि थुनामा राखेको छ । उक्त मुद्दा मिति २०७१।३।१७ मा फैसला हुँदा नागरिकता ऐन, २०६३ को दफा २१(१)

बमोजिम १।१।० कैद, राहदानी ऐन, २०२४ को दफा ५ बमोजिम ०।६।० कैद र मुलुकी ऐन, किर्ते कागजको महलबमोजिम रू.५०।- जरिवाना र १।०।० वर्ष कैद ठहर भएकोमा जरिवाना रकम बुझाइसकेका छौँ । मुलुकी ऐन, दण्ड सजायको महलको १० र ४१ नं. मा भएको कानूनी व्यवस्थाले हामीहरूलाई लागेको ठूलो कलमको कैद १।१।० मिति २०७१।४।१७ मा पूरा गरिसकेका छौँ । हामी निवेदकहरू मिति २०७१।४।१८ देखि गैरकानूनी थुनामा रहेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने मुख्य निवेदन दावी रहेकोमा अदालतको फैसलाले ठहरेको कैद र सो अनुसार कसिएको लगतबमोजिम प्रतिवादीहरूका नाउँमा कैद ठेकिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत लिखित जवाफ रहेको देखिन्छ ।

३. प्रस्तुत रिट निवेदनको प्रमाणको रूपमा रहेको वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदकहरू समिर खाँन, अब्दुल खाँन र जान तुल्ला भएको संवत् २०७० सालको दु.फौ.नं. ००८५ को नागरिकता किर्ते, राहदानी किर्ते मुद्दाको मिसिल हेर्दा उक्त मुद्दामा प्रतिवादीहरूलाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) ले जनही १३ महिना कैद, राहदानी ऐन, २०२४ को दफा ५ ले जनही ६ महिना कैद र मुलुकी ऐन, किर्ते कागजको महलबमोजिम जनही रू. ५०।- जरिवाना र जनही १ वर्ष कैद हुने ठहर्‍याई काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।३।१७ मा फैसला भएको देखिन्छ । निवेदकहरूले जरिवाना रकम बुझाई सकेको तथ्यमा विवाद रहेको देखिएन । कैद सजाय नागरिकता किर्तेतर्फ जनही १३ महिना राहदानी किर्तेतर्फ जनही ६ महिना र किर्ते कागजको महलबमोजिम जनही १ वर्ष कैद गरी तीन कलममा कैद सजाय गरेको पाइयो । उक्त मुद्दा एउटै वारदात, मुद्दाको अभियोगपत्र पनि एउटै भएको र फैसला पनि एउटै भएको देखिन्छ । एउटै अभियोगपत्रमा विभिन्न तीन फरक कानूनको कसुर र सजायको मागदावी परेको आधारबाट तीनवटै कसुर ठहर्‍याई सजाय भएकोमा तीनवटै सजायलाई जोडी कैदको लगत २ वर्ष ७ महिना कायम गरिएको देखियो । मिसिल संलग्न काठमाडौं जिल्ला अदालतले कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंलाई पठाएको मिति २०७१।४।१८ च.नं. १६५, १६६ र १६७ का पत्रहरूका छायाँप्रति हेर्दा यी निवेदकहरूलाई माथि उल्लिखित नागरिकता र राहदानी किर्ते मुद्दामा भएको फैसलाबमोजिम मिति २०७०।३।१८ देखि २०७२।१०।१७ सम्म थुनामा राखी २०७२।१०।१८ गते कैदबाट मुक्त गरिदिने भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । यस प्रकार उक्त पत्रहरूबाट निवेदकहरूलाई एउटै मुद्दामा तीन अपराधको कसुर ठहर गरी तीनवटैमा कैद सजाय गरी ती तीनवटै कैद सजाय जोडी जनही २ वर्ष ७ महिना कैद ठेकी पठाइएको अवस्था देखिन आयो ।

४. मुलुकी ऐन, दण्ड सजायको महलको १० नं. मा "ऐनमा पटक वा खत खाप्नु भन्ने लेखिएको बाहेक एकै कागजका मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई खत पटक खापी सजाय गर्नुपरेमा कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नुपर्छ । अरू ऐनको खत खाप्न हुँदैन । जरिवानाको सजाय पाउनेमा सबै ऐनको खत खापी सजाय गर्नुपर्छ । जरिवानाको र कैदको सजाय हुनेमा दुबै कलमको ठूलो सजायको मात्र दुबै कुराको सजाय गर्नुपर्छ । एकै कागजको मुद्दा भए पनि नभए पनि सर्वस्व भएपछि सो हुनुभन्दा अघिको कसुरमा जरिवानाको खत खापिदैन" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ । त्यस्तै, दण्ड सजायको महलको ४१ नं. मा भएको कानूनी व्यवस्था हेर्दा "एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नुपरेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नुपर्छ । त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नुपर्ने भयो र अघि ठेकिएको जम्मा कैद भन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्छ । अघि ठेकिएको कैद भन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नुपर्दैन । फैसला, कैदीपुर्जी, कैद ठेक्ने किताबमा सम्म खुलाई दिनुपर्छ र पछि ठेकिने कलमको हद घटी भए पनि अघि कैद गर्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म पछिल्लो कलममा कैद गर्नुपर्छ । धेरै कलमको कैदको हद बराबर हुन आयो भने सोमध्ये एक कलमको कैद ठेक्नुपर्छ । अरू कलमका हकमा फैसला, कैदीपुर्जी, कैद ठेक्ने किताबमा सम्म खुलाउनुपर्छ । तर फैसला भई सकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्था अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ" भन्ने उल्लेख भएको पाइन्छ ।

५. यस प्रकार एउटै अभियोगपत्रबाट चलेको मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई कैद सजाय भएकोमा ऐनले नै कैद सजाय खाप्ने व्यवस्था नगरेसम्म कैद सजाय खाप्न मिल्ने अवस्था रहँदैन । दुई वा सो भन्दा बढी ऐनअनुरूप सजाय गरेको अवस्थामा जुन ऐनको कैद सजाय सबै भन्दा ठूलो छ त्यही ऐनको कैद सजाय मात्र हुन्छ अन्य ऐनबाट भएको कैद सजाय, सजाय पाउनेले भोग्न पर्दैन र कैद सजायको खत खाप्न पनि मिल्दैन । धेरै कलमको कैद ठेक्नुपर्ने अवस्थामा जुन कलमको कैद सबैभन्दा ठूलो छ सो हद ननाघ्ने गरी कैद ठेकिने हुन्छ । मुलुकी ऐन, दण्ड सजायको महलको १० नं. को कानूनी प्रावधानले ठूलो सजाय मात्र गर्नुपर्ने

अवस्था देखिन आयो । निवेदकहरूलाई कैद ठेक्दा मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को कानूनी प्रावधानबमोजिम कैदको सबभन्दा ठूलो हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने देखियो । एउटै अभियोगपत्रबाट तीन कलममा निवेदकहरूलाई कैद सजाय भएकोमा नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) ले जनही १३ महिना कैद गर्ने नै तीन कलमको सबै भन्दा ठूलो कैद सजाय भएको हुँदा सोही ऐनबाट हुने सजाय मात्र हुनुपर्ने र अरू ऐनको खत खाप्न मिल्ने अवस्था रहेन । तसर्थ, १३ महिना ननाघ्ने गरी कैद ठेक्नुपर्नेमा नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिमको १३ महिना, राहदानी ऐन, २०२४ को दफा ५ बमोजिमको ६ महिना र मुलुकी ऐन, किर्ते कागजको महलबमोजिमको १ वर्ष कैद अवधि जोडी २ वर्ष ७ महिना कैद ठेक्ने कार्य कानूनसम्मत देखिएन।

६. तसर्थ, माथि विवेचना गरिएका आधार कारण र कानूनी व्यवस्थाबाट निवेदकहरूलाई कैदको ठूलो हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने भई निवेदकहरू मिति २०७०।३।१८ देखि थुनामा रहेको र निजहरूलाई लागेको ठूलो हदको कैद १३ महिना मिति २०७१।४।१७ मा नै भुक्तान भैसकेको हुँदा निवेदक समिर खाँन, अब्दुल खाँन र जान तुल्लालाई तत्काल कैदमुक्त गर्नु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.दीपकराज जोशी

इति संवत् २०७१ साल भदौ ९ गते रोज २ शुभम्।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

## निर्णय नं.९२४६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
फैसला मिति : २०७१।७।१७।२
०६८-CR-११८३

मुद्दा : कर्तव्य ज्यान।

पुनरावेदक/प्रतिवादी : कास्की जिल्ला, अर्मला गा.वि.स. वडा नं. ८ बस्ने कुमान गुरूङसमेत

विरूद्ध

प्रत्यर्थी/वादी : कृष्णकुमारी सापकोटाको जाहेरीले नेपाल सरकार

- **प्रतिवादीहरूले आफूले गल्ती गरेको महसुस गरी आफैँ प्रहरीसमक्ष उपस्थित भै न्यायिक कामकारवाहीमा सहयोग गरेको भन्ने आधारमा सुरूले अ.बं.१८८ नं.को प्रयोग गरी प्रतिवादीहरूलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने भनी जनही १०/१० वर्षमात्र कैद हुने ठहर्‍याएको सुरूको राय समर्थन गरेको पुनरावेदन अदालतको राय सम्बन्धमा विचार गर्दा निर्मम तवरले कुटपीट गरेको, घटनामा हँसियासमेतका हतियार प्रयोग भएको, अमानवीय तवरले रातारात लास जङ्गलमा लगी गाडिएको र घटनापश्चात यी प्रतिवादीहरू लामो समयसम्म फरार रहेको देखिएको ।**
- **ज्यान मारी सकेपछि पनि कुनै पछुतो भएको नदेखिई घिसार्दै जङ्गलमा लगी लास गाडी दबाउने प्रयास भएको देखिँदा यसरी अपराध गरेको अवस्थामा प्रतिवादीहरूलाई दया, माया वा नरम दिल गर्नुपर्ने कुनै आधार नदेखिने ।**

(प्रकरण नं.४)

पुनरावेदक/प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू लक्ष्मीप्रसाद मैनाली र रामचन्द्र त्रिपाठी

प्रत्यर्थी/वादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, अ.बं. १८८ नं.
- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.

सुरू तहमा फैसला गर्ने :

मा.जि.न्या.श्री नीलकण्ठ उपाध्याय रेग्मी

पुनरावेदन तहमा फैसला गर्ने :

मा.न्या. श्री रामप्रसाद खनाल

मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ

फैसला

**न्या. बैद्यनाथ उपाध्याय :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन अदालत, पोखराको मिति २०६८।८।२६ को फैसलाउपर प्रतिवादीहरूको तर्फबाट संयुक्त पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यस प्रकार छ :

कास्की जिल्ला, अर्मला गा.वि.स. वडा नं. ८ तिबेनियास्थित जङ्गलमा वनमासाको झाडीमा आलो माटोले पुरिएको, खन्दै जाँदा ५/५ फिट लम्बाई र ३ फिट चौडाईको खाल्डोमा उत्तर टाउको, दक्षिण गोडा पारी उत्तानो अवस्थामा रहेको मृतक लास फेला परेको, दुबै आँखा बन्द, बायाँतर्फको भाग किचिएको, जिब्रो टोकिएको र बाहिर निस्किएको, घाँटी लुलो भई टाउको

लत्रिने भएको, टाउकाको बायाँतर्फ अङ्ग्रेजी भि आकारको ४ इन्च लम्बाईको चोट देखिएको, लास सडी गलीसकेको र दुर्गन्धित अवस्थामा रहेको देखिएको भन्ने व्यहोराको लास जाँच मुचुल्का।

कास्की जिल्ला, अर्मला गा.वि.स. वडा नं. ९ स्थित रमेश सापकोटाको घरमा दैलो ठेला नजिक गारोको भित्ता उप्किएको र सोही ठाउँमा रमेश सापकोटालाई कुटपीट गरिएको भन्ने व्यहोराको घटनास्थल मुचुल्का।

वर्ष ४६ को रमेश सापकोटालाई कुमान गुरूङ, ध्रुव गुरूङ, जितबहादुर गुरूङ, ओमप्रकाश गुरूङसमेतले नेत्रप्रसाद नेपालीको गोरूको खुट्टा काटिदिएको विषयलाई लिएर कुटपीट गरी घाँटी कसी मारी मिति २०६६।५।१९ गते तिबेनिया जङ्गलमा लास गाडेको अवस्थामा लास फेला पारी लास हेर्दा गम्भीर चोटपटक लागेको अवस्था रहेको हुँदा निजहरूले रमेश सापकोटालाई कुटपीट गरी कर्तव्यबाट मारी लास गाडिदिएको हुँदा कारवाही गरिपाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त।

मिति २०६६।५।३ गते बेलुकी २१:५० बजे समयमा कुमान गुरूङसमेत आई नेत्रप्रसाद नेपालीको गोरूले रमेश सापकोटाको घाँस खाई गोरूको खुट्टा काटिदिएको सम्बन्धमा छलफल गर्न मगना गुरूङले बोलाएको छ भनी मलाई रमेश सापकोटाको घरमा पुर्‍याए। मगना गुरूङले रमेश सापकोटालाई कुटपीट गर्दै थिए। चारजनाले बाँधी हातमुक्का, हँसियाले हानी मरेतुल्य भएको थियो। तैंले कसैलाई बताइस् भने तँलाई पनि मार्छौं भन्दै धम्की दिई रमेश सापकोटालाई कुटपीट गर्दै थिए। चारैजनाले बाँधी हातमुक्का, हँसियाले हानी मरेतुल्य भएको थियो। रमेश सापकोटाको घाँटीमा लगाएको तारले तान्दै तिबेनिया जङ्गलतर्फ लागेका हुन्। म आफ्नो घरमा गै सुतें। भोलिपल्ट रमेश सापकोटा हराएको भनी मिटिङ बस्यो। मलाई मिटिङमा नआउनु भनेका हुँदा गइन। १९ गते तिबेनिया जङ्गलमा खाडलमा लास भएको थाहा पाई प्रहरी आई उत्खनन् गर्दा रमेश सापकोटाको लास फेला परेको हो भन्ने व्यहोराको मनबहादुर तामाङको कागज।

लास सडी गली सकेको हुँदा मृत्युको कारण एकिन भन्न नसकिने भन्ने व्यहोराको पोस्टमार्टम रिपोर्ट।

मिति २०६६।५।२ गतेका दिन दाजुको छोराको मृत्यु भएकाले उक्त ठाउँमा गै घर फर्कँदा गोरूको खुट्टा काटिएको अवस्थामा पाएँ। गोरूले रमेश सापकोटाको पींढीमा रहेको घाँस खाएको देखेको हुँदा निजले गोरूको खुट्टा काटिदिएको विषयमा सोधपुछ गर्न कुमान गुरूङ, ध्रुव गुरूङ, जितबहादुर र ओमप्रकाश गुरूङलाई बताएको थिएँ। मिति २०६६।५।४ गते बिहान रमेश सापकोटा हराएकाले खोजतलास गर्दा अर्मलाको जङ्गलमा खाडलमा गाडिएको अवस्थामा लास फेला पारी प्रहरीले उत्खनन् गरी निकालेको थाहा पाएको

हुँ। रमेश सापकोटालाई ओमप्रकाश गुरूङ, कुमान गुरूङ, जितबहादुर गुरूङ र ध्रुव गुरूङसमेतले कर्तव्य गरी लास गाडिदिएको भन्ने व्यहोराको नेत्रप्रसाद नेपालीको कागज।

मिति २०६६।५।२ गतेका दिन नेत्र नेपालीको गोरूको खुट्टा कसले काटिदिएको भनी पत्ता लगाउन नेत्र नेपालीले ध्रुव गुरूङ, ओमप्रकाश गुरूङ, जितबहादुर गुरूङ र कुमान गुरूङलाई भनेका थिए । मिति २०६६।५।३ गते साँझमा हामी ४ जना भेट भई रमेश सापकोटाको घाँस खाएकाले निजले गोरूको खुट्टा काटिदिएको विषयमा कुराकानी गर्न जाँदा रमेश सापकोटाले विभिन्न कुरा गरेको हुँदा पालैपालो लात मुक्काले हानेका हौं । बिजुलीको तारले घाँटीमा फनफनी बेरी एकातर्फ ध्रुव गुरूङ र जितबहादुर, र अर्कोतर्फ ओमप्रकाश र मैले तानी हातखुट्टा फालेकाले छट्पटाउन छाडे । त्यसपछि हामी चारैजनाले रमेश सापकोटालाई बोरामा हाली जङ्गलमा लगी खाडल खनी गाडेको हो भन्ने व्यहोराको कुमान गुरूङको बयान।

मिति २०६६।५।२ गतेका दिन रमेश सापकोटाको घरमा नेत्रप्रसाद नेपालीको गोरूले घाँस खाई गोरूको खुट्टा काटिदिएको विषयमा सोधपुछ गरिदिनुपर्‍यो भनी नेत्रप्रसाद नेपालीले भनेका थिए । मिति २०६६।५।३ गते साँझमा जितबहादुर गुरूङ, कुमान गुरूङ, ध्रुव गुरूङ र म रमेश सापकोटाको घरामा गै सोधपुछ गर्ने क्रममा निज रमेश सापकोटाले अपशब्द प्रयोग गर्दै गाली गरेको हुँदा ध्रुवले एक थप्पड लगाए । त्यसपछि मसमेतले हात मुक्काले कुटपीट गरी मैले तानी दिँदा छट्पटाउन छाडेपछि निजलाई बोरामा पोको पारी जङ्गलमा लगी खाडल खनी गाडिदिएको हो भन्ने व्यहोराको ओमप्रकाश गुरूङको बयान।

नेत्रप्रसाद नेपालीको गोरूको खुट्टा काटिएको विषयमा रमेश सापकोटाको घरमा गै सोधपुछ गर्न खोज्दा निजले अपशब्द प्रयोग गर्दै गाली गरेकाले बिजुलीको तारले घाँटीमा फनफनी बेरी कुटपीट गर्दै एकातर्फ कुमान गुरूङ र ओमप्रकाश गुरूङ, र अर्कोतर्फ ध्रुव र मैले तानिदिँदा छट्पटाउन छाडेपछि निजलाई बोरामा पोको पारी जङ्गलमा लगी खाडल खनी गाडिदिएको हो भन्ने व्यहोराको जितबहादुर गुरूङको बयान।

रमेश सापकोटाले नेत्रप्रसाद नेपालीको गोरूले घाँस खाएकाले गोरूको खुट्टा काटिदिएको विषयमा कुराकानी गर्न रमेश सापकोटाको घरमा पुग्दा रमेश सापकोटाले अपशब्द प्रयोग गर्दै गाली गरेकाले बिजुलीको तारले घाँटीमा फनफनी बेरी बाँधी तानिदिँदा छट्पटाउन छाडेपछि बोरामा पोको पारी जङ्गलमा लगी खाडल खनी गाडिदिएको हो भन्ने व्यहोराको ध्रुव गुरूङको बयान।

रमेश सापकोटाले गोरूको खुट्टा काटिदिएको विषयमा ध्रुव गुरूङ, कुमान गुरूङ,

जितबहादुर गुरूङ र ओमप्रकाश गुरूङले निजलाई कुटपीट गरी बाँधी घाँटी कसी कर्तव्य गरी लासलाई जङ्गलमा लगी गाडिदिएको अवस्थामा लास फेला परेको हो भन्ने व्यहोराको बुझिएका मानिसहरूको कागज।

प्रतिवादी कुमान गुरूङसमेत चारैजना प्रतिवादीहरूको साबिती बयान, किटानी जाहेरी, सरिता भण्डारीसमेतका मौकामा बुझिएका व्यक्तिहरूको कागज र घटनास्थल मुचुल्काका आधार प्रमाणबाट मिति २०६६।५।३ गते बेलुकी २१:४५ बजे रमेश सापकोटाले नेत्रप्रसाद नेपालीको गोरूको खुट्टा काटिदिएको रिसइबिका कारणले प्रतिवादीहरू कुमान गुरूङ, ध्रुव गुरूङ, ओमप्रकाश गुरूङ र जितबहादुर गुरूङले रमेश सापकोटालाई कुटपीट गरी घाँटीमा बिजुलीको तारले कसी कर्तव्य गरी मारेको देखिएको हुँदा प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं अनुसारको कसुर गरेको देखिँदा निजहरूलाई ऐ. १३(३) नं. अनुसार सजाय गरिपाउँ भन्ने अभियोग मागदावी।

नेत्रप्रसाद नेपालीको गोरूले रमेश सापकोटाको घाँस खाइदिएको विषयमा कुमान गुरूङ, ओमप्रकाश गुरूङ, जितबहादुर गुरूङ र मसमेत मिति २०६६।५।३ गते रमेश सापकोटाको घरमा गै गोरूको खुट्टा काट्न हुन्थेन भन्दा उसले हामीलाई गाली गरेकाले हामी चारैजनाले निजलाई सामान्य कुटपीट गरी आँगनमा छाडिदिएको हो। पछि उनको लास जङ्गलमा गाडिदिएको अवस्थामा फेला परेको थाहा भयो। हामीले उनलाई हतियार प्रयोग गरी कुटपीट गरेको र तारले घाँटीमा कसेर मारी जङ्गलमा लगेर गाडेको होइन। जाहेरी झुट्टा हो। सफाइ पाउँ भन्ने व्यहोराको प्रतिवादी ध्रुव गुरूङको अदालतमा बयान।

मिति २०६६।५।१ गते नेत्रप्रसादको गोरूले आफ्नो घाँस खाएकाले रमेश सापकोटाले गोरूको खुट्टा काटिदिएको विषयमा छलफल गर्न मिति २०६६।५।३ गते कुमान गुरूङ, ओमप्रकाश, ध्रुव गुरूङ र म रमेश सापकोटाको घरमा गै गोरूको खुट्टा काट्न हुन्थेन भनी सम्झाउँदा रक्सी खाई बसेका निज रमेशले गोरूको खुट्टा मात्र होइन तिमीहरूलाई पनि काटिदिन्छु भनी हामीलाई कुटपीट गर्न आई हात हालाहाल हुँदा निज सामान्य घाइते भए। त्यसपछि रक्सी खाएका मान्छेलाई कुटपीट गर्न हुँदैन। भोलिपर्सि कुरा गरौंला भनी त्यहाँबाट आआफ्नो घर गएका हौं। तारले घाँटीमा कसेर मारी जङ्गलमा लगेर गाडेको होइन। उनको मृत्यु कसरी भयो थाहा भएन। जाहेरी झुट्टा हो। अभियोग दावीबाट सफाइ पाउँ भन्ने व्यहोराको प्रतिवादी जितबहादुर गुरूङको अदालतमा बयान।

मिति २०६६।५।१ गते नेत्रप्रसाद नेपालीको गोरूले रमेश सापकोटाको घाँस खाएकाले उसले गोरूको खुट्टा काटिदिएको हुँदा ऐ ३ गते बेलुकी म र अन्य ३ जना

प्रतिवादीहरू रमेश सापकोटाको घरमा गै सोधपुछ गर्दा उनले रक्सी खाएका र हामीसँग झगडा गरेकाले २/४ मुक्का हिर्काई ऊ भुइँमा लडेपछि हामी घर गएका हौं । निजलाई कर्तव्य गरी मारेको र तारले तान्दै जङ्गलमा लगेर खाल्डो खनी पुरेको होइन । जाहेरी झुट्टा हो । म निर्दोष छु । सफाइ पाउँ भन्ने व्यहोराको प्रतिवादी ओमप्रकाश गुरूङको अदालतमा बयान ।

मिति २०६६।५।१ गते नेत्रप्रसाद नेपालीको गोरूले रमेश सापकोटाको घाँस खाएकाले उनले सो गोरूको खुट्टा काटिदिएको हुँदा ऐ. ३ गते बेलुकी हामी चारैजना रमेशको घरमा सम्झाइबुझाई गर्दा ऊ रक्सी खाएको र झगडा गर्न लागेकाले हामीले ४/५ थप्पड लगायौं । ऊ भुइँमा लडेपछि हामी घरतिर गएका हौं । निजलाई हामीले मर्ने गरी कुटेको होइन र मरेपछि लतार्दै जङ्गलमा लगेर गाडेको पनि होइन । जाहेरी झुट्टा हो । म निर्दोष छु । सफाइ पाउँ भन्ने व्यहोराको प्रतिवादी कुमान गुरूङको अदालतमा बयान ।

रमेश सापकोटाको मृत्यु कर्तव्यबाट भै जङ्गलमा लगी गाडिएकोमा विवाद देखिएन । गोरूको खुट्टा काटेको विषयमा छलफल हुँदा कुटपीट भएको कुरा प्रतिवादीहरूले स्वीकार गरेकै छन् । यी प्रतिवादीहरू बाहेक अन्यले मारेको भन्ने कतै नहुँदा प्रतिवादी कुमान गुरूङ, ओमप्रकाश गुरूङ, जितबहादुर गुरूङ र मगना भन्ने ध्रुव गुरूङले रमेश सापकोटालाई कर्तव्य गरी मारेको र यसैको साङ्घातिक चोटले मरेको भन्ने नदेखिँदा सबैलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. ले जन्मकैद हुने ठहर्छ । प्रतिवादीहरूको मृतकसँग कुनै पूर्व रिसइबि देखिँदैन । मृतकले नेत्रप्रसादको गोरूको खुट्टा काटिदिएको विषयमा छलफल गर्नसम्म गएका अवस्थामा भनाभन भै कुटपीट भएको, गोरूको खुट्टा काट्न हुन्थेन भनी सम्झाउँदा उल्टै मृतकले गाली गरेको, प्रतिवादीहरू आफैं प्रहरीमा उपस्थित भै कानूनबमोजिम होस् भनी अनुसन्धानमा र अदालतमा सत्य कुरा व्यक्त गरी सहयोग गरेको देखिँदा जन्मकैद गर्दा चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. अनुसार १०/१० वर्ष कैद हुन राय व्यक्त गर्दछु भन्ने व्यहोराको सुरू कास्की जिल्ला अदालतको मिति २०६८।२।४ को फैसला ।

कास्की जिल्ला अदालतको फैसलामा चित्त बुझेन । घटनास्थल प्रकृति मुचुल्काले कुटपीट भएको स्थानसम्म पनि किटान छैन । उक्त घटना भयो भनिएको ठाउँमा पनि कुनै सङ्केत देखिएको छैन । शव परीक्षण प्रतिवेदनमा लास सडेगलेको हुँदा मृत्युको कारण खुलाउन नसकिने भनिएको छ । तर लासप्रकृति मुचुल्कामा त्यस्तो स्थिति वा चोटपटक र तारले बाँधेको कुनै सङ्केत देखिँदैन । बुझिएका मानिस, स्वयम् जाहेरवाला र मेरा साक्षी जुमप्रसाद गुरूङले मृतक बढी रक्सी सेवन गर्ने अल्कोहलिक भएको भनेको अवस्था छ । केवल अनुमान र शङ्काकै भरमा

हामीहरूलाई दोषी ठहर गर्न मिल्ने अवस्था होइन । सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्ने व्यहोराको प्रतिवादीहरूको संयुक्त पुनरावेदन जिकिर ।

पूर्व रिसइबि नभई तत्काल भएको भनाभनबाट सामुहिकरूपले कुटपीट गरेको कारणबाट मृत्यु भएको अवस्थामा ज्यानसम्बन्धीको महलको १३(३) नं. को सजाय गरेको सुरू कास्की जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम छलफलको लागि पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरालाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०६८।५।११ को पुनरावेदन अदालत, पोखराको आदेश ।

पुनरावेदक प्रतिवादीहरूको सामूहिक कुटपीटको कारण रमेश सापकोटाको मृत्यु भएको, यसैको चोटको कारण मृत्यु भएको भन्ने खुल्न नआएको हुँदा प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याएको र मृतकसँग प्रतावदीहरूको पूर्व रिसइबि केही नभएको, नेत्रप्रसाद नेपालीको गोरूको खुट्टा मृतकले काटिदिएको विषयमा छलफलको क्रममा वादविवाद भै कुटपीट हुन गएको र प्रतिवादीहरूले आफूले गरेको गल्ती महसुस गरी आफैँ प्रहरी कार्यालयमा उपस्थित भई न्यायिक प्रक्रियामा सहयोग गरेको तथ्यलाई विचार गरी प्रतिवादीहरूलाई अ.बं.१८८ नं अनुसार १०/१० वर्ष कैद हुन सुरूले व्यक्त गरेको राय मनासिबै देखिँदा सुरू कास्की जिल्ला अदालतको मिति २०६८।२।४ को फैसला सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पोखराको मिति २०६८।८।२६ को फैसला ।

मिति २०६६।५।३ का दिन मृतक रमेश सापकोटाले नेत्रप्रसाद नेपालीको गोरूले आफ्नो घाँस खाएको रिसमा गोरूको खुट्टा काटेको विषयमा त्यसो गर्नु हुन्न भनी सम्झाउँदा बुझाउँदा उल्टै मृतक रमेश सापकोटा हामीमाथि आइलागेकाले हामीबाट सामान्य कुटपीट भएको र सो कुटपीटको कारणले मृत्यु भएको पुष्टि नभएको, जाहेरवालीले घटना प्रत्यक्ष आफूले नदेखी अर्काले भनेको कुराको भरमा जाहेरी दिएकोमा पछि अदालतमा Hostile भएकी, हामी प्रतिवादीहरू आफैँ प्रहरीसमक्ष उपस्थित भै न्यायिक कारवाहीमा सहयोग गरेको, अ.बं.११५ नं. बमोजिम बुझिएका घटनाका प्रत्यक्षदर्शी मनबहादुर तामाङले अदालतसमक्ष आई बकपत्र गर्दा घटनामा प्रतिवादीहरूको संलग्नता नरहेको भनी उल्लेख गरेको अवस्थामा हामीहरूउपर कसुर ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दावीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको संयुक्त पुनरावेदनपत्र ।

नियमबमोजिम दैनिक पेसीसूचीमा चढी पेस हुनआएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री लक्ष्मीप्रसाद मैनाली र

श्री रामचन्द्र त्रिपाठीले वारदातको समयमा प्रतिवादीहरू वारदातस्थलमा रही कुटपीटमा संलग्न रहेको पुष्टि हुँदैमा कर्तव्यतर्फ कसुर ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ । जाहेरवाला कृष्ण कुमारी सापकोटाले घटनाको विषयमा आफूले देखेको नभै प्रत्यक्षदर्शी भनिएका मनबहादुर तामाङले भनेको भरमा जाहेरी दिएको र अदालतमा Hostile भएको अवस्था छ । साथै प्रत्यक्षदर्शी भनिएका मनबहादुर तामाङले समेत अदालतमा आई प्रतिवादीहरू निर्दोष रहेको बताइरहेको अवस्थामा प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न मिल्ने अवस्था छैन । साथै प्रतिवादीहरू आफैँ प्रहरीसमक्ष उपस्थित भै न्यायिक कारवाहीमा सहयोग गरेको अवस्था हुँदा कसुर ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको फैसला बदर गरी प्रतिवादीहरूले अभियोगदावीबाट सफाइ पाउनुपर्ने हुँदा अ.बं. २०२ नं. बमोजिम छलफलको निमित्त विपक्षी झिकाइपाउँ भनी गर्नुभएको बहससमेत सुनियो । अब प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय हुने ठहराई प्रतिवादीहरू र मृतकबीचमा कुनै रिसइबि नरहेको र अ.बं. १८८ नं. अनुसार जनही १०/१० वर्ष कैद गर्न उपयुक्त हुने राय पेस गरेको सुरू फैसला सदर गरेको पुनरावदेन अदालतको फैसला मिलेको छ छैन तथा पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ सक्तैन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा कुमान गुरूङ, ओमप्रकाश गुरूङ, जितबहादुर गुरूङ र ध्रुव गुरूङसमेत चारैजना प्रतिवादीहरू नेत्रप्रसाद नेपालीको गोरूले आफ्नो घाँस खाएकाले रमेश सापकोटाले गोरूको खुट्टा काटेको विषयमा मिति २०६६।५।३ दिन छलफल हुँदा आपसमा वादविवाद भनाभन भै रमेश सापकोटालाई हातपात कुटपीट गरेको कुरामा साबित भएको अवस्था छ भने सोही कुटपीटबाट रमेश सापकोटाको मृत्यु भएको देखिन्छ । साथै यी प्रतिवादीहरूको कुटाइबाटै रमेश सापकोटाको मृत्यु भएपछि मृतकको लासलाई तिबेनिया जङ्गलमा लगी खाल्डो खनी गाड्नमा यिनै प्रतिवादीहरूकै संलग्नता रहेको कुरा घटनापश्चात सबै प्रतिवादीहरू फरार रहेबाट पुष्टि हुन आउँछ । प्रस्तुत वारदात मिति २०६६।५।३ गते बेलुका २१:५० बजेको समयमा भएको, मिति २०६६।५।१९ मा लासको घटनास्थल मुचुल्का भएपछि मात्र मृतककी श्रीमती कृष्णकुमारीबाट मिति २०६६।५।२० मा जाहेरी परेको देखिन्छ । घटनापश्चात फरार रहेका यी चारैजना प्रतिवादीहरू भागी भारततर्फ गएकोमा लामो समय पश्चात मात्र मिति २०६७।१।२७ का दिन चारैजनाले आफूहरूले कसुर गरेको कुरा स्वीकार गरी कानूनबमोजिम होस् भनी संयुक्त निवेदनसाथ जिल्ला प्रहरी कार्यालय, कास्कीसमक्ष उपस्थित भएको देखिन्छ । यसरी वारदातपश्चात तत्काल फरार रही लामो

समयपश्चात आफूले कसुर गरेको स्वीकार गरी प्रहरीसमक्ष समर्पण हुनुबाट वारदातमा यी प्रतिवादीहरूको संलग्नता रहेको र वारदातपश्चात यिनै प्रतिवादीहरूले लास तिबेनिया जङ्गलमा लगी गाडेको कुरामा विवाद देखिएन।

३. यसरी कर्तव्य ज्यानजस्तो गम्भीर अपराध गरी लाससमेत दबाउने काममा यी प्रतिवादीहरूको संलग्नता पुष्टि भइरहेको स्थितिमा वारदातका प्रत्यक्षदर्शी भनिएका मनबहादुर तामाङले अदालतमा आई प्रहरीसमक्ष आफूले गरेको कागजमा लेखिएको कुरा आफ्नो जानकारीमा नभएको र वारदातमा प्रतिवादीहरू संलग्न नरहेको भनेको र जाहेरवाला कृष्णकुमारी सापकोटा अदालतमा Hostile भएकै भरमा यी प्रतिवादीहरू निर्दोष छन् भन्ने निष्कर्षमा पुग्न सकिएन। तसर्थ, यी चारैजना प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको सुरू कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६८।८।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्तैन।

४. अब यी प्रतिवादीहरूले आफूले गल्ती गरेको महसुस गरी आफैँ प्रहरीसमक्ष उपस्थित भै न्यायिक कामकारवाहीमा सहयोग गरेको भन्ने आधारमा सुरूले अ.बं.१८८ नं.को प्रयोग गरी प्रतिवादीहरूलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने भनी जनही १०/१० वर्षमात्र कैद हुने ठहऱ्याएको सुरूको राय समर्थन गरेको पुनरावेदन अदालतको राय सम्बन्धमा विचार गर्नुपर्ने देखियो। निर्मम तवरले कुटपीट गरेको, घटनामा हँसियासमेतका हतियार प्रयोग भएको, अमानवीय तवरले रातारात लास जङ्गलमा लगी गाडिएको र घटनापश्चात यी प्रतिवादीहरू लामो समयसम्म फरार रहेको देखिन्छ। ज्यान मारी सकेपछि पनि कुनै पछुतो भएको नदेखिई घिसार्दै जङ्गलमा लगी लास गाडी दबाउने प्रयास भएको देखिन्छ। यसरी अपराध गरेको अवस्थाबाट प्रतिवादीहरूतर्फ दया, माया वा नरम दिल गर्नुपर्ने कुनै आधार देखिँदैन। तसर्थ प्रस्तुत मुद्दामा वारदातको दृष्टिबाट भवितव्य हो कि भनी शङ्का गर्नुपर्ने स्थिति पनि नभएको र अपराध गरेको अवस्थाबाट पनि प्रतिवादीहरूलाई जन्मकैद गर्दा चर्को पर्ने नदेखिएको अवस्थामा जिल्ला तथा पुनरावेदन अदालतबाट अ.बं. १८८ नं. अनुरूप जनही १० वर्ष कैद सजाय लगाएको रायसँग सहमत हुन सकिएन। प्रस्तुत फैसलाको जानकारी प्रतिवादीहरूलाई यथाशीघ्र दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.गोविन्दकुमार उपाध्याय

इति संवत् २०७१ साल कात्तिक १७ गते रोज २ शुभम्।
इजलास अधिकृत : विदुर काफ्ले

## निर्णय नं.९२४७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
फैसला मिति : २०७१।५।११।४
०७१-WH-०००६

मुद्दा : बन्दीप्रत्यक्षीकरण।

निवेदक : ओखलढुङ्गा जिल्ला, खिजिफलाटे गा.वि.स. वडा नं.९ घर भई हाल भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स. वडा नं. ७ बस्ने होम भन्ने हेमबहादुर श्रेष्ठको हकमा सरीता श्रेष्ठ खत्री

विरूद्ध

विपक्षी : महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंसमेत

- **कुनै खास उद्देश्यका लागि बनेको ऐनले गरेको व्यवस्थाबमोजिम भए गरेका कार्यलाई त्यसै ऐनको व्यवस्थाबमोजिम हेरिनुपर्ने हुन्छ। केही सार्वजनिक अपराधजन्य कार्य भएकोमा कानूनले ७ दिनभित्र मुद्दा दर्ता गर्नुपर्ने कानूनी व्यवस्था हुँदाहुँदै पटकपटक म्याद थप गरी थुनामा राखी व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई कुण्ठित पार्ने अधिकार कुनै पनि सार्वजनिक अधिकारीलाई नहुने।**
- **विशेष कानूनले कुनै अपराधको सम्बन्धमा खास व्यवस्था गर्दागर्दै त्यसको अवलम्बन नगरी अर्को कानूनको व्यवस्था उल्लेख गरी कुनै व्यक्तिलाई थुनामा राख्ने कार्यबाट कानूनको उचित प्रयोग र पालना नगरिनुको साथै त्यस्तो थुनामा राख्ने सार्वजनिक पदाधिकारीको कानूनको त्रुटि एवम् प्रवृत्त भावनाबाट प्रेरित रहेको देखिन आउने।**

(प्रकरण नं.२)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ता पारसमणि भट्टराई
विपक्षीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता चन्द्रकान्त खनाल
अवलम्बित नजिर :

- *नेकाप* २०६८, अङ्क ९, पृष्ठ १५१७, नि.नं. ८६८४

सम्बद्ध कानून :

- अन्तरिम संविधान, २०६३ को धारा १२(२)
- केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ४(२)
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(२)

फैसला

**न्या.गोपाल पराजुली :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) अन्तर्गत यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवम् ठहर यस प्रकार छ ।

महानगरीय प्रहरी वृत्त बौद्ध, काठमाडौंले मेरो श्रीमान् होम भन्ने हेमबहादुर खत्रीलाई मिति २०७१।३।१० गते पक्राउ गरी केही सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलाई मिति २०७१।४।५ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट रू.४०००।- (अक्षरूपी चार हजार रूपैयाँमात्र) धरौटी माग भई म रिट निवेदकले नै स्वयम् धरौटी दाखिला गरेपछि सोही दिन महानगरीय प्रहरी वृत्त, बौद्धले जिल्ला प्रशासन कार्यालय, काठमाडौंको हाताभित्रै फेरि केही सोधपुछ गर्नुछ भनी मिति २०७१।४।१ गते प्रहरी वृत्त, बौद्धमा लगी मिति २०७१।४।४ गतेसम्म कुनै पनि मुद्दा नचलाई म्याद थपसमेत नगराई गैरकानूनीतवरले थुनामा राखी मिति २०७१।४।४ गते मेरो श्रीमान् के.सा.अ. ऐनअन्तर्गत थुनामा रहँदा मेरै श्रीमान्ले चलाउने GT-S7562 मोडलको Samsung DUOS लेखेको मोबाइल र अन्य दुईवटा मोबाइलसमेत बरामदी मुचुल्कामा उल्लेख गरी जाहेरी नै नभएको निराधार चोरी मुद्दा लगाएकोमा मेरो श्रीमान्लाई काठमाडौं जिल्ला अदालतले मिति २०७१।४।२८ गते रू.२६०००।- (अक्षरूपी छब्बीस हजार रूपैयाँ मात्र) धरौटी माग भई म स्वयम्ले धरौटी रकम दाखिला गरेपछि पनि मेरो श्रीमान्लाई प्रहरीले नछोडी फेरि पनि केरकार शाखाले फिर्ता ल्याउनु भनेको छ भन्दै पुनः महानगरीय प्रहरी वृत्त, बौद्धमा लगे । मैले अदालतमा धरौटी राखेपछि पनि किन थुनामा राखेको भनी सोधीखोजी गर्दा त्यहाँका प्रहरीले तिम्रो श्रीमान्लाई महानगरीय प्रहरी वृत्त, ठिमीमा लगेको छ भनेपछि म महानगरीय प्रहरी वृत्त, ठिमी गई सोधखोज गर्दा यहाँ होम भन्ने हेमबहादुर खत्री कोही पनि थुनामा नभएको बताएपछि पुनः बौद्ध प्रहरी वृत्तमा गई ठिमी प्रहरी वृत्तमा श्रीमान् नभएको कुरा बताउँदा तिम्रो श्रीमान्लाई अपराध अनुसन्धान केरकार शाखाले भक्तपुर प्रहरीमा बुझाउनु भनेबमोजिम महानगरीय प्रहरी परिसर, भक्तपुरमा पठाइसकेको भनेपछि सो दिन रात परी म घर फर्की भोलि बिहानै मिति २०७१।४।२९ गते महानगरीय प्रहरी परिसर भक्तपुर पुगी श्रीमान्को बारेमा सोधखोज गर्दा त्यहाँका प्रहरी कर्मचारीले पनि यहाँ होम भन्ने हेमबहादुर खत्री नाम गरेको कोही पनि नभएको बताएपछि फेरि म प्रहरी वृत्त, बौद्धमा गई बुझ्दासमेत मेरो श्रीमान्को अवस्था अझैसम्म पनि अज्ञात नै छ । मेरो श्रीमान्लाई मिति २०७१।४।२७ गते काठमाडौं जिल्ला अदालतमा चोरी मुद्दाको अभियोग लगाउँदा अन्य कुनै पनि मुद्दाको बारेमा उल्लेखसमेत नभएकोमा धरौट तिरिसकेपछि अदालत परिसरबाटै मुक्त गर्नुपर्नेमा सोविपरीत गैरकानूनीतवरले फेरि प्रहरी वृत्त, बौद्धमा लगी धरौटी राखेको नगदी रसिद देखाउँदा

पनि प्रहरीले नछोडी कहिले भक्तपुर प्रहरी त कहिले कहाँ त कहिले कता भनी अनावश्यक र गैरकानूनीतवरले विपक्षीहरूले के कहाँ कसरी बिना कानूनी आधार एवम् प्रतिपादित सिद्धान्त, संविधानप्रदत्त स्वतन्त्रताको हक एवम् मानव अधिकारको उल्लङ्घन गर्दै प्रमाणबिना गैरकानूनी थुनामा राखी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १८, २४, २५ र २६ विपरीतको कार्य गरेकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम मेरो श्रीमान्लाई तत्काल गैरकानूनी थुनाबाट मुक्त गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्नेनसमेत व्यहोराको निवेदन व्यहोरा।

यस अदालतबाट मिति २०७१।५।३ मा विपक्षीहरूका नाउँमा भएको कारण देखाउ आदेश।

विपक्षी रिट निवेदकले निवेदनमा उल्लेख गरेबमोजिमको कुनै काम कारवाही यस कार्यालयबाट नभएको हुँदा यस कार्यालयका नाउँमा आदेश जारी हुनुपर्ने हैन । रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको महानगरीय प्रहरी परिसर, काठमाडौंको मिति २०७१।५।६ को लिखित जवाफ।

निवेदक हेमबहादुर खत्रीलाई प्रहरी हिरासतमा राख्ने अनुमति पाउँ भनी महानगरीय प्रहरी वृत्त, ठिमीको पत्रानुसार सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(२) बमोजिम २०७१।४।२९ गतेबाट लागू हुने गरी पहिलो पटक सात दिन र २०७१।४।४ गतेदेखि लागू हुने गरी दोस्रो पटक दिन सातको न्यायिक हिरासतमा राख्न म्याद थप गरिएको हुँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हैन भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, भक्तपुरको मिति २०७१।५।६ को लिखित जवाफ।

प्रहरी निवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी होम भन्ने हेमबहादुर खत्री भएको केही सार्वजनिक अपराध मुद्दामा निजलाई मिति २०७१।३।१० गते पक्राउ गरी म्याद थप अनुसन्धान गरी मिति २०७१।४।१ मा जिल्ला प्रशानस कार्यालय, काठमाडौंमा पेस भएकोमा उक्त मुद्दामा रू.४०००।- धरौट माग गर्ने आदेश भै तारिखमा छुटी गएका थिए। मिति २०७१।४।४ गते निजलाई पुनः शङ्कास्पद अवस्थामा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६, टुसालस्थित सडक किनारामा फेला पारी खानतलासी गर्दा IPHONE लेखेको मोबाइल थान १ र सामसुङ डस मोबाइल थान २ फेला पारी सोधपुछ गर्दा चोरी गरी ल्याएको बताएपछि निजलाई पक्राउ गरी मिति २०७१।४।४ गते काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भएकोमा मिति २०७१।४।२८ गते अभियोग दायर भएकोमा अदालतको आदेशले रू.२६०००।- धरौट माग भएकोमा धरौट राखी तारिखमा छुटी गएको हो। तत्पश्चाात

यस कार्यालयबाट थुनामा राख्ने कार्य नभएको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हैन । निवेदन खारेज गरिपाउँ भन्नेमसमेत व्यहोराको महानगरीय प्रहरीवृत्त बौद्ध, काठमाडौंको मिति २०७१।५।६ को लिखित जवाफ।

निवेदक हेमबहादुर खत्रीलाई जिल्ला प्रशासन कार्यालय, भक्तपुरको आदेशमा केही सार्वजनिक अपराध मुद्दामा म्याद थप गरी यस परिसरको हिरासतमा राखेको र निजको आफन्त भेट्न आएको समयमा भेटघाट गर्नसमेत दिएको हुँदा गैरकानूनीतवरले हिरासतमा राखेको भन्ने आरोप निराधार हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको महानगरीय प्रहरी परिसर, भक्तपुरको मिति २०७१।५।५ को लिखित जवाफ।

प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी होम भन्ने हेमबहादुर खत्री भएको केही सार्वजनिक अपराध मुद्दामा मिति २०७१।४।२९ गते यस कार्यालयबाट खटिएको प्रहरी गस्ती टोलीले फेला पारी सोधपुछ गर्न खोज्दा उल्टै वादविवाद गरी प्रहरीको ड्युटीमा बाधा पुर्‍याएकाले तत्काल पक्राउ गरी मिति २०७१।४।२९ गतेबाट लागू हुने गरी जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट म्याद थप गरी यस कार्यालयमा हिरासतमा राखिएको हुँदा निजलाई गैरकानूनी थुनामा राखेको नभै न्यायिक हिरासतमा राखी अनुसन्धान भइरहेकाले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको महानगरीय प्रहरी वृत्त ठिमी, भक्तपुरको मिति २०७१।५।६ को लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसीसूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पारसमणि भट्टराईले निवेदकलाई भेटघाट गर्नसम्म पनि नदिई केही सार्वजनिक अपराधको अभियोगमा पक्राउ परेको मितिले ७ दिनभित्र मुद्दा दायर गर्नुपर्नेमा हालसम्म पनि मुद्दा नचलाई गैरकानूनीरूपमा थुनामा राखी रहेकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भनी र विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता चन्द्रकान्त खनालले निवेदकलाई अधिकारप्राप्त अधिकारीको आदेशले म्याद थप गरी हिरासतमा राखिएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हैन भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा यी निवेदकलाई चोरी मुद्दामा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भै सो अदालतको आदेशबाट धरौटी तारिखमा राख्ने गरी मिति २०७१।४।२८ मा आदेश भएकोमा आदेशले मागेको धरौटी दाखिल गरी तारिखमा रहेकोमा निजलाई सोही दिन पक्राउ गरी निजका आफन्तलाई भेटघाट गर्न नदिई कहाँ थुनामा राखेको छ भन्नेसम्म पनि जानकारी नदिई गैरकानूनी थुनामा राखेकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी प्रस्तुत निवेदन पर्न आएकोमा जिल्ला प्रशासन कार्यालय, भक्तपुरको आदेशले मिति २०७१।४।२९ को मितिबाट लागू

हुने गरी पहिलो पटक ७ दिन र मिति २०७१।६।५ मा दोस्रो पटक दिन ७ को म्याद थप गरी थुनामा राखेको भन्ने जिल्ला प्रशासन कार्यालय, भक्तपुर तथा महानगरीय प्रहरी वृत ठिमी भक्तपुरको लिखित जवाफ रहेको छ।

२. निर्णयतर्फ विचार गर्दा निवेदक होमबहादुर खत्रीलाई मिति २०७१।४।२९ को १९.०० बजेको वारदात देखाई केही सार्वजनिक अपराध मुद्दामा मिति २०७१।४।२९ देखि नै हिरासतमा राखी मिति २०७१।४।३० देखि सार्वजनिक अपराध र सजाय ऐन, २०२७ को दफा ४(२) बमोजिम ३५ दिनको हदम्याद पाउँ भनी महानगरीय प्रहरी वृत्त, भक्तपुरको च.नं.२३७ को पत्रबाट मिति २०७१।४।२९ देखि लागू हुने गरी पहिलो पटक १५ दिनको हिरासतमा राख्ने म्याद मागेकोमा जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट दिन ७ को हिरासतमा राख्ने म्याद प्राप्त गरी पुनः मिति २०७१।५।५ मा ७ दिनको म्याद थप गरी हिरासतमा राखेको देखिन्छ। यिनै निवेदक मिति २०७१।४।२८ मा जिल्ला अदालत, काठमाडौंको आदेशले चोरी मुद्दामा धरौटीमा छुटी गएकोमा विवाद देखिँदैन । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(२) ले हिरासतमा राख्ने म्याद थप गर्न दिएको कानूनी व्यवस्था र केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ४ को व्यवस्थालाई हेर्दा कुनै खास उद्देश्यका लागि बनेको ऐनले गरेको व्यवस्थाबमोजिम भए गरेका कार्यलाई त्यसै ऐनको व्यवस्थाबमोजिम हेरिनुपर्ने हुन्छ । केही सार्वजनिक अपराधजन्य कार्य भएकोमा कानूनले ७ दिनभित्र मुद्दा दर्ता गर्नुपर्ने कानूनी व्यवस्था हुँदाहुँदै पटकपटक म्याद थप गरी थुनामा राखी व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई कुण्ठित पार्ने अधिकार कुनै पनि सार्वजनिक अधिकारीलाई हुँदैन। कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भन्ने नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२) बाट प्रदत्त स्वतन्त्रताको मौलिक हकभित्र कानूनको उचित प्रक्रिया र पालना अन्तर्निहित रहेको हुन्छ । विशेष कानूनले कुनै अपराधको सम्बन्धमा खास व्यवस्था गर्दागर्दै त्यसको अवलम्बन नगरी अर्को कानूनको व्यवस्था उल्लेख गरी कुनै व्यक्तिलाई थुनामा राख्ने कार्यबाट कानूनको उचित प्रयोग र पालना नगरिनुको साथै त्यस्तो थुनामा राख्ने सार्वजनिक पदाधिकारीको कानूनको त्रुटि एवम् प्रवृत्त भावनाबाट प्रेरित रहेको देखिन आउँछ। तर सार्वजनिक पदाधिकारीको गल्तीले व्यक्तिको वैयक्तिक स्वतन्त्रताको मौलिक हक कुनै पनि हालतमा कुण्ठित हुन सक्तैन । केही सार्वजनिक (अपराध र साजय) ऐन, २०२७ को दफा ४ ले सो ऐनअन्तर्गतको मुद्दा वारदात भएको ७ दिनभित्र दायर गरिसक्नुपर्ने र वारदातमा ७ दिनभित्र मुद्दा दायर गर्न नसकिने मनासिब माफिकको कारण देखेमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैंतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरिदिन सक्नेछ भन्ने कानूनी व्यवस्था भएकोमा

यी निवेदकउपर ७ दिनभित्र मुद्दा दर्ता गर्न नसकिने भए कारणसहित म्याद थप गर्नुपर्नेमा असम्बद्ध ऐन (सरकारी मुद्दासम्बन्धी ऐन, २०४९) अनुसार म्याद थप गरी थुनामा राखिएबाट निवेदकको थुना गैरकानूनी र कानूनविपरीत हुनुको साथै "वैयक्तिक स्वतन्त्रता (Personal Freedom) मानव जीवनको महत्त्वपूर्ण हक हो, यस्तो हक मानिस भएका नाताले मानिसलाई स्वतः प्राप्त हुन्छ र कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया नपुर्‍याई कसैले सो हक अपहरण गर्न नमिल्ने" एवम् "सरकारमा रहेका सार्वजनिक पदधारण गरेका जिम्मेवार उच्चपदस्थ पदाधिकारीबाट व्यक्तिको स्वतन्त्रताको संवैधानिक एवम् कानूनी हकलाई सम्मान गरी पालन गर्नुपर्नेमा त्यसो नगरी गैरकानूनीरूपमा थुनामा राखिएको कार्यलाई कानूनको दुराशयपूर्ण प्रयोग गरी व्यक्तिको स्वतन्त्रताको हक र संविधान तथा अन्तर्राष्ट्रिय दस्तावेजद्वारा प्रदत्त मानव अधिकारको उल्लङ्घन गरिएको मान्नुपर्ने" भनी अब्दुल खलिल विरूद्ध मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दामा *नेकाप* २०६८, अङ्क ९, पृष्ठ १५१७, नि.नं. ८६८४ मा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल भै यी निवेदकलाई बद्नियत र प्रवृत भावना राखी थुनामा राखिरहने अभीष्ट रहेको देखिँदा अन्य मुद्दाबाट थुनामा राख्नुपर्ने नदेखिए तत्काल हिरासतबाट मुक्त गरिदिनु भनी निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. ओमप्रकाश मिश्र

इति संवत् २०७१ साल भदौ ११ गते रोज ४ शुभम् ।
इजलास अधिकृत : उमानाथ गौतम

## निर्णय नं.९२४८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७१।६।८।४
२०७१-WO-००७८

विषय :- उत्प्रेषण/परमादेश ।

निवेदक : झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ४ घर भै काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ सुकेधारा बस्ने हाल प्रहरी प्रधान कार्यालयको प्रहरी नायब महानिरीक्षक पदमा कार्यरत् यादव अधिकारी

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

- **जुन निर्णयले Merit लाई नै मान्यता दिँदैन, त्यो निर्णय न्यायपूर्ण भएको भनी अदालत चुप लाग्ने हो भने सङ्गठनको मनोबल व्यक्तिपरक मात्र हो भन्न पर्ने हुन्छ । त्यस्तो मनोगत कथनलाई आफूलाई संस्थागत बनाउन आफैँले निर्माण गरेको मापदण्डलाई सो खेलको नियममा मैले किन सहमत भइन भन्न यसको नियम म आफैँले नै बनाउने अधिकार राख्छु, त्यसैले कसैले छानबिन नगर्नु भन्नु न्याय र सद्विवेकलाई समेत परित्याग गर्नु हो । त्यस्तो अवस्थामा सरकारले आफ्नो औचित्य समाप्त गरेको भन्नपर्ने भएकाले न्यायपूर्ण विवेकको प्रयोग गर्ने राज्यको अर्थ कसैले पनि समाप्त भएको मान्न नपर्ने र राज्यको उत्तरदायित्व बोध गरेको देखिनुपर्ने ।**
- **सुस्पष्ट कानूनको परमाधिकारी कानून मात्र हो, कसैको तजविजी होइन, तसर्थ समान अवस्थामा प्राप्त अङ्कको गणना भै रहेको नं. १३ को हकसम्ममा विशेष दरबन्दी सिर्जना भएकोमा सो भन्दा अधिका अङ्कमा देखिएकाहरूलाई त्यस्तो सुविधाबाट वञ्चित राख्नु न्यायपूर्ण हुन नसक्ने ।**

(प्रकरण नं. १०)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू माधव बस्नेत तथा लिलामणि पौडेल

विपक्षीका तर्फबाट : विद्वान् नायब महान्यायाधिवक्ता ठोकप्रसाद सिवाकोटी, सहन्यायाधिवक्ता कृष्णजीवि घिमिरे र उपन्यायाधिवक्ता टिकेन्द्र दाहाल, विद्वान् वरिष्ठ अधिवक्ताहरू बद्रीबहादुर कार्की, बोर्णबहादुर कार्की, सविता वराल, बालकृष्ण न्यौपाने, शेरबहादुर के.सी., शम्भु थापा, विद्वान् अधिवक्ताहरू रमणकुमार श्रेष्ठ, डा. चन्द्रकान्त ज्ञवाली, डा.कुमार शर्मा आचार्य, जयनारायण पौडेल, डा. भिमार्जुन आचार्य, श्रीकान्त वराल र सुभाष आचार्य

अवलम्बित नजिर :

- *नेकाप* २०६३, निर्णय नं. ७७४४, पृष्ठ ९९२

सम्बद्ध कानून :

- प्रहरी नियमावली, २०७१ को नियम ५, २७, ३०, ३६, ३८, ४२
- नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को नियम २९
- प्रहरी ऐन, २०१२ को दफा ४(१)

आदेश

**न्या. दीपकराज जोशी :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७ (२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवम् आदेश यस प्रकार छ :

मिति २०४३।११।०३ मा प्रहरी निरीक्षक पदबाट प्रहरी सेवामा प्रवेश गरी विभिन्न मितिमा बढुवा हुँदै मिति २०६६।०६।२१ बाट प्रहरी नायब महानिरीक्षक पदमा बढुवा भई विभिन्न स्थानमा सेवा गर्दै हाल प्रहरी प्रधान कार्यालयमा प्रहरी नायब महानिरीक्षक पदमा कार्यरत् रहेको कारण नेपाल प्रहरीमा जनपद प्रहरीतर्फ रिक्त रहेको प्रहरी अतिरिक्त महानिरीक्षक पदका लागि सम्भाव्य उम्मेदवार रहेको व्यहोरा सादर निवेदन गर्दछु ।

प्रहरी नियमावली, २०७१ (संशोधनसहित) को परिच्छेद ४ नियम २७ को उपनियम (४) को प्रयोजनका लागि नेपाल प्रहरीमा जनपद प्रहरीतर्फ रिक्त रहेको प्रहरी अतिरिक्त महानिरीक्षक पद सङ्ख्या ७ (सात) मा बढुवाका लागि सिफारिस गर्न बसेको बढुवा समितिको बैठकले मिति २०७१।०२।१३ गते गरेको निर्णय अनुसार ७ (सात) जना प्रहरी नायब महानिरीक्षकहरूलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवाका लागि गरेको सिफारिसमा म बाहेक तल उल्लेख गरिएको क्रममा विपक्षीहरूलाई बढुवाको लागि सिफारिस गरिएको रहेछः

१. प्रहरी नायब महानिरीक्षक राजेन्द्रसिंह भण्डारी
२. प्रहरी नायब महानिरीक्षक सुरेन्द्रबहादुर शाह
३. प्रहरी नायब महानिरीक्षक विज्ञानराज शर्मा
४. प्रहरी नायब महानिरीक्षक प्रतापसिंह थापा
५. प्रहरी नायब महानिरीक्षक वीरेन्द्रबाबु श्रेष्ठ
६. प्रहरी नायब महानिरीक्षक रमेशशेखर बज्राचार्य
७. प्रहरी नायब महानिरीक्षक केदारप्रकाश साउद

सो उजुरी गर्नुपूर्व मिति २०७१।०२।१६ मा निवेदकले आफू र अन्य प्रतिस्पर्धीहरूले प्राप्त गरेको र नियमानुसार गोप्य राख्नु नपर्ने भनिएका अङ्कहरूको जानकारी पाउँ भनी बढुवा समितिको सचिवालयमा निवेदन दर्ता गराएकोमा सचिवालयले उपलब्ध गराउनुपर्ने बढुवा समितिले प्रदान गरेको अङ्क र चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापत प्राप्त गरेको अङ्क बाहेक नियम ४४ बमोजिम सबै अङ्कहरू उपलब्ध नगराई केवल जेष्ठता, भौगोलिक क्षेत्र, शैक्षिक योग्यता, तालिम र विभूषणबापतको अङ्कको विवरणमात्र उपलब्ध गराइयो । सोही मात्र उपलब्ध गराएबाट बढुवा समितिको मनसाय पूर्वाग्रही र विभेदपूर्ण रहेको प्रष्ट छ । प्रहरी नियमावली, २०७१ को नियम ४४ बमोजिम बढुवा समितिले प्रदान गरेको अङ्क र चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापत प्राप्त गरेको अङ्कबाहेकको अङ्क सम्बन्धित उम्मेदवारले हेर्न माग गरेमा निजलाई उपलब्ध गराइनेछ भन्ने व्यवस्था छ । लिखितरूपमा

माग गर्दा पनि विपक्षी बढुवा समितिबाट सो नियमबमोजिम मलाई कानूनले प्रत्याभूत गरेको अधिकारको प्रतिकूल हुने गरी मैले प्राप्त गरेको कुल अङ्कको समेत जानकारी मलाई दिइएन । कार्य सम्पादन मूल्याङ्कनबापत प्राप्त गर्नुपर्ने अङ्क उपरोक्तबमोजिम सिफारिस गरिएका उम्मेदवारले प्राप्त गर्नुभएको भन्दा म निवेदकको कम हुनुपर्ने अवस्था, आधार र कारण नभएको व्यहोरा म निवेदक २०६६ कात्तिकदेखि २०६७ मङ्सिरसम्म राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा कार्यरत् रहँदा प्रतिष्ठानबाट सञ्चालन हुने विभिन्न तालिमहरूको पाठ्यक्रमहरूलाई समसामयिकरूपमा परिमार्जन गरी विकास गरेको र हालसम्म सोही पाठ्यक्रमहरूका आधारमा विभिन्न प्रहरी अधिकृतहरूलाई प्रशिक्षित गरिँदै आइएको, २०६७ मङ्सिरदेखि २०६८ साउनसम्म प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना निर्देशनालयमा कार्यरत् रहँदा सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थामा नेपाल प्रहरी विषयक अध्ययन दलको नेतृत्व गरी मस्यौदा प्रस्तुत गरेको तथा नेपाल प्रहरीमा प्रचलित पुरानो अभिलेख व्यवस्थापन प्रणालीलाई हटाई समयसापेक्ष अभिलेख प्रणाली बनाउने उद्देश्यले गठित कार्यदलको संयोजक भई अभिलेख प्रणाली तयार गरेको, जुन अभिलेख प्रणाली अहिले नेपाल प्रहरीमा केन्द्रदेखि चौकीसम्म एकरूपताका साथ लागू भइरहेको, २०६८ श्रावणदेखि २०६९ कात्तिकसम्म तत्कालीन लागु औषध नियन्त्रण तथा कानून कार्यान्वयन इकाईमा कार्यरत् रहँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अपराधीहरूबाट पटकपटक आएका धम्कीको समेत वास्ता नगरी स्वयम् फिल्डमा नै खटिएर सबैभन्दा बढी सङ्ख्यामा अभियुक्त प्रक्राउ गर्ने र बढी मात्रामा अवैध लागु औषध पक्रन सफल भएको व्यहोरा अभिलेखबाट समेत पुष्टि भै राखेको र लागु औषध विरूद्धको अन्तर्राष्ट्रिय सन्जालसँग राम्रो समन्वय गरी कार्य सम्पादन गरेको कारण पहिलो पटक International Drugs Enforcement Conference मा सहभागी हुने मौका मिलेको, २०६९ कात्तिकदेखि २०७० जेष्ठसम्म मध्यक्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाको प्रमुख भई कार्यरत् रहँदा आन्तरिक प्रशासन, प्रहरी व्यवहारमा शुद्धीकरण, पारदर्शिता र तस्करी नियन्त्रणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै मकवानपुर, बारा, पर्सा जिल्लामा मौलाएको गाँजा खेतीलाई नष्ट गरी ३३,७०८ केजी गाँजासमेत पक्राउ गरी गाँजा खेती तथा त्यसको ओसार पसारलाई दीर्घकालीनसम्म कायम रहने ढङ्गले निरूत्साहित गरेको र २०७० असारदेखि चैतसम्म प्रहरी प्रधान कार्यालय, ट्राफिक निर्देशनालयको निर्देशक भई, सवारी दुर्घटना न्यूनीकरणतर्फ सक्रियरूपमा कार्यरत् रही सो सम्बन्धमा पहिलो पटक राष्ट्रियस्तरको गोष्ठीसमेत सञ्चालन गरेको, २०७० सालमा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा प्रहरी प्रधान कार्यालयबाट गठन भएको केन्द्रीय निर्वाचन सेलको संयोजक भई देशभर एकै चरणमा निर्वाचन सम्पन्न गराउन

आवश्यक योजना तयार गर्ने, आन्तरिक तथा अन्तर्निकाय समन्वय, प्रशिक्षण, तालिम र परिचालनमा विशेष योजना बनाएको, जसको परिणामस्वरूप शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न भएको र २०७०।१२।१६ देखि अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा गार्ड प्रमुख भई कार्य गर्दा छोटो समयमा ५१ केजी सुन तथा त्यसमा संलग्न ४८ जना अभियुक्तहरू पक्रन सफल भएबाट विमानस्थलको सुरक्षाका सम्बन्धमा सुधारको सङ्केत दिन सफल भएको समेतबाट पुष्टि हुन्छ।

शैक्षिक योग्यताबापत प्राप्त गर्नुपर्ने अङ्क उपरोक्तबमोजिम सिफारिस गरिएका उम्मेदवारले प्राप्त गर्नुभएको अङ्कभन्दा म निवेदकको कम हुनुपर्ने अवस्था आधार र कारण नभएको भन्ने कुरालाई मेरो शैक्षिक योग्यताको प्रमाणले नै पुष्टि गर्दछ । किनकि म निवेदकले मानविकी सङ्कायअन्तर्गत अर्थशास्त्रमा स्नातक, कानून सङ्कायमा स्नातक र व्यवस्थापन सङ्कायअन्तर्गत जनप्रशासनमा स्नातकोतर तह द्वितीय श्रेणीमा उत्तीर्ण गरेको छु, भने सिफारिसमा परेका अधिकांश उम्मेदवारको शैक्षिक योग्यता स्नातक तहको मात्र रहेको कारण प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को परिच्छेद ४ नियम ३४ बमोजिम निजहरूले प्राप्त गर्ने अङ्कभन्दा म निवेदकको अङ्क स्वतः बढी हुनुपर्ने कुरामा विवाद छैन।

मिति २०७१ वैशाख ८ गतेको राजपत्रमा प्रकाशित गरिएको प्रहरी नियमावली, २०७१ को नियम ३५ को उपनियम ७ मा हाल कार्यरत् पदमा रहँदा गरेको तालिमको अङ्क उक्त तहको पदोन्नतिको लागि मात्र गणना गरिने छ भन्ने व्यवस्था रहेकोमा उक्त प्रावधान यथावत रहँदाको अवस्थामा म निवेदकले मात्र प्रहरी नायब महानिरीक्षक पदमा कार्यरत् रहँदाका बखत Senior Executive Development Program र Advanced security Cooperation गरी दुईवटा तालिम गरेको कारण मेरो तालिमबापतको अङ्क बढी आउने प्रष्ट देखेपछि तुरून्तै बढुवा समितिका सदस्य सचिव प्रहरी महानिरीक्षकज्यूको पहल कदमीमा उक्त नियमावलीमा संशोधन गरी २०७१ वैशाख २४ गते राजपत्रमा प्रकाशित गरी उक्त उपनियम (७) झिकी सो उपनियम (७) पछि विभिन्न उपनियम थप गरी (११) मा "प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी नायब महानिरीक्षक र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्दा हाल कार्यरत् पद र सो भन्दा एक श्रेणीमुनिको पदमा प्राप्त गरेको तालिमबापतको अङ्क गणना गरिनेछ" भन्ने व्यवस्था लागू गरेबाट प्रष्टरूपमा मलाई बढुवाका लागि सिफारिस नगर्ने मनसाय पहिले नै राखी दुराग्रहपूर्ण ढङ्गले विभेदकारीरूपमा कार्य भएको रहेछ।

तालिमबापत प्राप्त गर्नुपर्ने अङ्क उपरोक्तबमोजिम सिफारिस गरिएका उम्मेदवारले प्राप्त गर्नुभएको अङ्क भन्दा म निवेदकको कम हुनुपर्ने अवस्था आधार कारण नरहेको, किनभने म निवेदकले Senior Executive

Development Program र Advanced Security Cooperation सम्बन्धी तालिम लिएको हुँदा प्रहरी नियमावली, २०७१ (संशोधनसहित) को परिच्छेद ४ नियम ३५ तथा ३७ बमोजिम निजहरूले प्राप्त गर्ने अङ्क भन्दा म निवेदकको अङ्क बढी हुनुपर्ने आधार प्रष्ट रहेको, त्यस्तै चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापत प्रदान गरिने अङ्कमा पनि म निवेदकले २०७० सालमा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा प्रहरी प्रधान कार्यालयबाट गठन भएको केन्द्रीय निर्वाचन सेलको संयोजक भै कार्य गरेको तथा महानगरीय प्रहरी तथा अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा गार्ड प्रमुख जस्तो चुनौतीपूर्ण जिम्मेवारीबापत म निवेदकले प्राप्त गर्ने अङ्क अन्य उम्मेदवारहरूको भन्दा स्वतः बढी हुनुपर्ने आधार प्रष्ट रहेको, विपक्षी बढुवाउपरको उजुरी सुन्ने समितिले प्रहरी नियमावलीबमोजिम १५ दिनभित्र निर्णय गरी सक्नुपर्नेमा पन्ध्र दिन पुरा भै सक्दासमेत कुनै निर्णय गरेको कुराको जानकारी सो समितिबाट प्राप्त भएन । मौखिकरूपमा सोध्दासमेत निर्णय म्यादभित्र गरी बढुवा समितिसमक्ष पठाइसकेको छ भन्ने कुराको सम्म जानकारी निवेदकलाई दिइयो । तर त्यसरी बढुवाउपरको उजुरी सुन्ने समितिको निर्णय भएको भनिएको लामो समय बितिसक्दा पनि कुनै प्रकारको सूचना बढुवा समितिबाट पुनः प्रकाशित नभएपछि मसमेतका व्यक्तिहरूले बढुवा समितिसमक्ष उक्त संशोधित वा यथास्थिति जे जस्तो भए पनि उजुरी सुन्ने समितिको निर्णयको नक्कल माग गरी बढुवा समितिसमक्ष निवेदनसमेत दिएका थियौँ । सो निवेदनउपर मिति २०७१।३।१६ मा मसमेतलाई उजुरी सुन्ने समितिको निर्णय उपलब्ध गराइयो । सो समितिले प्रहरी नियमावलीको नियम ४२ बमोजिम मलगायतका निवेदकहरूको उजुरको आधारमा कार्यसम्पादन मूल्याङ्कन र बढुवा समितिले दिने अङ्कबीच कुनै तालमेल नभएको मात्र होइन बरू प्रतिकूल भएको र अङ्कभार पनि ज्यादै ठूलो मात्रामा अन्तर भएको देखिएकाले औचित्यपूर्ण मान्न सकिएन । तसर्थ यस्तो विसङ्गत अङ्कभारलाई औचित्यपूर्ण बनाउन कार्यसम्पादन मूल्याङ्कनमा दिएको अङ्कको समानुपातिक आधारमा बढुवा समितिले दिने अङ्क कायम गरी बढुवा सिफारिस पुनरावलोकन गरी कार्यान्वयन गर्न बढुवा समितिमा पठाउनेसमेतको निर्णय गरेको रहेछ ।

निवेदकलाई प्रहरी नियमावलीको नियम ३६ बमोजिम प्रहरी महानिरीक्षकले प्रदान गर्ने चुनौतीपूर्ण र विशेष जिम्मेवारी निर्वाह गरेबापत उल्लेख गरी दिइएको अङ्क ३.५ रहेछ भने प्रहरी महानिरीक्षकका निगाहका पात्रहरूलाई भने ५ अङ्क प्रदान गरिएको तथ्य बढुवाउपरको उजुरी सुन्ने समितिको निर्णय प्राप्त भएपछिमात्र जानकारी हुन आयो । वस्तुपरक तवरमा सो अङ्क कानूनसम्मतरूपमा प्रदान भएको भए निवेदकको ५ भन्दा कम प्राप्त हुने अवस्था नरहेको कुरा स्पष्ट छ । सोको आधार देहायबमोजिमको छ ।

मैले संविधानसभाको २०७० सालमा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा प्रहरी प्रधान कार्यालयबाट गठन भएको केन्द्रीय निर्वाचन सेलको संयोजक भई देशभर एकैसाथ एकै चरणमा निर्वाचन सम्पन्न गराउन आवश्यक योजना तयार गर्ने, आन्तरिक तथा अन्तर्निकाय समन्वय, प्रशिक्षण, तालिम र परिचालनमा विशेष योजना बनाएको जसको परिणाम शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न भएको थियो।

२०७०।१२।१६ देखि महानगरीय प्रहरी अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा गार्ड प्रमुख भई कार्य गर्दा छोटो समयमा ५१ केजी सुन तथा त्यसमा संलग्न ४८ जना अभियुक्तहरू पक्रन सफल भएबाट विमानस्थलको सुरक्षाका सम्बन्धमा सुधारको सङ्केत दिन सफल भएको समेतबाट पुष्टि हुने व्यहोरा माथि प्रकरणहरूमा उल्लेख गरिसकेको छु।

नियम ३६ मा सो नियमबमोजिमको अङ्क पाउने कार्यविधि र प्रक्रियासमेत स्पष्ट गरिएको छ । उक्त नियम ३६ (२) मा भएको व्यवस्था अनुसार उपनियम (१ बमोजिमको अङ्क दिँदा अनुसूची ११ मा उल्लेख भएबमोजिमको आधारमा दिइने हो । सो उपनियम (३) ले त्यस्तो अङ्क प्रत्येक वर्ष बढुवा समितिको सचिवालयमा असोज २२ गतेभित्र सिलबन्दी गरी पठाई सक्नुपर्ने व्यवस्था गरेको छ । प्रहरी नियमावली, २०७१ लागू भएको मिति २०७१।०१।०८ हो । अर्थात् सो नियमावलीको नियम ३६ को कार्यान्वयन वास्तवमा २०७१ साल असोज २२ गतेभित्र बढुवा समितिमा दाखिल गरी सक्नुपर्ने र त्यसपछि मात्र त्यसको मूल्याङ्कन हुने परिकल्पना गरिएकोमा सोको प्रतिकूल अगावै तयार गरिएको नियम ३६ बमोजिमको मूल्याङ्कन ग्राह्य हुने नै होइन । नियम ९ बमोजिम प्रहरी अतिरिक्त महानिरीक्षकको दरबन्दी खाली भएको अवस्थामा तत्काल बढुवा भएको भन्ने अर्थ गर्न मिल्ने पनि होइन। सो बाहेक नियम ३६ को ५ बमोजिम बढुवा समितिको आदेश भएको र सो आदेश नियम ३६(६) बमोजिम सम्बन्धित अधिकारीले चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरेबापतको मूल्याङ्कन गरी पठाएको भन्ने कुराको पुष्टि कतैबाट नभएबाट नियम ३६ बमोजिमको अङ्क कुनै पनि सम्भावित उम्मेदवारको हकमा दिन नै नमिल्ने हो।

नियम ३६(१) बमोजिम अङ्क प्रदान गर्दा ३ (२) बमोजिम अनुसूचि ११ मा उल्लेख भएबमोजिमको आधारमा दिनुपर्ने कुरा निर्विवाद छ । अनुसूचि ११ ले नै सो अङ्क प्रदान गर्दा मूल्याङ्कनकर्ताले आत्मगतरूपमा मूल्याङ्कन नगरी सिफारिसकर्ताको सिफारिसको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ । प्रहरी नायब महानिरीक्षकको हकमा यस्तो सिफारिसकर्ता को हुने भन्ने कुरा स्वयम् सोही नियम ३६(३) को देहायको (क) ले गरेको छ। जस अनुसार विभागीय प्रमुख, महानगरीय प्रहरी आयुक्त वा क्षेत्रीय प्रहरी कार्यालय प्रमुखको सिफारिसमा महानिरीक्षकले गर्ने हो। मेरो हकमा

महानगरीय प्रहरी आयुक्त पदमा कोही पनि रहेको छैन । सो कार्यालयको द्वितीय वरिष्ठतम् अधिकारीको रूपमा कार्यरत् प्रहरी नायब महानिरीक्षक पदमा विश्वराजसिंह शाही हुनुहुन्छ जो स्वयम् यो बढुवाको प्रतिस्पर्धी हुनुहुन्छ । निजको सिफारिसमा मेरो हकमा नियम ३६ बमोजिमको अङ्क प्रहरी महानिरीक्षकले प्रदान गरेको हो भने पनि सो कानूनप्रतिकूल हुने स्पष्ट छ ।

बढुवाउपरको उजुरी सुन्ने समितिको उल्लिखित निर्णयले बढुवा समितिको अन्यायपूर्ण पूर्वाग्रही निर्णय गरेको हो भन्ने तथ्यलाई बढुवा समितिले दिने अङ्कलाई संशोधन गर्ने कार्य प्रष्ट पारेको छ । चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापतको ५ अङ्क नियम ३६ मा भएको व्यवस्थाविपरीत यस पटकको बढुवाको कुनै पनि सम्भावित उम्मेदवारलाई दिन मिल्दैन । तत्काल जारी गरिएको नियमावलीको नयाँ व्यवस्थाले तोकिएको आधारसम्बन्धी अभिलेख नरहेको विगतका वर्षहरूमा गरिएको भनिएको कार्यबापत भूतप्रभावी असर हुने गरी कसैको अधिकारमा प्रतिकूल प्रभाव पार्ने तथा कसैलाई अनुचित लाभ पुर्‍याउने गरी नयाँ प्रावधान बमोजिमको अङ्क २०७२ सालको असोजअगाडि गणना गर्न मिल्दैन । यदि गणना नै गर्ने हो भने पनि सबैलाई समानुपातिकरूपमा अङ्क दिइनुपर्नेमा पूर्वाग्रह राखी दिइएको अङ्क वितरण मिलेको छैन । विपक्षीहरूको उक्त कार्य कानूनका मान्य सिद्धान्तविपरीत एवम् स्वेच्छाचारीको पराकाष्ठा भएको र प्रजातान्त्रिक समाजमा त्यसो गर्ने छुट कसैलाई पनि हुँदैन । बढुवाउपरको उजुरी सुन्ने समितिको निर्णयसमेत त्रुटिपूर्ण रहेको छ । अतः मिति २०७१।३।१३ मा मलाई जानकारी गराइएको विपक्षी बढुवाउपरको उजुरी सुन्ने समितिको निर्णय र सोका आधारमा भएको काम कारवाहीसमेत बदरभागी रहेको हुँदा उल्लिखित गल्तीलाई नेपाल सरकार मन्त्रिपरिषद्बाट सच्याई म समेतलाई बढुवा गर्ने निर्णय हुन्छ भनी नेपाल सरकारको निर्णय पर्खी बसेकोमा मिति २०७१।४।२९ गते नेपाल सरकारबाट निर्णय गर्दा सुरू बढुवा समितिले सिफारिस गरेको र उजुरी सुन्ने समितिले २ हटाई थप गरेको २ जनालाई समेत समावेश गरी ९ जनालाई बढुवा गरेको मिति २०७१।४।२९ गतेको मन्त्रिपरिषद्को निर्णयबाट मेरो संविधानद्वारा प्रदत्त समानतासमेतको मौलिक हकको प्रतिकूल हुने गरी गरिएको निर्णय संवैधानिक तथा कानूनीरूपमा त्रुटिपूर्ण भएकाले सोलाई उत्प्रेषणको आदेशले बदर गरी कार्यक्षमताको मूल्याङ्कनमा दिइने सबै अङ्क कानूनबमोजिम न्यायपूर्णरूपमा प्रदान गरी तदनुरूप बढुवा सिफारिस गर्न परमादेशलगायत उपयुक्त आज्ञा आदेश पुर्जीसमेत जारी गरिपाउँ । साथै विपक्षीहरूको निर्णय कार्यान्वयन गरे गराएमा म निवेदक मिति २०७१।६।२१ गते अवकाश हुने भई मलाई अपूरणीय क्षति हुने र प्रस्तुत

रिट निवेदन गर्नुको औचित्यमा नै असर पर्ने भएकाले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षीबाट भएको बढुवा समितिको र बढुवाउपरको उजुरी सुन्ने समितिको निर्णय सिफारिस तथा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।४।२९ को निर्णयसमेत कार्यान्वयन नगर्नु, सो बढुवासम्बन्धी कारवाहीलाई यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (१) बमोजिम विपक्षीहरू नेपाल सरकार, मन्त्रिपरिषद्का नाममा अन्तरिम आदेश जारी गरिपाउँ । साथै, प्रस्तुत निवेदनको गम्भीरतालाई विचार गरी अग्राधिकार दिई शीघ्र सुनुवाइ गरी पूर्ण न्याय पाउँ भन्ने रिट निवेदन।

यसमा के कसो भएको हो, निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो, आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण खुलाई आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३, ४ र ५ ले महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरूले आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी उक्त म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

साथै, निवेदकहरूको सेवा निवृत हुने अवधि २०७१।६।२१ गते भएको हुँदा सो अगावै निवेदनमा अन्तिम सुनुवाइ नभए रिट निवेदनको निष्प्रयोजन हुने भन्ने निवेदन जिकिर हुँदा प्रस्तुत निवेदनलाई अग्राधिकार दिई यही मिति २०७१।५।२७ गते पूर्ण सुनुवाइको लागि पेस गर्नू । सो सुनुवाइ मितिभित्रै अनिर्वायरूपमा लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूलाई सूचना दिई उक्त दिन बढुवासम्बन्धी सबै निर्णय फाइलहरू महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाई यसै विषयका ०७१-WO-००८७, ०७१-WO-००८८ र ०७१-WO-००८९ को रिट निवेदनहरूसमेत लगाउमा साथै राखी नियमानुसार पेस गर्नु भन्ने मिति २०७१।५।८ गतेको आदेश।

२०७१ को नियम ३० मा कुनै पनि प्रहरी कर्मचारीले कार्यक्षमताबापत अङ्क प्राप्त गर्ने आधार किटान गरिएको छ। कुनै पनि प्रहरी कर्मचारीलाई कार्यक्षमताबापत पाएको कुल अङ्कको आधारमा बढुवाका लागि बढुवा समितिले सिफारिस गर्नुपर्ने व्यवस्था भएअनुरूप बढुवाको लागि नियमबमोजिम सिफारिस गरिएको हुँदा सो कार्यलाई कानूनसम्मत नभएको भन्न मिलेन।

बढुवा हचुवा, अन्यायपूर्ण र पूर्वाग्रही भएको, भौगोलिक क्षेत्रमा काम गरेको अनुभवबापतको अङ्क प्रदान गर्दा विभेद भएको भन्ने सम्बन्धमा बढुवाको लागि गणना गरिएका सम्पूर्ण अङ्कहरू सबै बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूलाई प्रहरी नियमावली, २०७१ मा तोकिएको प्रावधान

अनुसार नै गणना गरिएको साथै चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापतको अङ्क र बढुवा समितिले दिने अङ्कका आधारहरू नियमावलीमा नै किटान भएको हुँदा त्यसरी पारदर्शीरूपमा भएको बढुवा सिफारिसलाई गैरकानूनी, त्रुटिपूर्ण भन्न मिल्ने अवस्था नै आउँदैन।

यसरी कानूनसम्मत भएको बढुवालाई गैरकानूनी त्रुटिपूर्ण र असंवैधानिक भयो भनी रिट निवेदकले प्रहरी नियमावली, २०७१ को नियम ४२ को उपनियम (१) बमोजिम बढुवा उपरको उजुरी सुन्ने समितिमा समेत उजुरी दिँदा उक्त समितले ऐ. नियमावलीबमोजिम नै अङ्क गणना भएको भनी निर्णय गरेको देखिन्छ। तसर्थ विपक्षीले गृह मन्त्रालय बढुवा सिफारिस गर्न गठित बढुवा समिति, बढुवा समितिको सचिवालयसमेतलाई विपक्षी बनाई दिएको प्रस्तुत रिट खारेजभागी छ खारेज गरिपाउँ भन्ने लिखित जवाफ।

प्रहरी नियमावली, २०७१ को नियम ४२ को उपनियम (१) बमोजिम उक्त नियमावलीको नियम २७ को उपनियम (१) को खण्ड (क) र (ख) अनुसारको बढुवा समितिले गरेको बढुवा सिफारिस निर्णयउपर उजुरी सुन्ने समितिमा लोक सेवा आयोगका अध्यक्षको अध्यक्षतामा नेपाल सरकारका मुख्य सचिव र कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सचिव सदस्य रहने व्यवस्था रहेको र सो समितिलाई आफूसमक्ष पर्न आएका उजुरीउपर निर्णय गर्न सक्ने कानूनी व्यवस्था भएको सन्दर्भमा नेपाल प्रहरीको अतिरिक्त महानिरीक्षकको पद सङ्ख्या ७ (सात) का लागि नियम २७ को उपनियम (१) को खण्ड (क) बमोजिमको बढुवा समितिले मिति २०७१।०२।१३ मा गरेको निर्णयउपर रिट निवेदक समेतको उजुरी उक्त समितिसमक्ष पर्न आएकोमा उजुरीकर्ताले लिएको माग दावी तथा बढुवा सिफारिस गर्ने समितिको प्रतिक्रिया र प्रचलित कानूनी व्यवस्थासमेतको विवेचना र मूल्याङ्कन गर्दा कार्यसम्पादन मूल्याङ्कन र बढुवा समितिले दिने अङ्कबीच तालमेल नभएको तथा नियम ४२ को उपनियम (३) समेतको आधारमा कार्य वस्तुपरक नदेखिएको कारणबाट उजुरी सुन्ने समितिले बढुवा प्रयोजनको लागि दिइएको अङ्कभारको औचित्यता समेत हेरी कार्यसम्पादन मूल्याङ्कनलाई नै आधार मानी बढुवा समितिले दिने अङ्कभार कायम गरी बढुवा उजुरी सुन्ने समितिलाई प्रहरी नियमावली, २०७१ ले दिएको अधिकार प्रयोग गरी मिति २०७१।०३।०३ मा बढुवा समितिको निर्णयमा पुनरावलोकन गरी उक्त बढुवा समितिको सचिवालयमा पठाइएको हो । उजुरी सुन्ने समितिले समितिसमक्ष दर्ता हुन आएका बढुवा उजुरीउपर निर्णय गर्दा प्रचलित कानूनी व्यवस्थाअनुरूप नै निर्णय लिएको हुँदा रिट निवेदनबमोजिम आदेश जारी हुनुपर्ने होइन, प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रहरी अतिरिक्त महानिरीक्षक पदको बढुवा

भएको उजुरी सुन्ने समितिको तर्फबाट लोक सेवा आयोगको लिखित जवाफ।

प्रहरी ऐन, २०१२ ले दिएको अधिकार प्रयोग गरी बनेको प्रहरी नियमावली, २०७१ को नियम २७ को उपनियम (१) को खण्ड (क) ले प्रहरी अतिरिक्त महानिरीक्षक पदको लागि बढुवा गर्न गृह मन्त्रालयका सचिवको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव सदस्य र प्रहरी महानिरीक्षक सदस्य रहने गरी तीन सदस्यीय बढुवा समिति गठन हुने व्यवस्था गरेको छ। सोही नियमावलीको नियम ३० को उपनियम (१) ले बढुवा समितिले प्रहरी कमर्चारीलाई कार्यक्षमताको मूल्याङ्कन गर्दा कार्यसम्पादन मूल्याङ्कनबापत ४० अङ्क, ज्येष्ठताबापत २० अङ्क, भौगोलिक क्षेत्रमा काम गरेको अनुभवबापत ८ अङ्क, शैक्षिक योग्यताबापत १० अङ्क, तालिमबापत ७.५ अङ्क, चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापत ५ अङ्क, विभूषण मानपदवी अलङ्कार तथा पदकबापत २ अङ्क, बढुवा समितिले दिने ७.५ अङ्क गरी बढीमा एकसय अङ्कलाई बढुवाको आधार बनाएको देखिन्छ। सोही आधारमा बढुवा समितिको मिति २०७१।२।१३ को बैठकले प्रहरी नायब महानिरीक्षकहरू राजेन्द्रसिंह भण्डारी, सुरेन्द्रबहादुर शाह, विज्ञानराज शर्मा, प्रतापसिंह थापा, वीरेन्द्रबाबु श्रेष्ठ, रमेशशेखर बज्राचार्य, केदारप्रकाश साउदलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा सिफारिस गरेको थियो।

उक्त बढुवा समितिले गरेको सो सिफारिसमा चित्त नबुझी रिट निवेदकहरू सहित ६ जनाले ऐ. नियमावलीको नियम ४२ बमोजिमको बढुवाउपरको उजुरी सुन्ने समितिसमक्ष उजुरी दिएको र सो उजुरी सुन्ने समिति बढुवा सिफारिस समितिको निर्णय पुनरावलोकन गरी प्रहरी नायब महानिरीक्षकहरू राजेन्द्रसिंह भण्डारी, विज्ञानराज शर्मा, सुरेन्द्रबहादुर शाह, गणेशराज राई, प्रतापसिंह थापा, नारायणप्रसाद बस्ताकोटी, वीरेन्द्रबाबु श्रेष्ठको नाम समावेश गरी आवश्यक कार्यान्वयनको लागि लोक सेवा आयोगको च.नं. ५३९ मिति २०७१।३।३ को पत्रसाथ बढुवा समितिको सचिवालय गृह मन्त्रालयमा पठाएको थियो।

प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने (राजेन्द्रसिंह भण्डारीसमेत) विषयको गृह मन्त्रालयको नं ७/५२-०७१।४।२९ को प्रस्ताव मं. प.बै.सं. २१/०७१ मिति २०७१।४।२९ को नेपाल सरकार मन्त्रिपरिषद्को बैठकमा पेस हुँदा प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवाको निमित्त प्रहरी नियमावली, २०७१ मा भएको बढुवा समितिले गरेको बढुवा सिफारिस कार्यान्वयन गर्ने वा सोउपर उजुरी सुन्ने समितिको निर्णय कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा देखिएको द्विविधा निवारण गर्न नेपाल प्रहरी नायब महानिरीक्षहरू राजेन्द्रसिंह भण्डारी, सुरेन्द्रबहादुर शाह, विज्ञानराज शर्मा, प्रतापसिंह थापा, वीरेन्द्रबाबु श्रेष्ठ, रमेशशेखर

बज्राचार्य, केदारप्रकाश साउद, गणेशराज राई, नारायणप्रसाद बस्ताकोटीलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने निर्णय गरेको हो।

रिट निवेदकले मूलरूपमा नियमावलीको नियम ३० मा उल्लिखित बढुवाका आधारहरूअन्तर्गतको कार्यसम्पादन मूल्याङ्कनबापतको ४० अङ्क चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापतको ५ अङ्क र बढुवा समितिले दिने ७.५ अङ्क नै पाउनुपर्नेमा कम अङ्क दिई बढुवा नगरिएको भनी जिकिर लिएको देखिन्छ । प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कूल अङ्कको विभाजनका सम्बन्धमा नियमावलीको नियम ३१ को उपनियम (३) मा भएको व्यवस्थाबमोजिम सम्बन्धित सुपरिवेक्षकले अधिकतम् बीस, पुनरावलोकनकर्ताले अधिकतम् दश र पुनरावलोकन समितिले अधिकतम् दश अङ्क दिन सक्ने प्रावधान छ । सम्बन्धित प्रहरी कर्मचारीको सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको सम्बन्धमा नियमावलीको नियम ३१ मा स्पष्टरूपले किटान गरिएको छ । नियमावलीले अधिकार दिएका सम्बन्धित सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले छुट्टाछुट्टैरूपमा प्रदान गर्ने अङ्कमा समेत पक्षपात गरेको र आफूलाई पूर्णाङ्क नदिएको भनी रिट निवेदकले लिएको जिकिरमा कुनै तथ्यगत र विश्वासलायक आधार देखिँदैन । कार्यसम्पादन व्यक्तिगत गुण, चरित्र र क्षमताको मूल्याङ्कन गरी प्रदान गरिने अङ्क आफूले यति नै पाउनुपर्छ भनी दावी गर्न पनि मिल्दैन । यसका साथै चुनौतीपूर्ण तथा विशेष जिम्मेवारीबापत नियमावलीको नियम ३६ बमोजिम प्रदान गरिने अङ्क र बढुवा समितिले दिने अधिकतम् ७.५ अङ्कको हकमा समेत कुनै अमुक प्रहरी कर्मचारीले यति नै अङ्क पाउनुपर्छ भनी भन्न मिल्ने देखिँदैन । बढुवा समितिले दिने उल्लिखित अङ्कको निर्धारणका सम्बन्धमा नियमावलीको नियम ३८ को उपनियम (४) मा स्पष्ट व्यवस्था भएको र सोही आधारमा बढुवा समितिले वस्तुगत कारण खोली अङ्क दिनुपर्ने बाध्यता रहेको अवस्थामा सो कुरालाई बेवास्ता गरी एक उम्मेदवारलाई दिएको अङ्कको तुलना गर्नु पनि सैद्धान्तिकरूपमा मिल्ने देखिँदैन । बढुवा गर्दा अवलम्बन गर्नुपर्ने माथि उल्लिखित मापदण्डहरूको आधारमा अङ्क प्रदान भई सबैभन्दा बढी अङ्क प्राप्त गरेका प्रहरी नायब महानिरीक्षकहरूलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरिएको हुँदा उक्त निर्णयलाई कानूनविपरीत मान्न मिल्दैन । उल्लिखित अङ्कहरू प्रदान गर्ने अधिकारीहरू प्रहरी नियमावली, २०७१ द्वारा तोकिएका छन् । अङ्क प्रदान गर्ने अख्तियारी पाएका अधिकारीहरूले दिएको अङ्कको गुण पक्ष (Merit) भित्र प्रवेश गरी कुनै अमुक कर्मचारीलाई यति नै अङ्क दिनुपर्छ भनी भन्न मिल्ने देखिँदैन । रिट निवेदकले असाधरण क्षेत्राधिकारअन्तर्गत सम्मानित अदालत प्रवेश

गरेको देखिँदा रिटको मान्य सिद्धान्तबमोजिम प्रदान गरिएको अङ्कभित्र प्रवेश गरी कुनै खास व्यक्तिले पाउनुपर्ने अङ्क किटान गरी बढुवाको लागि कारवाही गर्नु भनी सम्मानित अदालतबाट समेत बोल्न मिल्ने देखिँदैन । तसर्थ विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिष्दको कार्यालयको लिखित जवाफ ।

प्रहरी नियमावली, २०७१ को परिच्छेद ४ मा बढुवासम्बन्धी व्यवस्था गरिएको छ । ऐ. नियम २७(१)( क) मा प्रहरी अतिरिक्त महानिरीक्षक पदका लागि गृह मन्त्रालयको सचिवको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव सदस्य र प्रहरी महानिरीक्षक सदस्य सचिव रहने गरी ३ सदस्यीय बढुवा समिति रहने व्यवस्था छ । उल्लिखित व्यवस्थाबमोजिम गठित बढुवा समितिले नियम ३० मा तोकिएबमोजिम बढुवाको उम्मेदवारले पाएको कुल अङ्कको आधारमा बढुवाका लागि सिफारिस गर्नुपर्ने र बढुवाको लागि अङ्क प्रदान गर्न नियम ३१ बमोजिम कार्यसम्पादन मूल्याङ्कनबापत, नियम ३२ बमोजिम वर्गीकृत क्षेत्रमा काम गरेको अनुभव मूल्याङ्कनबापत, नियम ३३ बमोजिम जेष्ठताको मूल्याङ्कनबापत, नियम ३४ बमोजिम शैक्षिक योग्यताको मूल्याङ्कनबापत, नियम ३५ बमोजिम तालिमको मूल्याङ्कनबापत, नियम ३६ बमोजिम चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापत, नियम ३७ बमोजिम विभूषणबापत अङ्क प्रदान गर्ने व्यवस्था छ । साथै, बढुवा समितिको बढुवा सिफारिसमा चित्त नबुझ्ने प्रहरी कर्मचारीले बढुवाको सिफारिससम्बन्धी निर्णय भएको मितिले सात दिनभित्र ऐ. नियम ४२ बमोजिम उजुरी सुन्ने समितिसमक्ष उजुरी दिन सक्ने व्यवस्था छ । उपरोक्त कानूनी व्यवस्थाबमोजिम मिति २०७१।२।१३ मा बढुवा समितिको सिफारिस र बढुवा समितिको सिफारिसउपरको उजुरी सुन्ने समितिको मिति २०७१।३।३ को सिफारिससमेतका आधारमा सम्पूर्ण प्रक्रिया पूरा गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२९ गतेको निर्णय अनुसार प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने कार्य सम्पन्न भै सकेको छ ।

प्रहरी ऐन, २०१२ को दफा ३ ले प्रहरी फोर्सको गठन र त्यसमा रहने प्रहरी कर्मचारीहरूको सङ्ख्या नेपाल सरकारले समयसमयमा तोकिदिएबमोजिम हुने व्यवस्था गरेको छ । त्यसैगरी ऐनको दफा ४ ले प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र प्रहरीलाई निर्देशन दिने अधिकार नेपाल सरकारलाई हुने र नेपाल सरकारको आदेश र निर्देशन पालना गर्नु प्रत्येक कर्मचारीको कर्तव्य हुने व्यवस्था गरेको छ । यसरी प्रचलित कानूनले प्रहरी फोर्सको गठन, रेखदेख, नियन्त्रण र निर्देशनसम्बन्धी सम्पूर्ण कार्यहरू नागरिक सरकारको मातहतमा रहने अवधारणालाई अङ्गीकार गरेको छ । प्रहरी फोर्समा हुने नियुक्तिहरूमा पनि प्रचिलत कानूनले निर्देश गरेबमोजिम नेपाल सरकारको महत्त्वपूर्ण भूमिका

रहने व्यहोरा निवेदन गर्दछु । प्रहरी अतिरिक्त महानिरीक्षकहरूको नियुक्ति प्रहरी नियमावली, २०७१ ले निर्दिष्ट गरेबमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरी नेपाल सरकार मन्त्रिपरिषद्ले श्री राजेन्द्रसिंह भण्डारी, श्री सुरेन्द्रबहादुर शाह, श्री विज्ञानराज शर्मा, श्री प्रतापसिंह थापा, श्री वीरेन्द्रबाबु श्रेष्ठ, श्री रमेशशेखर बज्राचार्य, श्री केदारप्रकाश साउद, श्री गणेशराज राई र श्री नारायणप्रसाद बस्ताकोटीलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने निर्णय गरेको हो।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२९ को निर्णय अनुसार बढुवा भएका ९ जना प्रहरी अतिरिक्त महानिरीक्षकहरूले रीतपूर्वक आआफ्नो दर्जाको दर्ज्यानी चिह्नप्राप्त गरी प्रहरी नियमावली, २०७१ को परिच्छेद ५, नियम ४७ समेतको आधारमा पदस्थापन भै प्रहरी अतिरिक्त महानिरीक्षक श्री राजेन्द्रसिंह भण्डारी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा, प्रहरी अतिरिक्त महानिरीक्षक श्री सुरेन्द्रबहादुर शाह प्र.प्र.का. अपराध अनुसन्धान विभागमा, प्रहरी अतिरिक्त महानिरीक्षक श्री विज्ञानराज शर्मा महानगरीय प्रहरी आयुक्त कार्यालयमा, प्रहरी अतिरिक्त महानिरीक्षक श्री प्रतापसिंह थापा प्रहरी महानिरीक्षकको सचिवालयमा, प्रहरी अतिरिक्त महानिरीक्षक श्री वीरेन्द्रबाबु श्रेष्ठ प्र.प्र.का. प्रशासन विभागमा, प्रहरी अतिरिक्त महानिरीक्षक श्री रमेशशेखर बज्राचार्य मानवस्रोत विकास विभागमा, प्रहरी अतिरिक्त महानिरीक्षक श्री केदारप्रकाश साउद प्रहरी महानिरीक्षकको सचिवालय (विशेष पद) मा, प्रहरी अतिरिक्त महानिरीक्षक श्री गणेशराज राई प्र.प्र.का. कार्य विभागमा र प्रहरी अतिरिक्त महानिरीक्षक श्री नारायणप्रसाद बस्ताकोटी सुरक्षा परिषद् (विशेष पद) मा पदस्थापन भै आआफ्नो कार्यभार सम्हाली सकेको अवस्था छ । यसरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२९ को निर्णय कानूनबमोजिम कार्यान्वयन भै पदस्थापनसमेत भइसकेको अवस्थामा रिट निवेदनको औचित्य समाप्त भै सकेकाले रिट निवेदन खारेजभागी छ भन्ने प्रहरी अतिरिक्त महानिरीक्षक राजेन्द्रसिंह भण्डारी, विज्ञानराज शर्मा, सुरेन्द्रबहादुर शाह, गणेशराज राई, प्रतापसिंह थापा, नारायणप्रसाद बस्ताकोटी, वीरेन्द्रबाबु श्रेष्ठ, केदारप्रकाश साउद, रमेशशेखर बज्राचार्यको एकै मिलानको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसीसूचीमा चढी निर्णयार्थ यस इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनसहित लिखित जवाफसमेतको कागजात अध्ययन गरी रिट निवेदकतर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरू श्री माधव बस्नेत तथा श्री लिलामणि पौडेलले बढुवा भएको प्रहरी अतिरिक्त महानिरीक्षक पद ७ मा बढुवा गर्दा हाम्रो पक्ष उम्मेदवार भै बढुवा पाउनुपर्नेमा बढुवा समिति र बढुवा उजुरी सुन्ने समितिले क्रमसङ्ख्या ८ नं. मा राखेकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को २०७१।४।२९ को निर्णयानुसार १० र१३ नं. मा रहेका रमेशशेखर बज्राचार्य र

केदारप्रकाश साउदलाई बढुवा नियुक्ति गरेको निर्णय प्रहरी नियमावली, २०७१ को विपरीत हुँदा बदर गरी हाम्रो पक्ष यादव अधिकारीलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा सोही मितिदेखि बढुवा गरिपाउँ भन्ने र विपक्षी नेपाल सरकारको तर्फबाट विद्वान् नायब महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, सहन्यायाधिवक्ता श्री कृष्णजीवि घिमिरे र उपन्यायाधिवक्ता श्री टिकेन्द्र दाहालले बढुवा समिति र बढुवाको उजुरी सुन्ने समितिले निवेदकले पाउने अङ्क भन्दा बढी अङ्क पाएका व्यक्तिहरूले प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा पाएको र नेपाल सरकारले गणेशराज राई र नारायणप्रसाद बस्ताकोटीलाई समेत प्रहरी अतिरिक्त महानिरीक्षक पद सिर्जना गरी बढुवा गरी पद स्थापन र दर्ज्यानी चिह्नसमेत लगाइदिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने विज्ञान राज शर्माको तर्फबाट विद्वान् अधिवक्ता श्री रमणकुमार श्रेष्ठ, गणेशराज राईको तर्फबाट वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपाने, राजेन्द्रसिंह भण्डारीको तर्फबाट विद्वान् अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली, सुरेन्द्रबहादुर शाहको तर्फबाट विद्वान् अधिवक्ता डा.कुमार शर्मा आचार्य, नारायणप्रसाद बस्ताकोटी र प्रतापसिंह थापाको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी., रमेशशेखर बज्राचार्यको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा र विद्वान् अधिवक्ता श्री जयनारायण पौडेल र बढुवा भएका सबै प्रहरी अतिरिक्त महानिरीक्षकहरूको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री बद्रीबहादुर कार्की, श्री बोर्णबहादुर कार्की, श्री सविता वराल, अधिवक्ताहरू डा. श्री भीमार्जुन आचार्य, श्रीकान्त वराल र श्री सुभाष आचार्यले बढुवा समिति र बढुवाको उजुरी सुन्ने समितिले बढुवा हुने योग्यता पुगेका सबै प्रत्याशीहरूले पाएको नम्बर अनुसार ७ जना बढुवा भएका र गणेशराज राई र नारायणप्रसाद बस्ताकोटीलाई समेत नेपाल सरकारले बढुवा गर्ने योग्य ठानी २०७१।४।२९ मा मन्त्रिपरिषद्ले विशेष पद सिर्जना गरी प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरेको कार्य कानूनसम्मत हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने बहस गर्नुभयो।

विद्वान् कानून व्यवसायीहरूको बहस सुनी निर्णयतर्फ विचार गर्दा निम्न बुँदामा निर्णय गर्नुपर्ने देखिन्छ :

१. बढुवा समिति, बढुवाको उजुरी सुन्ने समिति र नेपाल सरकार, मन्त्रिपरिषद्ले बढुवा गरेका प्रहरी अतिरिक्त महानिरीक्षक श्री राजेन्द्रसिंह भण्डारी, सुरेन्द्रबहादुर शाह, विज्ञानराज शर्मा, प्रतापसिंह थापा, वीरेन्द्रबाबु श्रेष्ठ, रमेशशेखर बज्राचार्य, केदारप्रकाश साउद, गणेशराज राई र नारायणप्रसाद बस्ताकोटीलाई बढुवा गरेको निर्णय मिलेको छ छैन वा बदर हुनुपर्ने हो होइन ?
२. निवेदक प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा हुनुपर्ने हो होइन ?
३. रिट निवेदन मागबमोजिमको आदेश जारी

हुनपर्ने हो कि होइन भन्ने नै मुख्य प्रश्न रहेको देखियो।

२. पहिलो प्रश्नतर्फ विचार गर्दा प्रहरी नियमावली, २०७१ को नियम २७(१)(क) अनुसारको बढुवा समितिले २०७१।२।१३ गते २२ जना सम्भाव्य उमेद्वारहरूमध्ये सर्वाधिक अङ्क प्राप्त गर्ने रिक्त प्रहरी अतिरिक्त महनिरीक्षक पद ७ (सात) मा क्रमशः राजेन्द्रसिंह भण्डारी, सुरेन्द्रबहादुर शाह, विज्ञानराज शर्मा, प्रतापसिंह थापा, वीरेन्द्रबाबु श्रेष्ठ, रमेशशेखर बज्राचार्य र केदारप्रकाश साउदलाई सोही नियमको उपनियम (४) अनुसार बढुवाको लागि सिफारिस गरी प्रहरी प्रधान कार्यालय, नक्सालले च.नं. २१६२ मिति २०७१।२।१३ गते बढुवा सिफारिसको सूची प्रकाशित गरेको देखियो।

३. सो बढुवा सिफारिस सूची प्रकाशितउपर सम्भाव्य उम्मेदवार रहेका प्रहरी नायब महानिरीक्षक परशुराम खत्री, गणेशराज राई, यादव अधिकारी, सुशीलवरसिंह थापा, नारायणप्रसाद बस्ताकोटी र विश्वराजसिंह शाहीको प्रहरी नियमावली, २०७१ को नियम ४२(१) बमोजिम प्रहरी अतिरिक्त महानिरीक्षक पदको बढुवाउपरको उजुरी सुन्ने समितिसमक्ष उजुर परी छानबिन हुँदा बढुवा हुने १देखि ७ नं. सम्मको बढुवा समितिको सिफारिसमा हेरफेर भै क्रमशः राजेन्द्रसिंह भण्डारी, विज्ञानराज शर्मा, सुरेन्द्रबहादुर शाह, गणेशराज राई, प्रतापसिंह थापा, नारायणप्रसाद बस्ताकोटी, वीरेन्द्रबाबु श्रेष्ठ र दरबन्दी भन्दा बढी ८ नं.देखि १३ नं. सम्ममा क्रमशः यादव अधिकारी, सुशीलवरसिंह थापा, रमेशशेखर बज्राचार्य, परशुराम खत्री, विश्वराजसिंह शाही र केदारप्रकाश साउदको नाम समावेश गरी बढुवा समितिसमक्ष पठाउने गरी २०७१।३।३ मा निर्णय गरी पठाएको पाइन्छ।

४. प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने (राजेन्द्रसिंह भण्डारी) विषयको गृह मन्त्रालयको नं. ७/५२/-०७१/४/२९ को प्रस्ताव म.प. वै.स. २१/०७१ मिति २०७१।४।२९ को मन्त्रिपरिषद्को बैठकमा पेस हुँदा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरी सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम निर्णय गरेको देखिन्छ।

(क) प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवाको निमित्त प्रहरी नियमावली, २०७१ मा भएको बढुवा समितिले गरेको बढुवा सिफारिसमा कार्यान्वयन गर्ने वा सोउपर उजुरी सुन्ने समितिको निर्णय कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा देखिएको द्विविधा निवारण गर्न नेपाल प्रहरीमा प्रहरी अतिरिक्त महानिरीक्षक पदमा दुईवटा विशेष दरबन्दी सिर्जना गरी देहायबमोजिमका प्रहरी नायब महानिरीक्षकलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नेः-

१. राजेन्द्रसिंह भण्डारी

२. सुरेन्द्रबहादुर शाह

३. विज्ञानराज शर्मा
४. प्रतापसिंह थापा
५. वीरेन्द्रबाबु श्रेष्ठ
६. रमेशशेखर बज्राचार्य
७. केदारप्रकाश साउद
८. गणेशराज राई
९. नारायणप्रसाद बस्ताकोटी

(ख) थप भएका प्रहरी अतिरिक्त महानिरीक्षकको दुईवटा विशेष दरबन्दीमध्ये १ पद सुरक्षा परिषद्को सचिवालयमा र एक पद प्रहरी महानिरीक्षकको कार्यालयमा कायम गर्ने,

(ग) बढुवा गरिएका प्रहरी अतिरिक्त महानिरीक्षकको पदस्थापन गृह मन्त्रालयले गर्ने,

(घ) थप भएको दुई विशेष पद सो पदमा रहेका प्रहरी अतिरिक्त महानिरीक्षकले अवकाश प्राप्त गरेपछि स्वतः खारेज हुने।

(ङ) हाल जनपद प्रहरी सेवामा कायम रहेका ७ वटा प्रहरी अतिरिक्त महानिरीक्षक पदमध्ये ४ वटा पद बढुवा गरिएका प्रहरी अतिरिक्त महानिरीक्षकले अवकाश प्राप्त गरेपछि स्वतः खारेज हुने गरी ३ वटा प्रहरी अतिरिक्त महानिरीक्षक पदको दरबन्दी कायम गर्ने भन्ने निर्णय गरेको पाइन्छ।

५. उपरोक्तबमोजिम प्रहरी अतिरिक्त महानिरीक्षक रिक्त पद ७ मा बढुवा गर्दा नियम ३० बमोजिमको बढुवाको लागि कुल अङ्क पाएकामध्येबाट सबैभन्दा बढी अङ्क पाएकाले बढुवा हुनुपर्ने देखिन्छ । बढुवा समितिले ७ जनाको नाम सिफारिस गरेकोमा बढुवाको उजुरी सुन्ने समितिले, बढुवा समितिले सिफारिस गरेको नामावलीमा हेरफेर गरी १ नं.देखि १३ नं. सम्मको व्यक्तिको नाम राखेर बढुवा गर्नुपर्ने देखी बढुवा समितिसमक्ष सिफारिस गरेको अवस्थामा नेपाल सरकार, गृह मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले मिति २०७१।४।२९ मा १० नं. मा रहेका रमेशशेखर बज्राचार्य र १३ नं. का केदारप्रकाश साउदलाई विशेष पद सिर्जना गरी प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरेको देखिन्छ।

६. नेपाल जनपद प्रहरीमा प्रहरी अतिरिक्त महानिरीक्षक पदको दरबन्दी ७ वटा रहेको पाइन्छ । प्रहरी ऐन, २०१२ को दफा ४(१) मा एक वा एकभन्दा बढी प्रहरी फोर्सहरू रहने छन् । प्रहरी फोर्सको गठन र त्यसमा रहने प्रहरी कर्मचारीहरूको संरचना नेपाल सरकारले समयसमयमा तोकिदिएबमोजिम हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ । बढुवा समितिले सिफारिस गरेको ७ जनामध्येबाट बढुवा उजुरी सुन्ने समितिले नाम संशोधन गरी बढुवा उजुरी सुन्ने समितिले १३ जनाको नाम पठाएकोमध्येबाट सोही कानूनी व्यवस्थाबमोजिम नेपाल सरकारले १० र १३ नं. मा रहेका क्रमशः रमेशशेखर बज्राचार्य र केदारप्रकाश साउदलाई विशेष पद २ सिर्जना गरी प्रहरी अतिरिक्त महानिरीक्षक पदमा नियुक्ति गरेको अवस्था

देखिन्छ ।

७. प्रहरी नियमावली २०७१ को नियम २७ (४) बमोजिम बढुवा समितिले सिफारिस गरेका ६ र ७ नं. को रमेशशेखर बज्राचार्य र केदारप्रकाश साउदको नाम बढुवाको उजुरी सुन्ने समितिले संशोधन गरी रमेशशेखर बज्राचार्यलाई १० नं. मा र केदारप्रकाश साउदलाई १३ नं. मा राखेको, उजुर गर्नेमध्येका गणेशराज राईलाई ४ नं. मा र नारायणप्रसाद बस्ताकोटीलाई ६ नं. मा राखेको पाइन्छ । प्रहरी ऐन, २०१२ को दफा ४(१) मा प्रहरी कर्मचारीहरूको सङ्ख्या नेपाल सरकारले समयसमयमा तोकिदिएबमोजिम हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ । सोही कानूनी व्यवस्थाबमोजिम नेपाल सरकारले प्रहरी अतिरिक्त महानिरीक्षक दुई पद सिर्जना गरी बढुवा समितिले सिफारिस गरेको ७ जनाको मध्येबाट बढुवा उजुरी सुन्ने समितिले बढुवा भएको व्यक्तिको नाम संशोधन गरी १३ जनाको नाम पठाएकोमध्येबाट १० र १३ नं. मा रहेका क्रमश: रमेशशेखर बज्राचार्य र केदारप्रकाश साउदलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा नियुक्ति गरेको अवस्था देखिन्छ ।

८. प्रहरी नियमावली, २०७१ को नियम २७ (४) बमोजिम बढुवा समितिले सिफारिस गरेका ६ र ७ नं. को रमेशशेखर बज्राचार्य र केदारप्रकाश साउदको नाम बढुवाको उजुरी सुन्ने समितिले संशोधन गरी रमेशशेखर बज्राचार्यलाई १० नं. मा र केदारप्रकाश साउदलाई १३ नं. मा राखेको उजुर गर्नेमध्येका गणेशराज राईलाई ४ नं. मा र नारायणप्रसाद बस्ताकोटीलाई ६ नं. मा राखेकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२९ को निर्णयबाट बढुवा समितिले सिफारिस गरेको क्रमशः ६ र ७ नं. मा नै राखी बढुवा गरेको देखिन्छ भने बढुवाको उजुरी सुन्ने समितिले ४ नं. मा सिफारिस गरेको गणेशराज राई र ६ नं. मा सिफारिस गरेको नारायणप्रसाद बस्ताकोटीलाई ७ वटा प्रहरी अतिरिक्त महानिरीक्षकको दरबन्दी भन्दा बाहिर राखी यी दुई जना व्यक्तिको लागि विशेष दरबन्दी सिर्जना गरी नियुक्ति गरेको देखिएकाले यी ३ वटै निकायको निर्णय बेगल भै निर्णय गरेको देखिँदा मन्त्रिपरिषद्ले आफ्नो लिखित जवाफमा अङ्क प्रदान गर्ने अख्तियारी पाएका अधिकारीहरूले प्रहरी नियमावली, २०७१ अनुसार दिएको अङ्कको Merit भित्र प्रवेश गरी सर्वोच्च अदालतले बोल्न नमिल्ने भन्ने जिकिर न्यायसङ्गत देखिएन ।

९. प्रहरी नियमावली, २०७१ को नियम ५(१) मा प्रहरी सङ्गठनमा नयाँ दरबन्दी सिर्जना वा तत्काल कायम रहेको सङ्गठन र दरबन्दीमा हेरफेर गर्दा कार्यक्रम, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको प्रभावकारिता, उपलब्ध मानवस्रोत, लगत प्रभावको विश्लेषण तथा नवीन प्रविधिको अवलम्बन गरी कारण र औचित्यसमेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्नेछ । सोही नियमको उपनियम (२) मा सङ्गठन तथा व्यवस्थापन

सर्वेक्षण समिति रहने र सोही उपनियम (३) मा समितिको सिफारिसमा प्रहरी प्रधान कार्यालयले गृह मन्त्रालयमा पठाई अर्थ मन्त्रालयको सहमति लिई मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने भन्ने व्यवस्था भएको साथै नियम ६ मा प्रहरी किताबखानामा दर्ता नगरी कुनै पदपूर्ति गरिने छैन भन्ने कानूनी व्यवस्था रहेकोमा सोको पालना भएको देखिएन । नियम ३६ को चुनौतीपूर्ण र विशेष जिम्मेवारीको अङ्क र नियम ३८ अनुसार बढुवा समितिले दिने अङ्कको निर्धारण २०७१ साल भदौ ७ पछि मात्र निर्धारण गर्न सकिने अङ्क सोअगावै अनुसूची १२ विपरीत बढुवा भएका प्रत्याशीहरूलाई अङ्क प्रदान गरी बढुवा गरेको देखिँदा उल्लिखित बढुवालाई नियमानुसार बढुवा भएको मान्न सकिएन ।

१०. जुन निर्णयले Merit लाई नै मान्यता दिँदैन, त्यो निर्णय न्यायपूर्ण भएको भनी अदालत चुप लाग्ने हो भने सङ्गठनको मनोबल व्यक्तिपरक मात्र हो भन्न पर्ने हुन्छ । त्यस्तो मनोगत कथनलाई आफूलाई संस्थागत बनाउन आफैँले निर्माण गरेको मापदण्डलाई सो खेलको नियममा मैले किन सहमत भइन भन्न यसको नियम म आफैँले नै बनाउने अधिकार राख्छु । त्यसैले कसैले छानबिन नगर्नु भन्नु न्याय र सद्विवेकलाई समेत परित्याग गर्नु हो । त्यस्तो अवस्थामा सरकारले आफ्नो औचित्य समाप्त गरेको भन्नपर्ने भएकाले न्यायपूर्ण विवेकको प्रयोग गर्ने राज्यको अर्थ कसैले पनि समाप्त भएको मान्न नपर्ने र राज्यको उत्तरदायित्व बोध गरेको देखिनुपर्ने नै हुनुपर्छ । सुस्पष्ट कानूनको परमाधिकारी कानून मात्र हो, कसैको तजविजी होइन, तसर्थ समान अवस्थामा प्राप्त अङ्कको गणना भै रहेको नं. १३ को हकसम्ममा विशेष दरबन्दी सिर्जना भएकोमा सो भन्दा अघिका अङ्कमा देखिएकाहरूलाई त्यस्तो सुविधाबाट वञ्चित राख्नु न्यायपूर्ण हुन सक्तैन ।

११. उपरोक्त आधारमा प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरेको २०७१।२।१३ को बढुवाको सिफारिस र २०७१।३।३ को बढुवाको उजुरी सुन्ने समितिको निर्णय र नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२९ को निर्णय नियम, कानून एवम् न्यायका मान्य सिद्धान्तविपरीत हुँदा बदर गर्नुपर्छ कि भन्नलाई उक्त निर्णयहरू बदर गर्दा रिट निवेदक २०६६।६। २१ मा प्रहरी नायब महानिरीक्षक पदमा बढुवा भै ५ वर्षको कार्यकाल २०७१।६।२१ मा समाप्त हुने र बढुवा पाएका प्रहरी अतिरिक्त महानिरीक्षकहरू पनि सोही मितिमा प्रहरी नायब निरीक्षक पदमा बढुवा भएको देखिँदा सो निर्णय बदर भएमा निवेदक यादव अधिकारी र बढुवा भएका प्रहरी अतिरिक्त महानिरीक्षकहरू पनि बढुवा हुनबाट वञ्चित भै अवकाश हुनुपर्ने अवस्था सिर्जना हुने र माथिल्लो पद खाली हुन गै आसन्न दक्षिण एसियाली सहयोग सङ्गठनको सम्मेलनको अवसरसमेतमा शान्ति व्यवस्थामा प्रतिकूल प्रभाव पर्न सक्ने स्थितिलाई समेत बेवास्ता गर्न

मिल्ने स्थिति नहुँदा मन्त्रिपरिषद्को २०७१।४।२९ को निर्णयलाई पूर्ण बदर गरिरहन औचित्यपूर्ण र व्यावहारिक देखिन आएन।

१२. अब दोस्रो प्रश्नतर्फ विचार गर्दा यी रिट निवेदक यादव अधिकारी बढुवा समितिको २०७१।२।१३ को निर्णयबाट क्रमसङ्ख्या १० नं. मा रहेकोमा बढुवाको उजुर सुन्ने समितिको मिति २०७१।३।३ को निर्णयबाट ८ नं. मा परेको देखिन्छ । प्रहरी नियमावली, २०७१ को नियम ३०(२) बमोजिम पाएको अङ्क अनुसार प्रहरी अतिरिक्त महानिरीक्षक पद रिक्त ७ मा बढुवा नपाए पनि बढुवा उजुरी सुन्ने समितिको मिति २०७१।३।३। को निर्णयबाट ८ नं. मा परेको देखिन्छ । प्रहरी नियमावली, २०७१ को नियम ३०(२) बमोजिम पाएको अङ्क अनुसार प्रहरी अतिरिक्त महानिरीक्षक पद रिक्त ७ मा बढुवा नपाए पनि बढुवा उजुरी सुन्ने समितिले १० नं. मा सिफारिस गरेका रमेशशेखर बज्राचार्य र १३ नं. मा सिफारिस भएका केदारप्रकाश साउदलाई क्रमशः ६ र ७ नं. मा राखी बढुवा गरेको र ४ र ६ नं. मा सिफारिस गरेको गणेशराज राई र नारायणप्रसाद बस्ताकोटीलाई ८ र ९ नं. मा राखी दरबन्दी भन्दा बढी २ पद सिर्जना गरी प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरेको पाइन्छ । यी निवेदक बढुवा समितिको सिफारिसको क्रमसङ्ख्या १० मा रहेको र बढुवाको उजुरी सुन्ने समितिले सिफारिस गरेको बढुवा सूचीको क्रमसङ्ख्या ८ रहेको देखिँदा १० र १३ नं. मा रहेका क्रमशः रमेशशेखर बज्राचार्य र केदारप्रकाश साउदको भन्दा बढी अङ्क प्राप्त गरेको कारणले निजहरू २ जना भन्दा बढी अङ्क प्राप्त गरी अगाडि रहेकाले प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नुपर्नेमा निजलाई बढुवा नगरेको नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२९ को निर्णय न्यायोचित मान्न मिलेन।

१३. कुनै पनि कानून कसैलाई लागू हुने र कसैलाई नहुने गरी वर्गीकरण गर्दा त्यस्तो वर्गीकरण औचित्यपूर्ण र विवेकपरक हुनुपर्दछ अन्यथा त्यस्तो वर्गीकरण स्वेच्छाचारी भई अन्याय पूर्ण हुन जाने भनी (*नेकाप* २०६३, निर्णय नं. ७७४४, पृष्ठ ९९२, पूर्ण इजलास) निवेदक प्रदिपप्रताप मल्ल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दामा सिद्धान्त प्रतिपादन भएको पाइन्छ।

१४. अतः उपरोक्त प्रतिपादित मान्य सिद्धान्त एवम् सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत यी रिट निवेदक यादव अधिकारीलाई मिति २०७१।४।२९ गतेदेखि लागू हुने गरी प्रहरी अतिरिक्त महानिरीक्षक पद रिक्त भए सोही पदहरूमा र रिक्त नभएमा विशेष पद सिर्जना गरी प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नु गराउनु भनी विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । यसको जानकारी विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत पठाइदिनू। प्रस्तुत रिट निवेदनको

लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.ओमप्रकाश मिश्र

इति संवत् २०७१ साल असोज ८ गते रोज ४ शुभम्।
इजलास अधिकृतः- जवाहरप्रसाद सिंह

## निर्णय नं.९२४९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
फैसला मिति : २०७१।६।२२।४
०६८-CR-१३३१

मुद्दा : कर्तव्य ज्यान।

पुनरावेदक/प्रतिवादी : रूकुम जिल्ला, शोभा गा.वि.स. वडा नं. ४ घर भै हाल कारागार कार्यालय, रूकुममा थुनामा रहेकी सीता भन्ने लालहीरा कामी

विरूद्ध

प्रत्यर्थी/वादी : कर्मासिंह भन्ने काप्चे कामीको जाहेरीले नेपाल सरकार

- **प्रतिवादीहरूले गुट बनाई संयुक्तरूपमा गरेको वारदातलाई संयुक्त वारदात भनिन्छ । यसमा कसले बढी कुट्यो, कसले कम कुट्यो, कसको प्रहार प्राणघातक भयो अथवा कुनै कसैले कुट्दै कुटेन कि जस्ता कुरा कमन ल मा प्रासङ्गिक हुँदैनन् । ज्यान लिने अथवा साङ्घातिक कुटपीट गर्ने मनसाय भै सो सन्दर्भमा समूहमा बसी एक अर्कालाई उकासी हौसाई अथवा हातै हाली कुटपीट गरेमा सबै प्रतिवादी समानरूपमा सहभागी भएको मानिने र समान सजायका भागीदार हुने अवस्था रहने।**
- **पश्चिमा फौजदारी कानून र मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को फरक भनेको, १३ नं. आकर्षित हुनको लागि प्रतिवादीले मर्ने मानिसको जीउमा हात हालेको कुरा प्रमाणित हुनैपर्ने देखिन्छ। जुन कुरालाई कमन लले अनिवार्य मानेको छैन। जीउमा हात हालेको प्रमाणित भएको अवस्थामा प्रतिवादीले एक मुक्का हान्यो वा धेरैपटक हान्यो, खुकुरी वा बन्दुक जस्तो साङ्घातिक हतियारले हान्यो वा सामान्य लौरो, छडी आदिले कुट्यो भन्ने कुरालाई पश्चिमा कानून झैं उक्त १३ नं. ले**

**महत्त्वहीन कुरा मानेको देखिने।**

(प्रकरण नं. ४)

- **प्रतिवादीले मृतकलाई कुटपीट गरी सिकिस्त बनाएको र मृतकको मृत्युको परिणामको बीचमा अरू कुनै स्वतन्त्र घटना घटेको र सो कारण प्रभावकारी वा निर्णायकरूपमा मृतकको मृत्युको कारण भएको भन्ने कुनै पनि कुरा भए घटेको देखिँदैन। यी प्रतिवादीको सो फल्ट (fault) सँग मृतकको मृत्युको सम्बन्ध connection स्थापित हुने।**

(प्रकरण नं. ५)

- **नारी आफ्नो गरिमा, स्वतन्त्रता र इज्जतको कुरामा लान्छित हुन चाहँदैनन्। यो उनीहरूको शारीरिक स्वायत्तता (autonomy) भित्र पर्ने कुरा हो। यी कुराहरूमा उनीहरू अत्यन्त संवेदनशील हुन्छन्। पुनरावेदिका आफैँले मृतकसँग वारदातको कारण झिकेकी वा निहुँ खोजेकी छैनन्। वारदातले यो रूप र परिणाम लिने कुरा पुनरावेदिकाको पूर्वजानकारीमा छैन। पुनरावेदिकाको गोप्य कुरा प्रकाशमा आउनुको अर्थ निजको पारिवारिक जीवनमा सङ्कटको ग्रहण लाग्नु हो। यी कारणलगायत पुनरावेदिकाको नाबालक छोरी रहेकी र पुनरावेदिकाले अदालतमा समेत साँचो कुरा गरेर न्याय सम्पादनमा सहयोग गरेकी समेतको अवस्थाले गर्दा पुनरावेदिका थप सहानुभूतिको पात्र हुने।**

(प्रकरण नं. ७)

पुनरावेदक/प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता विश्वप्रकाश भण्डारी

प्रत्यर्थी/वादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, अ.बं. १८८ नं.
- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.

सुरू तहमा फैसला गर्ने :

मा.जि.न्या.श्री अर्जुन अधिकारी

पुनरावेदन तहमा फैसला गर्ने :

मा.मु.न्या. श्री विश्वनाथ जोशी

मा.न्या. श्री मिहिरकुमार ठाकुर

फैसला

**न्या. गोविन्दकुमार उपाध्याय :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) अनुसार दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र निर्णय यस प्रकार छ :

मिति २०६६।३।२४ गते बिहान

अन्दाजी ७ बजेको समयमा म मेरो भिनाजु जितलाल कामीको डेरा रूकुम खलङ्गा गाउँ विकास समिति वडा नं. १, पातुखोलामा रहेको मोहन खड्काले होटल गर्ने घरको माथिल्लो तलामा जाँदा निज भिनाजुलाई बेहोस भई सुतेको अवस्थामा देखेपछि जिल्ला स्वास्थ्य कार्यालय, रूकुममा लगी उपचार गराउने क्रममा मिति २०६६।३।२४ गते राति भिनाजु जितलाल कामीको मृत्यु भएको हो । निज भिनाजु मिति २०६६।३।२३ गते राति खलङ्गा १ पातुखोला स्थित छिवाङी होटलमा बास बसेको समयमा सोही होटलको एउटै कोठामा बसेका जिल्ला रूकुम, शोभा गाउँ विकास समिति वडा नं. ४ बस्ने सीता भन्ने लालहीरा वि.क, जिल्ला सल्यान कोटबारा गाउँ विकास समिति वडा नं. ४ बस्ने टेकबहादुर वलीसमेतले मिति २०६६।३।२३ गते राति जितलाल कामी सीता कामीलाई बलात्कार गर्न गएको भन्ने आरोप लगाई टेकबहादुर वलीसमेतले लात, मुक्का, छातासमेतले कुटपीट गरी घाइते बनाएकाले सोही चोटका कारण भिनाजु जितलालको मृत्यु भएकाले कानूनबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको कर्मासिंह भन्ने काप्चे कामीको जाहेरी दरखास्त।

रूकुम खलङ्गा गाउँ विकास समिति वडा नं. १ पातुखोला स्थित खर्के बस्नेतको छिवाङी होटलको तल्लो तलाको पश्चिमतर्फको कोठामा सुतेको अवस्थामा जितलाल कामीलाई कुटपीट गरिएको सो घटनास्थलमा डोको छेउमा कालो रङ्गको सेतो डण्डी भएको समात्ने भाँचिएको अवस्थामा रहेको छाता रहेको भन्ने घटनास्थल मुचुल्का।

मृतकको मृत्यु टाउकाको चोटको कारणबाट भएको (cause of death is head injury) भन्ने शव परीक्षण प्रतिवेदन।

मेरो लोग्ने लालधन वि.क. रोगजारको सिलसिलामा मलेसिया जानुभएको र निजले घर खर्चको लागि रूकुम खलङ्गा बजारमा मेरो नाममा पैसा पठाउनुभएकाले सो पैसा लिनको लागि म, ससुरा मनरूप कामी र ऐ.ऐ. बस्ने चुकेनी रोकासमेत भई मिति २०६६।३।२३ गते बेलुका खलङ्गा बजारमा आई खलङ्गा १ पातुखोलामा रहेको खर्के बस्नेतको होटलमा बसेको बखत मैले टेकबहादुर वलीलाई बोलाएको हुँदा निज पनि सोही होटलमा बास बस्न आई मेरो ससुरा र टेकबहादुर वलीले रक्सी सेवन गर्दै थिए। सोही बखत राति नौ बजेतिर जितलाल कामी हामी रहेको कोठामा आई परिचय गरी निजसमेत सोही कोठामा बसे । जितलालले पहिला नै रक्सी सेवन गरी आएका थिए । परिचयको क्रममा जितलाल कामीसँग मेरो ससुरा र टेकबहादुर वलीको वादविवाद भयो । राति अलगअलग ३ वटा खाट जोडेर बिस्तरा बनाई सुतेकोमा मध्य रातको १ बजेको समयमा टेकबहादुर वली म सुतेको खाटमा आई मसँग यौन सम्बन्ध राखी गएको सो कुरा मृतक जितलाल कामीले थाहा पाएका रहेछन् र निज म सुतेको खाटमा गै मेरो शरीर छाम्न लागेपछि

मैले टेकबहादुर वलीसँग मलाई बलात्कार गर्न लाग्यो भनेपछि टेकबहादुर आए र मैले बत्ती बालें, त्यसपछि जितलालसँग विवाद भयो। मैले जितलाललाई चप्पलले हानेँ र टेकबहादुरले पनि हात, मुक्का र छाताले जितलालको विभिन्न शरीरमा हाने र जितलालले टेकबहादुर वलीलाई हाने। त्यसपछि जितलालले मैले गल्ती गरें माफ गर्नुहोस् भनी रू.५० हजार दिन्छु भनेर जितलाल विक बाहिर गै रू १८०० दिएर ढोग गरे। बाँकी पैसा भोलि दिउँला प्रहरीलाई खबर नगरे भने त्यसपछि जितलालले पुनः मलाई टेकबहादुर वली धर्मदाइ रहेनछ तिम्रो लोग्ने रहेछ तिमीहरू दुईजना लागेर कुटपीट गर्‍यौं यो कुरा बाहिर नभन्नु भनेपछि हामी दुबैजना टेकबहादुर र मैले पुनः जितलाल विकलाई हात, मुक्का र भित्तामा टाउको ठोकाई कुटपीट गर्‍यौं। टेकबहादुरले हान्दा छातासमेत भाँच्चिएको थियो। जितलाल सिकिस्त हुँदै गएपछि टेकबहादुर वलीले घाइतेलाई बाहिर लिएर गए। त्यतिखेर अं बिहानको ४ बजेको थियो होला। जितलालको मृत्यु हामीहरूको कुटपीटबाट नै भएको हो। कुटपीट गर्दाको अवस्थामा चुकेनी रोका र मेरो ससुरा मनरूप कामीसमेत ब्यूँझे। जितलालसँग जरिवाना गरेको रकम ससुरा मनरूप विकलाई राख्न दिएको छु। होटल मालिक खर्के बस्नेतले समेत राति कुटपीट गरेको कुरा थाहा पाएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी सीता भन्ने लालहीरा कामीले गरेकी बयान।

लालधन वि.क.ले मलेसियाबाट आफ्नो श्रीमती सीता भन्ने लालहीरा कामीको नाममा खलङ्गा बजारमा पैसा पठाएकाले उक्त रकम लिन निज सीता भन्ने लालहीरा कामी, निजको ससुरा मनरूप कामी र म चुकेनी रोका घरबाट आई मिति २०६६।३।२३ गते खलङ्गा १ पातुखोलास्थित छिवाङी होटलमा आई बसेका र सोही बखत टेकबहादुर वली र जितलाल कामीसमेत उक्त होटलमा आई मादक पदार्थ रक्सी सेवन गरी हामी बसेको कोठामा सुतेका हुन्। राति अन्दाजी १ बजेको समयमा म सँगै सुतेकी सीता भन्ने लालहीरा कामीले मलाई आमाजू अलिपर सर भनेकी हुन् र मलाई सन्चो छैन भनी म भित्तातिर छेउ लागेर सुतें। केही क्षणपश्चात हामी सुतेको खाट हल्लियो। मैले लालहीरा कामीलाई किन खाट हल्लियो भनी सोद्धा सल्यानी दाइ मसँग सुत्न आएका छन् हल्ला नगर्नुहोस् ससुराले थाहा पाउछन् कसैलाई नभन्नु भनिन् र मैले पनि हुन्छ भनें। केही समयपछि टेकबहादुर वली आफ्नो खाटमा सुत्न गए। त्यसको केही वेरपछि कोठामा हो हल्ला भएको सुनी ब्यूँझिंदा जितलाल वि.क. लाई टेकबहादुर वली र बुहारी लालहीरा कामीले कुटपीट गरिरहेका थिए। मैले किन कुटपीट गरेको भन्दा बुहारी लालहीरा कामीले जितलाल कामीले मलाई समात्न आयो त्यसैले कुटपीट गरेका हौं भनिन् र जितलालले माफी मागी रू.१८०० दिए त्यसपछि जितलालले अघि दाइ भन्थिस् टेके त तेरो पोइ पो रहेछ भन्दै

जितलाल कोठा बाहिर जाने बेलामा किन त्यसो भनिस् भन्दै टेकबहादुर वली र सीताले पुनः कुटपीट गरी सिकिस्त बनाएपछि टेकबहादुर वली र जितलाल विक ढोका बाहिर गएका हुन् । निज जितलालको सोही कुटपीटको कारण उपचारको क्रममा मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी चुकेनी रोकाको बयान कागज ।

मेरो छोरा धनलाल वि.क.ले मलेसियाबाट बुहारी सीता भन्ने लालहीराको नाममा खलङ्गा बजारमा पैसा पठाएकाले उक्त रकम लिन म, बुहारी सीता भन्ने लालहीरा कामी र चुकेनी रोका घरबाट आई मिति २०६६।३।२३ गते रूकुम खलङ्गा १ स्थित पातुखोलामा रहेको छिवाङी होटलमा बास बसेको अवस्थामा टेकबहादुर वली र मृतक जितलाल कामीसमेत हामीसँगै एकै कोठामा सुतेका हौं । राति अन्दाजी २ बजेको समयमा हल्ला भएको सुनी उठ्दा बुहारी सीता भन्ने लालहीरा कामी र टेकबहादुर वलीले जितलाल कामीलाई कुटपीट गरिरहेका थिए । जितलाल कामीले मेरो गल्ती भयो भनी माफी मागी बाहिर गै रू. १,८००।- ल्याई बुहारीलाई ढोग गरी जरिवाना गराएका हुन् । सो रूपैयाँ बुहारीले मलाई राख्न दिएका हुन् । जितलालको मृत्यु टेकबहादुर र बुहारी लालहीराले गरेको कुटपीटको कारणबाट भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी मनरूप कामीको बयान कागज ।

मिति २०६६।३।२३ गते प्रतिवादी सीता भन्ने लालहीरा कामी निजको ससुरा मनरूप कामी र चुकेनी रोका सो होटलमा आई कोठा लिई बसेका थिए । सोही दिन राति टेकबहादुर वली र मृतक जितलाल कामीसमेत आई निजहरूसँग एउटै कोठामा बसेका हुन् । राति ३ बजेतिर म खसी काट्न भनी उठेको समयमा निजहरू सुतेको कोठामा होहल्ला भै झगडा भएको ढोका बाहिरबाट सुनेको हुँ । भोलिपल्ट बिहान सीता भन्ने लालहीरा कामीले राति जितलाल वि.क.ले मलाई समात्न आएकाले टेकबहादुर वलीको सहयोग लिई कुटपीट गरेका हौँ भनेकी थिइन् । निजहरूले गरेको कुटपीटको कारणबाट नै जितलालको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको खर्के बस्नेतले गरेको बयान कागज ।

मिति २०६६।३।२३ गते राति प्रतिवादी लालहीरा कामी, निजको ससुरा मनरूप कामी, आमाजू चुकेनी रोका, टेकबहादुर वली र मेरा दाजु मृतक जितलाल कामीसमेत रूकुम खलङ्गा १ स्थित छिवाङी होटलको एउटै कोठामा बास बसी सुतेको बखत मध्यरातमा जितलाल कामीलाई सीता वि.क. ले बलात्कार गर्न आयो भन्ने आरोप लगाई प्रतिवादी टेकबहादुर वली र लालहीरा कामीसमेतले लात, मुक्का, छाता र चप्पलसमेतले कुटपीट गरी घाइते बनाई उठबस गर्न लगाई रू. १८००।- (एक हजार आठ सय) जरिवाना लिई माफी माग्न लगाएको र भोलिपल्ट बिहान दाजु जितबहादुर कामीलाई बेहोस अवस्थामा फेला पारी जिल्ला

स्वास्थ्य कार्यालय, रूकुममा लगी उपचार गर्ने क्रममा सोही राति ११:१५ बजेको समयमा निज दाजु जितलाल कामीको सोही चोटपीरको कारणबाट मृत्यु भएकाले प्रतिवादीहरूलाई हदैसम्मको कारवाही हुनुपर्छ भन्नेसमेत व्यहोराको तुलबहादुर कामीले गरेको घटना विवरण कागज।

मिति २०६६।३।२४ गते बिहान मोहन खड्कासँग भेट हुँदा आज मेरो होटलमा बस्ने एक जना ग्राहक बोल्दै बोल्दैन । छाती मात्र पुटुकपुटुक गर्छ के भयो होला भन्दा मैले आज भोलि समय ठीक छैन झाडा पखालाको प्रकोप छ डाक्टर बोलाएर उपचार गराउ भनें । दिउँसो फेरि भेट हुँदा निज मोहन खड्काले जितलाल कामीलाई टेकबहादुर वली र सीता भन्ने लालहीरा कामीसमेतले छिवाङी होटलमा बास बसेका बखत कुटपीट गरेको खुल्न आएको छ भनी मलाई बताएकाले थाहा पाएको हुँ । निज घाइते अवस्थामा रहेका जितलाल कामीको उपचारको क्रममा मिति २०६६।३।२४ गते राति मृत्यु भएको हो भन्नेसमेत व्यहोराको दामोदर के.सी. ले गरेको घटना विवरण कागज।

रूकुम खलङ्गा-१, पातुखोलामा रहेको मेरो होटलमा मिति २०६६।३।२४ गते बिहानको समयमा चुलोमा आगो सल्काउँदै गरेका बखत मृतक जितलाल कामी आफू सुत्ने कोठामा जान लाग्दा मलाई आज किन टाउको दुखिराखेको छ साथै वान्ता पनि भइरहेको छ बिरामी भएको छु भनेकाले केही समयपछि महेश खड्कालाई जाउ छोरा माथि जितलाल अङ्कललाई हेरेर आउ भनी पठाएकोमा छोरा महेश खड्का माथि कोठामा गई हेरेर फर्की आई बुबा अङ्कल बोलाउँदा पनि बोल्नुहुन्न, चाल पनि गर्नु हुन्न कोठामा वान्ता गर्नुभएको छ भनी छोराले मसँग भनेपछि मैले तुरून्त मेडिकलवाला दिपेन्द्र पुनलाई बोलाई ल्याएँ । उहाँले स्लाइन पानीसमेत चढाई छिट्टै अस्पतालमा लैजानुहोस् भनी फर्किनुभयो र प्रतिवादी सीता भन्ने लालहीरा कामीले छिवाङी होटलका मालिककी स्वास्नी संगमलाई सङ्केत गरी आज राति यी मान्छेले मलाई बलात्कार गर्न खोजेको बखत टेकबहादुर वली र मसमेतले मर्ने गरी कुटेका छौं भनी भनेपछि सो कुरा प्रचार भएको हो । जितलाल कामीको उपचार गराउने क्रममा सोही राति ११:१५ बजेको समयमा सोही चोटको कारणबाट मृत्यु भएको हो भन्नेसमेत व्यहोराको मोहन खड्काले गरेको घटना विवरण कागज।

मिति २०६६।३।२४ गते बिहानको समयमा मोहन खड्का मेरो मेडिकलमा आई आफ्नो होटलमा डेरा गरी बस्ने जितलाल कामी विरामी छन् केही बोल्दैनन् के भएको हो हेरिदिनुपर्‍यो भनी बोलाएकाले निजको साथमा गई हेर्दा जितलाल कामी बेहोस अवस्थामा थिए । नाडी नचलिरहेको थियो छेउमा वान्ता गरेका थिए । मैले सामान्य उपचार गरी स्लाइन पानीसमेत चढाई ठीकै छ होस आयो भने औषधि दिउँला होस आएन भने जिल्ला स्वास्थ्य

कार्यालय, रूकुममा लगी उपचार गराउनु भनी मेडिकलतर्फ फर्कि आएँ । पछि निजलाई जिल्ला स्वास्थ्य कार्यालय, रूकुममा उपचार गराउने क्रममा मिति २०६६।३।२४ गते राति मृत्यु भएको कुरा मैले भोलिपल्ट २५ गते सुनी थाहा पाएको हुँ । जितलाल कामीलाई खर्के बस्नेतको होटलमा बास बसेका बखत प्रतिवादी टेकबहादुर वली र सीता भन्ने लालहीरा कामीसमेतले लात, मुक्का, चप्पल, छातासमेतले कुटपीट गरी घाइते बनाएको कुरा मैले पछि थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको दिपेन्द्रबहादुर पुनको घटना विवरण कागज ।

मृतक जितलाललाई टेकबहादुर वली र सीता भन्ने लालहीरा कामीले कुटपीट गरी घाइते बनाएको र सोही कुटपीटको कारणबाट जितलाल कामीको मृत्यु भएको भन्ने कुराको तथ्य निर्विवादरूपमा पुष्टि हुन आएकाले प्रतिवादी टेकबहादुर वली र सीता भन्ने लालहीरा कामीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको कसुर अपराध भएको र प्रतिवादी मनरूप कामी, चुकेनी रोका र खर्के बस्नेतले टेकबहादुर वली र सीता भन्ने लालहीरा कामीले जितलाल कामीलाई कुटपीट गरी घाइते बनाउँदाको अवस्थामा देखी थाहा पाई निजहरूकै मत सल्लाहमा पसी अरू कुरा केही नगरी हेरी रही मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुर अपराध गरेकाले प्रतिवादी टेकबहादुर वली र सीता भन्ने लालहीरा कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम र प्रतिवादी मनरूप कामी, चुकेनी रोका र खर्के बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने व्यहोराको अभियोगपत्र ।

म सुतेको कोठामा ३ वटा खाट थिए । एउटा खाटमा प्रतिवादी टेकबहादुर वली, अर्को खाटमा मेरो ससुरा र मृतक जितलाल वि.क. र अर्को खाटमा म, मेरी छोरी र मेरी आमाजू सुतेका थियौँ । सोही रातको अ.१:०० बजेतिर म सुतेको ठाउँमा मेरो धर्मदाइ प्रतिवादी टेकबहादुर वली यौन सम्पर्क गर्न भनी आएका हुन् । उनलाई त्यसबेला मैले ससुरा ननिदाएको जस्तो मानेर अहिले जानुहोस् ससुरा बिउँतै हुनुहुन्छ भनेर पठाइदिएँ । त्यसपछि पुनः १०।१५ मिनेटपछि निज टेकबहादुर वली म सुतेको ठाउँमा आई मसँग सुती यौन सम्पर्क कार्यसमेत सम्पन्न गरेर पुनः आफ्नो खाटमा गै सुतेका हुन् । त्यसपछि करिब १०।१२ मिनेटपछि निज मृतक जितलाल वि.क. पनि म सुतेको ठाउँमा आई मेरो कोमल अङ्गमा हात लगाई यौन सम्पर्कसमेत गर्ने प्रयास गरेकाले मैले सो कुरा थाहा पाई धर्मदाइ टेकबहादुर वलीलाई सो कुरा बताएँ र म सुतेको ठाउँबाट उठेर सुरूमा मैले चप्पलले २।३ पटक गालामा हानेँ । अनि निज मृतकले पनि २।३ पटक हातले खुट्टामा हानेको हो । सोही बेला मेरो धर्मेदाइ भन्ने टेकबहादुर वली उठेर निज मृतकलाई टाउको समाती सिमेन्टको घरको भित्तामा टाउको २ पटक जति

ठोकाएका हुन् । त्यसपछि निज टेकबहादुरले छाताको डण्डीसमेतले हानेका हुन् । निज मृतकले भयो मैले गल्ती गरेँ म तिमीलाई मान्छु पैसा लिएर आउँछु भनेर आफ्नो डेरामा गएका र जम्मा रू.१८००।- दिएका हुन् । त्यसपछि मृतक बाहिर निस्कने बेलामा टेकबहादुर वलीलाई तँ त उसको दाइ रहेनछस् पोइ वा लोग्ने रहेछस् भनेर भनेका हुन् । त्यसपछि टेकबहादुर वली पुनः झोक्किएर मृतकलाई एकपटक लातले हानेका हुन् र कोठाबाट बाहिरसम्म पुर्‍याएर निज टेकबहादुर वली पुनः कोठाभित्र सुतेका हुन् । मृतकलाई हामीले मैले मार्नै भनेर हानेको होइन रक्सी धेरै खाएको थियो । यसमा अरू कसैको संलग्नता छैन । रक्सीको कारणले पनि मरेको हुनसक्छ । प्रहरीको बयानमा टेकबहादुर वली मसँग सुतेको कुरा आमाजूलाई थाहा थियो ससुरालाई नभनिदिनु होला भनेकी होइन अलि पर सर आमाजू भनेकी मात्र हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी सीता भन्ने लालहीरा कामीले अदालतसमक्ष गरेको बयान।

राति सुतेको अवस्थामा गानगान गुनगुनको आवाजले म बिउँतिएकी हुँ । त्यसैबेला सीताले मलाई अलि पर सर भनेकी हो । किन सर्ने भन्दा यहाँ मान्छे आएकोछ भनेर भनेकी हो । त्यसपछि टेकबहादुर र लालहीराका बीचमा शारीरिक सम्बन्ध भएको थाहा पाएकी हुँ । त्यसको लगत्तै पछाडि हल्लाखल्ला सुनें । हल्लाखल्ला अलि बढी भएको हुनाले के भयो त भनेर हेर्दा प्रतिवादी टेकबहादुर वली र सीता भन्ने लालहीरा कामीले मृतक जितलाल कामीलाई हानिरहेको देखेकी हुँ । त्यसपछि निजहरूको कुटपीटबाट जितलाल कामी सिकिस्त भएर बाहिर गएका हुन् । त्यसपछि गल्ती भयो माफी माग्छु भनेर जितलाल कामीले रू. १८००।- दिएर बुहारीलाई ढोगी माफी मागेका हुन् । त्यसपछि जितलाल र टेकबहादुर बाहिर गएका र टेकबहादुर मात्र फर्केका हुन् । मृतकलाई मार्नमा प्रतिवादी सीता भन्ने लालहीरा कामी र प्रतिवादी टेकबहादुर वलीको हात छ अरू कसैको संलग्नता छैन । मृतकलाई लालहीराले दुईपटक चप्पलले र टेकबहादुरले सामान्य कुटपीट गरेको कारणले जितलालको मृत्यु हुन सक्छ भन्नेसमेत व्यहोराको चुकेनी रोकाले अदालतसमक्ष गरेको बयान।

म सुत्न गएको बेलामा मसमेत बसेको कोठामा मृतक जितलाल वि.क. पनि आएको हुँदा प्रतिवादी टेकबहादुर वली, बुहारी लालहीरा कामी र मृतक जितलाल बसेका थिए। त्यसपछि निदाइसकेपछि सोही रातको अ.२।३ बजेतिर बुहारी, टेकबहादुर वली र जितलाल वि.क. बीचमा कुटपीट हुँदा मात्र हल्ला भएकाले ब्यूँझिदा थाहा पाएको हुँ । त्यसपछि मृतक जितलाल वि.क.लाई बाहिर जाँदा देखेको हुँ । ककसले कति पटक कहाँकहाँ हाने मलाई केही थाहा भएन। निज मृतकलाई प्रतिवादी सीता भन्ने लालहीरा कामी र टेकबहादुर वलीले नै हानेकाले मरेको होला भन्नेसमेत व्यहोराको प्रतिवादी

मनरूप कामीले अदालतसमक्ष गरेको बयान।

मैले उक्त घटनास्थलमा कुटपीट घटना हुँदा देखे सुनेको केही पनि होइन। बिहान करिब ३:०० बजेतिर खसी काट्न जाने बेलामा सामान्य कुराकानी गर्दा मात्र सुनेको हुँ। निज मृतकलाई ककसले हाने कसरी मारे मलाई केही थाहा भएन भन्नेसमेत व्यहोराको प्रतिवादी खर्के बस्नेतले अदालतमा गरेको बयान।

निज मृतक हाम्रो होटलमा बस्ने भएकाले मृतक झाडा पखालाको बिरामी परे भन्ने सुनेर म निज मृतकको कोठामा गएँ। त्यहाँ जाँदा मृतकले कोठामा वान्ता गरेका थिए र उनी अचेत अवस्थामा थिए। त्यसपछि हामीहरूले मेडिकलका डाक्टरलाई लिएर स्लाइन पानी दिएका हौं। प्रतिवादी सीता वि.क.ले छिवाङी होटलको साहुनीसँग ए दिदी, त्यो दाइलाई मैले र मेरो धर्मदाइ टेकबहादुर वलीले बेस्सरी कुटेका हौं भनेर भनेको मैले सुनेको हुँ। त्यस भन्दा अरू मलाई केही थाहा छैन भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने सुशीला खड्काले गरेको बकपत्र।

उक्त घटना सम्बन्धमा मलाई केही थाहा छैन। होटेल मालिक मोहन खड्का मलाई मृतक जितलाल कामी रक्सी खाएर बेहोस भएका र वान्ता पनि गरेका छन् भनी बोलाउन आएको हुँदा उक्त घटनास्थलतिर गएको हुँ। म त्यहाँ पुग्दा मृतक बेहोस् अवस्थामा थियो। मृतक होशमा आउँछ कि भनेर मैले स्लाइन चढाएको हुँ। त्यसपछि म घरतिर फर्किएको हुँदा अरू मलाई केही पनि थाहा छैन भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने दीपेन्द्र पुनले गरेको बकपत्र।

प्रतिवादी वारदातको राति मृतकलाई के कसरी कुन समयमा सीता भन्ने लालहीरा कामीसमेत ककसले कुटपीट गरेका हुन् सो कुरा म र मेरो लोग्ने खर्के बस्नेत सुत्ने घर अलग भएकाले मैले केही थाहा पाएको होइन। सोको भोलिपल्ट मृतकको मृत्यु भैसकेपछि प्रतिवादी सीता भन्ने लालहीरा कामीले मैले मृतकलाई हिजो साँझ हानी कुटपीट गरेको हुँ भनी भनेकाले मात्र थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने तुलसा बस्नेतले गरेको बकपत्र।

प्रतिवादी सीता भन्ने लालहीरा कामीलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा ऐजन १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ र प्रतिवादीहरू मनरूप कामी, चुकेनी रोका, खर्के बस्नेतउपरको वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्तैन भन्ने रूकुम जिल्ला अदालतको मिति २०६७।१२।७ को फैसला।

सुरू अदालतबाट मलाई कसुरदार ठहराई फैसला गर्दा जाहेरी व्यहोरा र जाहेरवालाले अदालतमा गरेको बकपत्रलाई प्रमाण लिए पनि निज जाहेरवाला प्रत्यक्षीदर्शी नभएको हुँदा निजको जाहेरी तथा बकपत्र मेरो विरूद्ध प्रमाण लाग्ने होइन। त्यस्तै मृत्युको कारण head injury भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भए पनि मैले त्यसरी मृतकलाई कुटपीट

गरेको कुरा कुनै प्रमाणबाट पुष्टि हुन सकेको छैन । मौकाको घटनास्थल मुचुल्का र लास जाँच प्रतिवेदन एक आपसमा विरोधाभास अवस्थामा रहेको, वारदात घटनाका सम्बन्धमा केही थाहा नभएको मानिसहरूको बकपत्रलाई आधार लिइएको तथा वादी दावी पूर्णरूपमा स्वीकार नगरेको अवस्थामा मेरो एक प्रकारको तथ्यको स्वीकारोक्तिलाई संबद्ध प्रमाणसमेत नबुझी अ.बं. १८४ नं. को गलत व्याख्या गरी मलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गरेको सुरू फैसला उल्टी गरी घटना घट्दाको परिस्थितिसमेतलाई दृष्टिगत गरी इन्साफ पाउँ भन्ने प्रतिवादी सीता भन्ने लालहीरा कामीको पुनरावेदनपत्र ।

मौकाको जाहेरी घटनामा को कसको संलग्नता छ भनी उल्लेख गरी दिएको तथ्यलाई वास्ता नगरिएको, प्रतिवादी लालहीरा कामीको बयानबाट वारदातका समयमा प्रतिवादीहरू चुकेनी रोका, मनरूप कामी र खर्के बस्नेतको उपस्थिति रहेको भन्ने देखिएको तर निजहरू मृतकलाई बचाउनतर्फ नलागी चुप लागी मतलबमा रहे पसेकोसम्ममा साबित नै रहेको समेतका आधारबाट प्रतिवादीहरू मनरूप कामी, चुकेनी रोका, खर्के बस्नेतसमेतले अभियोगदावीको कसुर गरेको पुष्टि हुँदाहुँदै सफाइ दिएको सुरू फैसला उल्टी गरी अभियोगदावीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनपत्र ।

यसमा प्रतिवादी टेकबहादुर वलीका हकमा अ.बं. १९० नं. बमोजिम मुद्दा मुलतबीमा राखी प्रतिवादीहरू मनरूप कामी, चुकेनी रोका र खर्के बस्नेतसमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहराई प्रतिवादी सीता भन्ने लालहीरा कामीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहराई निज महिला भएको, धर्मे दाइ भनिएका टेकबहादुर वलीसँग यौन सम्पर्क गरेको थाहापाई सँगै कोठामा ससुरा र अमाजूसमेत सुतेको अवस्थामा मृतकले पनि यौनसम्पर्क गर्न खोजेपछि सोबाट बच्नका लागि यी प्रतिवादीसमेतले कुटपीट गरेको अवस्था र धारिलो हतियार प्रयोग नगरेको स्थितिसमेतको अपराध गर्दाको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा निज प्रतिवादी लालहीरा कामीका हकमा अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद हुन मनासिब देखी राय लगाएको समेत सुरू रूकुम जिल्ला अदालतको मिति २०६७।१२।७ को फैसला मनासिबै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।८।११ को फैसला ।

मैले अभियोगमा पूर्ण स्वीकारोक्ति गरी बयान गरेको छैन । जाहेरवालाको भिनाजु मृतक जितलाल विकलाई मिति २०६६।३।२४ गते भेटी सोधपुछ गर्दा मृतकले सन्चो छैन टाइफाइड भएजस्तो लाग्छ भनेको पछि सीता

भन्ने लालहीरा कामीलाई मृतक जितमान कामीले मिति २०६६।३।२३ गते राति बलात्कार गर्न आएको आरोपमा सीता भन्ने लालहीरा र टेकबहादुरले लात मुक्का र छाताले कुटपीट गरेको सुनेको आधारमा जाहेरी दिएको कुरा मिति २०६६।३।२५ गते जिल्ला प्रहरी कार्यालय, रूकुममा दिएको जाहेरीमा उल्लेख छ भने अदालतमा बकपत्र गर्दा वारदात घटना सम्बन्धमा केही थाहा भएन वारदातको भोलिपल्ट मृतकलाई बिरामी सुतेको अवस्थामा मात्र फेला पारेको हुँ के भयो भनी सोध्दा ज्वरो आएको भनेका हुन् पछि बुझ्दा मृतकको मृत्यु कुटपीटबाट भएको हो भनी बकपत्र गरेबाट जाहेरी दरखास्त तथा निज जाहेरवालाको बकपत्र मेरो विरूद्धमा प्रमाण लाग्न नसक्ने अवस्थामा प्रमाणमा लगाई फैसला गरेको मिलेन। मेरो संवेदनशील अङ्गमा मृतकले हात हालेको कारणबाट मृतकलाई हातपात मात्र गरेको हो। त्यसबाट मृतकको मृत्यु भएको होइन र त्यसमा मार्ने उद्देश्य पनि नरहेकाले सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला उल्टी गरिपाउँ भन्ने व्यहोराको पुनरावेदक प्रतिवादी सीता भन्ने लालहीरा कामीको यस अदालतमा परेको पुनरावेदनपत्र।

नियमबमोजिम आजको दैनिक पेसीसूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिलको अध्ययन भै पुनरावेदिकाका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री विश्वप्रकाश भण्डारीले मृतकले पुनरावेदिकालाई करणी गर्नका लागि निजको यौनाङ्गसमेत छामछुम गर्दा पुनरावेदिकाले प्रतिकार गर्ने कुरा नारी स्वभावजन्य स्वाभाविक प्रतिक्रिया हो। यसलाई कानूनले पनि मानेको र कम सजाय वा सजाय नै नहुने विधिशास्त्रको अवधारणा रहेको सन्दर्भमा पुनरावेदिकालाई निजले गरेकी कार्यसँग कुनै तालमेल नहुने गरी चर्को सजाय भएको साथै पुनरावेदिकाबाट भएको सामान्य कुटपीट कै कारणले मृतकको मृत्यु भएको तथ्य स्थापित हुन नसकेकाले पुनरावेदन अदालतसमेतको इन्साफ उल्टी गरी या अत्यन्त कम सजाय या सफाइ नै दिलाई इन्साफ पाउँ भनी गर्नुभएको बहस सुनियो।

अब पुनरावेदन अदालतको फैसला मिले नमिलेको र पुनरावेदिकाको पुनरावेदन जिकिर पुग्ने नपुग्ने के हो त्यसमा निर्णय दिनुपर्ने भै निर्णयतर्फ विचार गर्दा करणी गर्नका लागि पुनरावेदिकाको संवेदनशील अङ्गमा मृतकले हात हाल्ने काम गरेकाले मृतकलाई हातपात मात्र गरेको, मार्ने उद्देश्यले नहानेको, आफ्नो कुटाइको कारणबाट मृतकको मृत्यु नभएको, अत्यधिक रक्सी सेवन गरेकाले निजको मृत्यु भएको हुन सक्नेसमेतको अवस्था रहेकोले सफाइ पाउनुपर्ने भन्ने पुनरावेदिकाको मूल पुनरावेदन जिकिर देखिन्छ भने कसुरको अनुपातमा १० वर्षको कैद सजाय चर्को भएकाले त्यसलाई कम गरियोस् भन्ने निजतर्फका विद्वान् अधिवक्ताको बहस जिकिर पनि रहेको देखिन्छ।

प्रस्तुत वारदातमा पुनरावेदिकाको के

भूमिका रह्यो, सो भूमिका मृतकको मृत्युको कारण भयो भएन र पुनरावेदिकालाई भएको सजाय कसुरको अनुपातमा मिलेको छ छैन यी प्रश्नहरूमा विचार गर्नुपर्ने देखियो ।

२. मृतक जितलाल कामीले पुनरावेदिकाको शरीर छाम्न लागेपछि निजले टेकबहादुर वलीसँग मृतकले बलात्कार गर्न लागेको कुरा गरेकी, पुनरावेदिका र टेकबहादुरको जितलालसँग विवाद भएको, पुनरावेदिकाले जितलाललाई चप्पलले हानेकी र टेकबहादुरले पनि हात, मुक्का र छाताले जितलालको विभिन्न शरीरमा हानेका, जितलालले पनि टेकबहादुर वलीलाई हानेका त्यसपछि जितलालले माफी मागी रू.५० हजार दिने कबुल गरी बाहिर गै रू.१८०० ल्याई सो दिई बाँकी पैसा भोलि दिउँला प्रहरीलाई खबर नगर भनेका र जितलालले टेकबहादुर वली पुनरावेदिकाको धर्मदाइ रहेनछ लोग्ने रहेछ भनेपछि टेकबहादुर र पुनरावेदिकाले पुनः जितलाललाई हात, मुक्काले कुटपीट गरी भित्तामा टाउकोसमेत ठोकाइ दिएका र सो क्रममा छातासमेत भाँच्चिएको, जितलाल सिकिस्त हुँदै गएपछि टेकबहादुर वलीले घाइतेलाई बाहिर लिएर गएको भन्नेसमेतका व्यहोरा उल्लेख गरी पुनरावेदिकाले मौकामा बयान गरेकी देखिन्छ । यी पुनरावेदिकाले अदालतमा समेत मौकाको बयान भन्दा खासै भिन्न बयान गर्न सकेकी देखिन्नन् । आफूले सुरूमा मृतकलाई चप्पलले २।३ पटक गालामा हानेकी र अरू कुटपीट प्र टेकबहादुरले गरेका र मृतकलाई हामीले, मैले मार्नै भनेर हानेको होइन रक्सी धेरै खाएको थियो रक्सीको कारणले पनि मरेको हुन सक्छ भनी आफ्नो कुटपीटको संलग्नताको मात्रा कम रहेको भन्नेसम्म देखाउन खोजेकी पाइन्छ । तर सोही कोठामा रहेकी प्रतिवादी चुकेनी रोकाले कोठामा हो हल्ला भएको सुनी ब्यूझिँदा जितलाललाई टेकबहादुर वली र बुहारी लालहीरा कामीले कुटपीट गरिरहेका थिए । जितलालले माफी मागी रू.१८०० दिए त्यसपछि जितलालले अघि दाइ भन्थिस् टेके त तेरो पोइ पो रहेछ भनी जितलाल कोठा बाहिर जाने बेलामा किन त्यसो भनिस् भन्दै टेकबहादुर वली र सीताले पुनः कुटपीट गरी सिकिस्त बनाए भनी मौकामा र अदालतमा समेत प्रतिवादी टेकबहादुर वली र सीता भन्ने लालहीरा कामीले मृतक जितलाल कामीलाई हानिरहेको देखेकी हुँ । त्यसपछि निजहरूको कुटपीटबाट जितलाल कामी सिकिस्त भएर बाहिर गएका हुन् । त्यसपछि गल्ती भयो माफी माग्छु भनेर जितलाल कामीले रू.१८००।- दिएर बुहारीलाई ढोगी माफी मागेका हुन् । त्यसपछि जितलाल र टेकबहादुर बाहिर गएका र टेकबहादुर मात्र फर्केका हुन मृतकलाई मार्नमा प्रतिवादी सीता भन्ने लालहीरा कामी र प्रतिवादी टेकबहादुर वलीको हात छ अरू कसैको संलग्नता छैन भनी मौकाको व्यहोरालाई समर्थन गर्दै बयान गरेकी र स्वयम् यी पुनरावेदिकाले अदालतमा बयान गर्दा मौकाको बयानका अन्य कुरा आफूले भनेकी होइन भन्न नसकी सिर्फ टेकबहादुर वली मसँग सुतेको कुरा आमाजूलाई

थाहा थियो ससुरालाई नभनिदिनु होला भनेकी होइन अलि पर सर आमाजू भनेकी मात्र हुँ भन्ने कुरामा सम्म आफ्नो असहमति व्यक्त गरेकी देखिन्छिन् । यी सब कागजहरूबाट पुनरावेदिका र प्र.टेकबहादुरले मृतकलाई सिकिस्त पारी कुटपीट गरेको कुरा शङ्कारहित तवरबाट प्रमाणित भएको पाइन्छ ।

३. मृतकको शरीरमा पुनरावेदिका एक्लैले प्रहार गरेकी र त्यसबाट मृतकलाई केही नभै घटनामा पूर्णविराम लागेको र टेकबहादुरले पनि अलगथलग स्वतन्त्ररूपमा एक्लै मृतकलाई कुटेको भए पुनरावेदिकाले अभियोग दावीबाट सफाइ पाउनुपर्छ भन्ने निजको जिकिर मनासिब हुनसक्थ्यो । तर घटनाको उठान त्यसरी भएको देखिंदैन । यहाँ यी दुईजना प्रतिवादीहरू एकसाथ रहेका, एक धारणा बनाई मृतकसँग विवाद गरेका, सो क्रममा पुनरावेदिकाले मृतकलाई कुटपीट गरी वारदातको सुरूआत गरेकी, त्यसपछि मृतकले माफी मागेको र रू.५० हजार दिउँला भनेर बाहिर गएपछि केही समयको लागि वारदात रोकिएको एक चरणको अवस्था छ । दोस्रो चरणमा मृतकले पुनरावेदिकालाई रू.१८००।- समेत दिएको, मृतक जितलालले टेकबहादुर वली पुनरावेदिकाको धर्मदाइ रहेनछ लोग्ने रहेछ भनेपछि टेकबहादुर र पुनरावेदिकाले पुनः जितलाललाई हात, मुक्काले कुटपीट गरी भित्तामा टाउकोसमेत ठोकाइदिएका र सो क्रममा छातासमेत भाँच्चिएको र जितलाल सिकिस्त हुँदै गएको भनी थप वारदातसमेत घटेको देखिन्छ ।

४. प्रतिवादीहरूले गुट बनाई संयुक्तरूपमा गरेको वारदातलाई संयुक्त वारदात (joint enterprise) अथवा joint venture भनिन्छ । यसमा कसले बढी कुट्यो, कसले कम कुट्यो, कसको प्रहार प्राणघातक भयो अथवा कुनै कसैले कुट्दै कुटेन कि जस्ता कुरा common law मा प्रासङ्गिक हुँदैनन् । ज्यान लिने अथवा साङ्घातिक कुटपीट गर्ने मनसाय भै सो सन्दर्भमा समूहमा बसी एक अर्कालाई उकासी हौसाई अथवा हातै हाली कुटपीट गरेमा सबै प्रतिवादी समानरूपमा सहभागी भएको मानिने र समान सजायका भागीदार हुने अवस्था रहन्छ । यो अवधारणालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को शीर व्यहोरामा रहेको "अरूको ज्यान मार्ने गैह्र कुरा गर्दा" भन्ने वाक्यांशले समेटेको देखिन्छ । पश्चिमा फौजदारी कानून र उक्त १३ नं. को फरक भनेको १३ नं. आकर्षित हुनको लागि प्रतिवादीले मर्ने मानिसको जीउमा हात हालेको कुरा प्रमाणित हुनैपर्ने देखिन्छ । जुन कुरालाई कमन लले अनिवार्य मानेको छैन । जीउमा हात हालेको प्रमाणित भएको अवस्थामा प्रतिवादीले एक मुक्का हान्यो वा धेरैपटक हान्यो, खुकुरी वा बन्दुक जस्तो साङ्घातिक हतियारले हान्यो वा सामान्य लौरो, छडी आदिले कुट्यो भन्ने कुरालाई पश्चिमा कानून झैं उक्त १३ नं. ले महत्त्वहीन कुरा मानेको देखिन्छ । १३ नं ले felony murder rule र constructive intent अर्थात् Sometimes crimes may be satisfied by proof of the

basic Mens Rea of a lesser offence than that charged – this is sometimes called 'constructive' crime भन्ने सिद्धान्तलाई स्वीकार गरेको कुरा स्मरण रहोस् ।

५. अब पुनरावेदिकासमेतको उक्त कुटाइ मृतकको मृत्युको कारण भए नभएको भन्नेतर्फ विचार गर्दा मृतकको मृत्यु टाउकोको चोटको कारणबाट भएको भन्ने शव परीक्षण प्रतिवेदन देखिन्छ । यी प्रतिवादीले मृतकलाई कुटपीट गरी सिकिस्त बनाएको र मृतकको मृत्युको परिणामको बीचमा अरू कुनै स्वतन्त्र घटना घटेको र सो कारण प्रभावकारी वा निर्णायकरूपमा मृतकको मृत्युको कारण भएको भन्ने कुनै पनि कुरा भएघटेको देखिँदैन । यी प्रतिवादीको सो fault सँग मृतकको मृत्युको सम्बन्ध (connection) स्थापित छ । उक्त chain of causation लाई कुनै intervening acts or events ले भङ्ग गरेको भनी पुनरावेदिकाले देखाउन सकेकी पाइँदैन ।

६. मृतकको मृत्यु टाउकोको चोटको कारणबाट भएको भन्ने कुरा शव परीक्षण प्रतिवेदनमा उल्लेख भएबाट मृतकको मृत्यु अत्यधिक रक्सी सेवनबाट भएको मान्न मिल्दैन । एकछिनलाई पहिलेदेखि नै मृतकले अत्यधिक रक्सी सेवन गरेकाले पुनरावेदिकासमेतको कुटपीट, अत्यधिक रक्सीसेवन र राम्रो उपचार नभएको समेतका समष्टि कारणबाट मृतकको मृत्यु भएको र कुटपीट मात्र कारण नरहेको भनी मान्ने हो भने पनि प्रस्तुत वारदातमा मृतकको मृत्यु रक्सीसेवनबाट मात्रै हुन नसक्ने भन्ने निष्कर्ष अन्यथा हुन सक्ने देखिँदैन । त्यसपछिको बाँकी दुई अवस्था पुनरावेदिकासमेतले सिर्जना गरेकीले त्यसको परिणामबाट निजले उन्मुक्ति पाउने अवस्था रहँदैन । साथै अत्यधिक रक्सीसेवन गरेका मृतकलाई त्यस किसिमले साङ्घातिक कुटपीट गरेमा निजको ज्यान जाने प्रबल सम्भावना रहने कुरा सामान्य समझको मानिसले थाहा पाउने र बुझ्ने कुरा भएकाले सो आधारमा समेत उत्पन्न दुष्परिणामको जवाफदेही पुनरावेदिकाले व्यहोर्नुपर्ने देखिन्छ । यो कुरा पीडितको शारीरिक वा मानसिक रोग, अवस्था आदिको प्रतिवादीले हेक्का राख्नुपर्छ र त्यसलाई बेवास्ता गरी प्रतिवादीले कुनै काम कुरा गरेमा त्यसको जिम्मेवार प्रतिवादी हुने भन्ने सिद्धान्तबाट समर्थित हुन्छ । मृतकको खप्पर अण्डा जस्तो कमजोर छ र त्यहाँ एक बक्सिङ हानेमा मृतकको मृत्यु हुन्छ भनी थाहा पाउने प्रतिवादीले मृतकलाई मार्नका लागि खुकुरीले काट्नुपर्ने वा बन्दुक ताक्नुपर्दैन । त्यही कुरा प्रस्तुत वारदातको हकमा भन्न सकिन्छ यद्यपि मृतकको मृत्यु मृतकको रक्सी सेवनबाट भएको नभै दुबै प्रतिवादीको संयुक्त कुटाइको प्रभाव (cumulative effect) बाट भएको कुरा शव परीक्षण प्रतिवेदनबाट प्रमाणित भएको कुरा माथि उल्लेख भएकै छ ।

७. अब पुनरावेदिकालाई अ.बं. १८८ नं लगाई १० वर्ष कैद गर्ने भन्ने सजाय चर्को भयो

भन्ने जिकिरमा विचार गर्दा रातको समयमा निदाई सुतेकी पुनरावेदिकासमक्ष मृतक आई निजले पुनरावेदिकाको शरीर छामछुम गरेका, त्यस कुरामा वादविवादसमेत गरेका, पुनरावेदिकाको लोग्ने प्रतिवादी टेकबहादुर भएको भनी सबैका सामु भनेर पुनरावेदिकालाई लान्छित गरेका र पुनरावेदिका चरित्रहीन बजारू आइमाई हुन् जसले जोससँग पनि यौनसम्पर्क गर्न सक्ने जस्तो व्यवहार गरेका जस्ता मृतकको व्यवहार कुनै पनि नारीको लागि असह्य हुन्छ । चरित्रहीन नारी पनि आफ्नो गरिमा, स्वतन्त्रता र इज्जतको कुरामा लान्छित हुन चाहँदैनन् । यो उनीहरूको शारीरिक स्वायत्तता autonomy भित्र पर्ने कुरा हो । यी सब कुरामा उनीहरू अत्यन्त संवेदनशील हुन्छन् । पुनरावेदिका आफैँले मृतकसँग वारदातको कारण झिकेकी वा निहुँ खोजेकी छैनन् । वारदातले यो रूप र परिणाम लिने कुरा पुनरावेदिकाको पूर्व जानकारीमा छैन । पुनरावेदिकाको गोप्य कुरा प्रकाशमा आउनुको अर्थ निजको पारिवारिक जीवनमा सङ्कटको ग्रहण लाग्नु हो । यी सब कारण र पुनरावेदिकाको नाबालक छोरी रहेकी र पुनरावेदिकाले अदालतमा समेत लगभग साँचो कुरा गरेर न्याय सम्पादनमा सहयोग गरेकीसमेतको अवस्थाले गर्दा यी पुनरावेदिका थप सहानुभूतिको पात्र भएकी कुरामा यो इजलास विश्वस्त छ । तसर्थ यी पुनरावेदिकालाई भएको १० वर्षको कैदमा २ वर्ष घटाउनु उपयुक्त हुने भन्ने यो इजलासको निष्कर्ष छ ।

८. तसर्थ प्रतिवादी सीता भन्ने लालहीरा कामीलाई अभियोगदावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू रूकुम जिल्ला अदालतबाट मिति २०६७।१२।७ मा भएको फैसला सदर गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६८।८।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । माथि उल्लेख भएबमोजिम पुनरावेदिका प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ८ हुन्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी सीता भन्ने लालहीरा कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद भै मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम ८ (आठ) वर्ष मात्र कैद सजाय हुने ठहरेकाले निजलाई सर्वस्वसहित जन्मकैद गर्ने गरी राखेको लगत कट्टा गरी ८ (आठ) वर्षको कैदको लगत ठेकी कैद असुल गर्नु भनी सुरू रूकुम जिल्ला अदालतमा लेखी पठाउनू -----१

फैसलाको जनाउ पुनरावेदक प्रतिवादीलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ----------------------२

उक्त रायमा सहमत छु ।

न्या. ओमप्रकाश मिश्र

इति संवत् २०७१ साल असोज २२ गते रोज ४ शुभम् ।

इजलास अधिकृत : रामप्रसाद भट्टराई

## निर्णय नं.९२५०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७१।७।१०।२
मुद्दा नं. ०६८-CR-१११९

मुद्दा : कर्तव्य ज्यान ।

पुनरावेदक/प्रतिवादी : जिल्ला नुवाकोट, छाप गा.वि.स.वडा नं. ३ घर भई हाल कारागार कार्यालय, नुवाकोटमा थुनामा रहेका ईरमान तामाङ

विरूद्ध

प्रत्यर्थी/वादी : आसमान तामाङको जाहेरीले नेपाल सरकार

- **मार्ने मनसाय राखी, योजना बनाई जोखिमी हतियारले प्रहार गरी भएको हत्या आवेश प्रेरित हत्याको कोटीमा पर्ने देखिँदैन । आवेश प्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भै आवेशमा आई आत्मनियन्त्रण गुमाई पीडितको कार्यको प्रतिक्रियाको रूपमा तत्कालीन अवस्थामा नै पीडितउपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले आंशिक प्रतिरक्षाको जिकिर लिन र प्रमाणित भएमा सो सुविधाप्राप्त गर्ने ।**

(प्रकरण नं. ५)

- **भवितव्य हत्यामा प्रतिवादीले मानिसउपर ताकेर प्रहार गरेको नभै सावधानीपूर्वक कुनै कार्य गर्दा दुर्भाग्यवस वा भवितव्यवस मानिसलाई लाग्न गई सो कारणबाट मानिसको मृत्यु भएको हुन्छ । त्यस्तो अवस्थामा मात्र ज्यानसम्बन्धीको महलको ५ नं. आकर्षित हुने र प्रतिवादीले सो अन्तर्गतको सुविधा प्राप्त गर्ने ।**

(प्रकरण नं. ६)

पुनरावेदक/प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता त्रिलोकबहादुर चन्द
प्रत्यर्थी/वादीको तर्फबाट :
अवलम्बित नजिर :

- *नेकाप* २०७०, अङ्क ४, नि.नं. ९००५, पृ. ६२४
- *नेकाप* २०७०, अङ्क ६, नि.नं. ९०२७, पृ. ८२७

सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १, ५, १३(३), १४ नं.

सुरू तहमा फैसला गर्ने :-

मा.जि.न्या श्री मोहनकृष्ण खनाल

पुनरावेदन तहमा फैसला गर्ने :-

मा.न्या.श्री फणिन्द्रदत्त शर्मा

मा.न्या.श्री यज्ञप्रसाद बस्याल

फैसला

**न्या.चोलेन्द्र शमशेर ज.ब.रा. :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र निर्णय यस प्रकार छ :

जिल्ला नुवाकोट, छाप गा.वि.स.-३ तामागोडे स्थित पूर्वमा आँपको रूख, पश्चिममा भीमबहादुर तामाङको घर, उत्तरमा श्रीमान तामाङको घर र दक्षिणमा धनबहादुर तामाङको घर यति चारकिल्लाभित्रको स्थानमा मृतक धनबहादुर तामाङको लास रहेको, उक्त लासको दुबै कान र बाँया आँखाको परेलामा नील डाम र चोट रहेको भन्नेसमेत व्यहोराको मिति २०६६।१०।२ गतेको घटनास्थल लास जाँच प्रकृति मुचुल्का।

मिति २०६६।१०।१ गते अं. १९:३० बजेको समयमा वर्ष ६७ को धनबहादुर तामाङ आफ्नो घरमा बसिरहेको अवस्थामा निजकै कान्छो छोरा वर्ष ३० को ईरमान तामाङले घरायसी कुराकानीको विषयमा विवाद हुँदा निज ईरमान तामाङले निजको बाबु धनबहादुर तामाङलाई लात्ती मुक्काले कन्चट तथा शरीरको विभिन्न भागमा हानी सख्त घाइते बनाएको र निजको सोही चोटको कारणले मृत्यु भएको हुँदा फरार निज ईरमान तामाङलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा हदैसम्म कारवाही गरिपाउँ भन्ने व्यहोराको आसमान तामाङको जाहेरी दरखास्त।

म मिति २०६६।१०।१ गते आफू कार्यरत् रहेको नेपाली सेनाको बन्दोवस्ती कार्य गणबाट आफ्नो घर जिल्ला नुवाकोट, छाप गा.वि.स.-३ तामागोडे गएको थिएँ । अं. १२:०० बजेको समयमा आफ्नो गाउँमा पुगेपछि सोही दिन गाउँमा डोजरले बाटो खनेका रहेछन् । दिनभर सोही स्थानमा बसी साँझ १८:०० बजेको समयमा म आफ्नो घरतर्फ गएको थिएँ। घरमा पुगी बाबु धनबहादुर तामाङलाई भेटी केही कुराकानी गर्नासाथ बाबुले एक्कासी अपशब्द प्रयोग गरी गाली गलौज गर्न लाग्नुभयो । बाबुलाई मैले सम्झाई बुझाई गर्न लाग्दा नमानी तेरो आमा माइत गएकी छे। तेरो आमा आज घरमा भएको भए त्यसलाई मैले मारी दिने थिएँ भनी अति नै आक्रोशित भई कराई मलाई गाली गलौज गरे । बाबुलाई मैले तपाई नकराउनुस् भनी नम्रतापूर्वक भन्दा नमानी बन्चरो समाती घरको भऱ्याङ, थाममा प्रहार गरी बाबु अति आक्रोशित भएपछि मलाई पनि रिस उठ्यो र मैले बाबुलाई मेरो बाँया हातले जोडले बाबुको कन्चटमा हिर्काई दिएँ। भुइँमा लडेपछि मैले पुनः लडेको स्थानमा नै रिसको झोकमा आफूले लगाएको छालाको जुत्ताले बाबुको शरीरको विभिन्न स्थानमा ६।७ पटक जोडले

हिर्काएँ । भुइँमा ढलेका बाबु एकछिन सम्म नबोले, नचलेपछि धेरै नै चोट लागेछ भनी आत्तिदै गाउँले छिमेकीहरूलाई बोलाई घटनाको बारेमा जानकारी गराई बाबुलाई औषधि उपचार गर्न भनी स्टेचरमा राखी लैजाँदा अं. १०/१५ मिनेटको पैदल दूरीमा पुग्दा बाबुको मृत्यु भएको हो । उक्त मितिमा मेरो बाबु धनबहादुर तामाङलाई मैले घरायसी कुराकानीको सिलसिलमा रिसमा आई लात्ती, मुक्काले हान्दा बाबुको मृत्यु भएको हो भन्ने मिति २०६६।१०।८ गते प्रतिवादी ईरमान तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६६।१०।१ गते साँझ १९.३० बजेको समयमा म आफ्नो घरमा नै थिएँ । उक्त समयमा म परिवारका साथ खाना खान लागेको समयमा मैरे छरछिमेकी धनबहादुर तामाङको घरमा झैझगडा गरेको आवाज सुनी के भएछ भनी त्यसतर्फ जाँदा गाउँका केही मानिसहरू भेला भई सकेका रहेछन् र निजलाई औषधि उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा निज धनबहादुर तामाङको बाटोमा मृत्यु भएको हो । मृतक धनबहादुर तामाङलाई निजकै कान्छो छोरा ईरमान तामाङले कुटपीट गरी घाइते बनाएको र सोही पीडाले गर्दा धनबहादुर तामाङको मृत्यु भएको हो भन्ने व्यहोराको रामबहादुर तामाङले प्रहरीमा गरेको कागज ।

मिति २०६६।१०।१ गते साँझ १९.३० बजेको समयमा हल्लाखल्ला भएको आवाज सुनी के भएछ भनी जाँदा बाबु धनबहादुर तामाङ र छोरा ईरमान तामाङबीच घरायसी विवाद हुँदा छोरा ईरमानले बाबु धनबहादुरलाई लात्ती मुड्की प्रयोग गरी कुटपीट गरी सख्त घाइते बनाएको र सोही चोटको कारणले धनबहादुर तामाङको मृत्यु भएको हो भन्ने व्यहोराको बुझिएका अर्जुन तामाङ र मैले तामाङले प्रहरीमा गरेको कागज ।

Cause of death is blunt force injuries to head and chest भन्ने व्यहोराको मृतक धनबहादुर तामाङको शव परीक्षण प्रतिवेदन ।

यसमा रायसहितप्राप्त हुन आएको सङ्कलित मिसिल घटनास्थल लासजाँच प्रकृति मुचुल्का, जाहेरी दरखास्त, प्रतिवादी ईरमान तामाङको बयान कागज, बुझिएका मानिसहरू रामबहादुर तामाङ, अर्जुन तामाङ र मैते तामाङले गरिदिएको कागज, Autopsy Report लगायत मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा मिति २०६६।१०।१ गते साँझ अं. १९.३० बजेको समयमा जिल्ला नुवाकोट, छाप गा.वि.स.-३ तामागोडे बस्ने ईरमान तामाङ र निजकै सहोदर बाबु धनबहादुर तामाङका बीचमा निजहरूकै घरमा घरसायी विवाद हुँदा छोरा ईरमान तामाङले बाबु धनबहादुर तामाङलाई लात्ती, मुड्कीले हिर्काई गारो (भित्ता) मा ठोकाई सख्त घाइते बनाएको र सोही चोटको कारणले धनबहादुरको मृत्यु भएको वारदात स्थापित हुन आएको हुँदा यी प्रतिवादी ईरमान तामाङउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(३)

नं. बमोजिमको कसुर अपराधमा सोही १३(३) नं. बमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्ने अभियोग मागदावी।

मिति २०६६।१०।१ गते काठमाडौंबाट घरमा जाँदा गाउँमा नयाँ बाटो डोजरले खनी बनाएको रहेछ र साथीभाइहरू पनि त्यही बाटो बनाएको गाउँमा भेट भयो । तँ पनि आइस् गाउँमा नयाँ बाटो पनि बनिरहेछ भनी सरसल्लाह गरी बेलुकीतिर अब खाजा खान जाउँ भनी गाउँको पसलमा खाजा खाई घरजाने क्रममा बाटोमा बुबाको घर पर्थ्यो । त्यस कारण अब बुबालाई भेटनुपर्‍यो भनी भित्र पस्दा बुबाले रक्सी खाई कराइरहेका रहेछन् । त्यसपछि मैले बुबालाई आमा खोई भनी सोध्दा तेरो आमा र मेरो झगडा परी मैले आमालाई घरबाट लखेटी दिएँ भने, बुबा रक्सीले मातेका रहेछन् । पख तँ सँग पनि कुरा गर्नुछ भनी माथि चोटाबाट हातमा बन्चरो लिई सबैलाई मारी दिन्छु भनेर भर्‍याङ र थाममा बन्चरोले हानी मलाईसमेत प्रहार गर्न लाग्नुभयो । त्यसपछि मैले बाँया हातले बन्चरो समाई आफू बच्नको लागि बुबालाई कन्चटमा मुड्कीले हिर्काउँदा रन्थनिएर भित्तामा ठोक्किई बुबा ढल्नुभयो । त्यसै क्रममा मैले फेरि लात्तीले हिर्काएको हो । त्यसपछि मुर्छा पर्नुभयो र मैले गाउँका दाजुभाइलाई बोलाई अस्पताल लाने क्रममा बाटामा बुबा धनबहादुरको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी ईरमान तामाङले अदालतसमक्ष गरेको बयान।

प्रहरीमा मैले धनबहादुरलाई ईरमानले लात्ती मुक्काले हानेको भनेको छैन अरू कुरा मैले भनेबमोजिम लेखेको ठिक छ भनी बुझिएका रामबहादुर तामाङले अदालतमा गरेको बकपत्र।

चाडबाडमा मर्नेले रक्सी खाएको र प्रतिवादी ईरमान गोश्वारामा जागिरे भएको र चाडबाडको बेला घरमा आएकोमा के निहुँमा बाबु छोराको झगडा भयो । पछि प्रतिवादीले बाबुलाई मैले घचेडी दिएको कारण कानबाट रगत आई मुर्छा परे । अस्पताल लानुपर्‍यो भनी गाउँलेहरूलाई बोलाएकाले हामीसमेत भई अस्पताल लाने क्रममा बाटामा मृत्यु भएको हो भनी जाहेरवाला आसमान तामाङले अदालतमा गरेको बकपत्र।

मृतक धनबहादुर तामाङ सधै जाँडरक्सी खाएर हिड्ने मानिस हुन् । प्रतिवादी ईरमान तामाङ पनि चाडबाडको विदामा घर आएको अवस्थामा बाबुले निजलाई काट्छु मार्छु भन्दा रिसको झोकमा हातले धकेलिदिंदा भित्तामा ठोक्किएर निजको मृत्यु भएको हो, ज्यानमार्ने उद्देश्यले धकेलेको नभै भवितव्य हुन गएको हो भन्ने बुझिएका मानिस अर्जुन तामाङ र मैते तामाङसमेतले अदालतमा गरेको बकपत्र।

प्रतिवादीले कन्चट जस्तो मर्मस्थलमा प्रहार गरेमा साबित भएको र अन्य भागमा समेत लात्तीले कुटपीट गरेमा साबित भएको देखिएको छ । Autopsy report बाट मृतकको छाती टाउकोमा गहिरो चोट पुगेको देखिएको छ । टाउकाको हड्डीहरू भाँचिएको समेत Autopsy report बाट देखिएको छ ।

यस्तो अवस्थामा प्रस्तुत वारदात भवितव्यभित्रको देखिन आएन । चोटको गम्भीर्यतालाई हेर्दा ज्यानसम्बन्धीको महलको १४ नं. भित्रको देखिन आएको हुँदा निजलाई सोही १४ नं. ले १० वर्ष कैदको सजाय हुने ठहर्छ भन्ने मिति २०६७।११।२५ मा नुवाकोट जिल्ला अदालतबाट भएको फैसला ।

मृतक बाबुको आक्रमणबाट बच्न निजको हातको बन्चरो खोसी अर्को हातले बुबालाई धकेल्दा रक्सी खाई मातिएका बाबु भित्तामा टाउको र छाती ठोकिई बजारिन पुग्दा चोट लाग्न गएको हो । मृतक बाबुसँग मेरो कुनै रिसइबि र आपराधिक मनसाय एवम् आपराधिक कार्यसमेत नभएको अवस्थामा उल्लिखित व्यहोराको भवितव्यगत घटनालाई कर्तव्य ज्यान जस्तो बात लगाउनु फौजदारी न्यायको सिद्धान्तविपरीत छ । तसर्थ तथ्यहीन व्यहोराको दावीकै आधारमा मलाई सुरू अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार १०(दश) वर्ष कैद सजाय हुने ठहर्‍याई भएको इन्साफ त्रुटिपूर्ण भएकाले सो बदर गरी अभियोग दावीबाट सफाइ दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी ईरमान तामाङको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदनपत्र ।

रक्सीले मातेको आफ्नो ६७ वर्षको वृद्ध बाबुलाई ३० वर्षका जवान सैनिक सेवाका प्रतिवादीले एक पटक टाउकोमा हातले हानी धकेलेको मात्र भए भित्तामा ठोकिएर छातीमा समेत चोट लाग्न सक्ने अवस्था नहुने हुँदा प्रतिवादी ईरमान तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं.बमोजिम सजाय गर्ने गरी सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०६७।११।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।२७ को फैसला ।

पुनरावेदक अदालतको फैसलामा चित्त बुझेन । म पुनरावेदक मिति २०६९।१०।१ गते काठमाडौंबाट घर जाँदा गाउँमा डोजरले नयाँ बाटो बनाउँदै गरेको र साथी भाइसँग भेट भई बेलुका खाजा खाई घर जाने क्रममा बाटोमा बुबाको घर पर्ने भएकाले बुबालाई भेटनुपर्‍यो भनी घरभित्र पस्दा बुबा रक्सी खाई कराएर बसेका रहेछन् । बुबालाई आमा खोई भन्दा मसँग झगडा परी घरबाट लखेटी दिएँ । तँसँग पनि कुरा गर्नु छ भनी मलाई पर्खाई चोटाबाट हातमा बन्चरो लिई सबैलाई मारी दिन्छु भनी भर्‍याङ र थाममा बन्चरोले हानी मलाईसमेत प्रहार गर्न लागे । त्यसपछि मैले कन्चटमा मुड्कीले हिर्काउँदा रन्थनिएर भित्तामा ठोकिई बुबा ढल्नुभयो । त्यसै क्रममा फेरि लात्तीले हिर्काएको हो । बुबा मुर्छा परेपछि गाउँका दाजुभाइलाई बोलाई अस्पताल लाने क्रममा बाटामा बुबाको मृत्यु भएको यथार्थ विवरण अदालतसमक्षको बयानमा उल्लेख गरेको हो । मैले बुबालाई मार्नुपर्ने अन्य कुनै कारण नभएको, बुबा रक्सीले मातेको अवस्थामा म माथि आइलाग्दा आफ्नो ज्यानको बचाउका खातिर प्रहार गर्दा सोही चोटबाट मृत्यु हुनपुगेको हो । मैले बुबालाई

मार्ने नियतसाथ हिर्काएको होइन ज्यान लिने इबिलाग र मनसाय पनि नभएको, मैले हानेको चोटकै कारणबाट बुबाको मृत्यु होला भन्ने पनि नलागेको तर कुठाउँमा लाग्न गै सोही चोटका कारणले भवितव्य पर्न गै मृत्यु हुनपुगेको हुनाले मलाई भवितव्यअन्तर्गत सजाय गर्नुपर्नेमा आवेश प्रेरितअन्तर्गत सजाय गर्ने गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला न्यायको रोहमा त्रुटिपूर्ण भएकाले बदर गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी ईरमान तामाङको यस अदालतमा पर्न आएको पुनरावेदनपत्र ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री त्रिलोकबहादुर चन्दले मेरो पक्षले मृतक बाबुलाई ज्यान मार्ने मनसाय राखी योजना बनाई कुटपीट गरी मारेको भन्ने कुरा कहिं कतैबाट खुल्न आएको छैन । बुबाले नै एक्कासी बन्चरो लिई प्रहार गर्न खोज्दा सोबाट बच्न एक हातले बन्चरो समाई अर्को हातले प्रहार गर्दा कुठाउँमा लाग्न गै भवितव्यबाट मृत्यु हुनगएको अवस्था छ । निजले हानेको चोटकै कारणबाट मृतकको मृत्यु होला भन्ने अवस्था पनि नभएकोमा समेत मेरो पक्षलाई भवितव्यअन्तर्गत सजाय गर्नुपर्नेमा ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम आवेश प्रेरित हत्याको कसुरदार कायम गरी सजाय गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण हुँदा बदर हुनुपर्दछ भनी बहस गर्नुभयो ।

उपर्युक्तबमोजिम कानून व्यवसायीले गर्नुभएको बहस सुनी पुनरावेदनसहितको मिसिल अध्ययन गरी पुनरावेदन अदालत, पाटनले गरेको फैसला मिले नमिलेको के रहेछ र पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, यी पुनरावेदक प्रतिवादी ईरमान तामाङले आफ्नै सहोदर बाबु धनबहादुर तामाङलाई लात्ती मुड्कीले हिर्काई भित्तामा ठोक्काई सख्त घाइते बनाएको र सोही चोटको कारणले निजको मृत्यु भएकाले निज प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत ऐजन १३(३) नं. बमोजिमको कसुर अपराधमा ऐजन १३(३) नं. बमोजिमको सजायको अभियोग माग दावी भएको प्रस्तुत मुद्दामा सुरू नुवाकोट जिल्ला अदालतले निज प्रतिवादी ईरमान तामाङलाई ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरदार कायम गरी कैद वर्ष १० सजाय गर्ने गरेको फैसला पुनरावेदन अदालत, पाटनबाट सदर भएको र उक्त फैसला बदर गरी भवितव्यको कसुर कायम गरिपाउँ भन्नेसमेतको निज प्रतिवादी ईरमान तामाङको प्रस्तुत पुनरावेदन पर्न आएको देखियो ।

३. यसमा जाहेरवाला आसमान तामाङको जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । उक्त जाहेरीमा मृतक

दाजु धनबहादुर तामाङलाई निजकै कान्छो छोरा ईरमान तामाङले घरायसी व्यवहार र खानपिनको विषयलाई बाहाना बनाई आक्रमण गरी कन्चटमा मुक्का प्रहार गरी घरको भित्तामा ठोक्किन गई भुइँमा पल्टिएको र सो कै कारण नाक, कान मुखबाट अत्यधिक रगत बग्न गै निज दाजु धनबहादुरको मृत्यु हुनगएको भनी उल्लेख गरेको देखिन्छ ।

४. निज प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफू नेपाली सेनामा कार्यरत् रहेको घर गएको अवस्थामा आफ्नो बाबु मृतक धनबहादुर तामाङलाई भेट्न साँझको समयमा गएको, कुराकानी गर्न लाग्दा बाबुले एक्कासी अपशब्द प्रयोग गरी गाली गलौज गरेको, सम्झाई बुझाई गर्न लाग्दा नमानी बन्चरो समाती घरको भर्‍याङ, थाममा प्रहार गरी तँलाई पनि मारी दिन्छु भनी मलाई बन्चरो ताकी आक्रोशित भएपछि मलाई पनि रिस उठ्यो र मैले बाबुलाई मेरो बाँया हातले जोडले कन्चटमा हिर्काएँ, मैले हिर्काएको जोडले बाबु घरको गारोमा ठोक्किन पुगे र भुइँमा लडे र मैले पुनः बाबुलाई लडेको स्थानमा नै रिसको झोकमा छालाको जुत्ता लगाएको खुट्टाले जोडसँग शरीरको विभिन्न स्थानमा ६/७ पटकसम्म हिर्काएँ, बाबु सोही स्थानमा ढले, बाबु केहीबेरसम्म नचले नबोलेपछि बाबुलाई धेरै चोट लागेछ कि भनी छिमेकीहरूलाई बोलाई उपचारको लागि काठमाडौं लाँदै गर्दा मृत्यु भएको भनी लेखाएको देखिन्छ । निजले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारीसमक्ष गरेको उक्त बयानलाई समर्थन हुने गरी लेखाइदिएको र पोस्टमार्टम रिपोर्टमा मृत्युको कारणमा Blunt force injuries to head and chest भन्ने उल्लेख भै टाउको र छातीमा गहिरो चोट लागेको, टाउकोको हड्डीहरू भाँचिएको भन्ने उल्लेख भएको देखिँदा मृतक धनबहादुर तामाङको मृत्यु निजकै छोरा यी पुनरावेदक प्रतिवादीले मुक्का तथा लातले कन्चट, छातीसमेतमा प्रहार गरेको कारणबाट भएको भन्ने कुरा स्पष्ट हुन आएको छ ।

५. अब यी पुनरावेदक प्रतिवादीलाई सुरू जिल्ला अदालतले निज आवेशमा आई कुटपीट गरेको कारणबाट मृतकको मृत्यु भएकाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर कायम गरी कैद वर्ष १० सजाय हुने ठहर्‍याएको फैसला पुनरावेदन अदालतबाट सदर भएको र यी पुनरावेदकले बुबालाई मार्नुपर्ने रिसइबि तथा मनसाय नभएको, आफूले प्रहार गरेको चोटकै कारणबाट बुबाको मृत्यु होला भन्ने नलागेको तर कुठाउँमा लाग्न गै सोही चोटबाट भवितव्य परी मृत्यु हुनगएकाले उक्त फैसला मिलेको छैन भनी पुनरावेदन जिकिर लिएको देखिँदा निज प्रतिवादीले गरेको कसुर आवेश प्रेरित हत्या हो वा भवितव्य हो भनी निष्कर्षमा पुग्नुपर्ने देखियो । सो सम्बन्धमा प्रचलित नेपाल कानूनमा कस्तो व्यवस्था रहेछ भनी हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. मा "ज्यानमार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्ने सम्मको इबि पनि रहेनछ, लुकी चोरीकन हानेको

पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था अनुसार कुनै हत्या आवेश प्रेरित हत्याको कोटीमा पर्नका लागि प्रतिवादीको मृतकलाई मार्ने मनसाय हुन नहुने, ज्यान लिनुपर्नेसम्मको पूर्वीरसइबि हुन नहुने, लुकी चोरी हानेको हुन नहुने तर मौकामा नै कुनै कुरामा उठेको रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा, लात, मुक्का आदिले प्रहार गर्दा सोही चोट पीरले मानिस मरेको हुनुपर्दछ। मार्ने मनसाय राखी, योजना बनाई जोखिमी हतियारले प्रहार गरी भएको हत्या आवेश प्रेरित हत्याको कोटीमा पर्ने देखिँदैन। आवेश प्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भै आवेशमा आई आत्मनियन्त्रण गुमाई पीडितको कार्यको प्रतिक्रियाको रूपमा तत्कालीन अवस्थामा नै पीडितउपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुन्छ। यस्तो अवस्थामा प्रतिवादीले आंशिक प्रतिरक्षाको जिकिर लिन र प्रमाणित भएमा सो सुविधाप्राप्त गर्दछ।

६. त्यसै गरी ज्यानसम्बन्धीको महलको ५ नं. मा "ज्यान लिने इबिलाग वा मनसाय नभै कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भै कुनै मानिस मर्न गएमा भवितव्य ठहर्छ" भन्ने उल्लेख भएको देखिँदा भवितव्य हत्या हुनका लागि ज्यान लिने मनसाय वा इबि हुन नहुने, आफूले गरेको कुनै कार्यले मानिस मर्ला भन्ने जस्तो देखिन नहुने तर कुनै काम गर्दा दुर्भाग्यवस मानिसलाई लाग्न गै मृत्यु भएको हुनुपर्ने देखिन्छ। भवितव्य हत्यामा प्रतिवादीले मानिसउपर ताकेर प्रहार गरेको नभै सावधानीपूर्वक कुनै कार्य गर्दा दुर्भाग्यवस वा भवितव्यवस मानिसलाई लाग्न गई सो कारणबाट मानिसको मृत्यु भएको हुन्छ। त्यस्तो अवस्थामा मात्र ज्यानसम्बन्धीको महलको ५ नं. आकर्षित हुने र प्रतिवादीले सो अन्तर्गतको सुविधाप्राप्त गर्दछ।

७. उल्लिखित कानूनी व्यवस्थाको पृष्ठभूमिमा प्रस्तुत वारदातलाई हेर्दा यी पुनरावेदक प्रतिवादी ईरमान तामाङले आफ्नो बाबु मृतक धनबहादुर तामाङले रक्सी खाई मातेको अवस्थामा विवाद गरी बन्चरोले प्रहार गर्न खोजेको अवस्थामा आवेशमा आई मुक्काले कन्चटमा प्रहार गरेको कारणले भित्तामा ठोक्किई भुइँमा लडेको अवस्थामा पुनः छालाका जुत्ता लगाएको खुट्टाले छातीलगायत शरीरका विभिन्न ठाउँमा प्रहार गरेको कारणबाट घाइते भई बेहोस भएको र उपचार गर्न लाने क्रममा बाटा मै मृत्यु भएको देखिएको छ। यसरी यी पुनरावेदक प्रतिवादीले आफ्नो वृद्ध बाबुलाई रिसको आवेगमा एक पटक प्रहार गरी भुइँमा लडिसकेपछि पुनः प्रहार गरेको देखिएको, त्यस्तो कार्यबाट मानिस मर्न सक्ने भन्ने कुरा सामान्य

समझको मानिसले स्वतः अनुमान गर्न सक्ने हुँदा आफूले प्रहार गरेको चोटकै कारणबाट बाबुको मृत्यु होला भन्ने नलागेको, कुठाउँमा लाग्न गै भवितव्य पर्न गएको भनी लिएको जिकिर उपर्युक्त कानूनी व्यवस्थाको रोहमा खम्बिर हुन सक्ने देखिएन।

८. यसै सन्दर्भमा "मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. अनुसारको घटनामा फौजदारी अपराधमा हुने आपराधिक तत्वमध्ये महत्त्वपूर्ण तत्त्व मनसायको अभाव रहने हुन्छ । आफूले गरेको कामबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञान यसमा हुँदैन । कुनै एउटा कामको निमित्त सावधानीसँग सतर्कतापूर्वक गरिरहेको अवस्थामा अचानक केही व्यहोराले अरूलाई लाग्न गएकोमा भवितव्य हुन्छ। भवितव्यबाट सो घटना घट्न गएको हो भन्ने पक्षले सो कार्य दुर्घटना थियो, आपराधिक मनसाय र ज्ञानले गरिएको थिएन, उचित सतर्कता र सावधानी राखिएको थियो भन्ने कुराको प्रमाणित गर्नुपर्दछ । अरू नै कुनै केही चीज वस्तुउपर प्रहार गर्दा अचानक मानिसउपर पर्न गै मानिसको मृत्यु भएको हुनुपर्ने" भनी ईश्वर लिम्बु विरूद्ध नेपाल सरकार (*नेकाप* २०७०, अङ्क ४, नि.नं. ९००५, पृ. ६२४) भएको कर्तव्य ज्यान मुद्दामा व्याख्या भएको साथै "उत्तेजनामा आई चोटमाथि चोट छाडिएको प्रमाणबाट पुष्टि भएको वारदातलाई ज्यानसम्बन्धीको महलको ५ नं. मा वर्णित अन्तर्वस्तुको अभावमा भवितव्य वारदात भन्न नमिल्ने" भनी नेपाल सरकार विरूद्ध नेत्रबहादुर मगरसमेत भएको कर्तव्य ज्यान मुद्दा (*नेकाप* २०७०, अङ्क ६, नि.नं. ९०२७, पृ. ८२७) मा सिद्धान्त प्रतिपादन भएकोसमेत देखिन्छ । तसर्थ प्रचलित कानून र प्रतिपादित सिद्धान्तको रोहमा प्रस्तुत मुद्दाको वारदातको परिस्थिति र प्रतिवादीको कार्यको विश्लेषण गर्दा प्रस्तुत वारदात भवितव्यअन्तर्गत पर्ने नदेखिई ज्यानसम्बन्धीको महलको १४ नं. को व्यवस्था आकर्षित हुने देखिँदा पुनरावेदकको पुनरावेदन जिकिर र निजका तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

९. अतः माथि उल्लिखित आधार कारणबाट यी पुनरावेदक प्रतिवादी ईरमान तामाङले रिसको आवेगमा आफ्नो वृद्ध बाबु धनबहादुर तामाङलाई मुक्का तथा लातले कन्चट, छातीसमेतमा प्रहार गरेको चोटका कारणबाट मृत्यु भएको देखिँदा निज प्रतिवादी ईरमान तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा सोही नं. बमोजिम कैद वर्ष १० सजाय गर्ने ठहर्‍याएको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०६७।११।२५ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।२७ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न

सक्तैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको जनाउ पुनरावेदक प्रतिवादीलाई दिई नियमानुसार मिसिल बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. गोविन्दकुमार उपाध्याय

इति संवत् २०७१ कात्तिक १० गते रोज २ शुभम्।
इजलास अधिकृत : सन्तोषप्रसाद पराजुली

## निर्णय नं.९२५१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७१।०७।१०।२
०७०-CR-१३२२
मुद्दाः- मानव अपहरण धम्की।

पुनरावेदक/प्रतिवादी : जिल्ला झापा, शनिश्चरे गा.वि.स. वडा नं. ८ घर भई हाल कारागार कार्यालय, झापामा थुनामा रहेका झलनाथ न्यौपाने

विरूद्ध

प्रत्यर्थी/वादी : सुजितकुमार अग्रवालको जाहेरीले नेपाल सरकार

- **सरकारवादी फौजदारी मुद्दा भनेको वादी नेपाल सरकारको मात्र सरोकार नभई पीडित, पूरा समाज तथा अदालतलगायत मुलुकको न्याय प्रणालीसँग सम्बद्ध रहन्छ । कुनै प्रतिवादीलाई मोलाहिजा गर्ने हिसाबले वादीले अनुसन्धानमा लापरवाही गर्दैमा त्यस्तो प्रत्येक लापरवाहीको सीधा परिणाम प्रतिवादीको सफाइ हुन नसक्ने।**

(प्रकरण नं.३)

- **व्यापार व्यवसायमा संलग्न अति व्यस्त स्वभावका जाहेरवालाले आफ्नो व्यापार व्यवसाय छोडी यो यस्तो रिसइबि साध्नका लागि प्रतिवादीका विरूद्ध मनगढन्ते प्रमाण बनाउनुपरेको हो सो कुरालाई प्रतिवादीलेस्पष्टगर्नसकेकोनदेखिने।**
- **जाहेरवालाले मोबाइल गर्ने र पाउने एउटा दुइटा होइन अनेकौं नम्बर, सो भएको समय, मिति र अवधि जस्ता यावत् कुरा कृत्रिम निर्माण गरे होलान् भन्ने कुराको अनुमान घटनाक्रम र त्यसको सिलसिलाको स्वाभाविकतालाई विचार गर्दा गर्नै नमिल्ने।**

(प्रकरण नं.६)

पुनरावेदक/प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने र विद्वान् अधिवक्ता संजीव घिमिरे

प्रत्यर्थी/वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता महेश शर्मा पौडेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ र ६ नं.
- प्रमाण ऐन, २०३१ को दफा १०(१), १४, १५ र १६

सुरू फैसला गर्ने :

मा.जि.न्या. श्री गोपाल भट्टराई

पुनरावेदन तहमा फैसला गर्ने :

मा.न्या. श्री उदयप्रकाश चापागाईं

मा.न्या. श्री मोहनरमण भट्टराई

फैसला

**न्या. गोविन्दकुमार उपाध्याय :** न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् निर्णय यस प्रकार छ :

मिति २०६८।१।९ गते बिहानको समयदेखि मेरो ९८५२६७२४८१ नं. मोबाइलमा ९८१३३९४८४२ नं. मोबाइलबाट डरत्रासमा पारी अपहरण गर्ने तथा ज्यान मार्ने धम्कीसमेत दिई फोन तथा एसएमएसबाट रू.१० लाख रकम माग गरेको हुँदा निज जुलुमीलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल तथा प्रचलित कानूनबमोजिम गरी उक्त वारदातमा संलग्न अन्य अभियुक्तहरूको नाम निजबाटै खुलाई कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको सुजितकुमार अग्रवालको जाहेरी दरखास्त ।

जिल्ला झापा, शनिश्चरे ८ स्थित पूर्व सडक, पश्चिम गणेश कोइरालाको खेत, उत्तर गोविन्द बास्तोलाको घर, दक्षिण दीपक कोइरालाको खेत यति चार किल्लाभित्र वासुदेव न्यौपानेको घर रहेको, सो घरको उत्तरको कोठाबाट झलनाथ न्यौपानेले धम्की दिन प्रयोग गरेको ९८१३३९४८४२ नं. को सिम मोबाइल र चेकबुकसहित झलनाथ न्यौपाने पक्राउ परेको भन्ने बरामदी मुचुल्का ।

जाहेरवालाको घरमा म पूजा गर्ने काम गर्दथें । निजको घरमा सम्पत्ति छ भन्ने थाहा भएका कारण पैसा कमाउने मनसायले म एक्लैले मेरो आफ्नो नम्बरबाट सुजितकुमार अग्रवाललाई फोन तथा एसएमएस गरी रू.१० लाख रकम मागेको र नदिएमा घरका सदस्यलाई अपहरण गर्ने धम्कीसमेत दिएको हुँ । घटनामा म बाहेक अन्य कोही पनि छैन । एसएमएस गरी चन्दा माग्दा प्रयोग भएको एनसेलको सि.नं. ९८१३३९४८४२ को सिम

मैरै हो भन्नेसमेत व्यहोराको झलनाथ न्यौपानेको बयान कागज।

जाहेरवाला झापा अनारमनी बस्ने सुजितकुमार अग्रवाल अलैची व्यापारी हुन् । निजलाई मिति २०६८।१।९ गतेदेखि ९८१३३९४८४२ नं. को फोनबाट विभिन्न धाक धम्की दिई डर त्रासमा पारी डिजनी प्लेहाउसमा पढ्ने नाबालक तथा घरको कुनै पनि सदस्यलाई अपहरण गर्ने धम्की दिई रू.१० लाख रूपैयाँ रकम माग गरेको भनी प्रतिवादी पक्राउ पर्नुअगाडि नै मलाई जाहेरवालाले सुनाएका र मेरो सल्लाह अनुसार प्रहरीमा जानकारी गरी प्रतिवादी पक्राउ परेका हुन् । प्रतिवादी झलनाथ न्यौपानेले फोन तथा एसएमएस गरी विभिन्न धाक धम्की दिई रू.१० लाख माग गरेको कल डिटेल्ससमेतबाट पुष्टि भएकाले निज प्रतिवादी झलनाथ न्यौपानेउपर कारवाही होस् भन्नेसमेत व्यहोराको प्रशान्त भण्डारीको कागज।

जाहेरवाला सुजितकुमार अग्रवालको उल्लिखित वारदात भएको मिति र समयमा म आफ्नै घर गाउँमा रही पेसा व्यवसाय गरी बसेको थिएँ। पछि नाम थाहा भएका झलनाथ न्यौपानेले आफ्नै मोबाइलबाट फोन तथा एसएमएस गरी विभिन्न धाक धम्की दिई डर त्रासमा पारी रू.१० लाख रकम माग गरेको र पहिला पटक धाक धम्की दिई रकम माग गरेपश्चात सुजितकुमार अग्रवालले मलाई सुनाई के गरौं भनी सल्लाह मागेकाले मैले प्रहरीमा जानकारी गराउनुपर्छ भनी सल्लाह दिएको हुँ । प्रतिवादी झलनाथ न्यौपानेउपर कारवाही होस् भन्नेसमेत व्यहोराको सुवासचन्द्र अग्रवालको कागज।

जाहेरवाला सुजितकुमार अग्रवाललाई पछि नाम थाहा भएको झलनाथ न्यौपानेले आफ्नै मोबाइलबाट फोन तथा एसएमएस गरी विभिन्न धाक धम्की दिई डर त्रासमा पारी रू.१० लाख रकम माग गरेको हो धाक धम्की दिई रकम माग गर्नेउपर कारवाही होस् भन्ने मुन्ना शाहको कागज।

मिति २०६८।१।९ गते देखि ऐ.१२ गतेसम्म म आफ्नै घरमा काममा थिएँ, जाहेरवाला सुजितकुमार अग्रवाललाई फोन तथा एसएमएस गरी विभिन्न धाक धम्की दिई अपहरणसमेत गर्ने भनी रू.१० लाख रकम माग गरेको भनी प्रतिवादी पक्राउ गर्नुअगाडि नै थाहा पाएको हुँ र एसएमएससमेत जाहेरवालाको मोबाइलमा हेरेको हुँ । झलनाथ न्यौपाने पछि पक्राउ परेका हुन् अपहरण गर्ने धम्की दिने सिमसमेत निजै प्रतिवादीबाट बरामद भएको हो । प्रतिवादीउपर कारवाही होस् भन्नेसमेत व्यहोराको दोर्जे शेर्पासमेतले लेखाइदिएको वस्तुस्थिति मुचुल्का।

जाहेरवाला सुजितकुमार अग्रवालको छोरा सुयोग वंशल यस प्ले हाउसमा अध्ययनरत

रहेको भन्नेसमेत व्यहोराको डिजनी प्लेहाउसको पत्र।

०२०००० २८६५ एनएस नं. को खाता झलनाथ न्यौपानेको नाममा रहेको भन्नेसमेत व्यहोराको किस्ट बैङ्कको पत्र।

मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ६ नं. बमोजिमको कसुरमा प्रतिवादी झलनाथ न्यौपानेलाई ऐ.ऐ. को ३ नं. अनुसार हुने सजायको आधारमा ऐ.ऐ. को ६ नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग मागदावी।

जाहेरी दरखास्त तथा अभियोग दावीको सम्बन्धमा मलाई केही पनि थाहा छैन । युवराज आचार्य मेरो साथी हो । बेलाबेलामा निजले मेरो सिम माग्ने लाने गरी २/४ दिन चलाई पुनः फर्काउने गर्दथ्यो, त्यो सिम र किस्ट बैङ्कमा रहेको ०२००००२८६५ एनएस नं. को खाता मेरै हो, मैले १० लाख दिनु भनी जाहेरवालालाई एसएमएस पठाएको तथा फोन गरेकोसमेत होइन । मोबाइल चेक बुक सबै कोठामा टेबलमा नै हुन्थ्यो, आउने जाने साथी भाइमध्ये कसैले पनि एसएमएससमेत गरेको र खाता नं. पनि थाहा पाएको हुनसक्छ भन्नेसमेत व्यहोराको प्रतिवादी झलनाथ न्यौपानेको सुरू अदालतमा भएको बयान।

जाहेरवाला सुजितकुमार अग्रवालले एसएमएस आएको २ दिनपछाडि मलाई विभिन्न धाकधम्की दिई मोबाइलबाट रू.१० लाख माग गर्दैछन् भनी सुनाएका र एसएमएस देखाएका हुन् । झलनाथले नै त्यसरी एसएमएस गरे भनेर किटान साथ भन्न सक्तिन भन्नेसमेत व्यहोराको वस्तुस्थितिका मानिस वकीलबहादुर कार्कीले सुरू झापा जिल्ला अदालतसमक्ष गरेको बकपत्र।

जाहेरवालाको मोबाइलमा धम्की र एसएमएस आएको कुरा जाहेरवालाले भनेपछि उक्त एसएमएस हेरे र फोन पनि सुन्यौं र रेकर्ड पनि गर्‍यौं । मोबाइलमा आएको भ्वाइस र नम्बर झलनाथकै रहेको भनी सुजितका परिवारले भनेको र प्रहरीको अनुसन्धानबाट पनि मोबाइलको नम्बर झलनाथकै देखिएको भन्नेसमेत व्यहोराको घटना विवरणका मानिस प्रशान्त भण्डारीले अदालतमा गरेको बकपत्र।

प्रतिवादी झलनाथ न्यौपाने कर्मकाण्ड गर्ने पण्डित हुन् । निज त्यस्तो गलत कार्य गर्ने व्यक्ति होइनन् । कर्मकाण्ड गरेकै भरमा जजमान जतिलाई धम्क्याउँदै हिंड्ने भए उनी धनी भइसक्थे साथै कसुर गरेको भए उनी भाग्ने थिए भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी विष्णुप्रसाद नेपालले अदालतमा गरेको बकपत्र।

प्रतिवादीले जाहेरवालालाई फोन गर्दाको अवस्थामा म जाहेरवालाको अफिसमा थिएँ । सो फोन हेन्ड फ्रि गरी मैलेसमेत सुनेको

हुँ, स्वर चाँही प्रतिवादी झलनाथ न्यौपानेको थियो। मैले प्रष्ट चिनेको सुनेको हुँ। फोनमा कुरा हुँदा स्वरसम्म सुनेँ तर के के भने सोकुरा मैले बुझिन । एसएमएस को कुरा मलाई थाहा छैन भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस निम दोर्जे शेर्पाले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीले फोन गरेको भन्ने कुरासम्म आएको हो । साथीको बढी विश्वास गर्ने हुँदा प्रतिवादीको फोन निजका साथीले गलत प्रयोग गरेका हुन् वा अरू के भएको हो थाहा भएन । प्रतिवादीले त्यसरी धम्की दिई फिरौती माग गरेको कुरामा विश्वास लाग्दैन भन्नेसमेत व्यहोराको प्रतिवादीको साक्षी वासुदेव ढुङ्गानाले सुरू अदालतमा गरेको बकपत्र।

मलाई मिति २०६८।१।९ गते बिहान १०-११ बजेतिर मैले जाहेरी दरखास्तमा उल्लेख गरेको मोबाइल नम्बरबाट मेरो मोबाइल नम्बरमा नेपाल भूमिगत पार्टी झापा इकाई भद्रपुरको हवाला दिएर रू.१० दश लाख रूपैयाँ चन्दा दिनुहोस् नत्र भने तपाईको छोरा डिजनी प्लेहाउसमा रहेछ अपहरण गर्छौं, कब्जा गर्छौं र पैसा असुल गर्छौं भनी पटकपटक एसएमएसमार्फत प्रतिवादी झलनाथ न्यौपानेले विभिन्न धाक धम्की दिई डर त्रासमा पारी अपहरण गर्ने तथा ज्यानमार्ने धम्की दिई रू.१० लाख चन्दा माग गरेको हो । जाहेरी दरखास्तमा भएको व्यहोरा र सही छापसमेत मेरो हो भनी जाहेरवाला सुजितकुमार अग्रवालले सुरू जिल्ला अदालतमा गरेको बकपत्र।

वारदातको अवस्थामा म सोही पसल (अलैची गड्डी) मा नै थिएँ । जाहेरवालालाई फोन गर्दा हामी सबैजना सँगै थियौँ। फोनमा कुरा भएको पनि सुनेको हो । एसएमएस पनि पढेको सुनेको हुँ । मलाई पढ्न आउँदैन फोनमा कुरा हुँदा रू.१० लाख माग गरेको सुनेको हुँ, तपाईको छोरा लान्छु, मारी दिन्छु भन्ने धम्की दिन्थ्यो सो सबै प्रतिवादी झलनाथ न्यौपानेले नै गरेको हो, फोनमा निजको स्वर मैले सुनेको हो भन्नेसमेत व्यहोराको अनुसन्धानको क्रममा बुझिएका मुन्ना साहले सुरू अदालतमा गरेको बकपत्र।

मेरो घरबाट ३ घर छाडी चौथो निज झलनाथको घर करिब २०० मिटरको फरकमा पर्दछ । मैले निजलाई जन्मिएदेखि नै चिनेको र चार वर्षअघिदेखि सँगै बसेको कारण राम्ररी चिन्दछु । निजको चालचलन असल स्वभावको छ । जाहेरवालाले किन किटानी जाहेरी दिए सो मलाई थाहा छैन । झलनाथको मोबाइल फोन कहीं कसैबाट दुरूपयोग भएको कारणले जाहेरवालालाई प्रतिवादी झलनाथले नै धम्की दिए भन्ने भ्रम परेको हुनसक्छ, यी प्रतिवादीले कुनै अपराध गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादीको साक्षी

उमाकान्त भट्टराईले सुरू अदालतमा गरेको बकपत्र ।

जाहेरवालाको मोबाइलमा यिनै प्रतिवादीको मोबाइलबाट धेरै पटक एसएमएस भएको भन्ने व्यहोरा अभियोगपत्र साथ पेस भएको विवरणबाट पनि देखिएको छ । जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा आफ्नो जाहेरी व्यहोरालाई समर्थन हुने गरी लेखाइदिएको पाइन्छ । अन्य व्यक्तिले आफ्नो मोबाइल प्रयोग गरेको हुन सक्ने भनी कसुरमा इन्कार रही बयान गरे तापनि अन्य व्यक्तिको पहिचान गराउन सकेको देखिँदैन । अतः उपरोक्त आधार प्रमाणबाट प्रतिवादीले अपहरण तथा शरीर बन्धक लिनेको महलको ६ नं. अनुसारको कसुर गरेको देखिँदा निजलाई ऐ.ऐ. को ३ नं. अनुसार हुने सजायको आधारमा ऐ को ६ नं. बमोजिम ३ वर्ष ६ महिना कैद र रू. २५,०००।- जरिवाना हुने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू झापा जिल्ला अदालतबाट मिति २०६८।६।२ मा भएको फैसला ।

अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान मेरो स्वेच्छाको होइन । अदालतमा भएको बयानमा मेरो कोठामा रहेको मोबाइल चेकबुक अरू कसैले प्रयोग गरी मलाई फसाएको यथार्थ व्यहोरा उल्लेख गरेको छु भने प्रहरीले पक्राउ गरेपछि प्रहरीले भनेका आधारमा जाहेरवालाले शङ्का गरी मउपर जाहेरी दिएको अवस्थामा मोबाइल प्रयोग गर्ने व्यक्ति पहिचान गराउन नसक्दैमा सो अपराध प्रतिवादीले नै गरेको हो भनी मान्न नमिल्ने तथा वादीका साक्षीहरूले अदालतमा आई गरेको बकपत्रबाट पनि वादी दावी प्रमाणित भयो भन्ने अवस्थासमेत नहुँदा सुरू जिल्ला अदालतबाट मलाई सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी मेरो पुनरावेदन जिकिरबमोजिम होस् भन्नेसमेत व्यहोराको प्रतिवादी झलनाथ न्यौपानेको पुनरावेदन अदालत, इलाममा पर्न आएको पुनरावेदनपत्र ।

यसमा जाहेरवालाको ९८५२६७२४८१ नं. को सिमसहितको मोबाइल सिलबन्दी गरी प्रमाणको रूपमा पेस गरेको देखिएको छ र प्रतिवादीको ९८१३३९४८४२ नं. को सिमसमेत प्रमाणका लागि अभियोग पत्रसाथ पेस भएको देखिन आयो । संदेशसमेत पठाउने र प्राप्त गर्ने दुबै मोबाइलका पठाएका र प्राप्त भएको व्यहोराहरू खुल्ने रेकर्डहरू भिडाई परीक्षण नगराई सुरू जिल्ला अदालतबाट भएको फैसला प्रमाण मूल्याङ्कनको सन्दर्भबाट विचारणीय भएकाले मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलका निमित्त उपस्थित हुन श्री पुनरावेदन सरकारी वकिल कार्यालय, इलामलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने मिति

२०६९।१।१२ गतेको पुनरावेदन अदालत, इलामको आदेश।

यी प्रतिवादी झलनाथ न्यौपानेले आरोपित कसुर गरेको ठहराई निजलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. अनुसारको सजायको आधारमा ऐ. को ६ नं. बमोजिम ३ वर्ष ६ महिना कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवानासमेत गरेको सुरू झापा जिल्ला अदालतको मिति २०६८।२।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन भन्ने मिति २०६९।३।२६ मा पुनरावेदन अदालत, इलामबाट भएको फैसला।

पुनरावेदन अदालत, इलामले गरेको फैसलामा चित्त बुझेन । जाहेरी साथ पेस भएको एसएमएस फोन रेकर्डलाई धरातलीय आधार मानी अभियोगपत्र दर्ता भएको पाइन्छ । प्रस्तुत मुद्दामा पेस भएको एसएमएस को विश्वसनीयता नै फैसलाको आधार बन्ने कुरामा दुईमत हुन सक्तैन । उक्त जाहेरी साथ पेस भएको एसएमएस मोबाइलबाटै स्केनिङ गरी निकालिएको नभई आफैँ जाहेरवालाले टाइप गरी निकालेको हो भन्ने कुरा उक्त प्रिन्टबाट प्रष्ट देख्न सकिन्छ । उक्त एसएमएसमा कुन मितिमा कुन मोबाइलबाट कुन मोबाइलमा एसएमएस गरेको हो भनी हेर्न देख्न सकिँदैन । पुनरावेदन अदालत, इलामको आदेशानुसार दूरसञ्चार कार्यालयबाट प्राप्त जवाफमा एसएमएसको रेकर्ड प्राप्त हुन नसकेको, मोबाइल परीक्षण गर्दासमेत मोबाइलमा एसएमएस नपाइएकोमा सो कुरालाई वास्तै नगरी गरिएको फैसला त्रुटिपूर्ण छ । बुझ्नुपर्ने प्रमाण नबुझी तथा मेरा प्रमाणले मेरो इन्कारी पुष्टि भइरहेकोमा त्यसलाई वास्तै नगरी घटना नै स्थापित हुन नसकेका विरोधाभासयुक्त प्रमाणका आधारमा गरेको फैसला त्रुटिपूर्ण हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम दोहोर्‍याई हेरी सुरू र पुनरावेदन अदालतको फैसला बदर गरी झुट्टा दावीबाट अलग गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी झलनाथ न्यौपानेको यस अदालतमा परेको निवेदनपत्र ।

यसमा नेपाल टेलिकम, भद्रपुरको च.नं. ६३९ मिति २०६९।३।७ को पत्रसाथ संलग्न नेपाल टेलिकम मोबाइल सेवा निर्देशनालय, पुल्चोकको च.नं. १०४ को पत्र हेर्दा नेपाल टेलिकमको मो.नं. ९८५२६७२४८१ र एनसेलको मोबाइल नं.९८१३३९४८४२ को बीचमा एसएमएस System मा उल्लिखित नम्बरको एसएमएस नभएको र एसएमएस System मा तीन महिनासम्मको मात्र रेकर्ड रहने भएकाले उल्लिखित मितिको रेकर्ड नरहेको जानकारी गराइन्छ भनी जाहेरवाला र प्रतिवादीबीच एसएमएस आदानप्रदान भएको रेकर्ड नदेखिएको

अवस्थामा सोसमेतको प्रमाणलाई आधार लिई भएको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।२६ को फैसलामा अ.बं.१८४क र १८५ नं. तथा प्रमाण ऐन, २०३१ को दफा ३ तथा ५४ को त्रुटि देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिदिएको छ भन्ने यस अदालतको मिति २०७०।११।३० को आदेश।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपाने र विद्वान् अधिवक्ता श्री संजीव घिमिरेले हाम्रो पक्षले आफ्नो मोबाइलबाट जाहेरवालाको मोबाइलमा धम्कीपूर्ण एसएमएस पठाएको भन्ने कुरा पुष्टि हुन सकेको छैन। जाहेरवालाले जाहेरी दरखास्त साथ पेस गरेको एसएमएसको प्रिन्ट भनिएको कागजमा कुन मोबाइल नं. बाट कुन मोबाइल नं. मा एसएमएस गरिएको भन्ने कुरा खुल्दैन, उक्त कागज निज जाहेरवालाले आफैंले टाइप गराई झुट्ठा खडा गरेको भन्ने कुरा स्पष्ट छ। प्रस्तुत मुद्दाको उठान धम्कीपूर्ण एसएमएस पठाएको भन्ने कुराबाट भएको तर उक्त एसएमएसको प्रमाणीकरण नभएको अवस्थामा कसुरदार ठहर गरी सजाय गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी पुनरावेदकलाई सफाइ दिलाइ पाउँ भनी र प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेलले यी प्रतिवादीले आफ्नो नामको खाता नं. समेत उल्लेख गरी रकम माग गरी धम्कीपूर्ण एसएमएस गरेको भन्ने कुरामा अनुसन्धानको क्रममा साबित भई बयान गरेका, उक्त खाता नं. निजकै नामको रहेको कुरामा विवाद नभएको समेतका प्रमाणका आधारमा पुनरावेदन अदालत, इलामले गरेको फैसला मनासिब हुँदा सदर गरिपाउँ भनी गर्नुभएको बहस सुनी पुनरावेदनसहितको मिसिलको अध्ययन गरियो।

अब पुनरावेदन अदालत, इलामले गरेको फैसला मिले नमिलेको र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा यी पुनरावेदक प्रतिवादीले गरेको मौकाको बयानमा निज आरोपित कसुरमा साबित छन्। यी प्रतिवादीले अदालतमा बयान गर्दासमेत ९८१३३९४८४२ नं. को सिमको मोबाइल आफ्नो भएको कुरालाई स्वीकार गरेको सिर्फ त्यसबाट जाहेरी जिकिरबमोजिमको एसएमएसहरू आफूले जाहेरवालालाई नगरेको तर आफ्नो कोठामा रहने उक्त मोबाइल सिम कोठामा आउने साथीभाइहरूले प्रयोग गरेको

हुन सक्ने भनी एसएमएसको लागि आफ्नो मोबाइलको प्रयोग भएको हुन सक्ने तर सो कार्यमा आफ्नो संलग्नतामा सम्म इन्कार देखिन्छन् । पुनरावेदक प्रतिवादीले मौकामा गरेको बयानमा आफूले विभिन्न समय र ठाउँबाट उक्त सिमबाट एसएमएस गरेको भनी सिमको सनाखतसमेत गरिदिएको देखिन्छ । यस्तो अवस्थामा ती बयानहरूलाई अविश्वसनीय तथा शङ्कास्पद सिद्ध गर्ने दायित्वलाई प्रतिवादीले पूरा गर्नुपर्छ । सो दायित्वलाई यी प्रतिवादीले पूरा गरे गरेनन् भन्नेतर्फ हेर्दा एसएमएस System मा तीन महिनासम्मको मात्र रेकर्ड रहने भएको कारणबाट उल्लिखित मिति २०६८।१।९ देखिको उल्लिखित एसएमएसको रेकर्ड उपलब्ध हुन नसकेको कारणले आफू निर्दोष रहेको भन्नुबाहेक पुनरावेदकले अरू कुनै जिकिर लिन सकेको देखिँदैन । प्राविधिक कारणले समयावधि गुज्रेपछि रेकर्ड हराउनु, नासिनु, समाप्त हुनु अथवा रेकर्ड नै निर्माण नहुनु यस्ता प्राविधिक वस्तुका विशेषता नै हुन्छन् । यी समस्याहरू हिजो पनि हुन्थे, आज पनि हुन्छन् र भोलि पनि रहनेछन् । तर तिनमा तथा एसएमएस नै नभएको कारणले रेकर्ड बन्न नसक्नु यी दुबैमा जमिन आकाशको फरक छ । पहिलो अवस्थामा रेकर्ड बन्नै नसक्ने अवस्था रहेको वा एसएमएस भएको तर प्राविधिक कारणले म्याद समाप्त भएपछि रेकर्डबाट हटेको अवस्था रहन्छ भने दोस्रो अवस्थामा रेकर्डको स्रोतकै सिर्जना नै नभएको स्थिति रहन्छ ।

३. निश्चितरूपमा मौकाको अनुसन्धानमा नै अनुसन्धानकर्ताले एसएमएसका सम्बन्धमा सम्बन्धित आधिकारिक निकाय अर्थात नेपाल टेलिकमसमेतसँग सम्पर्क गरी उल्लिखित एसएमएसहरू प्रतिवादीको मोबाइलबाट जाहेरवालाको मोबाइलमा पठाइएको हो होइन र जाहेरवालाले पनि जवाफमा एसएमएस पठाएको हो होइन भन्ने कुरा बुझ्न र एकिन गरेर मुद्दा दायर गर्नुपर्नेमा सो नगरी अनुसन्धानमा लापरवाही गरेकोमा विवाद छैन । तर सरकारवादी फौजदारी मुद्दा भनेको वादी नेपाल सरकारको मात्र सरोकार नभई पीडित, पूरा समाज तथा अदालतलगायत मुलुकको न्याय प्रणालीसँग सम्बद्ध रहन्छ । कुनै प्रतिवादीलाई मोलाहिजा गर्ने हिसाबले वादीले अनुसन्धानमा लापरवाही गर्दैमा त्यस्तो प्रत्येक लापरवाहीको सीधा परिणाम प्रतिवादीको सफाइ हुन सक्तैन । यो कुरालाई भारतको सर्वोच्च अदालतले जाहिरा हबिबुल्ला एच शेख र अरूहरू २००४ को मुद्दामा This court has often emphasized that in a criminal case the fate of the proceedings cannot always be left entirely in the hands of the parties, crimes being public wrongs in breach and violation of

public rights and duties, which affect the whole community … and it is the community that acts through the state and prosecuting agencies … It will not be correct to say that it is only the accused who must be fairly dealt with…

४. As pithily stated in Jennison vs Backer 1972… "The law should not be seen to sit limply, while those who defy it go free and those who seek its protection lose hope" भनी उल्लेख गरेको देखिन्छ भने नेपालमा पनि सुन्तली धामीलगायतको मुद्दामा यस अदालतले फौजदारी अपराध मुद्दाका पक्ष अर्थात् वादी नेपाल सरकार र प्रतिवादीहरू मात्रको इच्छा र दयामा निर्भर नरहने कुरालाई व्यक्त गरिसकेको देखिन्छ । तथापि यस मुद्दामा वादीले प्रतिवादीलाई मोलाहिजा गरी लापरवाही गरेको भन्न मिल्ने अवस्था छैन । वादीबाट भएको यो लापरवाही निजको अज्ञानता वा असक्षमताको कारणले हुन गएको देखिन्छ । यस लापरवाहीका बावजुद प्रतिवादीको मौका र अदालतको बयान प्रतिवादीका विरूद्धमा सशक्तरूपमा देखिन्छन।

५. सो बाहेक अनुसन्धानको क्रममा जिल्ला सरकारी वकिल कार्यालय, भद्रपुरले दिएको निर्देशनको प्रकरण ४ मा एसएमएस फोन रेकर्ड सुरक्षित राख्ने र सोको सीडी वा पेनड्राइभमा कपि गर्ने र सोपछि प्रमाण पेस गर्ने भनी उल्लेख गरेको र २०६८।२।४ मा जाहेरवाला सुजितकुमार अग्रवालले इलाका प्रहरी कार्यालय, अनारमनीले एसएमएससहितको मोबाइल पेस गर्नका लागि आदेश गरेबमोजिम निजको ९८५२६७२४८१ नं. को मोबाइलमा ९८१३३९४८४२ नं. को मोबाइलबाट पठाएको एसएमएससहितको मोबाइल दाखिला गरेको छु भनी पेस गरेको मोबाइलको अभिलेखबाट प्रतिवादीकै मोबाइलबाट अभियोगदावी अनुरूपको एसएमएस आएको भन्ने कुराको सत्यताको निरूपण verification समेत भैसकेको देखिन्छ । उक्त प्रमाण भनेको लरोतरो प्रमाण नभई प्रमाण ऐन, २०३१ को दफा १४, १५ र १६ अनुसार तथा जाहेरवालाले जाहेरी सहित पेस गरेको अभिलेख र निजले गरेको बयान उक्त ऐनको दफा १०(१) बमोजिम प्रतिवादीका विरूद्धमा प्रमाण लाग्ने देखिन्छ । त्यस अतिरिक्त यी प्रतिवादीले रकम जम्मा गर्नु भनी दिएको खाता नं. ०२००००२८६५ एनएस पनि यी प्रतिवादीकै रहेकोमा पनि विवाद छैन।

६. पुनरावेदकतर्फका विद्वान् वरिष्ठ अधिवक्ताले जाहेरवालाले आफैँ हुँदै नभएको एसएमएसको व्यहोरा टाइप गरी झुट्टा जाहेरी

दिएको भनी बहसको क्रममा उल्लेख गर्नुभएको हकमा व्यापार व्यवसायमा संलग्न अति व्यस्त स्वभावका जाहेरवालाले आफ्नो व्यापार व्यवसाय छोडी यो यस्तो रिसइबि साध्नका लागि प्रतिवादीका विरूद्ध मनगढन्ते प्रमाण बनाउनुपरेको हो सो कुरालाई प्रतिवादीले स्पष्ट गर्न सकेको देखिँदैन । जाहेरवालाले मोबाइल गर्ने र पाउने एउटा दुइटा होइन अनेकौं नम्बर, सो भएको समय, मिति र अवधि जस्ता यावत् कुरा कृत्रिम निर्माण गरे होलान् भन्ने कुराको अनुमान घटनाक्रम र त्यसको सिलसिलाको स्वाभाविकतालाई विचार गर्दा गर्नै मिल्दैन । ती सब विवरण प्रहरी कार्यालयको आदेशानुसार पेस भएको छ । एसएमएस आएको कुरा जाहेरवालाले आफूहरूलाई भनेको, सल्लाह मागेको र आफूहरूले सल्लाह दिएको भनी वस्तुस्थितिका व्यक्तिहरूले मौकामा र अदालतमा बकपत्रसमेत गरिदिएको देखिन्छ । यसमा जाहेरवालाबाट सो टाइप विवरण नआएको भए पनि प्रतिवादीको बयान, वादीका साक्षीहरूको बकपत्र, प्रतिवादीको बैङ्क खाता नं. आदि प्रमाण दरिला प्रमाणका रूपमा रहेका र ती प्रमाणहरूबाट जाहेरवालाले पेस गरेको मौकाको एसएमएस विवरण निर्विवाद तवरबाट प्रमाणित भएको कुरामा शङ्का गर्ने ठाउँ देखिँदैन । पहिले आफैँ यावत कुरा बुझी त्यसको प्रिन्टसमेत निकाली कसैका विरूद्ध झुट्टा मुद्दा नचलोस् भन्ने कुरामा विश्वस्त भई जाहेरी दिने जाहेरवाला जस्ता चेतनशील नागरिक धन्यवादका पात्र हुनुहुन्छ । जाहेरवालाको यो कुशलताले अदालतलाई र अनुसन्धानकर्तालाई फौजदारी न्यायको सम्बन्धमा ठूलो मद्दत भएको देखिन्छ । अतः माथि उल्लिखित आधार प्रमाणबाट यी पुनरावेदक प्रतिवादी झलनाथ न्यौपानेले आरोपित कसुर गरेको कुरा पुष्टि हुन आएकाले निजलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ६ नं. को कसुरमा ऐ.को ३ नं. को सजायको आधारमा ऐ. को ६ नं. बमोजिम ३ वर्ष ६ महिना कैद र रू. २५,०००।- जरिवानासमेत हुने ठहर्‍याएको झापा जिल्ला अदालतको मिति २०६८।६।२ को फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।२६ को फैसला मनासिब देखिँदा सदरहुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको जनाउ पुनरावेदक प्रतिवादीलाई दिई नियमानुसार मिसिल बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इति संवत् २०७१ साल कात्तिक १० गते रोज २ शुभम् ।
इजलास अधिकृत : सन्तोषप्रसाद पराजुली

## निर्णय नं.९२५२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति : २०७१।८।२३।३
०६७-CI-००६५

मुद्दा : क्षेत्रफल सुधार ।

पुनरावेदक/वादी : बारा जिल्ला, वतरा गाउँ विकास समिति वडा नं. ६ फूलवरिया बस्ने वैद्यनाथ राउत अहिर

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ९ बस्ने तुलसीभक्त श्रेष्ठ

- **कुनै पनि मुद्दामा वादी प्रतिवादीबीच मुख नमिली सबुद प्रमाण बुझी विवादित विषयमा हक निश्चित गर्नुपर्ने हुन आउँछ भने त्यस्तो मुद्दामा हक बेहकको प्रश्न समावेश भएको मान्नुपर्ने ।**
- **विवादित जग्गामा वादी वा प्रतिवादीमध्ये कसको हक पुग्ने भन्ने विवाद उत्पन्न भएको अवस्थामा हक बेहकमा निर्णय गर्ने अधिकार मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई दिएको नदेखिने ।**

(प्रकरण नं. ४)

पुनरावेदक/वादीको तर्फबाट : विद्वान् अधिवक्ताद्वय विश्वप्रकाश सिग्देल र हरिकृष्ण कायस्थ
प्रत्यर्थी/प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता जानकीप्रसाद गिरी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- मालपोत ऐन, २०३४ को दफा ७(३)

सुरू तहमा फैसला गर्ने :
मालपोत अधिकृत
पुनरावेदन तहमा फैसला गर्ने :
मा.न्या. श्री राजेन्द्रप्रसाद राजभण्डारी
मा.न्या. श्री गिरिराज पौड्याल

फैसला

**न्या. ओमप्रकाश मिश्र :** न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम दोहोर्‍याई हेर्ने निस्सा प्राप्त भै दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको सङ्क्षिप्त तथ्य एवम् ठहर यस प्रकार छ :

जिल्ला बारा, गाउँ विकास समिति वतरा वडा नं. ६ बस्ने, मथुरा राउतको नाति, जोदा राउतको छोरा ऐ.ऐ. बस्ने वैद्यनाथ राउत अहिरले मेरा नाममा दर्ता रहेको जिल्ला बारा, गाउँ विकास समिति दोहेरी वडा नं. ४ को कि.नं. ३३ को ज.वि. ०-१-१६ जग्गाधनी प्रमाणपुर्जा भएको र उक्त जग्गाको फिल्डबुकमा ज.वि. १-१६-० भएकाले फिल्डबुक अनुसार स्रेस्ता पुर्जा कायम गरिपाउँ भन्ने द.नं. २६९५ मिति २०६४।६।१४ मा दिएको निवेदन।

निवेदन मागबमोजिम मोठ स्रेस्ताबाट यसमा के हुन गएको हो स्रेस्ता अनुसार खुलाई दिनुहुन भनी मोठ फाँटलाई सोध्दा मोठ फाँटबाट साविक नापीको स्रेस्ताबाट जग्गाधनी तुलसीभक्त श्रेष्ठ ललितपुर टोल वडा नं. ९ का नाउँमा दोहेरी वडा नं. ४ कि.नं. ३३ ज.वि. ०-१-१६ जग्गा मिति २०३१।१२।२५ को पारित राजीनामाबमोजिम वैद्यनाथ राउत अहिरको नाउँमा मोठ कायम छ, रोक्का छैन भनी लेखी आएकोमा फिल्डबुक उतार पेस भएकोमा जग्गाधनी तुलसीभक्त श्रेष्ठका नाममा गाउँ विकास समिति दोहेरी वडा नं. ४ कि.नं. ३३ ज.वि. १-१६-० जग्गा उल्लेख भएको देखिएकाले तुलसीभक्त श्रेष्ठ दाताका नाममा ७ सात दिने म्याद जारी गरी लेखी पठाउने भनी मिति २०६४।६।२७ मा मालपोत कार्यालयबाट भएको आदेश।

सो आदेशानुसार तुलसीभक्त श्रेष्ठका नाममा ७ सात दिने म्याद जारी गरी पठाउँदा नक्साको फोटोकपि फिल्डबुक उतारको फोटोकपि, लिखतको फोटोकपि, नागरिकताको फोटोकपि मिति २०६४।७।२२ को म्याद जारीपत्रको फोटोकपि, मिति २०६४।७।२६ गते म्याद बुझेको भरपाई साथै वारिस मुकरर गरेको वारिसनामाको कागजसमेत संलग्न गरी जिल्ला ललितपुर, नगरपालिका वडा नं. ९ मा बस्ने मोतिलाल श्रेष्ठको नाति भक्तलाल श्रेष्ठको छोरा ऐ.ऐ. बस्ने तुलसीभक्त श्रेष्ठको वा. सुलेमान मिया अंसारीबाट द.नं. ४३२६ मिति २०६४।७।२८ मा लिखित जवाफ पेस भएको।

मालपोत कार्यालयको च.नं. ३१५६ मिति २०६४।१०।२ को पत्रबाट नापी शाखा बारालाई कि.नं. ३३ कसका नाममा फिल्डबुक कायम छ र नक्सामा के कति क्षेत्रफल छ भनी सोधी लेखी पठाउँदा नापी शाखा, बाराको मिति २०६४।१०।३ को पत्रबाट गाउँ विकास समिति दोहेरी वडा नं. ४ कि.नं. ३३ को जग्गा फिल्डबुक तथा नक्सामा चेक गर्दा ज.वि. १-१६-० स्रेस्ताबाट देखिएको भनी लेखी आएको।

साविक जग्गाधनी तुलसीभक्त श्रेष्ठको नापी नक्सा र फिल्डबुकमा ज.वि. १-१६-० कायम भएको र मालपोतको स्रेस्तामा ज.वि. ०-१-१६ मात्र कायम भएकाले नापीको नक्सा क्षेत्रकिताब अनुसार मालपोत कार्यालयको समेत

स्रेस्ता अद्यावधिक गर्नुपर्ने हुन्छ । तसर्थ दोहेरी गाउँ विकास समिति वडा नं. ४ को कि.नं. ३३ मा स्रेस्ता अद्यावधिक गर्दा साविक जग्गाधनी तुलसीभक्त श्रेष्ठको नाउँमा स्रेस्ता अद्यावधिक गरी हालको जग्गाधनी वैद्यनाथ राउत अहिरलाई तुल्सीभक्तले मागदावी गरेअनुसार कि.नं. ३३ को पूर्व उत्तर कुनाबाट कित्ताकाट गराई स्रेस्ता कायम गर्न लगाउनुपर्ने देखिन्छ भनी पेस भएको टिप्पणी आदेशमा मालपोत अधिकारीको राय अनुसार नापीको फिल्डबुक र नक्सा अनुसार स्रेस्ता अद्यावधिक गरिदिने गरी सदर भनी मालपोत कार्यालय, बाराको मिति २०६४।१०।२४ को निर्णय ।

मालपोत कार्यालय, बाराले मिति २०६४।१०।२४ गतेको टिप्पणी आदेशलाई सदर गरी नापी विभागले कित्ताकाट गरी मिति २०६४।१०।२८ गते पठाएको प्लट रजिस्टर उतारबमोजिम उक्त कि.नं. ३३ लाई कित्ताकाट गरी मेरो नाममा कि.नं. ४६६ मा ज.वि. ०-१-१६ तथा विपक्षीको नाममा कि.नं. ४६७ मा ज.वि. १-१४-४ कायम गरी सोहीबमोजिम दर्ता स्रेस्ता खडा गरी मलाई अन्याय गरेकाले उक्त गैरकानूनी निर्णयसँग मेरो चित्त बुझेको छैन । मालपोत ऐन, २०३४ को दफा ७(३) बमोजिम मैले क्षेत्रफल सुधार गरिपाउँ भनी दिएको निवेदनउपर कारवाही गरी मेरो जग्गाको क्षेत्रफल संशोधन गरी दर्ता स्रेस्ता अद्यावधिक गरी दिनुपर्नेमा मालपोत कार्यालय, बाराले गैरकानूनी कार्यविधि तथा प्रक्रिया अपनाई सबुद प्रमाणसमेत नबुझी नजिर सिद्धान्तसमेतको उल्लङ्घन गरी मिति २०६४।१०।२४ मा खडा गरेको टिप्पणी आदेश र सोको आधारमा कायम गरेको दर्ता स्रेस्तासमेत बदर गरी उक्त ज.वि. १-१४-४ मेरो नाममा दर्ता स्रेस्ता कायम गरिपाउँ भन्ने वादी वैद्यनाथ राउत अहिरको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदनपत्र ।

ज.वि. ०-१-१६ बाहेक बाँकी रहेको मेरो जग्गाका सन्दर्भमा २०२४ सालदेखिको मालपोत मबाट लिने भन्ने मालपोत कार्यालय, बाराको आदेशसमेतबाट विवाद उठाउन नसकेको, मैले मालपोतसमेत तिरिआएको, ज.वि. ०-१-१६ खरिद गरेको नाताबाट सम्पूर्ण ज.वि. १-१६-० मबाट विपक्षीले लिन पाउने अवस्था नहुँदा सुरूको उक्त निर्णय सदर कायम गरिपाउँ भन्नेर तुलसीभक्त श्रेष्ठको हकमा अधिकृत वारिस सुलेमान मियाँ अन्सारीको लिखित प्रतिवाद ।

पुनरावेदक वादीले उक्त कि.नं. ३३ को जग्गा जग्गाधनी पुर्जामा ०-१-१६ र फिल्डबुकमा १-१६-० उल्लेख भएकाले फिल्डबुक स्रेस्ता अनुसार पुर्जा कायम गरिपाउँ भनी दिएको निवेदनको पीठमा कि.नं. ३३ को ज.वि. ०-१-१६ जग्गा मिति २०३१।१२।२५ मा पारित राजीनामाबमोजिम वैद्यनाथ राउत अहिरको नाममा मोठ कैफियतबाट देखिएको

भन्ने व्यहोरा जनिएको देखिन आउँछ । विवादित जग्गाको फिल्डबुकमा १-१६-० क्षेत्रफल उल्लेख भएको पाइने र नापी शाखा कार्यालयले मालपोत कार्यालय, कलैयालाई लेखेको मिति २०६४।१०।३ को पत्रबाटसमेत कि.नं. ३३ मा १-१६-० जग्गा रहे भएको देखिन्छ । वादीले मिति २०३१।१२।२५ मा र.नं. १३४६ को लिखतबाट ०-१-१६ को जग्गा प्राप्त गरेको देखिने र सोही क्षेत्रफल उद्धृत गरी वादीका नाउँमा जग्गाधनी प्रमाणपुर्जा तयार भएको वादी स्वयम्ले पेस गरेको सपठित प्रमाणपुर्जाबाट देखिन्छ । उक्त पुर्जा प्राप्त गरेको मितिले कानूनले निर्धारण गरेको म्यादभित्र निवेदक वादीको कहिंकतै उजुर परेको देखिन आएन । मालपोत कार्यालयको तोक आदेशानुसार भनी नापी शाखा, बाराबाट उक्त कि.नं. ३३ को जग्गा कि.का. भै कि.नं. ४६६ यी पुनरावेदकका नाउँमा र कि.नं. ४६७ को जग्गा प्रत्यर्थी तुलसीभक्त श्रेष्ठका नाउँमा कित्ता कायम भएको देखिन्छ । उक्त कित्ताकाट गर्ने गरी भएको कार्य बदर वातिल भएको अवस्था देखिएन । वादीले कि.नं. ३३ को जग्गा ससिमै खरिद गरेको भनी जिकिर लिए पनि निजले प्राप्त गरेको उपरोक्त उल्लेखित राजीनामा लिखतमा उक्त कित्ता ससिम हस्तान्तरण गरेको भन्ने बोली परेको नदेखिएको स्थितिमा राजीनामाबाट प्राप्त गरेको क्षेत्रफल भन्दा बढी जग्गा पनि मैरै हो भन्ने पुनरावेदकको भनाई कानूनसम्मत रहेको मान्न मिलेन । तसर्थ मालपोत कार्यालय, बाराबाट मिति २०६४।१०।२४ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकिर पुग्न सक्तैन भन्ने पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।३।१७ को फैसला ।

यसमा विपक्षीबाट विवादित कि.नं. ३३ को जग्गा २०३१ सालमा ससिम जग्गा नै राजीनामा गरी लिई सो जग्गामा मेरो नै कब्जा भोग गरी तिरोसमेत तिरी कमाई आएको छु । मालपोत ऐन, २०३४ को दफा ७(३) बमोजिम मेरा नाममा स्रेस्ता मिलाउन पर्नेमा कानूनको त्रुटिपूर्ण व्याख्या गरी मलाई हराउने गरी फैसला भयो । मैले सो जग्गाबाट कसैलाई हक हस्तान्तरण गरेको पनि छैन । यस्तो अवस्थामा निश्चित सीमारेखाभित्रको जग्गा नरघटी बढी जे भए पनि कित्तावालाकै जग्गा ठहराउनुपर्नेमा कानून तथा सर्वोच्च अदालतबाट स्थापित नजिरसमेतको विपरीत कानून तथा नजिरको गलत व्याख्या गरी मलाई हराई भएको मालपोत कार्यालय, बाराको मिति २०६४।१०।२४ को निर्णय तथा सो निर्णयलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।३।१७ को फैसला बदर गरी मेरो सुरू निवेदन मागबमोजिम गरिपाउँ भन्ने वादी वैद्यनाथ राउत अहिरको यस अदालतमा पर्न आएको

पुनरावेदनपत्र।

यसमा कि.नं. ३३ को जग्गामध्ये कित्ताकाट नभएको अवस्थामा बिक्री गर्ने तुलसीभक्त श्रेष्ठको हक कायम रहेको अर्थ गरी भएको सुरू मालपोत कार्यालयको निर्णय सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला प्रमाण ऐन, २०३१ को दफा ३, ५४ र अ.बं. १८४ क नं. को प्रमाण मूल्याङ्कनमा व्याख्यात्मक त्रुटि र *नेकाप* ०४१, नि.नं. २१०३, पृ. ७६२, *नेकाप* ०४३, नि.नं. २६१६, पृ.१०० मा प्रतिपादित सिद्धान्तको विपरीत देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क)(ख) बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिदिएको छ भन्ने यस अदालतको मिति २०६७।३।२३ को आदेश।

नियमबमोजिम आजको दैनिक पेसीसूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्रसहितका मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरियो। पुनरावेदक वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री विश्वप्रकाश सिग्देल तथा श्री हरिकृष्ण कायस्थले ०३१ सालमा पारित लिखतले कि.नं. ३३ को जग्गा मलाई हस्तान्तरण गरेपछि लगत स्रेस्ता कट्टा भएको अवस्था छ। उक्त जग्गालाई खण्डे हस्तान्तरण नगरी समुच्चा कित्ता नै हस्तान्तरण गरी स्रेस्ता कट्टा भैसकेको कुरालाई विपक्षीले अन्यथा भन्न सकेको देखिँदैन। खरिद गरेको जग्गा नरघटी भएको अवस्थामा क्रेताले व्यहोर्नुपर्ने हुँदा नरबढी भएकोमा समेत क्रेताको नै हुने हुँदा पुनरावेदन अदालतबाट भएको फैसला नमिलेको हुँदा उक्त फैसला बदर गरी सुरू निवेदन दावी अनुसार विवादित कि.नं. ३३ को ज.वि. १-१६-० को फिल्डबुक अनुसार स्रेस्ता पुर्जा कायम हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नुभएको। त्यस्तै प्रत्यर्थी प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री जानकीप्रसाद गिरीले विपक्षीले विवादित कि.नं. ३३ को ज.वि. १-१६-० जग्गा खरिद गरेको नभै उक्त कि.नं. को ०-१-१६ जग्गा खरिद गरी लिएको तथ्य निजले प्राप्ति गरेको जग्गाधनी प्रमाणपुर्जाबाट स्पष्ट भैरहेको अवस्था छ। विपक्षीले पारित गरेको राजीनामा लिखतमा समेत कि.नं. ३३ को जग्गा ससिम खरिद गरेको भनी उल्लेख भएको नदेखिँदा पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा नदेखिँदा उक्त फैसला सदर हुनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहससमेत सुनियो। अब सुरू मालपोत कार्यालयबाट भएको निर्णय सदर हुने ठहर्‍याई पुनरावेदन अदालतबाट भएको फैसला मिले नमिलेको तथा वादीको पुनरावेदन जिकिर पुग्ने नपुग्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा पुनरावेदक वादीले निज नाम दर्ताको जिल्ला बारा गा.वि.स. दोहेरी वडा नं. ४ को कि.नं. ३३ को ज.वि. ०-१-१६ को जग्गाको जग्गाधनी

प्रमाणपुर्जा प्राप्त गरी आफ्नो हकभोगमा रहेकोमा उक्त जग्गाको फिल्डबुकमा जग्गा बिगाहा १-१६-० भएकाले फिल्डबुक अनुसार स्रेस्तापुर्जा कायम गरिपाउँ भनी निवेदन दिएकोमा मालपोत कार्यालय, बाराबाट पुनरावेदक वादीका दाता तुलसीभक्त श्रेष्ठलाई समेत बुझी उक्त जग्गा साविक जग्गाधनी तुलसीभक्त श्रेष्ठका नाममा स्रेस्ता अद्यावधिक गरी विपक्षी तुलसीभक्त श्रेष्ठले मागदावी गरेअनुसार उक्त कित्ताको पूर्व उत्तर कुनाबाट कित्ताकाट गराई स्रेस्ता कायम गरेउपर वादीको पुनरावेदन अदालतमा पुनरावेदन परेकोमा मालपोत कार्यालयको निर्णयलाई सदर गर्नेगरी पुनरावेदन अदालतबाट फैसला भएउपर वादीको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

३. यसमा यी वादीले प्रतिवादी तुलसीभक्त श्रेष्ठसँग मिति २०३१।१२।२५ मा विवादित कि.नं. ३३ को ०-१-१६ जग्गा खरिद गरी निजका नाउँमा जग्गाधनी प्रमाण पुर्जासमेत जारी भएको देखिन्छ । विवादित जग्गाको फिल्डबुकमा ज.वि.१-१६-० जग्गा रहेको कुरामा समेत विवाद देखिँदैन। मिति २०३१।१२।२५ मा कि.नं. ३३ को ०-१-१६ जग्गा प्राप्त गरिसकेपश्चात यी वादीले उक्त कि.नं. ३३ को जग्गाको फिल्डबुकमा १-१६-० जग्गा रहेकाले फिल्डबुक अनुसार स्रेस्तापुर्जा कायम गराउन निवदेन दिएकोमा मालपोत कार्यालयबाट प्रतिवादीका नाममा म्याद जारी गर्दा प्रतिवादीबाट उक्त कि.नं. ३३ को जग्गामध्ये ०-१-१६ जग्गासम्म वादीलाई बिक्री गरेको र फिल्डबुक अनुसारको बाँकी जग्गा आफ्नो रहेको भन्ने जिकिर लिई निवेदन दर्ता गरेको देखिन्छ । त्यसपश्चात मालपोत कार्यालयबाट प्रतिवादीले जिकिर लिएबमोजिम उक्त कि.नं. ३३ को पूर्व उत्तर कुनाबाट कित्ताकाट गराई वादीलाई ०-१-१६ जग्गाको स्रेस्ता कायम गरिदिने र अन्य जग्गा प्रतिवादीको स्रेस्ता कायम गरिदिने गरी मालपोत कार्यालयबाट निर्णय भएको देखियो।

४. वादीले मिति २०३१।१२।२५ मा उक्त जग्गा खरिद गर्दा कि.नं. ३३ को ०-१-१६ जग्गा खरिद गरेको कुरामा विवाद देखिँदैन । पछि उक्त जग्गाको फिल्डबुकमा १-१६-० जग्गा रहेको पाइएपछि आफूले खरिद गरेको कि.नं. ३३ को जग्गा नरबढी भएकाले उक्त कि.नं. ३३ को सम्पूर्ण जग्गा आफ्नो रहेको भनी दावी लिएको र प्रतिवादीले आफूले ०-१-१६ जग्गा मात्र बिक्री गरेको र बाँकी जग्गा आफ्नै रहेको भन्ने जिकिरबमोजिम पूर्व उत्तर कुनाबाट कित्ताकाट गरी वादीलाई ०-१-१६ जग्गा र अन्य जग्गा प्रतिवादीलाई स्रेस्ता कायम गराइदिने भनी निर्णय गरेको देखियो। कुनै पनि मुद्दामा वादी प्रतिवादीबीच मुख नमिली सबुद प्रमाण बुझी विवादित विषयमा हक निश्चित गर्नुपर्ने हुन आउँछ भने त्यस्तो मुद्दामा हक बेहकको प्रश्न समावेश भएको मान्नुपर्ने हुन्छ । विवादित

जग्गामा वादी वा प्रतिवादीमध्ये कसको हक पुग्ने भन्ने विवाद उत्पन्न भएको अवस्थामा हक बेहकमा निर्णय गर्ने अधिकार मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई दिएको देखिँदैन। यस्तो विवाद उठेपछि प्रमाणको मूल्याङ्कन गरी निर्णयमा पुग्नुपर्ने हुँदा हक कायम गराई ल्याउनु भनी सुनाउनुपर्नेमा मालपोत कार्यालय आँफैले हक बेहकतर्फ निर्णय गरेको कार्यलाई न्यायोचित मान्न मिलेन।

५. अतः माथि उल्लिखित तथा विवेचित आधार प्रमाणबाट प्रमाणको मूल्याङ्कन गरी निर्णयमा पुग्नुपर्ने विषयमा हक बेहकतर्फ निर्णय गरी ल्याउनु भनी सुनाउनुपर्नेमा आफैं निर्णय गरेको मालपोत कार्यालय, बाराको निर्णय सदर गरेको पनुरावेदन अदालत, हेटौंडाको मिति २०६६।३।१७ को फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब हक कायमतर्फ सम्बन्धित अदालतमा नालिस गर्न जानु भनी सुनाइदिनका लागि तारिख तोकी मिसिल मालपोत कार्यालय, बारामा पठाई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम्।
इजलास अधिकृत : रामप्रसाद भट्टराई

## निर्णय नं.९२५३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७१।३।२।२
०६६-CR-०२९६

मुद्दा : करकाप।

पुनरावेदक/वादी : जमिर महतोको छोरा, बारा जिल्ला, अमृतगन्ज गा.वि.स. वडा नं ८ बस्ने रामजीप्रसाद कुशवाहा

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : स्व. भागवतप्रसाद यादवको छोरा, बारा जिल्ला, कचोर्वा गा.वि.स. वडा नं ७ बस्ने विजयप्रसाद यादव

- **लेनदेन मुद्दाको मिति २०६०।११।१६ को लिखत यी पुनरावेदकले स्वेच्छाबाट सही छाप गरिदिएको नभै निजलाई अपहरण गरी प्रतिवादीहरूले आफ्नो कब्जामा राखी करकापबाट जबर्जस्ती सही गराएको लिखत भन्ने कुरा पुष्टि हुने।**

(प्रकरण नं.५)

- **आफूद्वारा जबर्जस्ती कपाली तमसुक लेख्न लगाएका हुन् भनी मिति २०६१।७।२५ मा जिल्ला प्रहरी कार्यालय, बारामा कागज गरेका र विवादित तमसुकमा उल्लेख भएको लिखतको मिति हेर्दा २०६० साल फागुन १६ गते रोज १ भनी उल्लेख भएकोमा वास्तवमा उक्त मिति २०६०।११।१६ उक्त लिखतमा उल्लेख भए मुताबिक रोज १ आइतबार नभै रोज ७ शनिबार परेको भन्ने कुरा २०६० सालको पात्रोबाट देखिएकाले तमसुक खडा भएको मितिमा नै संशयको अवस्था देखिने।**

(प्रकरण नं.६)

पुनरावेदक/वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिहर दाहाल र विद्वान् अधिवक्ताद्वय रामबन्धु शर्मा तथा रामपुकार महतो

प्रत्यर्थी/प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता राजीव आचार्य

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको २४ नं.
- मुलुकी ऐन, दण्ड सजायको महलको १२ नं.
- प्रमाण ऐन, २०३१ को दफा ३४(१)

सुरू फैसला गर्ने अदालत :

मा.जि.न्या.श्री उमेशराज पौडेल

पुनरावेदन तहमा फैसला गर्ने :

मा.न्या. श्री केशरीराज पण्डित

मा.न्या. श्री गिरीराज पौडेल

फैसला

**न्या.जगदीश शर्मा पौडेल :** पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।१३ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन परी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यस प्रकार छ :

२०६१ साल असोज १८ गतेका दिन आफ्नो उपचार गराउन कामदार मजदुर जयनाथ दास तत्मालाई साथै लिई भारतको मोतिहारीमा डाक्टर आशुतोष साहकहाँ गई उपचार गराई त्यहाँबाट २०६१।६।१९ मा घरतर्फ आउने क्रममा नेपाल सरहदभित्रै विपक्षीहरूमध्ये मनोज यादव, प्रमानन्द जैसवाल, विश्वनाथ यादव, दिनानाथ राय, संजय यादव, उमेशकुमार यादव, रामभजनसमेतले आआफ्ना हातमा बन्दुक, खुकुरी, फर्सासमेत देखाई मलाई रोकी

कुटपीटसमेत गरी बाँधी आँखमा पट्टी बाँधी मोटरसाइकलमा बसाली प्रतिवादीमध्येका विश्वनाथ यादवको मूल घर अगरवा लगी मलाई कोठामा थुनी २०६१।६।१९ देखि ६।२९ गतेसम्म त्यहीँ राखे। मसँग रहेको जयनाथ दास उम्की मेरो दाजु चन्द्रिका कुशवाहालाई जानकारी दिँदा दाजुले जिल्ला प्रहरी कार्यालय, बारामा २०६१।६।२१ गते हुलिया जाहेरी दिनुभएको र F.M. रेडियोबाट सुनी थाहा पाएपछि मलाई आँखामा पट्टी बाँधी मोटरसाइकलमा बसाली कचोर्वा वडा नं ७ विजय यादवको गोठघरमा लगी राखे। २०६१।६।३० का दिन विजयप्रसाद यादव र अन्य प्रतिवादीहरूले लालबाबुलाई बोलाई लेखनदास लक्ष्मणप्रसाद श्रीवास्तवलाई बोलाई ल्याउन लगाए । के कस्तो कागज गराउनुपर्ने हो भनी लक्ष्मणप्रसादले सोध्दा प्रतिवादी विजयप्रसाद यादवले तीनप्रति नेपाली कागजमा एकप्रति विजयप्रसाद यादवलाई, एकप्रति मङ्गल राय यादवलाई र एकप्रति सियारामप्रसाद यादवलाई धनी बनाई कपाली तमसुक लेख्न लगाई मनेर सही छाप गराउन आउँदा मैले सही छाप गर्न इन्कार गर्दा ममाथि पेस्तोल, फर्सा देखाएकाले डरको कारण मैले शिरपुछारमा लेखात्मक र रेखात्मक सही गरी दिएँ । सो कागज एकप्रति विजयप्रसाद यादवलाई, एकप्रति मङ्गल राय यादवलाई तेस्रोप्रति सियारामप्रसाद यादवलाई प्रतिवादी लक्ष्मणप्रसाद यादवले दिएका हुन् । मसँग सही छाप गराइएका ती तमसुकमा के कति रकम थैली लेखिएको थियो अङ्क छोपेकाले हेर्न नसकी जोरजुलुम, करकाप गरी मसँग उल्लिखित कागजमा सही छाप गराइसके पश्चात् सबै प्रतिवादीहरूले एकमुख भै यहाँ भए गरेको घटना, काम कारवाही तथा कागजको बारेमा कसैलाई केही भनेमा ज्यानसमेत मारी दिने धम्की दिएका थिए । अनि २०६१।६।३० का दिन मलाई मोटरसाइकलमा बसाली खजानीको सिमानामा ल्याई दिउँसो २:०० बजेतिर छाडिदिएकाले करकापसँग गराएको कागज विपक्षीहरूबाट फिर्ता दिलाई सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको रामजीप्रसाद कुशवाहाको फिरादपत्र।

प्रतिवादीहरूले मेरो इच्छा विरूद्ध मलाई डरत्रासमा पारी तीनप्रति कपाली तमसुक लेख्न लगाएको हुँदा सो सम्बन्धमा मैले जिल्ला प्रहरी कार्यालय, बारामा बयान गर्दा सम्पूर्ण व्यहोरा उल्लेख गरेको छु । करकापको वारदात मेरो इच्छाविपरीत भए गरेकाले मैले सजाय पाउनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मणप्रसाद श्रीवास्तवले मिति २०६१।११।१७ मा दिएको प्रतिउत्तरपत्र।

जुन वारदातको सम्बन्धमा प्रस्तुत फिराद दायर भएको हो सो वारदातको

अवस्थामा हामी प्रतिवादीहरू उपस्थित नै नरहेको, जोरजुलुम, जबर्जस्तीसँग कागज गराउँदा वादीले कुनै किसिमको प्रतिवाद गरेनन् होला वा बाँच्ने प्रयास गरेनन् होला भनी मान्न, भन्न, पत्याउन मिल्ने होइन। २०६१।६।३० गतेका दिन अन्य प्रतिवादीहरूसँग हाम्रो भेटघाट भएको छैन र उक्त मितिका दिन हामी घरमा नै रहेकाले हामीउपरको दावी झुठ्ठा हुँदा वादी दावी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी लंगटराय यादव र सियारामप्रसादको संयुक्त प्रतिउत्तरपत्र।

उक्त मिति २०६१।६।३० गतेका दिन यस मुद्दाका अन्य प्रतिवादीहरूसँग हाम्रो भेटघाट छैन। उक्त मिति समयमा हामी आफ्नो घरद्वारमै थियौं । विपक्षीसँग हामीले उक्त मितिमा कुनै प्रकारको कागज गर्न लगाएको नहुँदा हामीसमेतलाई प्रतिवादी बनाई दायर भएको प्रस्तुत मुद्दा खारेजभागी छ । विपक्षीले म प्रतिवादी विजयप्रसाद यादवसँग २०६०।११।१६ मा रू.२,५१,०००।– ऋण लिनुभएकोमा भाखा नाघेपश्चात पटकपटक ताकेता गर्दा पनि नबुझाउनुभएबाट मैले मुद्दा गर्ने कुरा गर्दा सोबाट बच्नको लागि यो झुठ्ठा मुद्दा दिएका हुन्। २०६०।११।१६ मा कपाली तमसुक लेखी दिएका हुन्। २०६१।६।३० मा विपक्षीलाई करकापमा पारी लेखेको होइन छैन भन्नेसमेत व्यहोराको प्रतिवादी विजयप्रसाद यादव र लक्ष्मणप्रसाद श्रीवास्तवको संयुक्त प्रतिउत्तरपत्र।

२०६१।६।३० गतेका दिन यस मुद्दाका अन्य प्रतिवादीहरूसँग हाम्रो भेटघाट छैन । उक्त मिति समयमा हामी आफ्नो घरद्वार मै थियौं । विपक्षीसँग हामीले उक्त मितिमा कुनै प्रकारको कागज गर्न लगाएको नहुँदा वादी दावी खारेजभागी छ भन्नेसमेत व्यहोराको प्रतिवादी विश्वनाथ राय यादव, रामअशिष यादव, संजयप्रसाद यादव, उमेशकुमार यादव, बडाबाबु भन्ने लालबाबु यादव, मनोजप्रसाद यादव, परमानन्दप्रसाद जैसवार र दिनानाथ राय यादवसमेतको संयुक्त प्रतिउत्तरपत्र।

वादीको साक्षी राधा मोहनप्रसाद कुशवाहा र प्रतिवादीहरूको साक्षी रामपुकारप्रसाद यादव, रामचन्द्र राय यादवले गरेको बकपत्रहरू मिसिल साथ रहेको।

प्रतिवादी विजयप्रसादको साक्षीले २०६०।११।१६ गते आइतबारका दिन विजयप्रसाद यादवसँग वादीले रू.२,५१,०००।- कर्जा लिएको भनी बकपत्र गरेकोमा २०६०।११।१६ गतेका दिन आइतबार नभई शनिबार परेको देखिँदा निज साक्षीको बकपत्र झुठ्ठा देखिएको र लेनदेन मुद्दाको दावीको लिखतको दिन मिति २०६०।११।१६।१ उल्लेख भएको देखिए पनि उक्त दिन आइतबार नभै शनिबार परेको देखिन्छ। उक्त मितिमा यी वादीले प्रतिवादीसँग कर्जा लिई लिखत गरी दिएको भए

त्यसरी लिखतमा रोज फरक पर्न सक्ने अवस्था नरहने हुँदा सो लिखत धेरैपछि अगाडिको काल्पनिक मिति राखी खडा गरेको कारणबाट त्यसरी रोज फरक पर्न गएको भनी मान्नुपर्ने देखिन आएकाले परिस्थितिजन्य अवस्थालाई दृष्टिगत गर्दा लेनदेन मुद्दाको दावीको लिखत सद्दे लिखत भन्ने देखिन नआई यी वादीलाई करकापमा पारी सही छाप गराएको पुष्टि हुन आएको र उक्त कार्यबाट लेनदेन मुद्दाको वादी विजयप्रसादलाई मात्र प्रत्यक्ष फाइदा हुन जाने देखिन आएकाले करकापसँग कागज गराउने निज विजयप्रसाद यादवलाई दण्ड सजायको महलको १२ नं ले रू.१,०००।- जरिवाना हुने र करकापसँग लिखत लेख्न लगाएको भन्ने देखिने स्पष्ट एवम् ठोस प्रमाणको अभावमा अन्य प्रतिवादीहरू समेतको संलग्नता रहेको नदेखिँदा अन्य प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू बारा जिल्ला अदालतबाट मिति २०६४।३।३२ मा भएको फैसला।

लिखत लेख्ने लेखनदास लक्ष्मणप्रसादले वारिस रामभजनमार्फत स्वतन्त्ररूपमा दावीबमोजिम कुनै वारदात भएको छैन । लिखत कर्जा लेनदेन भएपछि मैले लेखको हुँ भनी २०६१।१२।२९ मा पेस गरेको प्रतिउत्तर व्यहोरालाई बेवास्ता गरी लक्ष्मण लेखनदासको कथित व्यहोराको प्रतिउत्तर वादीको कथनलाई मात्र आधार मानी भएको सुरू फैसला बदरभागी छ । न्यायकर्ताज्यूले लिएको तर्क सम्बन्धमा हेर्दा विवादको मुख्य विषय आइतबार वा शनिबार भन्ने नभई विवादित कागज लेख्ने लक्ष्मणप्रसादले २०६०।११।१६ को कपाली लेनदेन भएको बेला मैले लेखेको हुँ भनी सम्मानित जिल्ला अदालतमा उपस्थित भई प्रतिवाद गरी सकेपछि साक्षीले बकपत्र गर्दा भएको सामान्य गल्तीलाई असामान्य ढङ्गले फैसलामा गलत व्याख्या गरी भएको फैसला बदर गरी हक इन्साफ गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी विजयप्रसाद यादवको पुनरावदेनपत्र।

प्रतिवादी लक्ष्मणप्रसाद श्रीवास्तवतर्फबाट एकै मुद्दामा पृथकपृथक व्यहोरा उल्लेख गरी प्रतिउत्तर परेको देखिएको, मिति २०६१।११।१७ को प्रतिउत्तर मैले अर्कै कामको लागि दिएको लिफामा किर्ते व्यहोरा लेखी प्रतिउत्तर लगाएको हुँदा किर्तेमा सजाय गरिपाउँ भनी दिएको किर्ते मुद्दामा दावी नपुग्ने ठहरी भएको सुरूको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको, वादीका साक्षीले बकपत्र गर्दा करकापसँग कागज गराएको देखेको भन्न नसकी वादीले भनेर थाहा पाएको हुँ भनेको, वादीको भनाई र प्रतिवादी लक्ष्मणप्रसाद वास्तवले प्रहरीमा गरेको कागजमा मेल नखाएको साथै वादीले करकापको वारदात प्रमाणित हुने सबुद प्रमाण पेस गरी पुष्टि गराउन

सकेको नदेखिँदा सुरू बारा जिल्ला अदालतले करकाप ठहर्‌याएको फैसला उल्टी भै वादी दावी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।१३ को फैसला।

मैले मउपर विपक्षी विजयप्रसाद यादवले दायर गरेको लेनदेनको लिखत मितिमा निजसँग कुनै ऋण नलिएको, मलाई जबर्जस्ती करकाप गरी गराएको कागज मुलुकी ऐन, अ.बं. २४ नं. ले बदरभागी छ । प्रतिवादीहरूले मलाई २०६१।६।१९ मा अपहरण गर्दा उम्कन सफल भएका जयनाथ दास तत्माले मेरा दाजु चन्द्रिकाप्रसादलाई जानकारी गराएपछि निज दाजुले २०६१।६।२१ मा जिल्ला प्रहरी कार्यालय, बारामा मेरो हुलियासमेत खुलाई हुलिया दरखास्त दिएको कुरा प्रमाणित भएको अवस्था छ । लेखक लक्ष्मणप्रसाद श्रीवास्तवले जिल्ला प्रहरी कार्यालय, बारामा मिति २०६१।७।२५ मा गरेको कागजले पनि मलाई करकाप गरी ३ वटा कागजमा सही छाप गराएको कुरा प्रमाणित भएको अवस्था छ । उक्त प्रहरीमा गरेको कागजलाई निजले मिति २०६१।११।१७ मा प्रस्तुत मुद्दामा फिराएको प्रतिउत्तरले समेत पुष्टि गरेको छ । पछि विजयप्रसाद यादवको भनाइमा लागी दिएको मिति २०६१।१२।२९ को प्रतिउत्तरपत्रको व्यहोरा प्रमाण ऐन, २०३१ को दफा ३४ ले विवन्धित भै कानूनी मान्यता पाउन सक्तैन। विपक्षीले लेनदेन मुद्दामा पेस गरेको मिति २०६०।११।१६ को कपाली तमसुकको मिति २०६०।११।१६ रोज १ लेखिएको छ । सो मितिमा रोज १ नै नपरी शनिबार परेको कुरा सो लिखत मितिको पात्रोले प्रमाणित गरेको छ। मेरा साक्षीको बकपत्र सही र विपक्षीका साक्षीको बकपत्र झुट्ठा भन्ने कुरा प्रमाणित हुँदाहुँदै पनि मिसिल संलग्न सबुद प्रमाणको सही मूल्याङ्कन नगरी गरिएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।१३ फैसला बदर गरी सुरू जिल्ला अदालतको मिति २०६४।३।३२ को फैसला सदर गरी न्याय इन्साफ पाउँ भन्नेसमेत व्यहोराको वादी रामजीप्रसाद कुशवाहाले यस अदालतमा दायर गरेको पुनरावेदनपत्र।

यसमा वादीलाई मिति २०६१।६।१९ मा अपहरण गरेको भनी वादीका दाजु चन्द्रिकाप्रसादले मिति २०६१।६।२२ मा जिल्ला प्रहरी कार्यालय, बारामा हुलिया जाहेरी दरखास्त दिएको तथा विवादित मिति २०६०।११।१६ को कपाली तमसुक लेख्ने भनिएका लक्ष्मणप्रसाद श्रीवास्तवले मिति २०६१।७।२५ मा जिल्ला प्रहरी कार्यालय, बारामा कागज गर्दा प्रतिवादीहरूले मिति २०६१।६।३० गते मलाई बोलाई लगी कागज बनाई दिनुहोस् भनी डर त्रास देखाएको कारण कागज लेखी दिएको हुँ। सबै कपाली तमसुकमा छ महिनाजति अगाडिको

मिति राख्न लगाएका हुन् भनी प्रस्तुत मुद्दा र लगाउको लेनदेन मुद्दापर्नुभन्दा अगावै सो व्यहोरा उल्लेख गरी कागज गरी दिएको पाइएको र प्रस्तुत मुद्दामा समेत मिति २०६१।११।१७ मा सोही व्यहोराको प्रतिउत्तर फिराएको पाइन्छ । विवादित तमसुकमा उल्लेख भएको लिखतको मिति हेर्दा २०६० साल फागुन १६ गते रोज १ भनी उल्लेख भएकोमा वास्तवमा उक्त मिति २०६०।११।१६ उक्त लिखतमा उल्लेख भए मुताबिक रोज १ आइतबार नभै रोज ७ शनिबार परेको भन्ने कुरा २०६० सालको पात्रोबाट देखिएकाले तमसुक खडा भएको मितिमा नै संशयको अवस्था देखिन आएको हुँदा यस स्थितिमा सुरूको फैसला उल्टी गरी वादी दावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।१३ को फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने यस अदालतको मिति २०६८।९।२८ को आदेश ।

विपक्षीले म प्रतिवादीसँग २०६०।११।१६ मा रू.२,५१,०००।– ऋण लिनु भएकोमा भाखा नाघेपश्चात पटकपटक ताकेता गर्दा पनि नबुझाउनुभएबाट मैले मुद्दा गर्ने कुरा गर्दा सोबाट बच्नको लागि यो झुट्टा मुद्दा दिएका हुन् । २०६०।११।१६ मा निजले स्वेच्छाले कपाली तमसुक लेखी सही छाप गरी दिएको कुरा लक्ष्मणप्रसाद श्रीवास्तवको २०६१।१२।२९ को प्रतिउत्तरपत्रले पुष्टि गरेको छ । २०६१।६।३० मा विपक्षीलाई करकापमा पारी लिखतमा सही छाप गराएको नहुँदा पुनरावेदन अदालत, हेटौंडाको फैसला सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी विजयप्रसाद यादवको लिखित जवाफ ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो । पुनरावेदक वादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान् अधिवक्ताद्वय श्री रामबन्धु शर्मा तथा श्री रामपुकार महतोले मेरो पक्षलाई विपक्षी विजयप्रसाद यादवसमेतले अपहरण गरी विपक्षी लक्ष्मणप्रसाद श्रीवास्तवबाट तीनप्रति कपाली तमसुक लेखाई डरधाकमा पारी करकापबाट तीनवटा तमसुकमा जबर्जस्ती सही गराएपछि मात्र छाडिदिएको अवस्था छ । लिखत लेख्ने लक्ष्मणप्रसाद श्रीवास्तवले जिल्ला प्रहरी कार्यालय, बारामा मिति २०६१।७।२५ मा गरेको बयान कागज र निजले मिति २०६१।११।१७ मा दिएको प्रतिउत्तरपत्रले सो कुरा पुष्टि गरिरहेको अवस्था छ । त्यस्तै विपक्षी विजयप्रसाद यादवले मेरो पक्षउपर दायर गरेको ०६६-CI-०४०५ को लेनदेन मुद्दामा दावी गरिएको मिति २०६०।११।१६।१ को लिखतको बारमा आइतबार लेखिएको छ सो मितिमा शनिबार

पर्दछ । यस तथ्यले पनि हतारमा करकापबाट लिखत गराउने क्रममा अगाडिको मिति राख्दा त्रुटि हुन गएको कुरा पुष्टि भएको अवस्थामा प्रमाणको मूल्याङ्कन नै नगरी करकाप नठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी फिराद दावीबमोजिम इन्साफ पाउनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री राजीव आचार्यले मेरो पक्षसमेतले करकापबाट लिखतमा वादीको सही छाप गराएको कुरा प्रमाणित गर्ने प्रमाण मिसिल सामेल छैन, लक्ष्मणप्रसाद श्रीवास्तवले जिल्ला प्रहरी कार्यालय, बारामा मिति २०६१।७।२५मा गरेको बयान कागज र निजले मिति २०६१।११।१७ मा दिएको प्रतिउत्तरपत्रलाई खण्डन गरी मिति २०६१।१२।२९ मा प्रतिउत्तर दिएका छन् भने मिति २०६१।११।१७ मा दिएको प्रतिउत्तरपत्र जग्गासम्बन्धी कामको लागि दिएको लिफा गलत काममा प्रयोग गरेको भनी किर्ते मुद्दा दायर गरेबाट पनि निजको उक्त कागज र प्रतिउत्तरलाई प्रमाणमा लिन मिल्दैन । पुनरावेदन अदालत, हेटौंडाको फैसला सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

दुबैतर्फका विद्वान् कानून व्यवसायीहरूले प्रस्तुत गर्नुभएको तर्कपूर्ण बहससमेतलाई दृष्टिगत गरी निर्णयतर्फ विचार गर्दा पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।१३ को फैसला मिलेको छ वा छैन र पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्तैन भन्ने कुराको निर्णय दिनुपर्ने देखिन आयो ।

२. यसमा मलाई विपक्षीहरूले मिति २०६१।६।१९ मा उपचार गरी घरतर्फ आउने क्रममा जबर्जस्ती पक्री कुटपीट गरी थुनी राखी मिति २०६१।६।३० का दिन तीन प्रति कपाली तमसुकमा जबर्जस्ती करकापबाट सही छाप गराई छाडिदिएको हुँदा मलाई करकापमा पारी गराइएका कागज बदर गरी विपक्षीहरूलाई कडा कारवाही गरिपाउँ भन्ने मुख्य फिराद दावी र प्रतिवादीमध्येका लक्ष्मणप्रसाद श्रीवास्तवले आफूलाई प्रतिवादी विजयप्रसाद यादवसमेतले करबलमा पारी तीनप्रति कपाली तमसुक लेख्न लगाएका हुन्, मैले वादीलाई करकाप गरेको होइन भनी र अन्य प्रतिवादीहरूले कसुरमा इन्कार गरी प्रतिउत्तर जिकिर लिएको देखिन्छ । प्रतिवादीहरूले वादीलाई करकाप गरी कागज गराएको ठहर गरेको सुरू बारा जिल्ला अदालतले फैसला उल्टी गरी करकापको वादी दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसलाउपर वादी रामजीप्रसाद कुशवाहाकोयस अदालतमा पुनरावेदनपर्न आएको पाइयो ।

३. यी पुनरावेदक वादीलाई

प्रतिवादीहरूले मिति २०६१।६।१९ मा जबर्जस्ती अपहरण गरी आफ्नो कब्जामा लिएको कुराको जानकारी हुनासाथ वादीका दाजु चन्द्रिकाप्रसाद यादवले मिति २०६१।६।२२ मा जिल्ला प्रहरी कार्यालय, बारामा दिएको हुलिया जाहेरी दरखास्तबाट देखिन्छ । प्रतिवादीमध्येका लक्ष्मणप्रसाद श्रीवास्तवले जिल्ला प्रहरी कार्यालय, बारामा मिति २०६१।७।२५ मा कागज गर्दा रामजीप्रसाद कुशवाहा मिति २०६१।६।१९ मा अपहरणमा परेको कुरा सुनेको हुँ । किन कसले अपहरण गरे सोतर्फ मैले कुनै चासो दिइन र मलाई मिति २०६१।६।३० मा म आफ्नै घरमा बसिरहेको अवस्थामा जिल्ला बारा, अमृतगन्ज गा.वि.स. वडा नं. २ मौवाहीटोल बस्ने दिनानाथ यादवको छोरा बडाबाबु भन्ने लालबाबु यादव आई बोलाई भारतको अगरवा भन्ने ठाउँ नेपाल भारतको सिमाना नजिकैको गाउँमा विश्वनाथ यादव भन्नेको घरमा लगी रामजीप्रसाद कुशवाहा ऋणी बनाई रू.२,४५,०००।, रू.२,५१,०००। र रू.२,४९,०००। को तीनवटा कागज लेख्न लगाए एउटा लिखतमा विजयकुमार यादव र दुईवटामा रौतहट जिल्लाबासी मैले नचिनेका व्यक्ति धनी बनाई लेखिएको थियो । ती कागजमा लिखत लेखिएको मिति २०६१।६।३० भन्दा छ महिनाजति अगाडिको मिति राखिएको थियो । मैले डरत्रासको कारणबाट कागज लेखिदिएको हुँ भनी विस्तृत विवरणसहित कागज गरेको मिसिल संलग्न बयान कागजबाट देखिन्छ । सो बयान कागजलाई समर्थन गर्दै निज लक्ष्मणप्रसाद श्रीवास्तवले प्रस्तुत मुद्दामा समेत मिति २०६१।११।१७ मा सोही व्यहोराको प्रतिउत्तर फिराएको पाइन्छ । आफूले मिति २०६१।११।१७ मा फिराएको प्रतिउत्तर मैले दिएको होइन वादी रामजीप्रसाद कुशवाहालाई अर्कै जग्गासम्बन्धी कामको लागि दिएको लिफामा किर्ते वारिसनामा खडा गरी प्रतिउत्तर लगाएको हुँदा विपक्षीहरूलाई किर्तेमा सजाय गरिपाउँ भनी यिनै लक्ष्मणप्रसाद श्रीवास्तवले यी पुनरावेदक रामजीप्रसाद कुशवाहासमेतउपर दायर गरेको किर्ते मुद्दामा वादी दावी पुग्न नसक्ने ठहरी सुरू बारा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।४।१३ मा फैसला भै अन्तिम भएको देखिन्छ ।

४. मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको २४ नं. मा "कागज गराउँदा कसैलाई पनि जोरजुलुम करकाप गरी कागज गराउनुहुँदैन, गरे बदर हुन्छ" भन्ने उल्लेख भएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ३४(१) मा "कुनै व्यक्तिले लेखेर, वचनले वा आचरणद्वारा कुनै व्यक्तिलाई कुनै कुरा यस्तो हो भन्ने विश्वासमा पारी वा त्यस्तो विश्वासमा पर्न दिई सो व्यक्तिबाट कुनै काम गराएमा वा हुन दिएमा निज र सो

व्यक्तिका बीचमा चलेको कुनै मुद्दामा सो कुरा यस्तो होइन वा थिएन भनी निजले खण्डन गर्न पाउने छैन" भन्ने उल्लेख भएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थासमेतबाट प्रतिवादी लक्ष्मणप्रसाद श्रीवास्तवले जिल्ला प्रहरी कार्यालय, बारामा गरेको उक्त बयान र प्रस्तुत मुद्दामा निजले दिएको मिति २०६१।११।१७ को प्रतिउत्तरलाई इन्कार गर्न निज विवन्धित भएको प्रष्ट छ ।

५. यसरी प्रतिवादीमध्येका लक्ष्मणप्रसाद श्रीवास्तवले जिल्ला प्रहरी कार्यालय, बारामा गरेको बयान, प्रस्तुत मुद्दामा मिति २०६१।११।१७ मा दिएको प्रतिउत्तरपत्र, वादीका साक्षी राधामोहनप्रसाद कुशवाहाको बकपत्र र चन्द्रिकाप्रसादले जिल्ला प्रहरी कार्यालय, बारामा दिएको जाहेरीसमेतका कागज प्रमाणबाट यी पुनरावेदक वादी रामजीप्रसाद कुशवाहाउपर प्रतिवादी विजयप्रसाद यादवले दायर गरेको ०६६-CR-०४०५ लेनदेन मुद्दाको मिति २०६०।११।१६ को लिखत यी पुनरावेदकले स्वेच्छाबाट सही छाप गरिदिएको नभै निजलाई अपहरण गरी प्रतिवादीहरूले आफ्नो कब्जामा राखी करकापबाट जबर्जस्ती सही गराएको लिखत भन्ने कुरा पुष्टि हुन आएको देखिन्छ ।

६. तसर्थ उल्लिखित तथ्य एवम् बुँदा प्रमाणसमेतबाट रामजीप्रसाद कुशवाहाले आफूलाई अपहरण गरी करकापसँग गराएको भनी दावी लिएको देखिएको र निजको दाजु चन्द्रिकाप्रसाद कुशवाहाले यी वादीलाई अपहरण गरेको भनी मिति २०६१।६।२१ मा जाहेरी दरखास्त दिई विवादित तमसुकका लेखक लक्ष्मणप्रसाद श्रीवास्तवले वादीलाई ऋणी बनाई आफूद्वारा जबर्जस्ती कपाली तमसुक लेख्न लगाएका हुन् भनी मिति २०६१।७।२५ मा जिल्ला प्रहरी कार्यालय, बारामा कागज गरेका र विवादित तमसुकमा उल्लेख भएको लिखतको मिति हेर्दा २०६० साल फागुन १६ गते रोज १ भनी उल्लेख भएकोमा वास्तवमा उक्त मिति २०६०।११।१६ उक्त लिखतमा उल्लेख भए मुताबिक रोज १ आइतबार नभै रोज ७ शनिबार परेको भन्ने कुरा २०६० सालको पात्रोबाट देखिएकाले तमसुक खडा भएको मितिमा नै संशयको अवस्था देखिन आएको परिप्रेक्षमा उक्त लिखत करकापबाट तयार भएको भन्ने देखिँदा बारा जिल्ला अदालतबाट मिति २०६४।३।३२ मा विवादित लिखत करकापबाट भएको ठहर्‍याई भएको फैसला उल्टी गरी करकापको वादी दावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।१३ को फैसला मिलेको नदेखिँदा उल्टी भै मिति २०६०।११।१६ को तमसुक करकापबाट तयार भएको ठहरी विपक्षी विजयप्रसाद यादवलाई

मुलुकी ऐन, दण्ड सजायको महलको १२ नं. बमोजिम रू.१०००। एकहजार जरिवाना गरेको बारा जिल्ला अदालतको मिति २०६४।३।३२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।१३ को फैसला उल्टी भै बारा जिल्ला अदालतको मिति २०६४।३।३२ को फैसला सदर हुने ठहरेकाले पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।१३ को फैसलाले राखेको लगत कट्टा गरी सुरू फैसलाबमोजिम गर्नु भनी सुरू बारा जिल्ला अदालतमा लेखी पठाउनू ........................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू .....२

उक्त रायमा सहमत छु ।

न्या. ओमप्रकाश मिश्र

इति संवत् २०७१ साल असार २ गते रोज २ शुभम् ।

इजलास अधिकृत : सूर्यप्रसाद रेग्मी